# नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी

(समीक्षासङ्ग्रह)



नरेन्द्रराज प्रसाईको अन्वेषणमा

# ललितत्रिपुरसुन्दरी

प्रा.डा.वीणा पौड्याल

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
प्रुफरिडर : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण चित्र : इन्द्र खत्री
आवरण सज्जा : रमेश पौडेल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १६५
मोल : तीन सय रुपियाँ
© सुरक्षित, २०७९ साल (2023)

ISBN: 978-9937-509-99-2

**Narendra Raj Prasaiko Anweshanma Lalit Tripursundari**

(A Collection of Criticism)

Edited by

Pro.Dr. Bina Paudyal

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे सात दर्जनजति कृतिमध्ये साढे दुई दर्जन जीवनीकृति प्रकाशित भइसकेका छन् भने आठ सयवटाजति फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित जीवनीकृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'का बारेमा नेपाली साहित्यकार, संस्कृतिका ज्ञाता र इतिहासकारबीच धेरै चर्चापरिचर्चा भए । रानी ललितत्रिपुरसुन्दरी नेपाली साहित्यकार मात्र नभएर समाजसेवी, धर्मभीरु, विकासवादी र छोरानातिकी नायबी पनि थिइन् । इतिहासमा गौरव लाग्ने काम गरेकी रानी ललितत्रिपुरसुन्दरीका विभिन्न आयामका विषयमा प्रसाईबाट ठोस प्रमाणका आधारमा अन्वेषण गरिएको कृतिमाथि इतिहासकार, अन्वेषक र समालोचकहरूको राय, प्रतिक्रिया या समीक्षा जनसमक्ष आउन वाञ्छनीय थियो । यही आवश्यकतालाई पूर्ण गर्नेहेतु नेपाली भाषा र संस्कृतिका विदुषी प्रा.डा.वीणा पौडचालबाट प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरीका बारेमा लेखिएका समीक्षाहरू यस कृतिमा समाहित भएका छन् ।

विख्यात संस्कृतिविद् प्रा.डा.वीणा पौडचालबाट सम्पादित प्रस्तुत 'नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी'नामक कृतिले 'राजधर्म'का स्रष्टा तथा रानी ललितत्रिपुरसुन्दरीका विविध कार्यलाई सहज, खिरिलो र प्रस्ट रूपमा देखाउँछ भन्ने हामीलाई लागेको छ ।

प्रा.डा.वीणा पौडचालद्वारा सम्पादित 'नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• नइ प्रकाशन

# विषयसूची


- **सम्पादकीय** • ९

१. **इन्दिरा प्रसाई**
ऐतिहासिक नारीस्रष्टाको कथन • १७

२. **प्रा.डा.उषा ठाकुर**
तथ्यपरक र प्रामाणिक कृति • २४

३. **कमल रिजाल**
एउटा बहुमुखी पात्रको खोज • ३२

४. **प्रा.डा.कुमारबहादुर जोशी**
प्रथम नेपाली कवयित्रीको उदय • ३८

५. **प्रा.डा.गार्गी शर्मा**
खोतलेर भेटिएकी रत्न • ४६

६. **ई.गोपाल झा**
नेपाली सम्पदाको सञ्जीवनी • ५६

७. **गोविन्द भट्ट**
इतिहास र साहित्यकी चर्चित पात्र • ६८

८. **प्रा.डा.ज्ञानु पाण्डे**
सुकर्मले इतिहास रच्ने स्रष्टा • ७७

९. **डा.तुलसी भट्टराई**
ओझेलमा परेकी साहित्यकार • ८५

१०. **प्रकाश ए.राज**
प्रथम नारी साहित्यकार • ९७

११. **प्रा.डा.प्रेमकुमार खत्री**
सिर्जनात्मक प्रतिभाकी धनी • १००

१२. **अक्षरशिरोमणि मदनमणि दीक्षित**
इतिहासकै श्रेष्ठ नारी • १०८

१३. **डा.मोदनाथ प्रश्रित**
'राजधर्म' प्रथम दियो बन्यो • १११

१४. **प्रा.राजेन्द्र सुवेदी**
लेखनकी पहिलो नारी पाइला • ११८

१५. **डा.रामदयाल राकेश**
व्यक्तित्व र कृतित्वको खोजी • १३२

१६. **महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी**
इतिहासपरक जीवनीकृति • १३९

१७. **प्रा.डा.वीणा पौडयाल**
नयाँ तथ्यको उजागर • १४७

१८. **डा.साधना प्रतीक्षा**
इतिहास जोगाउने कृति • १५४

१९. **प्रा.डा.सावित्री कक्षपती**
प्रथम नारीस्रष्टाको अनुसन्धान विधि • १६१

२०. **प्रा.डा.सुरेन्द्र केसी**
चुनौती र जिज्ञासाको सबल कृति • १८१

- **नरेन्द्रराज प्रसाई** (संक्षिप्त परिचय) • १८७

# नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी

जीवनी लेखिनु भनेको सम्बन्धित मान्छेलाई लिपिमा दुरुस्त देखाउनु हो । जीवनी लेख्नु एउटा तपस्या हो, किनभने प्रमाण जुटाएर नलेखे जीवनीको अर्थ रहँदैन । बितेका मान्छेका विषयमा जीवनी लेख्नु कठिन व्रत हो । इतिहासका पृष्ठमा छोपिइसकेका र हराइसकेका मान्छेको जीवनी लेख्नु भनेको झन् लरतरो कुरा हुँदै होइन । जीवनी लेख्न साहस चाहिन्छ, किनभने कतै फिटिक्क एउटा तिथिमिति या कुनै सन्दर्भ मात्रै तलमाथि पऱ्यो भने त्यसको विश्वसनीयतामा नै प्रश्न आउँछ । त्यसैले ठूलो हिम्मत देखाएर मात्र जीवनी लेख्न सकिन्छ, त्यही साहस बोकेर नरेन्द्रराज प्रसाई जीवनीलेखनमा उभिए । जीवनीलेखनकै विधामा उनी सफल मात्र भएनन् आधिकारिक नै मानिए । उनलाई शताब्दी पुरुष डा.सत्यमोहन जोशी, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी र प्रा.राजेन्द्र सुवेदीले सिद्धहस्त जीवनीकार भनेर लेखिसकेका छन् । त्यसपछि अरूले पनि उनलाई जीवनीलेखनका सिद्धहस्त मान्दै आएका छन् । जीवनीलेखनमा प्रसाई एकल रूपमा उभिएका छन् र उनको जोडा यस क्षेत्रमा छँदा पनि छैनन् ।

नरेन्द्रराज प्रसाई नेपाली साहित्यका मोतीराम मानिएका छन् । प्रसाईलाई बुझ्ने र चिन्नेले उनलाई 'मोतीराम'को पगरी लगाइदिने गर्छन् । मोतीराम भट्टले भानुभक्त आचार्यको जीवनी

लेखे, उनै मोतीराम भट्टको बिँडो समाएर प्रसाई यस क्षेत्रमा प्रवेश भए । प्रसाईले हराएका र छायामा परेका धेरै भानुभक्तहरूको खोज गरे । उनको जीवनीलेखनका विषयलाई प्रकाश पार्दै ईश्वरवल्लभले लेखे– 'आफूले गरेका काम मर्दैनन् भन्न त भन्छन् मानिसहरू तर ती कामहरूबारे लेखिदिने र भनिदिने नरेन्द्रराज प्रसाईजस्ता मोतीरामहरू भइदिएनन् भने जस्तैसुकै महान् भानुभक्तहरू पनि समाजमा अपरिचित भएर बिलाउन पनि सक्छन् ।' प्रसाईबाट लिखित जीवनीसङ्ग्रह 'समाजका केही चिन्तक'को भूमिका लेख्ने क्रममा २०४७ सालमा सर्वप्रथम ईश्वरवल्लभले उनलाई 'मोतीराम' भनेका थिए र त्यसपछि अरूले पनि त्यसै भन्न थाले ।

जीवनी लेख्नका लागि त्यागले मात्र पुग्दैन, तपस्या नै चाहिन्छ र तपस्याले मात्र पुग्दैन, बौद्धिक क्षमता र खोज गर्ने तरिका पनि चाहिन्छ । जीवनी लेख्नका लागि त्यस विषयको गौँडोमा पुग्न निकै मिहेनत गर्नुपर्छ, तर त्यस कार्यमा प्रसाईले भारी सफलता पाएका छन् । किनभने उनको खोज र अनुसन्धानको पाटो रोचक र प्रेरक छ । इन्दिरा प्रसाईले २०७३ सालमा आफ्नो सम्पादित समालोचनात्मक कृति 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता'मा लेखेकी छिन्– 'नरेन्द्रराज प्रसाईप्रवृत्ति जीवनी लेखकहरूका कारण हाम्रो नेपाली साहित्यको मात्र नभएर समग्र हाम्रो समाजको भविष्य उज्ज्वलतातर्फ अभिमुख छ भनेर हामी पनि भन्न सक्छौँ । इतिहासमा कर्मजीवी कुनै व्यक्तिको हाडको स्यानो एकाइ मात्र फेला पार्न सके भने त्यस हाडको टुक्रालाई आफ्नो लेखकीय साधना, विषयमाथिको वक्रदृष्टि क्षमता र विशिष्ट अन्वेषणकलाका कारण साक्षात् तुल्याउने शिल्पी हुन् प्रसाई । अर्थात् उनको जीवनी लेखनलाई बिन्दुबाट सिन्धुमा रूपान्तरण गर्न सक्ने क्षमताका लेखक भनेर उद्घोष गर्नु अत्युक्ति पटक्कै हुने छैन । इतिहासको गर्भमै विलयको स्थितिमा रहेका

ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टा र सेतुराम प्रधानलाई प्रथम गायकका रूपमा प्रसाईकै जीवनीलेखनका कारण स्थापित गराइछोडेको प्रमाणले पनि यस लेखकको अग्रपङ्क्तिलाई पुष्टि गर्ने नै छ । प्रसाईप्रतिका यी विशेषण यस पङ्क्तिकारको अनर्गल प्रलाप नभएर उनीसँगको साक्षात्कार, सहयात्रा र सहकर्मपछिको निर्क्योल हो । यसै सन्दर्भमा समालोचक प्रा.डा.लक्ष्मणप्रसाद गौतमको स्वरमा स्वर मिलाउँदै भन्नैपर्ने हुन्छ– 'नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा जीवनीलेखनका लागि नै ईश्वरीय अनुकम्पाद्वारा यस पृथ्वीमा पठाइएका लेखक हुन् जस्तो लाग्छ ।'

नरेन्द्रराज प्रसाईको जीवनी लेख्ने धारा आफ्नै मौलिकतामा आधारित हुन्छ । उनको यस पद्धतिका विषयमा धेरै जनाले लेखिसकेका छन् । उनले प्राय: अरूद्वारा नलेखिने र चाहेर पनि लेख्न नसकिने विषय या वस्तुलाई अघि सारेर सजिलोसँग कार्य सिद्धि गरेका हुन्छन् । प्रसाईको जीवनीलेखनको माप नै वैज्ञानिक हुन्छ तापनि औपन्यासिक शैलीले लेखेको हुँदा उनले लेखेका जीवनी पढिरहुँजस्तै हुन्छन् । यसको प्रमाणका रूपमा ललितत्रिपुरसुन्दरीलाई अघि सार्न सकिन्छ । ललितत्रिपुरसुन्दरीले राजमाताको हैसियतले झन्नै २६ वर्षजति नेपालमा शासन सञ्चालन गरेकी थिइन् । नेपालको इतिहासमा उनी सफल र लोकप्रिय नायबी या राष्ट्रप्रमुखका रूपमा रहेकी थिइन् । यिनको कार्यकालमा भए गरेका प्राय: सम्पूर्ण तथ्य सत्य नरेन्द्रराज प्रसाईकृत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक जीवनीकृतिमा समावेश भएको छ । ललितत्रिपुरसुन्दरीको जीवनी एकादेशको दन्त्य कथाजस्तै लाग्ने गर्छ । यसरी पाठकलाई त्यसैभित्र केन्द्रित गरेर डोऱ्याउने शक्ति नरेन्द्रराज प्रसाईको जीवनी लेखनमा पाइन्छ ।

ललितत्रिपुरसुन्दरीको संक्षिप्त जीवनी नरेन्द्रराज प्रसाईद्वारा लिखित 'नारीचुली' २०६३ सालमा छापिएको छ । तर त्योभन्दाअघि

कमल दीक्षितको सम्पादन र मदन पुरस्कार गुठीबाट प्रकाशित 'नेपाली' पूर्णाङ्क १८९ (२०६३) मा उक्त जीवनी छापिएको पाइन्छ । त्यसै अङ्कमा दीक्षितले लेखेका छन्– 'नेपाली'मा नरेन्द्रराज प्रसाईका कुनै लेख आजसम्म छाप्न पाइएको थिएन । अहिले आएर एउटा महत्त्वपूर्ण विषयमा लेखिएको प्रबन्ध हामीले उनीबाट पायौँ र यहाँ भित्र्याएका छौँ । २०१९ सालमा प्रकाशित गर्दा 'राजधर्म'को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न सकेको थिएन । त्यसको विवाद समाधान भएको थिएन, विद्वान्हरूकै मत बाझेका थिए । यस लेखमा प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै राजधर्मकी सर्जक हुन् भन्ने ठोकुवा गरेका छन् । यतिविधि खोजखाज गरी आफ्नो तर्क प्रस्तुत गरेकाले यो लेख पठनीय र सूचनामूलक भएको छ भन्ने हामीलाई लाग्छ ।'

कमल दीक्षितले 'नेपाली'मा सफाइ दिएअनुसार नरेन्द्रराज प्रसाईले कदम चाल्नुअघि ललितत्रिपुरसुन्दरीको यति बिघ्न खोजतलास गरिएको पाइँदैन । ललितत्रिपुरसुन्दरीलाई पाखा लगाउन खोजिएको हो या इतिहासकै गर्वमा गौण राख्न खोजिएको हो ? यस कुरामा प्रश्न तेर्साउने सूक्ष्म प्वाल दीक्षितको टिप्पणीमा रहेको देखिन्छ । प्रसाईद्वारा लेखिएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीकृतिको प्राण भनेको उनले लेखेको 'राजधर्म' हो । दीक्षितकै अनुसार त्यही 'राजधर्म'बाट ललितत्रिपुरसुन्दरीलाई ओझेल पार्नबाट प्रसाईले बचाए । त्यही कृतिलाई प्रमुख आधार बनाएर अन्य खोजमा समेत लागेर प्रसाईबाट ललितत्रिपुरसुन्दरीका बारेमा यावत् अनुसन्धान हुन गयो र एउटा सिङ्गो जीवनीकृति नेपाली साहित्य, संस्कृति र इतिहासले पायो ।

नरेन्द्रराज प्रसाईबाट ललितत्रिपुरसुन्दरीका बारेमा लेखिएपछि विभिन्न लेखक, समालोचक, इतिहासकार र संस्कृतिविद्हरूबाट आआफ्ना दृष्टिकोण पोखिन थाले । यस्ता किसिमका केही लेख देखेपछि

मलाई ती लेखहरूको संरक्षण गर्नुपर्छ भन्ने लाग्यो । अनिकालमा बीउ जोगाउनु भनेझैँ ललितत्रिपुरसुन्दरीबारेका यस्ता दुर्लभ लेखहरू एउटै कृतिमा समावेश गर्नु उपयोगी होला र यस्तो काम न्यायिक पनि होला भन्ने मलाई लाग्यो । त्यसपछि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईसितको सरसल्लाहबाट मैले 'नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी'नामक कृतिको सम्पादन गर्ने निर्णय गरेँ । नेपाली साहित्य, इतिहास र संस्कृतिका क्षेत्रमा यो सङ्ग्रह उपलब्धिपूर्णको हुनेछ भन्ने मलाई लागेको छ ।

रानी ललितत्रिपुरसुन्दरीका सालिकदेखि र उनले गरेका विविध राजनीतिक, धार्मिक र सामाजिक कामहरू नरेन्द्रराज प्रसाईको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक जीवनीकृतिमा शृङ्खलाबद्ध रूपमा आइसकेकै छ । उनका पालामा अर्थात् शाके सं १७२८, १७३८ र १७४१ (सन् १८०६, १८१६ र १८१९) मा सुनचाँदीका मुद्राहरू प्रकाशित हुनुले पनि इतिहासका पृष्ठ रङ्गिएकै छन् । यीलगायत उनका भौतिक तथ्यहरू पनि राष्ट्रिय सङ्ग्रहालयमा प्रदर्शित नै छन् । राष्ट्रिय सङ्ग्रहालयमा रहेका सामाग्रीदेखि त्यस बेला रानीलाई यी 'राजमाता' भन्ने गरेको व्यहोरासम्म र रानीले गरेका अनेक कृति स्तम्भसम्मका सन्दर्भलाई एकएक केलाएर प्रसाईले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिमा आबद्ध गरिसकेका छन् । विविध तथ्यको प्रमाणसहित नइ प्रकाशनबाट २०६४ सालमा प्रकाशित 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक जीवनीकृतिका बारेमा नेपाली भाषाका विविध आयाममा कलम चलाउने स्रष्टाबाट लेखिनु साहित्य, इतिहास र संस्कृतिका भण्डार उज्यालो हुनु हो भनेर पनि मैले एउटै मालामा ती विविध लेखहरूलाई उनेकी हुँ ।

कुनै कृतिविशेषमाथि विहङ्गम दृष्टि राखेर उक्त कृतिलाई कोणप्रतिकोणबाट केलाउनु तथा कृतिको वैशिष्टच या कुनै त्रुटिजन्य प्रस्तुतिसमेत लक्षित गरिनु नै समालोचकीय धारणा हो । प्रस्तुत

'नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी' कृतिभित्र स्रष्टाहरूले आआफ्ना समीक्षात्मक दृष्टिबिन्दु अभिसिञ्चित गरेका छन् । आदिकवि भानुभक्त आचार्यभन्दा अघि नै नेपाली भाषसाहित्यका फाँटमा प्रवेशी प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीबारे अक्षरबाट श्रद्धा समर्पण गरिनु आफैँमा महत्त्वपूर्ण र स्तुत्य कर्म हो । यस्तो पवित्र कर्ममा कटिबद्ध यहाँ प्रस्तुत कृति समीक्षाका लेखकहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

**• प्रा.डा.वीणा पौड्याल**

# नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी

# ऐतिहासिक नारीस्रष्टाको कथन

## इन्दिरा प्रसाई

रानी ललितत्रिपुरसुन्दरीलाई म पितृसत्तात्मक व्यवस्थाले स्त्री जातिमाथि जघन्य अत्याचार गर्ने समयकी प्रतीकका रूपमा पनि प्रस्तुत गर्न चाहन्छु । नवआधुनिक नारी जातिले रानी ललितत्रिपुरसुन्दरीको जीवनगाथा सुने वा पढे भने उनीहरूलाई कुनै दन्त्यकथामा राक्षसद्वारा कैद गरिएकी नारीपात्रको दारुण कथा सुने वा पढेझैँ लाग्न सक्छ । मातापिताका काखमा खेल्नुपर्ने उमेरमा एउटी रजस्वला पनि नभएकी बालिकाको बहुपत्नीधारी तथा विलासी कामुक युवा राजासँग विवाह गराउने अपराध त्यस बेलाका मातापिताका लागि बाध्यता नै थियो । पशुतुल्य जीवन निर्वाह गर्न बाध्य स्त्री जातिका लागि चाहिँ सो नारकीय जीवन जीवन नभएर दासत्व थियो । धन्न रानी ललितत्रिपुरसुन्दरी रजस्वला हुनुपूर्व नै विधवा भएकीले उनलाई आजीवन विलासकी वस्तु हुनबाट नियतिले जोगाएको देखिन्छ । तिनै



ललितत्रिपुरसुन्दरीले नेपाली साहित्यमा संस्कृत भाषाको महाभारतको शान्तिपर्वबाट 'राजधर्म' सुललित नेपाली भाषामा अनुवाद गरिन् । शाहवंशीय परम्परा टिकाउन नेपालको इतिहासमा दीर्घकालसम्म राजकाज चलाउनुपरेकी उनले सोही अनुभवका आधारमा राजपरम्परामा 'राजधर्म'को औचित्यसमेत देखिन् । तत्कालीन आवश्यकताका लागि उनीद्वारा गरिएको अनुवाद साहित्य कालान्तरमा नारीद्वारा रचिएको प्रथम कृति हुन पुग्यो । साथै सुप्रसिद्ध जीवनीकार एवम् साहित्यिक अभियन्ता नरेन्द्रराज प्रसाईले ललितत्रिपुरसुन्दरीको माथमा प्रथम नारीस्रष्टाको मुकुट पहिऱ्याइदिए ।

बाल्यकालमै वैधव्य व्यहोर्नुपर्दा तत्कालीन समयमा ललितत्रिपुरसुन्दरीलाई पक्कै पनि अभागीमा दर्ता गरियो होला तर दुई सय वर्षपछि तिनै ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यमा प्रथम नारीस्रष्टाका रूपमा दरिने भाग्यमानीमा रूपान्तरित हुन पुगिन् । मानिस जन्मिनुअघि नै कति भाग्यशाली भन्ने कुराको ठहर नभएझैँ, 'राजधर्म' पनि नेपाली साहित्यकी प्रथम नारीस्रष्टाको सृजना भन्ने कुरा दीर्घकालसम्मै अज्ञात थियो ।

नेपाली साहित्यकी 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' भनेर ठोकुवाका साथ ललितत्रिपुरसुन्दरीको मुहारचित्रका साथ उनको सग्लो जीवनीकृति नै प्रकाशित गर्ने जीवनीसाहित्यका अथक साधक नरेन्द्रराज प्रसाईको कृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (२०६४) ले उनीबारेको व्यक्तिचित्र प्रस्तुत गरेको छ । हचुवाको भरमा नभएर सोध, खोज र अथक अनुसन्धानका प्रक्रिया अपनाएर जीवनीलेखनमा तल्लीन हुने प्रसाईद्वारा लेखिने जीवनी तथ्यपरक हुने गरेको पाइन्छ । प्रसाईका अन्य जीवनीकृतिझैँ प्रस्तुत जीवनीकृति पनि सूक्ष्मतामा विराटताको प्रतीकका रूपमा देखिएको छ ।

समय वा प्रकृति एकनास रहँदैन, रहनु पनि हुँदैन । अपरिवर्तनीय रहेको अवस्थामा सबै जड अवस्थामा पुग्दछ र जडबाट नवसृजना

हुन सक्तैन । त्यसैले नै प्रकृति स्वयम् पनि परिवर्तनशील रहन्छिन् । जसअनुरूप विश्वकै मानवकृत हरेक भौतिक वस्तु पनि परिवर्तनीय र नासवान्समेत हुन्छन् । यसैअनुरूप कुनै पनि मुलुकको राजनैतिक व्यवस्था पनि सधैँ एकनास रहँदैन । नेपालमा पनि दुई सय पचास वर्षसम्म शाहवंशीय राजाहरूले शासन गरे । यस शासनकालको वि.सं. १८३२–१८५५ सम्म नेपालका राजा भएका श्री ५ रणबहादुर शाहकी पाचौँ र सम्भवत: कान्छी पत्नीका रूपमा ललितत्रिपुरसुन्दरीको दरबार प्रवेश भएको देखिन्छ । कान्छी पनि किन भइन् भने पुगनपुग एक वर्षको यौन दासत्व सकिँदा नसकिँदै मानसिक विचलनका सिकार भएका उनका स्वामी महाराज रणबहादुर शाहको हत्या भइदिनाले ललितत्रिपुरसुन्दरीभन्दा पछि अरू बालिकाहरूले दरबारभित्र श्री ५ रणबहादुर शाहप्रदत्त यौन दासत्वको दुर्भाग्य सहनु परेन ।

रानी ललितत्रिपुरसुन्दरी शाहवंशीय नेपालमा निकै लामो समयसम्म नायबी भएर शासन सञ्चालन गर्ने महिलाका रूपमा पनि चिनिन्छिन् । दरबार भनेको जहिले पनि जालझेल र षड्यन्त्रका खेल खेलिने स्थानका रूपमा पनि चिनिन्छ । 'दरबार कि तरबार' भन्ने पनि उक्ति छ । हुन त दरबार मात्र होइन, सत्ता भन्नु नै दाउपेचको चलखेल हुने विषय बुझिन्छ । त्यस कालखण्डमा रानी ललितत्रिपुरसुन्दरीले पनि नाबालक श्री ५ हरूका संरक्षकत्वका लागि नायबी शासन सञ्चालन गर्नु त्यत्ति सहज पक्कै थिएन । तर उनलाई आडभरोसा र संरक्षण गर्नका लागि हरहमेसा एक सक्षम व्यक्ति पनि सत्तामै थिए र ती जनरल भीमसेन थापा थिए । तत्कालीन नेपालको इतिहासको संश्लेषीकरणका साथ प्रसाईले आफ्नो यही पुस्तकमा उक्त कुराको उल्लेख गरेको पाइन्छ । वास्तवमा जनरल भीमसेन थापा र रानी ललितत्रिपुरसुन्दरी ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गाका रूपमा थिए । दुवैले एकअर्कालाई

साथ नदिँदा त्यस बेलाको दरबारीया षड्यन्त्रमा दुवैको सत्ता जोगिन सक्ने अवस्थामा थिएन । त्यसैले यस वस्तुस्थितिबाट हेर्दा रानी ललितत्रिपुरसुन्दरीका लागि जनरल भीमसेन थापा र जनरल भीमसेन थापाका लागि रानी ललितत्रिपुरसुन्दरी एकअर्काका पर्याय वा परिपूरक नै थिए । पितृसत्तात्मक समाजको सेरोफेरोमा एउटी अबला नारीको हिसाबमा मुल्याङ्कन गरेर भन्नुपर्दा चाहिँ रानी ललितत्रिपुरसुन्दरीको नेपालको इतिहासमा सबल उपस्थिति गराउनका लागि जनरल भीमसेन थापालाई नै वरदानका रूपमा स्वीकार गर्नुपर्ने हुन्छ । प्रकृतिगत मान्यताका हिसाबले भन्ने हो भने पनि पुरुष होस् या स्त्री होस् उसको सक्षम उपस्थितिका लागि एकअर्काको सहयोग वा साथको महत्त्वपूर्ण भूमिका हुने गर्छ । त्यसैले यहाँनेरि पितृसत्ता प्रताडित रानी ललितत्रिपुरसुन्दरीको जीवनलाई आडभरोसा दिएर कीर्तिमय बनाउनमा मद्धत गर्ने पितृसत्ताकै प्रतिनिधि जनरल भीमसेन थापाको पनि सराहना गर्नु कृतज्ञता ठहर्छ ।

'राजधर्म' लेखिएको दुई शताब्दीपछि नरेन्द्रराज प्रसाईले 'राजधर्म'की स्रष्टा भनेर ठोकुवा गरिएकी लेखक ललितत्रिपुरसुन्दरीका बारेका अब केही चर्चा गरौँ । ललितत्रिपुरसुन्दरीको जीवनगाथाका सम्पूर्ण पक्षाका बारेमा जानकारी लिइसकेपछि 'राजधर्म' उनीद्वारा अनुवाद गरियो भन्नुपर्दा जिब्रो चपाउनुपर्ने वा टाउको लुकाउनु वा झुकाउनुपर्ने नै देखिँदैन । तर ग्रुपिज्म भन्ने एउटा घातक रोग हुने रहेछ । जुन रोग कुनै अब्बल स्रष्टाका लागि धमिरासरह र कमसल स्रष्टाका लागि युरिया मलसरह हुने रहेछ । हाम्रो नेपालको वर्तमानमा त यो रोग व्यापक रूपले फैलिएको छ । तर २०१६ सालदेखि नै नेपालमा प्राज्ञिक तहको ग्रुपिज्म चलेको र त्यसको सिकार ललितत्रिपुरसुन्दरी पनि बनेको भन्ने कुरा मैले प्रसाईकै उक्त पुस्तक पढेर जानकारी पाएँ । 'राजधर्म'का लेखकको टुङ्गोमा पुग्ने सन्दर्भमा नेपालका

राष्ट्रविभुति योगी नरहरिनाथले आयोजना गरेको सभामा 'ललितत्रिपुरसुन्दरी' नै लेखक भनेर टुङ्गो लागिसकेको निर्णय पुस्तिकामा ढिलो पुगेका इतिहासशिरोमणि बाबुराम आचार्य एक जनाले विमति राखेपछि पुनः झन्नै पाँच दशकसम्म ललितत्रिपुरसुन्दरीलाई 'राजधर्म'का लेखक स्विकार्ने सन्दर्भमा उनलाई अन्धकारमै राख्ने काम भएको देखिन्छ । त्यसो त इतिहासशिरोमणि आचार्यका पक्षधरले नै पनि उनको ललितत्रिपुरसुन्दरीविषयक धारणालाई समातेर ठोस प्रमाणका साथ अघि बढाएको पाइँदैन । आचार्यका अनुयायी विद्वान्हरूले आचार्यले प्रस्तुत गरेको विचारलाई प्रामाणिक बनाउन सकिने खालको कुनै ठोस प्रमाण फेला पार्न नसकेपछि ललितत्रिपुरसुन्दरीलाई 'राजधर्म'को लेखक मान्ने सन्दर्भमा स्वीकार गर्न अघि नसरे पनि मौन रहने गरेको भने देखिएको छ । योगी नरहरिनाथकै विचारसँग सहमति राख्ने अर्का भाषाशास्त्री बालकृष्ण पोखरेलले ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की लेखक हुन् भनेर उचित तर्क प्रस्तुत गरेको कुरा पनि प्रसाईले आफ्नो यस पुस्तकमा समेटेका छन् ।

'... तर आफ्ना पतिको मृत्युपछि आफ्नो नाबालक पुत्रको भविष्यनिर्माणमा एउटी राजमाताले सुटुक्क भए पनि चिन्ता गर्नु स्वाभाविकै भएकाले 'राजधर्म'जस्तो राजनैतिक ग्रन्थलाई रानी ललिताले वास्ता गरेकोमा आश्चर्य मान्नुपर्ने केही कारण देखिन्न । ...भएकी ललितालाई त्यागेर नभएकी ललिताको अनुसन्धान गर्नुलाई प्रशंसनीय काम भन्न सकिन्न । भानुदत्तको 'जस मनुष्यले निश्चल भयाको वस्तु छोडीकन अस्थिर वस्तुको इच्छा गरोस् त्यसको निश्चल वस्तु पनि हात रहँदैन, अस्थिर वस्तु त गयैको छ' भन्ने वाक्यको यहाँ सम्झना हुन्छ ।' 'पाँच सय वर्ष' (२०२०) ।

तर्कसङ्गत नै नहुने गरी आचार्यले थापेको अत्तोलाई नेपालका बाबुराम पक्षधर एक थरी विद्वान्हरूले मान्दै आउनु भनेको ग्रुपिज्मको

डरलाग्दो धमिरो नै हो । यो ग्रुपिज्मको धमिरोले वर्तमानका लेखकलाई मात्र नभएर इतिहासका कुनै लेखकलाई पनि यसरी पुर्न पछि नहट्ने रहेछ भन्ने कुराको प्रमाण पनि हुन्– ललितत्रिपुरसुन्दरी ।

वर्तमान नेपालमा हरेक विषय र सन्दर्भमा भागबण्डाको राजनीति चलेको छ । एउटा जातको लेखक, गीतकार, गायक, सङ्गीतकारका विषयमा सोही जातको अन्वेषकले मात्र चासो लिने परिपाटि बस्न थालेको छ । यसरी हेर्दा महिलाका सन्दर्भमा महिलाले नै मात्र कलम चलाउनुपर्ने भन्ने गलत धारणा पनि बस्न थालेको छ । त्यसो त पुरुषहरूले चासो नलिएको खण्डमा महिलाका लागि महिला नै जागरूक हुनु गलत पनि होइन । तर पुरुष स्रष्टाले महिला स्रष्टाका साहित्यको अध्ययनमा कञ्जुसी गर्नु भनेको चाहिँ प्राज्ञिक मर्यादा मान्न सकिन्न । सहीलाई सही र गलतलाई गलत, चोटिलो साहित्यलाई चोटिलो र कमसललाई कमसल भन्न नसक्नु कसरी प्राज्ञिक विचार हुन सक्छ ?

अर्को कुरा ललितत्रिपुरसुन्दरीलाई इतिहासशिरोमणि आचार्यद्वारा 'राजधर्म'को लेखक अस्वीकार गर्नुका पछाडि पनि श्री ५ रणबहादुर शाहले गरेको '६२ हरण'मा आफ्ना पूर्वजहरू प्रताडित हुनुको प्रतिशोधसमेत हो भन्ने कुरा पनि प्रसाईकृत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'मा उल्लेख गरिएको छ । राजनैतिक भागबण्डा, राजनैतिक प्रतिशोधका कारण साहित्यिक परिसर दूषित पारिन्छ भन्ने कुरा २०४६ सालपछिको राजनैतिक व्यवस्थाले समेत राम्ररी प्रदर्शन गरेको छ । प्राज्ञको मर्यादालाई राजनैतिक खेमाका आधारमा परिचालित गरेका कारणले पनि वर्तमानमा साहित्य राजनीतिद्वारा प्रताडित हुन पुगेको छ । राज्यद्वारा नै साहित्यलाई राजनीतिको फोहोरी बर्को ओडाइदिनाले समाजमा चोटिला साहित्यकारका साटो पार्टीका साहित्यकारको बोलबाला बढेको देखिन्छ । जसको घातक परिणामस्वरूप साहित्यको मर्यादामा घटोत्तरी भएको छ ।

विगतमा जे भए पनि दुई सय वर्षसम्म हराएकी एउटी ऐतिहासिक नारीस्रष्टा ललितत्रिपुरसुन्दरीका बारेमा सोधीखोजी र स्थलगत अध्ययन अनुसन्धानका साथ पुरुष स्रष्टा नरेन्द्रराज प्रसाईले प्रबलताका साथ प्रस्तुत गर्नु निकै सराहनीय कार्य भएको छ । पितृसत्ताद्वारा पोषित लेखकहरूले आफ्ना लेखनमा नारीस्रष्टाहरूलाई अग्राधिकार नदिने परिप्रेक्ष्यमा पितृसत्ताकै प्रतिनिधि लेखक प्रसाईले ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टाका साथ प्रस्तुत गरेर समग्र नारी जातिमाथि नै गुन लगाएको मैले ठानेकी छु ।

# तथ्यपरक र प्रामाणिक कृति

**प्रा.डा.उषा ठाकुर**

नरेन्द्रराज प्रसाई जीवनी, निबन्ध, संस्मरण, समीक्षा, गीत, गजल, अन्तर्वार्ता, सम्पादन, पत्रकारिता आदि विविध विधामा बहुमूल्य योगदान प्रदान गरेर राष्ट्रिय जगत्मा मात्रै होइन अन्तर्राष्ट्रिय जगत्मा समेत प्रतिष्ठित हुन पुगेका छन् । नेपाली भाषासाहित्यको प्रवर्द्धन र विकासका लागि समर्पित प्रसाईका लगभग असीओटा पुस्तकहरू प्रकाशित भएका छन् । त्रिमूर्ति निकेतन र नइ प्रकाशनका संस्थापक प्रसाई आफ्नो दुइटै महत्त्वपूर्ण संस्थाहरूबाट पनि नेपाली भाषासाहित्यको विकासका लागि समर्पित भएर साधनारत छन् ।



नरेन्द्रराज प्रसाईको सिर्जनात्मक साहित्यलेखनमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । उनीद्वारा लिखित तथा सम्पादित कृतिमध्ये तीसओटा जीवनीकृति प्रकाशित भइसकेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली जीवनी साहित्यलाई प्रसाईले उत्कर्षता प्रदान

गरेका छन् । वास्तवमा नरेन्द्रराज प्रसाई भन्नु जीवनी साहित्यमा स्थापित नाम हो । असल जीवनीलेखनको क्रममा सत्योन्मुखी भएर प्रामाणिक, वैज्ञानिक, आधिकारिक, निष्पक्ष, तर्कमूलक स्वरूपमा प्रस्तुत गर्ने कार्य प्रसाईले गरेका छन् । साथै निर्भीकता तथा दृढताका साथ जीवनीलेखनको क्रममा आएका विवादहरू, प्रश्नहरूका उत्तर दिन, सत्यतथ्यहरूलाई ठोस प्रमाणसहित पाठकका सामु उभिनु प्रसाईभित्रको जीवनीकारको सार्थक प्रयास स्तुत्यसिद्ध भएको छ । यिनै उल्लेख्य प्रयासले प्रसाईलाई जीवनी साहित्यमा उच्च स्थान प्रदान गरेको छ ।

सुप्रसिद्ध जीवनीकार नरेन्द्रराज प्रसाईको जीवनीयात्रा लेखन वि.सं.२०४१ बाट सुरु भएको देखिन्छ । प्रस्तुत लेख 'प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी' (२०६४) नामक कृतिको समीक्षामा केन्द्रित रहेको छ । यस कृतिका सन्दर्भमा थप हर्षको विषयको छ; कुरा के हो भने यस पुस्तकको तेस्रो संस्करण प्रकाशित पनि भइसकेको छ । जीवनी साहित्यका विविध पक्ष समेटिएका प्रस्तुत कृति नेपाली भाषासाहित्यको जीवनी विधामा एउटा महत्त्वपूर्ण उपलब्धि हो ।

लघु आकृतिको जीवनी प्रस्तुत कृति इतिहास र साहित्यको सुन्दर समन्वय हो र जीवनीलेखन र ऐतिहासिक दस्तावेजको विशिष्ट नमुना हो । प्रस्तुत कृतिमा प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको जीवनीयात्रा, लेखनयात्रालाई विषय बनाइएको छ र अर्कातिर श्री ५ महारानी ललितत्रिपुरसुन्दरीराज्यलक्ष्मीदेवी शाहका ऐतिहासिक व्यक्तित्वको पनि प्रस्तुति भएको देखिन्छ ।

तथ्यपरक, प्रामाणिक यस जीवनीकृतिको प्रथम संस्करण नै उल्लेखनीय मानिन्छ । किनभने त्यसै संस्करणमा प्राज्ञ विद्वान् गोविन्द भटट्को भूमिका रहेको छ र यसले यस कृतिको अरु गरिमा बढेको छ । साथै दोस्रो संस्करण ललितत्रिपुरसुन्दरीकृत 'राजधर्म'मा नै समाविष्ट भएर प्रकाशित भएकाले यसको थप महिमा छ र तेस्रो संस्करणमा

पहिलो र दोस्रो संस्करणमा छुटेका महत्त्वपूर्ण तथ्यहरूसमेत थपिएकाले यसको अझ गरिमा बढेको छ ।

आफ्नो गहिरो अध्ययनको आधारमा तथ्यनिष्ठ, प्रमाणमूलक एवं तर्कसङ्गत बनाउने प्रयासमा जीवनीकारले यस कृतिमा विभिन्न परिच्छेदअन्तर्गत ललितत्रिपुरसुन्दरीको जीवनयात्रा, लेखनयात्रा, उनको भाषाशैली, उनीद्वारा लिखित 'राजधर्म'बारे विवाद, उनीप्रति प्राज्ञिक मत, उनको राजकाज र उनको समाजसेवा, काशीमा उनको कृतिस्तम्भ आदि बारेमा अनुसन्धानमूलक नालीबेली प्रस्तुत गरेका छन् ।

यस कृतिबारे अक्षरशिरोमणि मदनमणि दीक्षितको लेख उल्लेख्य छ– 'नेपाली साहित्यमा जीवनीलेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएका छन् । जीवनलेखन शैलीलाई प्रसाईले आधुनिक ढाँचामा उभ्याएका छन् । उनको जीवनीलेखन सिद्धान्तले मान्छेको सोझो जीवनचित्र छर्लङ्ग्याउनुका साथै वैज्ञानिक पद्धतिको सुरुत्तर दैलो पनि उघारेको पाइन्छ ।

वास्तवमा सत्यतथ्यको खोजी गरी प्रमाण र उदाहरणसहित खुबै सचेत रही प्राज्ञिक ढङ्गले आधिकारिक सन्दर्भ र स्रोत खुलाएर प्रसाईले ललितत्रिपुरसुन्दरीका अनेक स्वरूप (रानी, राजमाता, साहित्यकार, समाजसेवी, नीति, धर्मसंस्कृति प्रेमी, देशभक्त, राष्ट्रसेवी, एउटी शासक)लाई नेपाली साहित्यको गौरवको रूपमा सम्मानपूर्वक प्रतिष्ठित गरेर स्तुत्य कर्म गरेको पाइन्छ । कमल दीक्षितकै सम्पादनमा मदन पुरस्कार गुठीबाट प्रकाशित 'नेपाली' पूर्णाङ्क १८९ (२०६३) मा छापिएको नरेन्द्रराज प्रसाईको ललितत्रिपुरसुन्दरीबारेको लेखमा गरिएको सम्पादकीय टिप्पणी प्रस्तुत गर्न म सान्दर्भिक ठान्दछु– '२०१९ सालमा प्रकाशित 'राजधर्म'को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न सकेको थिएन । त्यसको विवाद समाधान भएको थिएन, विद्वान्हरूकै मत बाझेका थिए । यस

लेखनमा प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा गरेका छन् । यतिविधि खोजखाज गरी आफ्नो तर्क प्रस्तुत गरेकाले यो लेख पठनीय र सूचनामूलक भएको छ भन्ने हामीलाई लाग्छ ।'

नेपालको इतिहासमा सुप्रसिद्ध ललितत्रिपुरसुन्दरी संवत् १८५० सालमा जन्मेकी थिइन् । उनको विवाह कान्छी पत्नीको रूपमा श्री ५ रणबहादुर शाहसँग तेह्र वर्षको उमेरमा भएको थियो । उनको विवाहको अर्को वर्ष नै श्री ५ रणबहादुर शाहको निधन भयो । उनलाई वैधव्यताका अथाह दुःख सहन गर्ने विवशताका साथै ललितत्रिपुरसुन्दरीको काँधमा नाबालक सौतेनी छोरा गीर्वाणयुद्धवीरविक्रम शाह र नाति राजेन्द्रको समेत नायबीको जिम्मेवारी बहन गर्दै राजकाज चलाएको वर्णन यस कृतिमा आएको छ ।

राष्ट्र, राष्ट्रियता र नेपाली जनताको सुरक्षा र सम्मानका लागि, हिन्दूधर्म, संस्कृतिको संरक्षणका लागि ललितत्रिपुरसुन्दरीद्वारा गरेको बहुमूल्य योगदानका चर्चा प्रमाणसहित शिलालेख, अभिलेखका आधारमा यहाँ जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

महाभारतको शान्तिपर्व (राजधर्म अनुशासन पर्व)लाई 'राजधर्म'को नामले उनले नेपाली भाषामा प्रस्तुत गरिन् । संस्कृत भाषाको साम्राज्य र बोलबाला रहेको त्यो बेलामा संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गरेर उनले आदर्श व्यक्ति, आदर्श समाज र आदर्श शासकका लागि आवश्यक पर्ने गुणहरू प्रेरणादायी सन्देशहरूद्वारा प्रदान गरेर देशलाई दिशानिर्देशन दिनुका साथै 'राजधर्म'का प्रणयनद्वारा नेपाली भाषासाहित्य, धर्म, संस्कृतिलाई उजागार बनाइन् र उनको यस महान् स्रष्टा कर्मले उनलाई नेपाली भाषासाहित्यका प्रथम नारीस्रष्टाको रूपमा प्रतिष्ठापित गरे । साथै 'राजधर्म'मा प्रत्येक अध्यायले आरम्भ र अन्तमा उनले मौलिक भक्तिमा पनि कविता लेखिन् र त्यसैका आधारमा उनी प्रथम नेपाली कवयित्री पनि ससम्मान घोषित भइन् ।

'राजधर्म'को भाषा सहज, सरल भए पनि उच्चस्तरीय देखिन्छ । उनको काव्यरचनाको भाषाशैली प्रस्तुतीकरणका ढङ्ग हृदयलाई गहिराइसम्म स्पर्श गर्ने खालका मानवीय संवेदनाले परिपूर्ण, प्रभावमूलक र गुणात्मकताले परिपूर्ण छ । त्यसैले विद्वद्वर्गले 'राजधर्म'लाई नेपाली साहित्यका गौरव भनेका हुन् ।

धर्मवर्गमा समर्पित, समाजसेवामा तल्लीन ललितत्रिपुरसुन्दरीद्वारा गरेका अनेक कार्यहरू जस्तो– त्रिपुरेश्वर महादेवको मन्दिर निर्माण, वाग्मतीको पुल निर्माण, धरहराको निर्माण, सुनधारा आदिको निर्माण कार्यहरूलाई जीवनीकारले फोटो र अन्य प्रामाणिक आधारहरू प्रस्तुत गरेर ललितत्रिपुरसुन्दरीका साहित्यकारका साथै धर्म, कला, संस्कृतिको क्षेत्रमा पनि उनको योगदानलाई त्यतिकै महत्त्वपूर्ण ढङ्गले वर्णन गरेका छन् ।

वास्तवमा ललितत्रिपुरसुन्दरीको जीवनका प्रत्येक आयामका साथै उनको जन्मदेखि मृत्युसम्मको घटना र उनका कृतिहरूको बारेमा, विशेष गरी 'राजधर्म'को बारेमा उठेका विवाद, परस्परविरोधी तथ्यहरू, मतमतान्तरहरूलाई आफ्नो प्राज्ञिक बुद्धि, विवेक, तर्क र प्रमाणहरूलाई प्रस्तुत गरेर प्रसाईले यसलाई अनुसन्धानको अपरिहार्य दस्तावेज बनाएर जीवनी साहित्यको महिमाशाली उदाहरण प्रस्तुत गरेका छन् ।

ललितत्रिपुरसुन्दरीलाई 'राजधर्म'को सत्य सर्जक र नेपाली भाषासाहित्यकी प्रथम नारीस्रष्टाको रूपमा प्रतिष्ठापित गर्नका लागि इमानदारीपूर्वक, विवेकसम्मत ढङ्गले ठोस र दरिला प्रामाणिक तथ्यहरू प्रस्तुत गरेर अथक साहसी, सत्यान्वेशी नरेन्द्रराज प्रसाईले जीवनीकारका असल दायित्व निर्वाह गर्दै ललितत्रिपुरसुन्दरीलाई नेपाली भाषासाहित्यको प्रथम नारीस्रष्टा घोषित गरेर सम्पूर्ण नेपाली साहित्यकार र विशेष गरी नारी साहित्यकारहरूप्रति असीम सम्मान र सद्भाव प्रकट गरेका छन् । 'नारीचुली'मा समाविष्ट नारी साहित्यकारहरूप्रति र

'मेरी आमा : भागीरथा प्रसाई', 'कोइलीदेवी', 'पारिजात', 'वानीरा गिरी', 'प्रेमा शाह'का बारे सिङ्गासिङ्गै कृति लेख्नुका साथै ऋन्नै तीन सय पचास जना नारीस्रष्टाको फुटकर जीवनी लेखेर प्रसाईले मातृजातिप्रतिको आफ्नो आदरभाव समर्पित गरेका छन् । यी सबैको उनको प्रेरणास्रोत आफ्नी आमा भागीरथा प्रसाई रहेकी देखिन्छिन् । प्रसाईकै समेत नेतृत्व र त्रिमूर्ति निकेतनको अध्यक्ष इन्दिरा प्रसाईको अध्यक्षतामा २०७२ सालमा सम्पन्न विश्वनारी नेपाली साहित्य सम्मेलनको सफल आयोजनाले पनि मातृजातिप्रतिको सम्मान भावना नै ऋल्काएको पाइन्छ ।

नरेन्द्रराज प्रसाईको नारीप्रतिको सम्मान र उच्च भावनाको कदर गर्दै र प्रथम नारीस्रष्टाप्रति आफ्नो श्रद्धाञ्जली अर्पित गर्दै मैले 'नारीकृत प्रथम कृति राजधर्म' ('विश्वनारी नेपाली समालोचना', त्रिमूर्ति निकेतन, २०७१) र 'नेपाली साहित्यकी प्रथम नेपाली नारीस्रष्टा ललितत्रिपुरसुन्दरी तथा राजधर्म : एक सर्वेक्षण' शीर्षकमा 'साहित्यलोक' (त्रिभुवन विश्वविद्यालय, हिन्दी केन्द्रीय विभागको मुखपत्र) २०७१ वैशाखमा मेरो लेख प्रकाशित भएको थियो । ललितत्रिपुरसुन्दरीबारे मैले लेखेको समीक्षात्मक लेखको अङ्ग्रेजी अनुवाद नेपाल प्रज्ञाप्रतिष्ठानको 'रूपान्तरण' पत्रिकामा २०७२ सालमा प्रकाशित भयो । साथै मेरो 'नेपाली साहित्य सर्वेक्षण र समीक्षा' (२०७८) नामक समालोचनात्मक कृतिमा पनि 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी : तथ्यपरक प्रामाणिक, अनुसन्धानात्मक कृति' शीर्षकमा सो समीक्षा मैले प्रस्तुत गरेँ ।

यद्यपि जीवनीलेखन कार्य अत्यन्त कठिन, दुरूह हुन्छ तर यस्ता गुरुतर कार्यलाई पनि सहज, सरल, सजीव, वस्तुनिष्ठ र प्रमाणपूर्वक ढङ्गले रुचिपूर्ण भाषामा तयार पारिएको प्रस्तुत जीवनकृति सबैलाई सहज स्वीकार्य बनेको छ । पारदर्शी र अन्वेषणात्मक ढङ्गले प्रस्तुत यस जीवनकृतिले पाठकवर्गका

सदाशयता प्राप्त गर्नमा सक्षमसिद्ध भएको छ । जीवनीबारेमा मतमतान्तर र विवादास्पद कुराहरूलाई बौद्धिक तर्क र ऐतिहासिक प्रमाणका साथ निष्पक्ष प्रस्तुति प्रसाईको जीवनीलेखनका विशेष गुणसिद्ध भएको छ । सन्देशमूलक, प्रेरणादायी प्रस्तुत जीवनीकृतिलाई एउटा सार्थक कृति मान्नुपर्छ ।

यो अत्यन्त हर्ष र सन्तोषको विषय हो कि जीवनीकार नरेन्द्रराज प्रसाईले यस कृतिको तेस्रो संस्करणमार्फत थप व्यहोरा प्रकाशमा ल्याएका छन् र यस कृतिलाई अझ पारदर्शी, प्रमाणमूलक बनाउनका लागि थप योगदान भएको छ । संवत् २०७२ तिर भारतको काशी नगरीमा गई त्यही केही दिन बसोबास गरी ललितत्रिपुरसुन्दरीद्वारा निर्मित ललिताघाट, मठमन्दिर, धर्मशालाहरूको निरीक्षण र अन्वेषण गरेर फोटो सङ्कलन र प्रमाणहरू एकत्रित गर्ने दुरूह कार्य प्रसाईले गरेका छन् । आफ्नो जीवनलाई नै जोखिममा हालेर नइ (नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई)ले पाँच दिनको अथक प्रयासबाट रणमुक्तेश्वर महादेवको फोटो ललितागौरी माताको चरणको शिलाको तस्बिर खिच्न सफल भए ।

यस जीवनीको तेस्रो संस्करणमा समाविष्ट 'ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ' शीर्षकले प्रसाईको असल जीवनीलेखनका सङ्घर्षशील, समर्पित सत्यान्वेशी व्यक्तित्वका ज्वलन्त उदाहरणको रूप देखाउँछ । जसले आफ्नो जीवनीनायिकाको धार्मिक, सांस्कृतिक योगदानलाई आफ्नो नेपाल राष्ट्रमा मात्र सीमित नराखेर छिमेकी मित्रराष्ट्र भारतमा समेत प्रकाशित र सम्मानित गर्ने योजनामा चुर्लुम्म डुबेर जीवनीविधाको देदीप्यमान मोती निकाल्नका लागि अझ पनि प्रयत्नशील देखियो । काशीमा प्राप्त ठोस प्रमाणहरू, बनारस हिन्दु विश्वविद्यालयको निरीक्षण, उत्तर प्रदेश पर्यटन, वाराणसीबाट प्राप्त ललिताघाटको शिलालेखहरूको विवरण, काशीमा स्थित मन्दिरहरू, देवदेवल आदि बारेमा अनेकानेक तथ्यहरू, प्रमाणहरू

प्रसाईले एकत्रित गरेका हुन् । आफ्नो पतिको हत्याअघि संवत् १९६९ मा ललितत्रिपुरसुन्दरी काशी गएकी थिइन् र अनेकानेक धार्मिक कार्यहरू गरिन् । हिन्दूधर्म संस्कृतिका संरक्षणका लागि समर्पित ललितत्रिपुरसुन्दरीका धार्मिक योगदानका सम्पूर्ण प्रमाण प्रसाईले यस परिच्छेदमा वर्णन गरेका छन् ।


सत्यान्वेशी, निर्भीक, निरपेक्ष, इमानदार, लगनशील जीवनीलेखक प्रसाईद्वारा प्रस्तुत जीवनीकृति पूर्ण रूपमा सफल र समर्थसिद्ध भएको छ । सङ्क्षेपमा नरेन्द्रराज प्रसाई नेपाली साहित्यको जीवनीलेखनका क्षेत्रमा सिद्धहस्त, स्थापित, सफल नाम हो र प्रस्तुत कृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' सन्देशमूलक, प्रेरणादायी, नेपाली भाषासाहित्यको उच्चतम गहन जीवनीकृति हो ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'का प्रकाशक नइ प्रकाशन र यस कार्यकी प्रेरणास्रोत इन्दिरा प्रसाईप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

# एउटा बहुमुखी पात्रको खोज

## कमल रिजाल

ललिताघाट तथा ललितादेवी मन्दिर खासै नौला होइनन्, थिएनन् मेरा निम्ति । सन् १९७६ देखि करिब आठ वर्ष बनारसतिर बरालिँदा दैनिकजसो देखे, घुमेका स्थान हुन् यी । नेपालकी



ललितत्रिपुरसुन्दरीनामक महारानीद्वारा निर्मित सम्पदा हुन् यी भन्ने पनि सुनेको हुँ त्यति बेलै । तर उनी को थिइन् र किन त्यहाँ पुगेर यी कार्य गरिन् भन्नेबारे भने केही थाहा थिएन । जब स्वदेश फर्केर लोकसेवा दिने क्रममा नेपालको इतिहास पढ्न थालियो तब उनी तत्कालीन राजा रणबहादुर शाहकी कान्छी महारानी रहिछन्, जसले लामो समय नाबालक राजाहरूको नायबी भएर राज्य सञ्चालन गरेकी थिइन् भन्नेसम्म जानकारी पाएँ । लोकसेवाका सामान्य ज्ञानका लागि यति नै काफी भएकाले यसबाहेक अन्य कुरामा न मैले चासो दिएको थिएँ न कसैले बताएका थिए । हालै नइ प्रकाशनको

सौजन्यमा नरेन्द्रराज प्रसाईद्वारा लिखित उनको जीवनी पढ्ने अवसर पाएँ त्यसपछि पो थाहा भयो, उनी कुशल प्रशासक मात्र नभई प्रथम नारीस्रष्टा र आदिकवयित्री पनि रहिछन् भन्ने कुरा । यसबारे आभारी छु नइ प्रकाशनप्रति ।

इतिहासको गर्तमा ऋन्डै समाधिस्थ भइसकेको यति ठूलो ऐतिहासिक तथ्यलाई प्रकाशमा ल्याएर नेपाल र नेपालीलाई मात्र नभई नेपालको इतिहासलाई नै निकै ठूलो गुन लगाएको छ नइ प्रकाशनले । यसका लागि नइदम्पतीको जति नै प्रशंसा गरे पनि कमै हुन्छ भन्ने लाग्छ मलाई । ललितत्रिपुरसुन्दरीबारे थप जानकारी प्राप्त गर्न निकै ठूलो मिहिनेत, खोज अनुसन्धान र सङ्घर्ष गरेका रहेछन् उनीहरूले । खोज अनुसन्धान गर्दै बनारससम्म पुग्दा उनीहरूले ठूलै जोखिम उठाउनुपरेको कुरा जीवनी पढ्ने पाठकले स्वत: अनुभव गर्न सक्छन् । राम भक्तिधाराका स्रष्टा भानुभक्त (संवत् १८७१–१९२५) आदिकवि भए भने उनीभन्दा केही अघि (१८५०–१८८८)का नारीस्रष्टा ललितत्रिपुरसुन्दरी आदिकवयित्री हुन नसक्ने प्रश्नै थिएन, छैन । तथापि आश्चर्य नै मान्नुपर्छ, यसबारे किन कसैको ध्यान पुगेन अहिलेसम्म । सायद पितृसत्तात्मक सोचको मारमा पो परिन् कि उनी पनि । आशा गरौँ, यो अध्याय चाडै नै पूरा हुनेछ अब । कारण बल नइदम्पतीको हातमा पुगेको छ अहिले । सितिमिति विषय उठान नगर्ने र गरेपछि बैठान नगरी नछाडने नइको विगत छ । राष्ट्रकवि स्व.माधव घिमिरेबारे यस्तै भएको छ । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीबारे यस्तै भएको छ, जुन कुरा उनीहरू आफैँले प्रस्ट पारिसकेका छन् पहिले नै ।

नेपाली साहित्यका अथक साधक हुन् नरेन्द्रराज प्रसाई । उनले हालसम्म असीओटाभन्दा बढी कृति उपहार दिइसकेका छन् नेपाली साहित्यको भण्डारलाई । यीमध्ये अधिकांश साहित्यकारहरूको जीवनी र परिचयसित सम्बन्धित छन् । 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को

जीवनी पनि यस्तै एक कृति हो, जसले उनको जीवनबारे धेरै अनुद्घाटित पक्ष प्रकाशमा ल्याएको छ । इतिहासमा कमै यस्ता बहुमुखी प्रतिभाहरू जन्मने गर्छन्, जसले देशभक्तिको बलिवेदीमा जीवन उत्सर्ग गरी दिगन्तकारी पहिचान छाड्ने गरेका हुन्छन् । ललितत्रिपुरसुन्दरी इतिहासका यस्तै बहुमुखी प्रतिभासम्पन्न पात्रमा पर्छिन् । लामो समयसम्म दुईओटा नाबालक राजाहरूको नायबी चलाउने ललितत्रिपुरसुन्दरी कुशल प्रशासक मात्र होइन कवि, लेखक, आध्यत्मिक चिन्तक र समाजसेवी आदि सबै किसिमका गुणले विभूषित देखिन्छिन् । यति सानो आलेखमा उनका सबै पक्ष केलाउन सकिन्न, सम्भव हुँदा पनि हुन्न । त्यसैले उनको जीवनको आध्यात्मिक पक्षलाई मात्र यथामति केलाउने प्रयास गरेको छु यहाँ ।

नेपाली साहित्यको श्रीगणेश भक्तिधाराबाट सुरु भएको छ । यसमा उनीभन्दा केही पछिका भानुभक्तले रामभक्तिको धारालाई लिएका छन् भने ललितत्रिपुरसुन्दरीले पनि भगवद्भक्तिकै धार समाएकी छन् । रामायण र महाभारत इतिहासका त्यस्ता बेजोड आध्यात्मिक महाकाव्य हुन्, जसले क्रमश: करुणरस र वीररसलाई प्रधान मानेका छन् । प्रसङ्गअनुसार शृङ्गार, हास्य, रौद्र, भयानक र शान्त आदि अन्य रसका पनि प्रयोग भएका छन् यहाँ । तथापि मूल धार क्रमश: करुण र वीररस नै हुन् यी दुई काव्यका । यीमध्ये भानुभक्तले करुणरसप्रधान रामायणलाई आधार मानी नेपाली रामायण लेखेका छन् भने ललितत्रिपुरसुन्दरीले वीररसप्रधान महाभारतको शान्ति-अनुशासन पर्वलाई आधार मानी 'राजधर्म'नामक विशद् ग्रन्थ तयार पारेकी छन्, जहाँ भक्तिपरक कविताहरू प्रस्तुत गरी आफ्ना सुन्दर कवित्व शैलीको परिचयसमेत दिएकी छन् उनले ।

आवश्यकताअनुसार जहाँ जसरी प्रस्तुत भएकी भए पनि वास्तविक रूपमा आध्यात्मिक व्यक्तित्व हुन् ललितत्रिपुरसुन्दरी । चाहे प्रशासनिक पक्षको कुरा गरौँ, चाहे साहित्यिक पक्षको । उनको जीवन आध्यात्मिक

भावसागरमा चुर्लुम्म डुबेको देखिन्छ । बनारसमा हुँदा आफ्नै भाइ शेरबहादुरद्वारा हत्या गरिएका पतिदेव रणबहादुर शाहको मुक्तिका लागि भनेर ललिताघाट, ललितादेवी मन्दिर, विश्वनाथ मन्दिरनजिकको पशुपतिनाथको मन्दिरजस्ता केही मठमन्दिर निर्माण, मर्मतसम्भार तथा जीर्णोद्धार गरेकी थिइन् उनले । यिनको देखभालका लागि आवश्यक कर्मचारी र तिनको तलबभत्ताको समेत व्यवस्थापन गरी उनी नेपाल फर्केकी थिइन् । लामो समयसम्म उनकै व्यवस्थाले काम गर्दै आएको देखिन्छ त्यहाँ । तर मुलुकमा बहुदलीय शासन आएपछि भने यावत् व्यवस्था लथालिङ्ग हुन पुगेको कुरा उनकै जीवनीले प्रस्ट पार्छ । देशमा लोकतन्त्र र गणतन्त्र ल्याएर केकेन गऱ्यौँ भन्ने गर्छन् राजनीतिका पण्डितहरू । तर यथार्थमा पुर्खाको धरोहरकै संरक्षण गर्न सकिरहेका छैनन् भने उनीहरूका पाण्डित्यलाई के भन्ने ? प्रश्न मननीय छ ।

जे होस्, नेपाल फर्केपछि पनि आफ्नो ध्यान यस्तै पुण्य कार्यमै लगाएकी थिइन् ललितत्रिपुरसुन्दरीले । यस क्रममा थुप्रै मठमन्दिर निर्माण तथा जीर्णोद्धार भएका छन् उनीबाट । काठमाडौँ र ललितपुरलाई जोड्ने वाग्मतीको पुल तथा काठमाडौँको मुटुमा रहेको धरहरादेखि सुनधारा निर्माणमा समेत सक्रियता देखिन्छिन् । यो छुट्टै कुरा हो कि २०७२ सालको भूकम्पमा भत्केको धरहरा पुनर्निर्माणको चरणमा छ हाल । त्योभन्दा अघि पनि पटकपटक जीर्णोद्धार तथा पुनर्निर्माण हुँदै आएको सर्वविदित नै छ । नजिकै कर्मचारी सञ्चयकोषले नयाँ भवन बनाएपछि बेकामे हुन पुगेको छ सुन्धारा पनि अहिले । विभिन्न देवीदेवताका स्तोत्र रचना गरी भजनकीर्तनको परम्परा चलाएकी ललितत्रिपुरसुन्दरीले २५ वर्षसम्म छोरा गीर्वाणयुद्धविक्रम र नाति राजेन्द्रविक्रमको नायबी भएर राज्य शासन चलाउँदा जेजे देखिन्, भोगिन् त्यसलाई मूर्त रूप दिने प्रयास गर्दै गइन् ।

साहित्यिक क्षेत्रको कुरा गर्दा सर्वप्रथम महाभारतजस्तो विशिष्ट आध्यात्मिक ग्रन्थ चुनेकी छन् उनले । चाहेको भए अरू पनि चुन्न

सक्थिन् सायद । राजधर्मको सन्देश दिने ग्रन्थ संस्कृत साहित्यका भण्डारमा कति छन् कति तर उनले महाभारत नै किन रोजिन् ? किनकि गीताज्ञान गर्भित महाभारतजस्तो बेजोड आध्यात्मिक ग्रन्थ अर्को देखिनन्, थिएन पनि वास्तवमै । वस्तुत: महाभारत यस्तो ग्रन्थ हो, जसको गर्भबाट भगवान् कृष्णका यावत् कथा उदय भएका छन् । महाभारतबारे स्वयम् व्यासजीले नै उद्घोष गरेका छन्– 'यदिहास्ति नतन्यत्र यन्नेहास्ति नतत्क्वचित्' अर्थात् जुन कुरा यहाँ उल्लेख भएका छन् त्यी कुरा अन्यत्र उल्लेख छैनन् र जुन कुरा यहाँ उल्लेख भएका छैनन् त्यस्तो कुराको उल्लेख पनि अन्त कतै भएका छैनन् भनेर ।

अर्को पनि महत्त्वपूर्ण पक्ष के हो भने महाभारतको पनि शान्ति अनुशासन पर्वलाई नै लिएकी छन् उनले । के राजधर्मको उल्लेख अन्य पर्वमा भएको छैन र ? पक्कै भएको छ । तर त्यहाँ राजधर्मको साथमा राजनीति, कुटनीति, कुटिल नीति, छलकपट, धुर्त्याइँ आदि अन्य प्रसङ्गले पनि स्थान पाएका छन् प्रसङ्गअनुसार । जहाँसम्म शान्ति अनुशासन पर्वको कुरा छ, त्यसको भने समग्र विषयवस्तु शान्ति र अनुशासनसित सम्बन्धित छ विशुद्ध रूपमा । राजधर्मको छुट्टै प्रसङ्गसमेत आएको छ यी पर्वमा, जहाँ राजा तथा प्रशासकहरूले अपनाउनुपर्ने नीतिलाई सम्यक् विवेचन गर्ने प्रयास भएको छ । ललितत्रिपुरसुन्दरीले यिनै पक्षमा बढी जोड दिएकी छन् आफ्नो कृतिमा । हालका गणतन्त्रवादी प्रशासकहरूले त्यसको चतुर्थांश मात्र प्रयोगमा ल्याउन सकेका भए पनि सायद यति बढी हरिबिजोग हुने थिएन हालको प्रशासनिक व्यवस्था । भो छाडौँ, यस्ता कुरा । जहाँ सुन्ने मानिसकै खडेरी छ भने अरण्य रोदनको के अर्थ रहन्छ । जे होस्, शान्त हुनु र अनुशासित हुनु भनेकै आध्यात्मिक हुनु हो । त्यसैले उनले नजानेर यस पर्वलाई लिएकी पनि होइनन् र संयोगवश चुनिन पुगेको पनि होइन । बरु बढी नै जानेर, बुझेर नै यस पर्वलाई चुनेकी हुन् भन्नु कदाचित् बढी हुने छैन ।

तेस्रो कुरा, उनले जीवनमा जेजति कविता लेखेकी छन्, प्राय: सबै अध्यात्मपरक नै छन् । उनी त्यस्तो प्रशासक हुन्, जसले रजस्वला हुनुपूर्व नै वैधव्यजीवनको पीडा भोग्न बाध्य हुनुपरेको छ । उनले बालक राजाहरूको नायबी भएर जीवन व्यतीत गर्दा जीवन र जगत्लाई जसरी बुझिन्, त्यसैलाई लिपिबद्ध गर्दै गइन् । यसैले नै उनलाई आध्यात्मिक बाटोमा डोऱ्यायो र आजीवन आबद्ध हुन पुगिन् यसैमा । आज ललितत्रिपुरसुन्दरीको भौतिक शरीर छैन तर उनको नाम भने कहिल्यै नअस्ताउने तारा बनेर चम्किरहेको छ नेपाली साहित्यको आकाशमा । मानिसको जन्म त धेरै नै हुन्छ । ठूलाठूला पदमा पुगेका हुन्छन् पनि तर पछिसम्म त्यही व्यक्ति जीवित रहन्छ, जसले अध्यात्म र साहित्यको बाटो रोजेको हुन्छ । यस्तै एउटा ऐतिहासिक पात्र हुन् ललितत्रिपुरसुन्दरी ।

# प्रथम नेपाली कवयित्रीको उदय

## प्रा.डा.कुमारबहादुर जोशी

साहित्यकार भाइ*
श्री नरेन्द्रराज प्रसाईकै,
सदा शुभेच्छा !



तपाईंले दिनुभएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' आद्योपान्त पढेँ । यसमा श्री गोविन्द भट्टबाट प्राप्त सारपूर्ण पत्रलाई भूमिकाका रूपमा समावेश गरेर तपाईंले सुनमा सुगन्ध थप्ने काम गर्नुभयो । पुस्तक स्वयम् नै सुन थियो, त्यसमा भूमिकाले सुगन्ध थप्ने काम गऱ्यो । अरु यसमा तपाईंको लेखकीयको पनि फेरि आफ्नै अलग्ग महत्त्व छँदै छ । यो पुस्तक र अरु यसपछि

* कुमारबहादुर जोशीको यो पत्रात्मक लेख कैलाश भण्डारीको सम्पादन तथा प्रकाशनमा **सुगन्ध** मासिक (२०६४ वैशाख–असोज, संयुक्ताङ्कमा समेत प्रकाशित भएको छ ।

दिनुभएको 'नारीचुली' पढेपछि मलाई तपाईंले नेपाली भाषासाहित्यका क्षेत्रमा एउटा ठूलो ऐतिहासिक महत्त्वको काम सम्पन्न गर्नुभयो भन्ने लाग्यो । एउटा संस्थाले गर्ने काम तपाईं एक्लैले गर्नुभयो । यसो त मैले तपाईंलाई व्यक्ति होइन, एउटा सिङ्गो संस्था नै मानेको छु । तपाईंको धैर्य, साहस, लगनशीलता, अध्ययनशीलता, अन्वेषणशीलता तथा यस किसिमको ऐतिहासिक महत्त्वको लेखनकार्यको म मुग्ध कण्ठले प्रशंसा गर्न चाहन्छु । यस्तो कार्यमा तपाईंलाई सदा सफलता मिलोस्, तपाईंलाई मेरो हार्दिक शुभकामना र बधाई !

भाइ, तपाईंका यी नारीस्रष्टाहरूका व्यक्ति जीवनीसम्बन्धी खोजपूर्ण कृति पढेपछि मैले आफूले गरेको पुरानो कुरा सम्भन पुगेँ । आजभन्दा तीसएकतीस वर्षअघिको कुरा हो । त्यति बेला म त्रिचन्द्र क्याम्पसमा पढाउने गर्थें । त्यो बेला मैले पनि नेपाली साहित्यमा नारीस्रष्टाहरूको योगदानबारे अध्ययन, अन्वेषण गरी केही लेख्ने विचारले टिपोट गरेर कार्डहरू तयार पारेको थिएँ । विभिन्न कारणवश ती कार्डहरू त्यसै थन्केर बसेका थिए । तिनलाई निकालेर हेर्दा के देखें भने सुरुकै एउटा कार्डमा यस्तो बुँदा टिपोट गरेको रहेछु–

- कुनै पनि राष्ट्रको निजत्व उसको संस्कृति हो र संस्कृतिको एक प्रमुख अङ्ग साहित्य ।
- नेपालको राजनीतिक र सांस्कृतिक इतिहासमा प्राचीन कालदेखि नै नारीहरूको योगदान रहेको; उदाहरण– चन्द्रप्रभा, शूरप्रभा, राज्यवती, राजेन्द्रलक्ष्मी, भृकुटी इत्यादि ।
- चौतरिया भद्रलक्ष्मीदेवी जङ्गबहादुर राणाको क्याबिनेटमा मिनिस्टर ।
- प्रताप मल्लकी रानी लालमती कवयित्री थिइन् भने धार्मिक परम्पराको कविता लेख्ने शक्तिमाई पनि ऐतिहासिक दृष्टिले उल्लेखनीय ।

- श्री ५ रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरसुन्दरी नारी लेखिका, तिनले सं.१८८१ मा 'राजधर्म'को नेपालीमा अनुवाद गरेकी भनिएको तर त्यो विवादग्रस्त ।
- हीरा गाइनेनी प्रथम कवयित्री, यिनले माथवरसिंहको वीरताको वर्णन गरेर कविता लेखेकी । पृथ्वीनारायण शाहको वीरताको वर्णन सुवानन्ददासले गरेझैँ माथवरसिंहको वीरताको वर्णन यी हीरा गाइनेनीले गरेकी । त्यसैले यी दुई तुलनीय ।

माथिको टिपोटमा परेका चार जना नारीस्रष्टाहरूमध्ये प्रताप मल्लकी रानी कवयित्री लालमती र धार्मिक परम्पराको कविता लेख्ने शक्तिमाईले त्यो बेलाको चलनअनुसार संस्कृतमा लेखे कि नेवारीमा लेखे अथवा कुन भाषामा केकति लेखे र खास कहिले लेखे भन्नेजस्ता कुराको खोज गर्न बाँकी रहेको र श्री ५ रणबहादुरशाहकी कान्छी रानी ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को नेपालीमा अनुवाद गरेकी भनिएको कुरा पनि विवादग्रस्त रहेको भनेर छाडेको अनि माथवरसिंहको वीरताको वर्णन गरेर कविता लेख्ने हीरा गाइनेनीलाई चाहिँ मैले प्रथम कवयित्री भनेर टिपोट गरेको रहेछु ।

मैले उक्त टिपोट केके पढेर गरेँ, अहिले सम्झना भएन । त्यसैले हाम्रा यी आदिकालीन कवयित्रीहरूबारे केही थाहा पाइन्छ कि भनेर कमल दीक्षितद्वारा सम्पादित 'बुइँगल' (पहिलो संस्करण २०१८) पल्टाएर हेर्न थालेँ । त्यसमा नारीसष्टाका रूपमा गङ्गावती, चन्द्रकलादेवी, भक्तिकुमारी, लावण्यमयीदेवी, लोकप्रियादेवी र सुकेशीदेवीलाई समावेश गरिएको र तीमध्ये भक्तिकुमारी र लोकप्रियादेवी दुई जनाबाहेक अरूका बारेमा केही थाहा नभएको भन्ने उल्लेख गरिएको पाएँ । अनि उक्त दुई जनामध्ये जनरल जगत्जङ्गकी पत्नी भक्तिकुमारी राणा १९४२ सालको नराम्रो घटनामा पतिको मृत्यु भएपछि त्यही वैराग्यले

भक्तिमार्गमा लागेकी र यिनको 'भक्ति लहरी' (१९५८ सालसम्ममा रचना भएको र १९६१ सालतिर लिथोमा छापिएको)मा धेरै व्रजभाषाका र थोरै मात्र नेपालीका भजनहरू छन् भनिएको भेट्टाएँ भने महाकवि लक्ष्मीप्रसाद देवकोटाकी दिदी कवयित्री लोकप्रियादेवी (१९५५–२०१७) चाहिँ सार्है सानो उमेरमा बिहे भई कडा बुहार्तन काट्नुपरेकाले 'गोरखापत्र', 'शारदा', 'उद्योग'जस्ता पत्रपत्रिकामा प्रकाशित यिनका कविताहरूमा पीडा र दु:खकै बाहुल्य देखिन्छ भनिएको पाएँ । तर मेरो टिपोटमा परेका उपर्युल्लिखित नारीस्रष्टाहरूमध्ये कसैको पनि उल्लेख मैले त्यहाँ पाइनँ ।

परन्तु, उपर्युक्त 'बुइँगल'कै दोस्रो संस्करण (साझा प्रकाशनबाट पहिलो पटक, २०२८) मा भने मेरो टिपोटमा परेकी हीरा गाइनेनी भित्रिन पुगेकी र त्यसमा तिनको एउटा अनूदित कृति 'माथवरसिंह थापा' शीर्षकमा छापिएको र तिनको परिचयको क्रममा सम्पादकले यस्तो भनेको भेट्टाएँ–

'विदेशी भाषाको माध्यमबाट यस सङ्ग्रहमा भित्रिन पुगेकी हीराको थरघरको केही पत्तो पाइँदैन । हेन्री लरेन्सको जीवनी लेख्ने क्रममा नेपालको राजकाजको वर्णन गर्दा सर हर्बर्ट एडवार्डसले माथवरसिंहको पनि बयान गरेका छन् । त्यसै सिलसिलामा माथवरसिंहको गुणगान गर्ने भनी यी गायिकाको नाम आउँछ । यिनको गीतको गेडा, बोली के थियो हामीलाई थाहा छैन । त्यसको भावसम्म मात्र अङ्ग्रेजी अनुवादबाट हामीले पाएका छौँ । यसरी ठीक पाठसम्म फेला पार्न नसकिएको, हुलिया पनि थाहा नभएको कवि (कवयित्री को ? कुबजो)को कृति भ्रष्ट रूपमा यसरी यस सङ्ग्रहमा स्थान पाउने एउटै कारण छ । त्यो के भने फेला परेको वीरपूजाको परम्परा नेपाली सुवानन्ददासमा जनमानसमा कतिको भिजेको रहेछ, त्यो यस गीतबाट अझ स्पष्ट हुन्छ । वीरपूजा हाम्रो साहित्यिक अभिव्यक्तिको पहिलो पाइलो

हो भन्ने सर हर्बर्टले फेला पारिदिएका हीरा गाइनेनीका दुई गीतले ठूलो सघाउ पुऱ्याउँछन् ।'

यसरी हेरेर ल्याउँदा 'बुइँगल'मा हीरा गाइनेनी भित्रिएकी तर 'राजधर्म'की लेखिका भनिएकी ललितत्रिपुरसुन्दरीको भने नामोल्लेखसम्म पनि त्यहाँ नभेटिएकाले म मदन पुरस्कार पुस्तकालयको पुस्तकसूची 'मदन सौरभ' (२०३१) पल्टाउनतिर लागैं । त्यसमा (पृ.२९६ मा) उक्त 'राजधर्म'को प्रविष्टि निम्नलिखित विवरण दिएर गरिएको पाएँ–

'राजधर्म'ले महारानी त्रिपुरसुन्दरीदेवी/प्र.जगदम्बा प्रकाशन, ललितपुर/वि.पुराण/ पृ.४३३/सा.१/४ क्रा/सं.पहिलो/मु.आर्यभूषण प्रेस, बारा/मूल्य १०/मिति २०१९ ।

उक्त विवरणबाट 'राजधर्म'की लेखिका महारानी त्रिपुरसुन्दरी (अर्थात् ललितत्रिपुरसुन्दरी) रहेकी र त्यसको प्रकाशन जगदम्बा प्रकाशनबाट २०१९ सालमा भएको भन्ने छर्लङ्गिन्छ । यसो भएपछि यहाँनिर जिज्ञासा जाग्छ– यसरी आफ्नै प्रकाशन संस्था (जगदम्बा प्रकाशन)बाट २०१९ सालमै प्रकाशित भइसकेको 'राजधर्म' र त्यसकी लेखिका ललितत्रिपुरसुन्दरीलाई सम्पादक कमल दीक्षितले 'बुइँगल'को दोस्रो संस्करणमा किन नभित्र्याएका होलान् ? यस जिज्ञासाको समाधान कमल दीक्षितकै सम्पादनमा मदन पुरस्कार गुठीबाट प्रकाशित 'नेपाली' पूर्णाङ्क १८९ (२०६३) मा छापिएको नरेन्द्रराज प्रसाईको ललितत्रिपुरसुन्दरीबारेको लेखमा गरिएको सम्पादकको टिप्पणीबाट प्रस्ट रूपमा हुन्छ, जुन यस्तो छ–

'नेपाली'मा नरेन्द्रराज प्रसाईका कुनै लेख आजसम्म छाप्न पाइएको थिएन । अहिले आएर एउटा महत्त्वपूर्ण विषयमा लेखिएको प्रबन्ध हामीले उनीबाट पायौँ र यहाँ भित्र्याएका छौँ । २०१९ सालमा प्रकाशित गर्दा 'राजधर्म'को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न सकेको थिएन । त्यसको विवाद समाधान

भएको थिएन, विद्वान्हरूकै मत बाझेका थिए । यस लेखमा प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै राजधर्मकी सर्जक हुन् भन्ने ठोकुवा गरेका छन् । यतिविधि खोजखाज गरी आफ्नो तर्क प्रस्तुत गरेकाले यो लेख पठनीय र सूचनामूलक भएको छ भन्ने हामीलाई लाग्छ ।'

माथिको टिप्पणीमा सम्पादक कमल दीक्षितले विद्वान्हरूकै मत बाझेका हुनाले 'राजधर्म'की लेखक (अनुवादक) यही हो भन्ने हिम्मत गर्न नसकिरहेकोमा नरेन्द्रराज प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भनी ठोकुवा गरेर लेखेको लेख पठनीय र सूचनामूलक छ भनेर आफ्नो अभिमत प्रकट गरेको स्पष्टै छ ।

वास्तवमा जगदम्बा प्रकाशनबाट प्रकाशित 'राजधर्म' (२०१९) मा समाविष्ट सामग्रीअनुसार योगी नरहरिनाथले मिति २०१६।८।२० मा आफ्नो निवासस्थान मृगस्थलीमा राष्ट्रका लब्धप्रतिष्ठित लगभग आधा सय विद्वान्हरूको गोष्ठी बोलाएर उनीहरूको हस्ताक्षरद्वारा महाभारत शान्तिपर्वअन्तर्गतको राजधर्मको भाषानुवाद गर्ने रानी ललिता भनेकी श्री ५ रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरसुन्दरी हुन् भन्ने निर्णय गराइसकेका हुनाले उसै बेला 'राजधर्म'को अनुवादक यही हो भन्ने निधो भइ नै सकेको थियो । हो, उक्त निर्णयमा इतिहासशिरोमणि बाबुराम आचार्य एक जनाले भने सहमति नजनाएका र भिन्न मत प्रस्तुत गरेका थिए । तर त्यसमा पनि विद्वान् अन्वेषक एवं भाषाशास्त्री बालकृष्ण पोखरेलले आफ्नो 'पाँच सय वर्ष' शीर्षक ग्रन्थ (२०२०) मा 'ठोस प्रमाण नपाउन्जेल 'राजधर्म' ललितत्रिपुरसुन्दरीको कृति होइन भन्ने शिरोमणिज्यूको मतमा सहमति देखाउन सकिन्न' भनिसकेकै थिए । यति हुँदाहुँदै पनि कमल दीक्षितले भनेझैँ 'राजधर्म'को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत कसैले पनि गर्न सकिरहेको थिएन ।

यस्तैमा नरेन्द्रराज भाइ, तपाईंले परिश्रमपूर्वक खोज गरी अनेक प्रमाणाहरू जुटाएर अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरीबाटै 'राजधर्म' संस्कृतबाट नेपालीमा अनुवाद भएको भन्ने ठोकुवा गरेर लेख्नुभएको लेख ('नारीचुली'मा समाविष्ट) र पुस्तकाकार कृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नितान्त ऐतिहासिक महत्त्वका ठहरिने कुरा स्वत: सिद्धै छ । तपाईंका नारीविषयक यी ऐतिहासिक कृतिहरू यथार्थमा तपाईंको नारी जातिप्रतिको असीम स्नेहभाव, सद्‌भाव र श्रद्धाभावका सुन्दर एवं उदाहरणीय अभिव्यक्ति पनि हुन् ।

अन्त्यमा भन्न चाहन्छु– संस्कृत भाषाको जगजगी रहेको त्यो जमानामा संस्कृतबाट नेपाली भाषामा अनुवाद गरेर 'राजधर्म' (आजसम्मको खोजमा पहिलो ठहरिएको नेपाली पुस्तक) तयार पार्ने रानी ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यकी प्रथम ऐतिहासिक नारी लेखिका हुन् र साथै सो 'राजधर्म'मा अध्यायैपिच्छे अध्यायको आरम्भ र अन्त्यमा मौलिक भक्तिपद्य लेखेकीले उनी प्रथम नेपाली कवयित्री पनि ठहरिन्छिन् । अनि पण्डित सुन्दरानन्द बाँडा लिखित 'त्रिरत्नसौन्दर्यगाथा'अनुसार तत्कालीन त्रिरत्नमध्येकी एक रत्न पनि हुन् उनी । यहाँनिर म के पनि भन्न चाहन्छु भने प्रथम नेपाली कवयित्री ललितत्रिपुरसुन्दरी तर हाम्रा आदिकवयित्री भने होइनन्, जसरी हाम्रा आदिकवि भानुभक्त आचार्य प्रथम नेपाली कवि होइनन, किनभने उनीभन्दा अगाडिका अनेक नेपाली कविहरू भेटिएका छन् । हुन पनि हामीले भानुभक्त आचार्यलाई प्रथम नेपाली कवि भएकाले आदिकवि भनेका होइनौँ, बरु उनी आदि प्रतिनिधि कवि वा आदि महान् कवि भएकाले आदिकवि भनेका हौँ अर्थात् 'आदिकवि' शब्द नेपाली भाषासाहित्यमा 'आदि प्रतिनिधि वा आदि महान् कवि' भन्ने अर्थमा रूढ भइसकेको छ । यस अर्थमा अर्थात् आदिकवि शब्दको स्त्रीलिङ्गी रूप अर्थमा आदिकवयित्री कहलिन सक्तिनन्

ललितत्रिपुरसुन्दरी, यद्यपि तिनी माथि भनिएझैँ प्रथम नेपाली कवयित्री भने अवश्य हुन् ।

प्रिय नरेन्द्रराज भाइ, मैले माथि जेजति लेखेँ, ती सबै वास्तवमा तपाईंले दिनुभएका पुस्तक पढेपछि प्राप्त प्रेरणाबाटै लेखेको हुँ । तसर्थ यसको श्रेय म तपाईंलाई नै दिन चाहन्छु । सम्झना राखी मलाई पुस्तक दिनुभएकोमा हार्दिक धन्यवाद ! तपाईंलाई यस्तो लेखनकार्यमा उत्तरोत्तर अधिकाधिक सफलता मिल्दै जाओस्; फेरि पनि मेरो हार्दिक शुभकामना !

चाबहिल, काठमाडौँ । तपाईंको सदा शुभेच्छुक
९ भदौ, २०६४ **डा.कुमारबहादुर जोशी**

# खोतलेर भेटिएकी रत्न

## प्रा.डा.गार्गी शर्मा

नेपाली भाषासाहित्यमा मरिमेटेर लागिरहने एक अथक र अविश्रान्त यात्री हुन् नरेन्द्रराज प्रसाई । कविता, गीत, निबन्ध, समालोचना, अन्तर्वार्ता, सम्पादन अनि अति विशिष्ट साहित्यिक



कार्यक्रम संयोजन गरिरहने व्यक्ति हुन् नरेन्द्रराज प्रसाई । जे चलायो त्यसैबाट सफलताको सिँढी उक्लेर आफ्नो परिचय दिन सक्ने प्रसाई हिजोआज विशेष गरेर जीवनीलेखनमा निकै अग्रसर छन् । जीवनीलेखन समातिएको नायकको बाह्य आवरण होइन परन्तु उसको लम्बाइ, चौडाइ नियालेर; नसानसा केलाएर; सत्यतथ्य पत्ता लगाएर, मीठो भाषाशैलीमा सप्रमाणसहित प्रस्तुत गर्ने सिद्धहस्त जीवनीकार हुन् नरेन्द्रराज प्रसाई । यिनले नेपाली भाषासाहित्यको मूल जरोमा पुगेपछि अनगिन्ती सहायक जरा देख्छन्, कति साहित्यकारहरू ओझेलमा परेर बिलाएका, कति विविध कारणले आफ्नो योगदान दिँदादिँदै

थलिएका देख्छन् । अनि तिनीहरूलाई उठाउने, ब्यूँताउने काममा लागिपर्न उनी सधैँ अग्रसर हुन्छन् । राष्ट्रले, समाजले चिन्न नसकेका; चिनेर पनि बुझ पचाइएका साहित्यिक महारथीको मानसम्मान गर्न राष्ट्रलाई यिनैले झकझकाउँछन् । यस्तो विशिष्ट र चमत्कारी कार्यमा नरेन्द्रराज प्रसाईको मात्र नाम लिनु ठूलो अपराध हुन्छ । वास्तवमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई अर्थात् नइ दुई शरीर एक मुटुका जोडीबाट यस्ता विशिष्ट काम निरन्तर भइरहेछ । माधव घिमिरे राष्ट्रकविको उचाइमा पुग्नु, सत्यमोहन जोशी नेपाली वाङ्मय शताब्दी पुरुषको रूपमा सम्मानित हुन पाउनु नेपाली साहित्यको पृष्ठमा गौरवशाली अक्षरमा कुँदिन पाउनु हो । डा.वानिरा गिरीलाई प्रधानमन्त्री सुशील कोइरालामार्फत विश्वनारी नेपाली साहित्य रत्नको उपाधि दिलाउने र प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि पनि नइबाटै प्रदत्त भएको हो । यी चारै जना साहित्यका महारथीलाई जनही पाँच लाख रुपियाँ राशिले सुशोभित गर्ने कृत्य पनि नइमार्फतै भएको हो । साथै ईश्वरवल्लभलाई नइले नै जनराष्ट्रकवि बनायो । वल्लभको निधन भएका कारण पाँच लाख रुपियाँ राशिको चाहिँ पुरस्कार समर्पण गर्न नइ सफल भएन; तर 'नइ ईश्वरवल्लभ पुरस्कार'को स्थापना भयो । नेपाली वाङ्मयका स्रष्टाले हरेक वर्ष एक लाख रपियाँ राशिसहित यो पुरस्कार प्राप्त गर्न सक्नेछन् । यी सबैको चर्चा विश्व नेपाली साहित्यमा व्यापक भएको छ । एउटा सिङ्गो युगलाई अति संक्षेपमा त्रिमूर्ति (लेखनाथ, सम र देवकोटा) भन्दै नइले नै एकै लहरमा उभ्याए । नरेन्द्रराज र इन्दिराको लेखनी आआफ्नै छ तर समाजमा गर्नुपर्ने कुनै विशेष काममा एउटै भएर अग्रसर भएका हुन्छन् । यस बेला लाग्छ नइलाई सिर्जना गर्दा ब्रह्माजीले प्रशस्त फुर्सद लिएर बनाउँदै, भेट्दै फेरि मिलाउँदै गरेर होसियारीपूर्वक तयार गरेका रहेछन् ।

नेपाली भाषासाहित्य र साहित्यकार भनेपछि हुरुक्क हुने नइको सोच र सङ्गठनबाट नेपाली भाषासाहित्यका चेलीहरू जहाँ पुगे पनि तिनलाई अघि बढ्न प्रेरणा र सम्मान हुनुपर्छ भन्दै विश्वनारी नेपाली साहित्य सम्मेलनको तर्जुमा गरी विश्वका पाँच महादेशका र नेपालका ७१ ओटा जिल्लाका साहित्यकार नारीहरू समेटिएका थिए । तीन दिनसम्म परिचालित उक्त कार्यक्रम अब फेरि हुन पुस्ता दरपुस्ताले कति पर्खिनुपर्ने हो कसैले अनुमान गर्न सकेको छैन । स्रष्टाहरूको सम्मान गर्न, तिनको नाममा अक्षयकोष स्थापना गर्न नइको पाइलामा साथ दिन धेरै अग्रसर पनि छन् । नइसम्बन्धी पुरस्कार र सम्मान नेपालको सीमा नाघेर विश्वको कुनाकाप्चासम्म पनि पुगेको छ । नारी साहित्यकार र स्रष्टाको सम्मानमा त्रिनारीरत्न (प्रेमराजेश्वरी थापा, गोमा र पारिजात)को प्रतिमा स्थापना गर्न निरन्तर लागिपरेका छन् । हो, प्रस्तुत सबै काम मात्र नइबाट भएको भन्न सकिन्न तर मूल मियो भएपछि वरिपरि सहयोगी जो पनि देखा पर्न सक्छन् । अब प्रश्न उठ्छ नेपाली साहित्यमा नरेन्द्रराज प्रसाईको योगदान कस्तो छ त ? मैले माथि नै भनिसकेँ, नरेन्द्रराज प्रसाई नेपाली साहित्यिक बगैँचाका अथक माली हुन् । गीत, निबन्ध, जीवनी सम्पादन तथा अनेक अनुसन्धानमूलक कृतिमा निरन्तर समर्पित छन् र पुस्तकाकारकृति एक सयको हाराहारीमा प्रकाशित गरिसकेका छन् । कतिपय ओझेलमा परेका नारी साहित्यकारहरूको अनुसन्धान गर्दै जाँदा नेपाली साहित्यकी प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी हुन् भन्ने निष्कर्षमा पुगेर नेपाली साहित्यमा ठूलो योगदान दिएका छन् । एकल जीवनीकारका रूपमा निकै अग्रसर नरेन्द्रराज प्रसाईका उल्लेखनीय कृतिहरूमध्ये 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पनि एक हो । समालोचकहरूको भनाइअनुसार उनका जीवनीकृत कृतिहरू बाह्य र सुनिएको हाहामा मात्र नभई आफ्नो नायकको जीवनको भित्रभित्र छामेर, नसानसा केलाएर सत्यतथ्य प्रस्तुत गरिएको हुन्छ, कतिपय

ओझेलमा परेका र अँध्यारो खाडलमा परेर रहेका तथ्यलाई सप्रमाणसहित उज्यालोमा ल्याएर पाठकलाई बुझाउँछन् । यसले गर्दा कतिपय व्यक्ति आफ्नो कमीकमजोरी उदाङ्गो पारिदिएको भन्दै रिसाएका पनि हुन सक्छन् । रिसाउनु बेग्लै कुरो हो तर असत्यलाई सत्य नभन्नु ठूलो गुण हो ।

नरेन्द्रराज प्रसाईको अनुसन्धानमूलक उच्च खुबीले नेपाली साहित्यको पानामा ओझेल परेकी ललितत्रिपुरसुन्दरीलाई नेपाली साहित्यकी प्रथम नारीस्रष्टा, प्रथम अनुवादक, कवि, प्रथम कृतिकार, प्रथम आख्यानकार आदिको रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिले दुई सय तीस वर्षअगाडिको इतिहास खोतलेको छ र यसैमार्फत लेखकले ललितत्रिपुरसुन्दरीलाई जीवित गराएका छन् ।

मानवसमाजमा पितृसत्ताको हाबी चलेपछि बहुपत्नी प्रथा अति सामान्य बन्दै गयो नेपाली समाजमा । यसबाट नारीसमाज आँसुको पोखरीमा आजसम्म पनि डुबेकै छन् । मर्दका हजार हुनुपर्छ भन्ने हाम्रो समाजको पहेली नै छ । त्यसमा झन् सान र शक्तिले भरिएका राजामहाराजा र धनाढ्य व्यक्तिका लागि नारी खेलौनाजस्तै मन परे हेऱ्यो नत्र फ्याँक्नेहरूको के कमी हुन्छ र !

ललितत्रिपुरसुन्दरी श्री ५ रणबहादुर शाहकी पाँचौँ तथा अन्तिम महारानी हुन् तर उनी कसकी छोरी भन्ने आजसम्म कसैले भन्न सकेका छैन । महारानी अर्थात् बिहापश्चात्को उनको जीवनी, काम आदिको अन्वेषण गर्दै प्रस्तुत जीवनीकृति तयार गरेका छन् जीवनीकार प्रसाईले । इतिहासविद्हरूको भनाइअनुसार उनको जन्म १८५० सालमा र बिहा १८६२ सालमा भएको थियो । बाह्र वर्षको उमेरमा बिहा भयो । बिहा के हो भन्ने थाहै नपाई बिहा भएको एक वर्षमै एक्ली भइन् । आफ्नै सौतेनी भाइले श्री ५ रणबहादुर शाहको हत्या गरे । यहीँबाट उनको जीवनवृत सुरु भएको देखिन्छ । तेह्र वर्षको अबोध बालिका मुमा महारानीको पदवी पाएर नाबालक

श्री ५ गीर्वाणयुद्धवीरविक्रम शाहलाई हुर्काउनु, राष्ट्रमा नायबी पद सम्हाल्नु सामान्य कुरो थिएन । रणबहादुर शाहको मृत्युपछि राज्यको भार विशेष गरी भीमसेन थापाले समाले पनि प्रमुख त उनै थिइन् । भाग्यले तत्कालीन प्रधानमन्त्री भीमसेन थापा उनको राम्रै सहयोगी भए ।

त्यो युग सतीप्रथाको युग थियो । राजामहाराजा आदिको मृत्युमा उनका महारानी, रानी, नानी आदिलाई लाससँग जिउँदै जलाइन्थे र कुनै रानी, महारानी आदिसँग रिस, ईर्ष्या भए उनका साथीसँगातीलाई पनि सती जान बाध्य गराइन्थ्यो । रणबहादुर शाहको साथ पनि धेरै नारीहरू सती पठाइए । उनकी प्रथम महारानी विद्यावती अर्थात् राजराजेश्वरी हेलम्बुमा निर्वासित भएर एकान्त बसेकी थिइन् । उनको सान, शक्ति र राजनीतिमा चातुर्य देखेर सायद मुख्तियार भीमसेन थापा त्रसित थिए । त्यसैले हेलम्बुमा रानीलाई लिन पठाएर जबरजस्ती सती जान बाध्य गराए । तेह्र वर्षकी बालिका ललितत्रिपुरसुन्दरीले यो अत्याचार सहनु परेन । सायद भीमसेन थापाले नै रणबहादुर शाहसँग बिहा गराइदिएकाले उनीबाट आफ्नो शक्तिमा आँच आउने देखेनन्, बरु झन् शक्तिशाली बन्न पाइने देखे । त्यसैले थापाको वरद हात उनको शिरमा पऱ्यो । जबसम्म ललितत्रिपुरसुन्दरी यस धरतीमा रहिन्, भीमसेन थापाको शासन चल्यो र उनको मृत्युपछि थापाको पतन पनि सुरु भयो । जेसुकैले होस् महारानी ललितत्रिपुरसुन्दरी नेपालको इतिहासमा सुयोग्य राजमाता भएर नायबी शासन चलाएकोमा प्रसिद्ध बनेकी छन् । तेह्रचौध वर्षको उमेरदेखि नै एकातिर नाबालक राजालाई हुर्काउनु, समाल्नुपर्ने र अर्कोतिर राजधर्म पनि निर्वाह गर्नुपर्ने अवस्था थियो । मुख्तियार थापाको सहयोग र सल्लाह भए पनि राष्ट्रप्रति आफ्नो काम, कर्तव्य र जिम्मेवारी उनको आफ्नै थियो । सौताका सन्तान र सौताहरूको षड्यन्त्र पनि कम थिएन होला तर ती

सबैलाई जितेर उनले आफ्नो राजधर्म पूरा गरिछोडिन् । यति मात्र कहाँ हो र श्री ५ गीर्वाणको असामयिक मृत्युपछि नाबालक नाति श्री ५ राजेन्द्रलाई पनि स्याहार्नुपऱ्यो, राजमाता भएर नायबी पनि चलाउनुपऱ्यो । यस्तो स्थितिमा उनले शारीरिक र मानसिक कति विपत्ति सहनुपऱ्यो होला तर ती सबै इतिहासकै गर्भमा बिलाइसकेको छ । अन्वेषक तथा जीवनीकार प्रसाईले त्यसको केही उल्लेख गरेका छैनन् । प्रस्तुत जीवनी पढ्दा ललितत्रिपुरसुन्दरीको जीवन स्वच्छ नदीको धारजस्तै सलल बगेको छ, कतै ठक्कर र भुमरीमा परेको छैन ।

ललितत्रिपुरसुन्दरी वास्तवमा कसकी छोरी थिइन्, जन्मस्थान कता थियो, कसैले भन्न सकेका छैनन् । जीवनीकार प्रसाईले ललितत्रिपरसुन्दरीको कविता तथा विभिन्न अभिव्यक्ति कुँदिएका शिलालेखको भाषा हेर्दा सायद उनी पूर्वाञ्चलतिरकी हुन् भनी अनुमान गरेका छन् । बिहा के हो, दाम्पत्य जीवन के हो ? थाहै नपाई बिहा गरेको एक वर्षभित्रैमा वैधव्य जीवन बिताउनुपरेको दु:खद जीवनमा अधिकांश नारीको सहारा भगवान् हुन्छन् । भगवान्को पूजापाठ र धर्मकर्ममा जीवन बिताउँछन्, रामायण महाभारत पाठ गर्नु, मठमन्दिर बनाउनु, तिनको सम्भारका लागि गुठी राख्नु तत्कालीन प्रथा थियो । ललितत्रिपुरसुन्दरी पनि यिनै आस्थाबाट अभिप्रेरित भएर होला अनेक मठमन्दिर बनाइन् । काठमाडौँ त्रिपुरेश्वरको भव्य शिव मन्दिर, काशीको मठमन्दिर, रणकेश्वर महादेव मन्दिर, ललिताघाट आदि उनको सामाजिक र धार्मिक आस्थाका उदाहरण हुन् । परन्तु प्रस्तुत कृतिमा लेखक ललितत्रिपुरसुन्दरीको जीवनीमा सबभन्दा उल्लेखनीय र महनीय तथ्य उनको साहित्यिक योगदानमा केन्द्रित भएका छन् । त्यसैले पुस्तकको शीर्षक नै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' रहेको छ । यसको सहायकको रूपमा उनका अन्य कार्यहरू समेटेर

इतिहासमा कङ्काल स्वरूप रहेकीलाई प्राण भरिदिएर सजीव बनाएका छन् । प्रसाईले ललितत्रिपुरसुन्दरीका योगदानलाई जिउँदो रूप प्रस्तुत गर्दै केस्राकेस्रा केलाएर नेपाली समाजमा व्यापक विस्तार गरिदिएका छन् ।

बिहा के हो, दाम्पत्य जीवनको तीतोमीठो केही थाहै नपाईकन वैधव्य जीवन बिताउनुपरेको जीवनमा राजमाता बनी राष्ट्रको कार्यभार समाल्नु उनको नियति थियो । त्यो युगमा विधवा महारानी भएर पनि सती जान नपर्नु उनको अहोभाग्य थियो । तत्कालीन नारीहरूको दैनिकी भन्नु नै धर्मकर्म पूजापाठ हुन्थ्यो; रामायण, महाभारत आदि उनीहरूको जीवनसहारा हुन्थ्यो । त्यही धार्मिक आस्थास्वरूप मठमन्दिर बनाउने, पूजापाठ र उक्त मठमन्दिरको संरक्षण सम्भारका लागि आफ्नो शक्तिअनुसार कसैले बेचबिखन गर्न नपाउने गरी गुठी राखिदिन्थे । ललितत्रिपुरसुन्दरी पनि त्यही समाज र आस्थाको परिवेशकी हुनाले उनले पनि धार्मिक, सामाजिक कार्यस्वरूप अनेक मठमन्दिर निर्माण गरेकी छिन् । त्रिपुरेश्वरको भव्य शिवमन्दिर, काशीमा मठमन्दिर, रणकेश्वर महादेव मन्दिर, ललिताघाट आदि उल्लेखनीय छन् । नेपाली मन, मुटुमा रहेको काशी अति नै विशिष्ट धार्मिक तीर्थस्थल मानिन्छ । पौराणिक युगदेखि पुण्यस्थल मानिएको काशीमा भगवान् शिवको कृपादृष्टि परेकाले कहिल्यै त्यहाँ भूकम्प जाँदैन भन्ने उल्लेख गरेका छन् लेखकले । धर्मकर्ममा अति आस्था राख्ने महारानी ललितत्रिपुरसुन्दरीले अकालमा मृत्यु भएका रणबहादुर शाहको मोक्ष प्राप्तिको कामना गरी रणकेश्वर महादेव स्थापना गरिन् । लेखकको भनाइअनुसार तत्कालीन काशीनरेशले रणबहादुर शाहलाई पवित्र पावनी गङ्गा नदीको माथि विश्वनाथ मन्दिरको छेउमा जग्गा दिएका रहेछन् । सोही स्थानमा रणबहादुर शाहले बनाएको धर्मशाला र नेपाली घाटलाई उनले जीर्णोद्धार गरी अझ परिष्कृत बनाइन् । उक्त घाट

अहिले ललिताघाटबाट प्रसिद्ध छ । मठमन्दिरबाहेक ललितत्रिपुरसुन्दरीको विभिन्न मन्दिरमा घण्ट चढाउनु, मन्दिरको द्वारमा सिंह स्थापना गर्नुजस्ता कार्यमा कहिल्यै नथाक्ने उनको धार्मिक आस्थाको परिचय हो । धार्मिक मात्र हैन सामाजिक कीर्तिमा पनि उनले अन्य महारानीहरूलाई उछिनेकी छन् । काठमाडौँ र पाटन जोड्ने वाग्मतीको पुल, काठमाडौँको धरहरा, सुनधारा आदिले उनलाई चिरस्मरणीय बनाएका छन् । धरहरा, सुनधारा निर्माणमा कतिपयले भीमसेन थापाको नाम लिने गर्दछन्, भीमसेन स्तम्भ भन्ने जनश्रुति छँदै छ तर लेखक यो मान्दैनन् ।

ललितत्रिपुरसुन्दरीका सामाजिक, धार्मिक, राजनैतिक कार्यमा भन्दा उनको महत्त्वपूर्ण स्थान रहेको छ प्रथम नारीस्रष्टाको रूपमा । लेखकले अनेक प्रमाणसहित उनी नेपाली साहित्यकी प्रथम नारीस्रष्टा हुन् भन्ने निश्चित गरेका छन् । महाभारतको राजधर्मलाई नेपाली भाषामा अनुवाद गर्नु र ठाउँठाउँमा आफ्नो मौलिक श्लोक थप्नु उनको विशेष वैशिष्टचले उनलाई नेपाली साहित्यको फूलबारीबाट कहिल्यै पन्छाउन नसकिने भएको छ । उनको धार्मिक आस्था सद्व्यवहार, कोमलता र लालित्यपूर्ण भाव र भाषाले प्रभावित सुन्दरानन्द बाँडाले आफ्नो कृति 'त्रिरत्न सौन्दर्य गाथा'मा उनलाई देवी भगवती भनी श्रद्धाका साथ वर्णन गरेका छन् । अवश्य नै उनी अति राम्री कोमल हृदयी, मानवीय भावनाले पोषित थिइन् होला र नै बाँडाले वर्णन गरे होलान् परन्तु राजारानीको वर्णन गर्नु कुनै नौलो कुरा पनि हैन । तर त्यो युगमा राजामाताको पदीय भार सम्हालेर पनि 'राजधर्म'को अनुवाद गर्नु महान् कार्य हो । उनले कसरी साक्षर बनेर त्यस्तो महनीय कार्य गरिन् भन्ने पाठकहरूको प्रश्न हुन सक्छ । भनिन्छ, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले लेख्न जान्ने भन्नु नै आफ्नो नाम अर्थात् सही मात्र गर्नु थियो रे ! तर ललितत्रिपुरसुन्दरीले यसरी भाषासाहित्यमा अभिरुचि लिएर लेखपढ गर्न जान्नु 'राजधर्म'जस्तो

गहन कृति नेपाली साहित्य संसारमा दिनु सामान्य मान्न सकिन्न । अहिले पनि कतिपय मै हुँ भन्नेहरू आफ्नो जीवन कथाव्यथा राम्ररी लेख्न नजानेर लेखनदास किन्ने गरेको तथ्य समाजमा सुनिरहिन्छ भने उनले कसरी जानिन् र अनुवाद गरिन् ? यसको जबाफ नेपाली प्राज्ञिक समाजले र लेखकले 'राजधर्म' उनकै कृति हो अनि उनी नै नेपाली साहित्यकी प्रथम नारीस्रष्टा, प्रथम अनुवादिका हुन् भनी प्रमाणित गरेका छन् ।

हामी धेरैलाई थाहा छ काशी हामी नेपालीहरूका लागि पुण्यस्थल, तीर्थस्थल मात्र नभई एउटा अति नै महत्त्वपूर्ण शिक्षणस्थल पनि हो । नेपालमा पठनपाठनका लागि कुनै विद्यालय नभएको बेला काठमाडौँबाट होस् या गाउँघरबाट होस् काशीमा पुगेर अनेक तरिकाले आफ्नो जीविकोपार्जन गरी शिक्षा हासिल गर्दथे, केवल पढ्न उत्साहित मात्र हुनुपर्दथ्यो भने ललितत्रिपुरसुन्दरी पनि काशीमा मठमन्दिर (रणमुक्तेश्वर महादेवको मन्दिर) ललिताघाट आदि पुनर्निर्माण गर्न झन्डै दुई वर्ष बसेकी थिइन् । धार्मिक कृति रामायण, महाभारत आदि पढ्न तीव्र इच्छालाई उनको अलौकिक प्रतिमाले साथ दिएको हुनुपर्छ । जीवन र जगत्बाट खारिएर अलौकिक भावनाबाट अभिप्रेरित हुन उनको बाइसबर्से उमेरले पनि साथ दिएर नै त्यस बेला साक्षर बन्न र लेख्न पनि प्रेरित भएकी हुनुपर्छ ।


तेह्र वर्षको उमेरदेखि छोरा गीर्वाणयुद्ध र नाति राजेन्द्रको राज्यकालमा नायबी चलाउने ललितत्रिपुरसुन्दरी राजधर्ममा आकर्षित हुनु नौलो अथवा आश्चर्यको कुरो होइन । बाल्यकालमै वैधव्य जीवन बिताउन परे पनि बालक राजा गीर्वाणयुद्धको राजमाता भएर नायबी चलाउन पाउनु उनको अहोभाग्य थियो । उनी रणबहादुर शाहको चितामा जिउँदै जल्नु परेन, सती जानु परेन । नायबी राजमाता भएर मुख्तियार भीमसेन थापासँग काँधमा काँध मिलाएर नेपालको सेवा गर्नु, नेपाली भाषासाहित्यको प्रथम नारीस्रष्टा बन्न पाउनु उनको

अहोभाग्य मान्नुपर्दछ । यसर्थ राजकाजसाथै साहित्यको रसले उनको मन, मुटु रसायो र दस वर्ष लगाएर राजधर्म अनुवाद गरिन् भन्ने लेखकले अनेक अनुसन्धानबाट स्पष्ट गरेका छन् । यसर्थ महारानी ललितत्रिपुरसुन्दरी नेपालकी गौरव हुन्, उनले अनुवाद गरेको राजधर्म नेपाली साहित्यको अमूल्य निधि हो । उनी नेपाली साहित्यकी प्रथम अनुवादक हुन्, प्रथम नारीस्रष्टा हुन् भन्ने स्पष्ट गर्न लेखकले इतिहासका पानापाना खोतलेर मूर्तिमूर्तिमा कुँदिएका शब्द र भाषालाई केलाएर पाठकलाई बुझाएका छन् । जीवनीकार र अन्वेषक नरेन्द्रराज प्रसाईलाई सहस्र बधाई, सहस्र धन्यवाद ।

# नेपाली सम्पदाको सञ्जीवनी

**ई.गोपाल झा**

पूर्व काशीनरेश डा.विभूतिनारायण सिंहले नेपालको राजा वीरेन्द्रलाई गङ्गाघाटको आकर्षण नेपालीघाटमा रहेको काष्ठकलाकृतिको उत्कृष्ट नमुना नेपाली मन्दिर र धर्मशालाको



जीर्ण अवस्थाप्रति चिन्ता व्यक्त गर्दै जीर्णोद्धार गरेर नेपाल सांस्कृतिक केन्द्र स्थापना गर्नसमेत अनुरोध गरेका रहेछन् । सो आधिकारिक पत्र नेपाली सम्पत्ति भएको छ । बनारस हिन्दु विश्वविद्यालयको सङ्ग्रहालयमा झुन्डिएको तैलचित्रमा नेपालीघाट क्षेत्रलाई राजराजेश्वरीघाट र ललिताघाट उल्लेख गरिनु पनि ऐतिहासिक आधार बन्यो । तर स्वामी महाराज रणबहादुर शाह र साथमा जेठी महारानी राजराजेश्वरी, भीमसेन थापा, रङ्गनाथ पौडचालजस्ता व्यक्तिहरू दुई वर्ष काशीवासमा रहेको स्थलबारे कतै उल्लेख नहुनु नेपाल सरकारको सम्बन्धित निकाय र इतिहासकारहरूको कमजोरी भन्न

सकिन्छ । राजा राजेन्द्रकी जेठी महारानी साम्राज्येश्वरीको अन्तिम इच्छा पूरा गर्न युवराज सुरेन्द्रले १८९८–१९०० सालमा शिवालय र चौघरा धर्मशाला निर्माण गरेको अभिलेख मन्दिरको गजुरमा लेखिएकाले निर्माणकर्ताबारे द्विविधा रहेन । यसको संरक्षण, संवर्द्धन, नित्य पूजा, विशेष पूजा, पूर्वपूजा आदिका लागि श्री काशी साम्राज्येश्वर गुठी भनेर १७१२ बिगहा जग्गा पर्सा जिल्लामा राख्दा पनि गुठी संस्थान स्थापना भएको वर्ष २०२१ सालदेखि नै खर्च जान रोकिनुको कारण बुझ्न सकिएन । त्यसैले 'रक्षको यत्र भक्षक:' भन्दा केही फरक नपर्ला ।

स्वामी महाराज रणबहादुर शाह र जङ्गबहादुरको उदयपश्चात् राजा राजेन्द्रकी कान्छी महारानी दुई छोराका साथ काशीवासमा रहँदा कहाँ बसिन्, केके निर्माण कार्य वा कीर्ति स्थापना गरिन् त्यसबारे कुनै लिखित अभिलेख प्राप्त नहुनुमा इतिहासकारहरू, गुठी संस्थान, पुरातत्त्व विभागको गैरजिम्मेवारी हो भन्न सकिन्छ । त्यसताका बनारस नै नेपालीहरूका लागि आश्रयस्थल थियो । शिक्षादीक्षा, राजनीति, धर्मकर्म सबै कार्यका लागि राजादेखि सर्वसाधारणहरू त्यहीँ बस्दा पनि नेपालीघाट र त्यस क्षेत्रमा रहेका नेपाली सम्पदा र इतिहासबारे कतै उल्लेख नहुनु आश्चर्यको विषय मान्न सकिन्छ । यति हुँदाहुँदै पनि काशीनरेशको विशेष कृपादृष्टिले यस क्षेत्रको संरक्षणमा ठूलो योगदान पुगेको तथ्यचाहिँ स्मरणीय छ । समयसमयमा नेपालका राजाहरूलाई पत्राचार गरी संरक्षणका लागि ध्यानाकर्षण गराउनुले ती पत्रहरू ऐतिहासिक दस्तावेज बन्न गएका छन् । यसै क्रममा वि.सं.२०३५ (ई.१९७८) मा राजा वीरेन्द्र र रानी ऐश्वर्यबाट मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गरेको सिलसिलामा वाराणसी सवारी हुँदा यस नेपाली मन्दिरमा पूजाअर्चना गरी मन्दिर र धर्मशालाको निरीक्षण भएको थियो । त्यसपछि श्री ५ को सरकारको २०३५ जेठ ६ गतेको निर्णयअनुसार पुरातत्त्व

विभागले मन्दिर र धर्मशालाको जीर्णोद्धार कार्य गर्ने जिम्मेवारी पाएको हो ।

पुरातत्त्व विभागको निरीक्षणमा पहिलो पटक आर्थिक वर्ष २०३६–०३७ सालदेखि २०४०–०४१ सालसम्म जीर्णोद्धार कार्य हुँदा मन्दिरको छानामा रहेको झिँगटी हटाई पित्तल पाता जडान गरियो भने मन्दिर र धर्मशालाका लागि केही कलात्मक झ्याल, ढोका तयार गरेर मात्र राखियो । मन्दिरको छानाबाहेक अन्य काम हुन सकेन भने धर्मशाला जीर्णोद्धार काम सुरु नै गरिएन ।

स्थानीय पत्रपत्रिकाहरूमा मन्दिर र धर्मशालाको बिग्रँदो अवस्थाबारे समाचार छापिएपछि ३० नोभेम्बर १९९२ मा पूर्व काशीनरेश डा.विभूतिनारायण सिंहले राजा वीरेन्द्रलाई सम्बोधन गरी पत्रमार्फत ध्यानाकर्षण गराएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको २०४९ चैतमा भएको मित्रराष्ट्र भारतको औपचारिक भ्रमणको क्रममा वाराणसी पुग्दा यस मन्दिरमा समेत पूजाअर्चना गरी यथाशीघ्र मन्दिर, धर्मशालाको जीर्णोद्धार गरी आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्न निर्देशन दिएअनुसार पुरातत्त्व विभागद्वारा आ.व.२०५०–०५१ देखि २०५६–०५७ सम्ममा मन्दिर र धर्मशालाको सम्पूर्ण जीर्णोद्धार काम सम्पन्न भएको थियो ।

यसैबीच मन्दिर, धर्मशालाको सञ्चालन, संरक्षण, संवर्द्धन र आत्मनिर्भर सम्पदाको रूपमा विकास गर्न तत्कालीन सरकारको मिति २०५६ जेठ १० गतेको निर्णयअनुसार भारतका लागि नेपाली राजदूत संरक्षक र अध्यक्षको नियुक्ति नेपाल सरकारबाट हुने गरी स्वामी ओमकारानन्द गिरीको अध्यक्षतामा सञ्चालक समिति गठन गरी श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति २०५६ स्वीकृत गरियो ।

श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समितिबाट वाराणसीको जिल्लाधिकारीलाई प्रेषित पत्र पुरातत्त्व विभागमा प्राप्त हुन आएपछि समस्या समाधान गर्ने उपायको खोजी गर्न प्रतिवेदन पेस गर्ने सुअवसर प्राप्त भयो । अनि २०६४ असोज २४ गते प्रस्तुत प्रतिवेदनलाई पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल' असार २०६५, अङ्क १६८ मा प्रकाशित गर्न महानिर्देशकको सुझाव प्राप्त भएपछि नेपालको इतिहासका पुस्तकहरू, श्री ५ रणबहादुर शाह र जनरल भीमसेन थापासित सम्बन्धित पुस्तकहरू पनि अध्ययन गर्ने अवसर प्राप्त भयो । बाटोमा हिँड्दै गर्दा शङ्करदेव क्याम्पसनजिकैको पुस्तक पसलमा नइ प्रकाशनको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' लेखक नरेन्द्रराज प्रसाई पुस्तकमा मेरा आँखा पर्दा ढुङ्गा खोज्दा देउता पाएजस्तो प्रसन्नता भएको थियो । जुन उद्देश्यले मैले ती पुस्तकहरू अध्ययन गरेँ, त्यो उद्देश्य पूरा नभए पनि दरबारमा भएको षड्यन्त्रबारे यस कृतिबाट मलाई धेरै ज्ञान प्राप्त भयो । यी इतिहासहरू नपढ्दासम्म अन्य सर्वसाधारण तिरहुतियाहरूजस्तै मेरो मानसपटलमा पनि ललितत्रिपुरसुन्दरी नै नाबालक राजा गीर्वाणयुद्धविक्रम शाहकी माता हुन् भन्ने बुझाइ थियो ।

नरेन्द्रराज प्रसाईको कृति पढेपछि नेपाल र काशीको सम्बन्धबारे पनि मलाई धेरै विषयको जानकारी प्राप्त भयो । भारतवर्षमै काशी सबैभन्दा पुरानो सहर भएको र यस सहरको विशेष आकर्षण नै गङ्गाकिनारका घाटहरू भएको तथ्य पनि बुझ्न पाएँ । नेपालीहरूको आवागमन, महत्त्व र योगदानको प्रमाण त काशीको मुटु नै नेपालीघाट भएपछि थप बुझ्न आवश्यक परेन । यो भूमि कहिले पाइयो, कसरी पाइयो, कसरी विकास हुँदै गयो यस विषयमा काशीको निर्माण, विकासबारे सोधखोजको विषय हो; जुन श्रीकाशी विश्वनाथ सौन्दर्यीकरणको समापनपछि प्रकाशित हुने पुरातत्त्विक प्रतिवेदनमा

अवश्य पढ्न पाउने आशा गरेको छु । हाम्रो ध्यानाकर्षण नेपालीघाट, राजराजेश्वरीघाट, ललिताघाट, ललिताघाटको विकासक्रमसित रहेको छ । नेपालको इतिहासमै उल्लेख भएका विषयवस्तुलाई नै आधार मान्ने हो भने भगवान् बुद्धले पहिलो पटक पाँच शिष्यलाई उपदेश (धर्मचक्र प्रवर्तन) दिएको स्थल सारनाथ पनि वाराणसी क्षेत्रभित्र नै पर्दछ । भक्तपुरको अन्तिम मल्ल राजा रणजित मल्लको देहावसान काशीमा हुनु, शाहवंशीय राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरणको अभियानलाई सफल पार्न हतियार सङ्ग्रह गर्ने मनसायले काशीको देहातमा बिहे गर्नु, स्वामी महाराज रणबहादुर शाह (स्वामी निर्वाणानन्द) आफ्ना जेठी महारानी राजराजेश्वरी र सहयोगीहरू भीमसेन थापा, रङ्गनाथ पौडयालका साथ तीन वर्षलाई काशीमा बस्नु, जङ्गबहादुरको उदयपश्चात् देश निकाला गरिएकी राजा राजेन्द्रकी कान्छी रानी र उनका दुई छोराहरूका साथ स्वयम् राजा राजेन्द्र पनि काशी तीर्थयात्रामा गएबाट काशी नेपालको शासकहरूका लागि पनि आश्रयस्थल थियो भन्न सकिन्छ । त्यसैक्रममा रणबहादुर शाहको हत्यापछि कान्छी रानी ललितत्रिपुरसुन्दरीको काशीवासलाई हेर्नुपर्ने हुन्छ ।

युवराज सुरेन्द्रद्वारा आफ्नी आमा राजा राजेन्द्रकी जेठी महारानी साम्राज्येश्वरीको अन्तिम इच्छा पूरा गर्न ललिताघाटमा नेपाली शैलीमा शिवालय र चौघरा निर्माण गर्नुअगाडि स्वामी महाराज र उनका कान्छी रानी ललितत्रिपुरसुन्दरीको पच्चिस वर्षको शासनकालमा त्यस क्षेत्रमा केके निर्माण कार्यहरू भए त्यसको अभिलेख नलेखिनु आश्चर्यकै विषय लाग्दछ । तर राजराजेश्वरी मन्दिर नै स्वामी महाराज र कान्छी रानी ललितत्रिपुरसुन्दरी काशीवास बसेको भवन हो भन्नेमा मलाई कहिल्यै शङ्का रहेन । तर प्रमाणको अभावमा नेपाली सम्पदा नै हो भन्न नसक्नु दुर्भाग्य हो जस्तो मैले सोचेको छु ।

काशीबाट स्वदेश फर्केलगत्तै स्वामी महाराजलाई प्रसन्न राख्न अति सुन्दरी ललितत्रिपुरसुन्दरीसित भीमसेन थापाकै सक्रियतामा स्वामी महाराजको संवत् १८६२ साल फागुन २६ गते विवाह भएको थियो र संवत् १८६३ वैशाख शुक्ल सप्तमी बिहीबार रातको १० बजे स्वामी महाराजको हत्या हुँदा जेठी महारानीलगायत अन्य रानीहरू धेरै सङ्ख्यामा सती जानुपरेको अवस्थामा भीमसेन थापाकै सद्भावनाले ललितत्रिपुरसुन्दरी सती जानु परेन । यसले के देखिन्छ भने रानी ललितत्रिपुरसुन्दरीको समेत संरक्षक भीमसेन थापा थिए भनेर बुझ्दा ललितत्रिपुरसुन्दरीको व्यक्तित्व निर्माण, शिक्षादीक्षा, ललितत्रिपुरसुन्दरीको 'राजधर्म'बारे बुझ्न सजिलो हुन्छ, जुन कुरा नरेन्द्रराज प्रसाईबाट लेखिएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक जीवनीकृतिमा प्रस्ट रूपमा आएको छ ।

म बनारसको नेपाली मन्दिर जीर्णोद्धार कार्यका लागि २०५१ साल वैशाख महिनामा पहिलो पटक बनारस पुग्दादेखि नै नेपालीघाट ललिताघाटमा परिवर्तन हुनुको रहस्यको खोजी गरिरहेको थिएँ । यसैक्रममा मेरो नइसित सम्पर्क हुन पुग्यो । नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको व्यक्तित्व र कीर्तिहरूबाट म थप परिचित पनि भएँ । नरेन्द्रराज प्रसाई जीवनीलेखन नेपाली साहित्यको क्षेत्रमा शिखर पुरुष हुन् । यही जीवनीलेखनले नेपाली वाङ्गमयको धेरै स्रष्टाहरूलाई स्थापित गर्न उनी सफल भएका छन्, जुन कार्य नेपाल सरकारको सम्बन्धित संस्थाहरूले समेत गर्न सकेको छैन । ललितत्रिपुरसुन्दरीद्वारा लिखित 'राजधर्म'बारे सोध अनुसन्धान गरी स्रष्टाको नाम प्रमाणित गर्ने कार्यमा संलग्न व्यक्तित्व योगी नरहरिनाथको व्यक्तित्व र कीर्तिलाई मैले यसै कृतिमार्फत नजिकबाट बुझ्ने सौभाग्य पाएको छु । त्यसै कारण योगीको कार्यप्रति मलाई पूर्ण निष्ठा र विश्वास छ । राजधर्मको स्रष्टाबारे विवाद नहुनुपर्ने हो । किनकि पृथ्वीनारायण शाहपछिका उत्तराधिकारीहरूको अवस्था

महाभारतको विषयवस्तुसँग मेल खाने भएकाले शासकहरूलाई त्यसले बढी आकर्षित गर्नु स्वाभाविक थियो ।

भीमसेन थापाले नाबालक राजा गीर्वाणयुद्धविक्रम शाह र उनको संरक्षक ललितत्रिपुरसुन्दरीलाई दरबारभित्रै सुरक्षा र शिक्षाको राम्रो प्रबन्ध गर्नु स्वाभाविक थियो । त्यसताका मल्लकालीन हनुमानढोका दरबारमै दरबार भएकाले त्यसको प्रभाव पर्नु पनि स्वाभाविक नै थियो । म स्वयम् हनुमानढोका दरबारको मर्मतसम्भार, जीर्णोद्धार कार्यमा सात वर्षसम्म संलग्न भएकाले त्यहाँको वातावरणबाट म परिचित छु । जहाँसम्म संस्कृतको ग्रन्थ महाभारतको शान्ति पर्वलाई जनभाषामा ललितत्रिपुरसुन्दरीले अनुवाद गर्न सक्ने, नसक्नेबारे शङ्का गरिएको छ, यसबारे इतिहासकारहरूले मल्लकालीन साहित्यलाई अध्ययन नगरेको भन्न सकिन्छ । पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजयपश्चात् मल्ल राजाहरूको कुनै पनि धर्म, संस्कार, संस्कृति, रीतिरिवाजलाई यथावत नै राखे । त्यस परिप्रेक्ष्यमा हेर्दा मल्ल दरबारवरिपरि र दरबारभित्र तिरहुतियाहरूको प्रभावलाई अध्ययन गर्नुपर्ने हुन्छ । मल्ल राजाहरूले लेखेका नाटकहरूमा देवभाषा, तिरहुतिया भाषा र नेपाल भाषाको प्रयोग भएको पाइन्छ । नेपाल एकीकरणपश्चात् गोर्खा भाषाले प्राथमिकता पाउनु स्वाभाविक नै मान्नुपर्छ । तिरहुतियाहरू नमकहलाल (इमानदार) हुन्छन् भन्ने पृथ्वीनारायण शाहको दिव्य उपदेशले तिरहुतियाहरूको दरबारमा कस्तो उपस्थिति थियो यस विषयलाई अध्ययन गर्नुपर्छ । यसले नाबालक राजा र ललितत्रिपुरसुन्दरीको संस्कार, शिक्षामा तिरहुतियाहरूको प्रभाव थियो थिएन अध्ययन गर्न सजिलो हुनेछ ।

राजमाता ललितत्रिपुरसुन्दरीको शिक्षादीक्षा स्वामी महाराजको परमभक्त र शुभचिन्तक भीमसेन थापाले नाबालक राजा गीर्वाणयुद्धविक्रम शाहको सुरक्षा र शिक्षादीक्षाको राम्रो प्रबन्ध मिलाउनु

स्वाभाविक थियो । त्यसै गरी काशीबाट फर्केपछि आफ्नै अग्रसरतामा स्वामी महाराजको विवाह तेह्र वर्ष पनि पूरा नगरेकी ललितत्रिपुरसुन्दरीसँग गराएकाले उनको पनि सुरक्षाको प्रबन्ध मिलाउनु कर्तव्य नै मान्नुपर्छ । शक्तिशाली शासक बन्ने चाहना पूरा गर्न स्वामी महाराजको हत्यापछि कान्छी रानी ललितत्रिपुरसुन्दरीबाहेक जेठी महारानीसहित सम्बन्धित सबै रानीहरूलाई सती जाने वातावरण मिलाउनुले धेरै कुराको अनुमान लगाउन सकिन्छ । किनकि गीर्वाणयुद्धविक्रमकी आमा कान्तिवतीकी बहिनी चन्द्रावतीसँग पनि स्वामी महाराजको विवाह भएको थियो । त्यसै कारण भीमसेन थापाले दरबारभित्रै ललितत्रिपुरसुन्दरीलाई सुयोग्य नायब बनाउने उद्देश्यले राम्रो शिक्षादीक्षा मिलाएको हुनुपर्छ ।

प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको 'राजधर्म'बारे भन्नुपर्दा भीमसेन थापा स्वयम् स्वामी महाराजसँगै तीन वर्ष काशीवासमा रहँदा साधुसन्त, आचार्य, पण्डित, पुरोहितको सत्सङ्गबाट संस्कृत भाषा, रामायण, महाभारत, वेद, पुराण, उपनिषद्, विदुरनीति, कौटिल्य नीति आदि ग्रन्थहरूको अध्ययन गर्ने, सुन्ने, बुझ्ने राम्रो अवसर पाएका थिए । त्यसै कारण छ वर्ष दरबारभित्रै आचार्य, पण्डित, पुरोहितहरूबाट संस्कृत भाषालगायत धार्मिक, राजनीति, अर्थनीति विषयको प्राथमिक शिक्षाको राम्रो प्रबन्ध मिलाएको हुनुपर्छ । त्यसपछि १८६९ सालमा उच्चशिक्षा र धर्मकर्मका लागि काशी पठाएको देखिन्छ । दुई वर्ष काशीवासमा रहँदा योग्य शासकलाई आवश्यक हुने शिक्षादीक्षा प्राप्त गरेको हुनुपर्छ । नाबालक राजाको संरक्षक र नायबको भूमिका निर्वाह गर्नुपर्ने राजमातालाई तत्कालीन दरबारको स्थिति हेर्दा संस्कृतमा लेखिएको महाभारतको शान्तिपर्वको विशेष प्रशिक्षण दिइएको हुनुपर्छ । अध्ययन, प्रशिक्षणकै क्रममा 'राजधर्म' भनेर जनभाषा अथवा भनौँ, गोर्खा भाषामा लिपिबद्ध गर्नुलाई स्वाभाविक मान्नुपर्छ । काशीबाट स्वदेश फर्केपछि दरबारभित्र

राजधर्मको प्रशिक्षण, अध्यापन आदि कार्य नायब ललितत्रिपुरसुन्दरीबाट भएको अनुमान गर्न सकिन्छ । त्यस क्रममा ललितत्रिपुरसुन्दरीद्वारा आफ्नो अध्ययन समयमा लिपिबद्ध गरिएको 'राजधर्म' मूलप्रतिको प्रतिलिपि अन्य प्रशिक्षार्थीले उतार गर्नुबाट केही विवाद सिर्जना हुने सम्भावना रहन्छ । तर 'राजधर्म'को लेखिका ललितत्रिपुरसुन्दरी हुन् भन्ने विषयमा योगी नरहरिनाथलगायत धेरै विद्वान्, अन्वेषकहरूले आफ्नो मत जाहेर गरेको हुनाले यसमा शङ्का र उपशङ्काको कुनै अर्थ छैन । यो राजधर्म नै नेपाली साहित्यको पहिलो कृति हो भन्ने प्रमाणित भइसकेपछि प्रथम नारीस्रष्टाबारे पनि विवाद रहेन । यति लेख्दालेख्दै मेरो ब्रह्मले के भन्यो भने नायब ललितत्रिपुरसुन्दरी र प्रमुख शासक भीमसेन थापाले नेपालीघाटस्थित स्वामी महाराज र ललितत्रिपुरसुन्दरीसमेत बसेको भवन हालको राजराजेश्वरी मन्दिर भवनमा नेपाली विद्वान्, आचार्य, साधुसन्त र छात्रहरूलाई बस्ने राम्रो प्रबन्ध गरेको अनुमान लगाउन सकिन्छ । आदिकवि भानुभक्तको शिक्षादीक्षा पनि त्यही भवनमा भएको मान्ने हो भने जनभाषामा लेखिएको 'राजधर्म' भानुभक्त आचार्यको रामायण लेख्ने प्रेरणाको स्रोत हो भन्नेतर्फ अन्वेषकहरूले विचार मन्थन गर्ने हो भने प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको व्यक्तित्व अझ फराकिलो हुनेछ । यो मेरो विचारको तरङ्ग मात्र हो । यसबारे थप चिन्तनका लागि जीवनीलेखन विधाका शिखर पुरुष श्रद्धेय नरेन्द्रराज प्रसाईलाई निवेदन गर्नुको अर्को विकल्प मसित छैन ।

ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ– काशीको ललिताघाट क्षेत्रमा रणबहादुर शाह, उनका रानीहरू र छोरानातिहरूद्वारा धर्मशाला, मठमन्दिरहरू निर्माण गरिएका थिए । स्मरणीय के छ भने नेपालीघाटको निर्माण भागीरथी गङ्गाको किनारमा पक्की घाट निर्माण भएकै समयमा भएको हुनुपर्छ । स्वामी महाराज

काशीवासमा जाँदा नेपालीघाटमा पहिले नै धर्मशाला निर्माण भएको हुनुपर्छ । किनकि माथि उल्लेख भएअनुसार भक्तपुरको अन्तिम मल्ल राजाको निधन काशीमै भएको छ । पृथ्वीनारायण शाहले हतियार सङ्ग्रह गर्ने उद्देश्यले काशीमा विवाह गरेका थिए । यसले के थाहा हुन्छ भने नेपालका राजाहरू र सर्वसाधारणको आवागमन परापूर्वदेखि नै भइरहेको छ ।

स्वामी महाराज काशीवासमा रहँदा जेठी महारानी राजराजेश्वरी एक वर्ष र प्रभावशाली व्यक्तिहरू भीमसेन थापा, रङ्गनाथ पौडयाल तीन वर्ष सँगै बसेका थिए । स्वदेश फिर्ता भएपछि जेठी नाबालक राजाको नायब थिइन् । त्यस कारण जेठी महारानीलाई खुसी पार्न राजराजेश्वरी मन्दिर निर्माण गरिएको हुनुपर्छ भने भीमसेन थापा काशीमै भएको समयमा ललिताघाट र विष्णुलक्ष्मी मन्दिर निर्माण भएको अनुमान गर्न सकिन्छ । किनकि गङ्गाजीको सतह तल भएको समयमा स्वामी महाराजका लागि जप, ध्यान, पूजापाठ गर्ने उपयुक्त स्थान देखिन्छ । गङ्गाजीको सतह बढ्दै जाँदा जप, ध्यान गर्ने स्थानहरू सोहीअनुसार निर्माण भएका छन् । काशीमा अत्यधिक गर्मी हुने भएकाले वातानुकूल गङ्गाकेशव मन्दिर निर्माण भएको छ । स्वामी महाराजको हत्या भएको छ वर्षपछि धर्मकर्म र उच्चशिक्षाका लागि ललितत्रिपुरसुन्दरी दुई वर्ष काशी बस्दा ललितागौरी मन्दिर निर्माण गरिन् भने गङ्गाजीको जलसतह बढेको समय पूजा गर्न ललितागौरीको पाउ र स्वामी महाराजको उद्धारका लागि रणमुक्तेश्वर महादेव मन्दिर निर्माण गरेकी थिइन् । यिनै मन्दिरहरूमाथि युवराज सुरेन्द्रले आफ्नी आमा राजा राजेन्द्रकी जेठी महारानी साम्राज्येश्वरीको अन्तिम इच्छा पूरा गर्न नेपाली शैलीमा शिवालय र धर्मशाला १८९८–१९०० सालको अवधिमा निर्माण गराएका थिए । दु:खद विषय के छ भने यी सम्पदाहरूको कुनै अभिलेख गुठी संस्थानसित छैन । फलस्वरूप नेपाली शैलीको शिवालय र धर्मशालाबाहेक सबै सम्पदा र सम्पत्तिहरू

अतिक्रमणमा परे । अहिले नेपाली सम्पत्ति हो भन्ने कुनै प्रमाण फेला पर्दैन । 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकको तेस्रो संस्करणमा ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ अध्याय थप गर्न अनुसन्धानका लागि २०७२ साल चैतको दोस्रो साता नइपरिवार बनारस पुग्दा ललिताघाटको धर्मशालामै बसे । अतिक्रमणमा परेको रणमुक्तेश्वर मन्दिर, ललितागौरीको पाउ, गङ्गाकेशव मन्दिरको गर्भगृहमा गई देवीदेवताहरूको फोटो खिच्न गरेको प्रयासलाई नरेन्द्रराज प्रसाईले रोचक ढङ्गले तेस्रो संस्करणमा प्रस्तुत गरेका छन् । नइको यो सफलताले नै ललिताघाटस्थित नेपाली सम्पदाको सञ्जीवनी प्राप्त भएको छ ।

नेपालीघाट ललिताघाटमा परिणत कसरी भयो ? काशी सर्वाधिक पुरानो सहर हो, यसलाई भारतवर्षकै सांस्कृतिक राजधानीबाट सम्मानित अद्यावधि गरिँदै छ । यो सहर राजामहाराजादेखि सर्वसाधारणका लागि शिक्षादीक्षाको प्रमुख स्थल रहेको छ । राणाकालसम्म नेपालमा शिक्षाको राम्रो प्रबन्ध नभएकाले काशी नै नेपालीहरूका लागि सबै सुविधा प्राप्त हुने सहर थियो । अहिले पनि गुणस्तरीय शिक्षादीक्षाका लागि काशीको आकर्षण घटेको छैन । बीस वर्षअघि नेपाली मन्दिर सञ्चालनका लागि कार्यविधि बनाउनेबारे स्वामीजीको नीलकण्ठस्थित दत्तात्रय मठमा विचारविमर्श हुँदै थियो । त्यहाँ महेन्द्र संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष पनि थिए । प्रसङ्गवश नेपाल र काशीमा संस्कृत शिक्षामा हुने अन्तरको प्रश्न उठ्यो । एकमतले सबै सहभागीले भने पाठ्यक्रम एउटै भए पनि काशीमा संस्कृत र संस्कृति दुवै अध्यापन हुन्छ । तसर्थ नेपाली छात्रहरूका लागि आकर्षण घटेको छैन । नेपालीघाट काशीको मध्यभाग र श्रीकाशी विश्वनाथ मन्दिरको सबैभन्दा नजिक रहेकाले नेपालको महत्त्व भारतवर्षको अन्य राज्यभन्दा बढी भएको अनुमान लगाउन सकिन्छ । शाह शासनकालभन्दा अघिको कुरा नगरे पनि पृथ्वीनारायण


शाहको विवाह, रणबहादुर शाहको तीन वर्ष काशीवास, ललितत्रिपुरसुन्दरीको दुई वर्ष काशीवास, राजा राजेन्द्रकी कान्छी महारानी राज्यलक्ष्मी र दुई छोराको नेपाल नफर्किने गरि काशीवासको प्रसङ्गलाई मनन गर्ने हो भने शिक्षादीक्षा र आश्रय स्थलको रूपमा पनि हेर्न सकिन्छ । त्यसै कारण नायब ललितत्रिपुरसुन्दरी र भीमसेन थापाको शासनकालमा ललिताघाटमा अत्यधिक विकास र नेपालीहरूको आवागमन भएकाले राजराजेश्वरीघाट पनि ललिताघाटको नामले नै प्रसिद्ध हुन गयो । प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको जीवनीकृतिमा नेपाल तथा भारतमा रानी ललितत्रिपुरसुन्दरीबाट केकति र कसरी यति धेरै काम भए भन्ने कुराको सम्पूर्ण तथ्य पाइन्छ ।

# इतिहास र साहित्यकी चर्चित पात्र

## गोविन्द भट्ट

श्री नरेन्द्रराज प्रसाई
अभिवादन !

मैले मदन पुरस्कार गुठीबाट प्रकाशित 'नेपाली' त्रैमासिक (२०६३ कात्तिक, मङ्सिर र पुस)को अङ्क १८९ मा



'ललितत्रिपुरसुन्दरी' भन्ने तपाईंको प्रबन्ध र त्यससँगै रहेको सम्पादकीय टिप्पणी पनि हेर्न पाएको थिएँ । हामीकहाँ महारानी ललितत्रिपुरसुन्दरीका बारेमा साहित्यिक दृष्टिबाट त्यति उल्लेख वा चर्चा हुन नसकेको परिप्रेक्ष्यमा तपाईंबाट 'अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा' गरेर निकै खोजअनुसन्धान र तर्कप्रमाणसहित लेखिएको सो प्रबन्ध 'पठनीय र सूचनामूलक' रहेको कुरा प्रसिद्ध विद्वान् तथा अन्वेषक कमल दीक्षितले आफ्नो त्यस सम्पादकीय टिप्पणीमा विशेष रूपबाट औँल्याउनुभएको रहेछ ।

यो बेहोरा यौटा युक्तिसङ्गत निष्कर्ष नै हो भन्ने मलाई लाग्यो । त्यसमा स्वयम् जगदम्बा प्रकाशनले २०१९ सालमा 'राजधर्म' प्रकाशित गर्दा त्यसको लेखक (अनुवादक) बारे पक्कापक्की केही भनिहाल्ने साहस गर्न नसकेको अवस्थाको पनि स्मरण गर्दै दीक्षितले अहिले आएर यस विवादास्पद विषयको टुङ्गो लगाइदिने दिशामा तपाईंले देखाउनुभएको अठोट र गर्नुभएको ठोस योगदानलाई सहर्ष स्वीकार गर्नुभएको छ । उनीजस्तो विद्वान् अन्वेषकको यस मन्तव्यले पनि नेपाली साहित्यमा विवादास्पद भएर लामो कालदेखि रहिआएको एक महत्त्वपूर्ण विषयको अनुसन्धानमा तपाईंले प्राप्त गर्नुभएको सफलताको उच्च मूल्याङ्कन हुन पुगेको छ । 'शारदा' मासिक (२०६३ चैत) को वर्ष १, अङ्क ३ मा पनि तपाईंको सोही अनुसन्धानात्मक निबन्ध दोहोऱ्याएर पढेपछि तपाईंलाई धन्यवाद दिन भनेर यो पत्र लेखेको हुँ ।

मैले चिनेजानेका आजका केही नारीस्रष्टाहरू र अन्य त्यस्तै दुईचार शिक्षित महिलाहरूका बीच पनि तपाईंको 'ललितत्रिपुरसुन्दरी' विषयक लेखले निकै उत्सुकता र उत्साह जगाइदिएको र त्यसबारे प्रशस्त चर्चा भएको देखें, सुनेपछि यहाँ मलाई पनि केही भन्न मन लाग्यो ।

यसअघि पनि तपाईंले निकै परिश्रमसाथ अध्ययनअनुसन्धान गरेर अऊसम्म ओझेलमा परेका वा पारिएका अनेकौँ नेपाली स्रष्टा, गीतकार, सङ्गीतकार, अन्य कलाकार आदिका जीवनी र कृतिहरूबारे महत्त्वपूर्ण तथ्यहरूसहित अनेकौँ पुस्तक प्रकाशित गरिसक्नुभएको छ र ती सबै नै हाम्रो कला तथा भाषासाहित्यको संवर्द्धन गर्नमा उपयोगीसिद्ध भएका छन् । तीमध्येका केहीमा तपाईंले प्रस्तुत गर्नुभएका व्याख्या वा विश्लेषणसित म सहमत हुन नसके पनि र केही ठाउँहरूमा तपाईंको दृष्टिकोणसित मेरो गम्भीर मतभेद रहे पनि सधैँ नयाँनयाँ कुराहरूको अध्ययनअन्वेषणमा अथक जाँगरसाथ

जुटिरहँदा तिनलाई जनसमक्ष पुऱ्याइरहने अटुट क्रियाशीलता नेपाली भाषासाहित्य र कलाप्रतिको असीम आशक्ति र राष्ट्रभक्तिको भावनाजस्ता तपाईंका गुणहरूको भने म अघिदेखि नै प्रशंसक रहिआएको हुँ ।

यसै क्रममा फेरि केही नयाँ तथ्यहरूको उद्घाटन गर्दै नेपाली इतिहास र साहित्यकी एक चर्चित पात्र ललितत्रिपुरसुन्दरीबारे तपाईंले प्रकाशित गर्नुभएको यस गहकिलो लेखले उनका राजनैतिक र प्रशासकीय व्यक्तित्वका साथै मानवीय व्यक्तित्वका बहुआयामिक पक्षहरूको पनि संक्षिप्त चर्चा पाएको छ । त्यसपछि उनको साहित्यिक व्यक्तित्वका विशिष्टताहरूमा विशेष जोड दिएर तपाईंको लेखनीले उनलाई नेपाली साहित्यको आदिकवयित्रीका रूपमा प्रस्तुत गरेको छ । ललितत्रिपुरसुन्दरीको जीवनी र साहित्यका विषयमा यसअघि पनि अनेकौँ विद्वान्हरूले यदाकदा फुटकर रूपबाट चर्चा नगरेका होइनन् तर यसरी आफ्नो मान्यताका पक्षमा विस्तारपूर्वक अनेकौँ सान्दर्भिक स्रोत र साधनहरूबाट उद्धरण दिँदै र त्यसबारे उठाइएका विभिन्न शङ्काउपशङ्काहरूलाई तथ्य र तर्कका आधारमा खण्डन गर्न खोज्दै ती कवयित्रीबारे लेखिएको यस्तो रचना मैले यसअघि पढ्न पाएको थिइनँ ।

म कुनै इतिहासविद् वा अन्वेषक होइन; म त एक नेपाली इतिहास र साहित्यको सामान्य पाठक मात्र हुँ । त्यसैले ममा यस्ता विषयहरूबारे आधिकारिक टिप्पणी गर्ने कुनै ज्ञान वा क्षमता छैन र मेरो अध्ययन पनि सीमित रहेको छ । तर एक नेपालीका रूपमा बेलाबखत मेरा मनमा पनि हाम्रा वास्तविक आदिकवि वा आदिकवयित्री को थिए ? विगतको सुदूर इतिहासमा हाम्रो भाषा र साहित्यका लागि तिनले गरेका विशिष्ट योगदानहरू केकस्ता थिए ? तिनका कृतिहरू केके हुन् ? जस्ता अनेकौँ प्रश्नहरू र जिज्ञासा उठ्ने गरेका हुन् । हाम्रा आदिकविबारे त अहिले यौटा सामान्य सहमति बनिसकेको

देखिन्छ तर नेपाली भाषाकी आदिकवयित्रीबारे भने हामीकहाँ अऋसम्म अनौपचारिक चर्चाबाहेक वस्तुनिष्ठ खोज वा गम्भीर विचारविमर्शसम्म हुन सकेको पाइन्न । त्यसैले पनि होला, ललितत्रिपुरसुन्दरीविषयक तपाईंको लेख त्यसतर्फको यौटा अत्यन्त स्वागतयोग्य प्रयास हुन पुगेको छ र यसरी त्यस लेखले व्यापक नेपाली पाठकहरूमा नवीन जिज्ञासा, उत्सुकता र उत्साह जगाइदिनुको मूल कारण पनि त्यही नै हो ।

अऋसम्मको व्यवहार हेर्दा नेपालका नारीस्रष्टाहरू अऋै पनि नेपाली साहित्यमा दोस्रो दर्जाका नागरिक मात्र ठानिएका छन् र हाम्रा विद्वान् इतिहासकार र अन्वेषकहरूले औपचारिकतामा बाहेक तिनको व्यक्तित्व र कृतित्वप्रति समुचित ध्यान दिन सकेको पाइन्न । के यो पनि पुरुषप्रधान नेपाली समाजले ऋैँ पुरुषप्रधान नेपाली साहित्यले पनि आफ्ना महिला सहकर्मीहरूप्रति गरेको तिरस्कार वा महत्ता प्रदर्शन त होइन ? यस दृष्टिबाट पनि मैले आदिकवयित्रीबारे तपाईंको लेखलाई एक सकारात्मक प्रयास मानेर त्यसको स्वागत गरेको हुँ ।

कुनै ऐतिहासिक घटना वा व्यक्तित्वबारेका यस्ता विश्लेषण, मूल्याङ्कन वा निष्कर्ष विद्वान्हरूका माऋ सधैँ नै वादविवादको मामिला बन्ने गर्दछन् र यो अस्वाभाविक कुरो पनि होइन । एक महत्त्वपूर्ण तर अऋसम्म अनिर्णित अवस्थामा ऋैँ रहिआएको विषयबारेको तपाईंको यस लेखले पनि केही वादविवाद उत्पन्न गर्न सक्नेछ र त्यो पनि हाम्रो भाषासाहित्यको स्वस्थ विकासका लागि यौटा रचनात्मक योगदान नै हुनेछ । विलियम शेक्सपियर (सन् १५६४–१६१६) जस्ता विश्वसाहित्यका सर्वाधिक चर्चित र सुप्रतिष्ठित स्रष्टाका व्यक्तित्व र कृतित्वहरूको सत्यताबारे नै विगत तीन शताब्दीभन्दा बढी समयदेखि चर्को वादविवाद चल्दै आएको छ र त्यो छिट्टै टुङ्गिने सम्भावना पनि देखिन्न । यो त अङ्ग्रेजी साहित्यको

गतिशीलता र जीवन्तताको यौटा प्रत्यक्ष प्रमाण हो । यता हाम्रै नेपालमा पनि आदिकवि भानुभक्तलगायत अन्य कैयौँ पुराना स्रष्टाहरूबारे नयाँनयाँ प्रश्नहरू उठिरहेका छन् र अझै गहिरिएर तिनका विषयमा अध्ययनअनुसन्धान हुन थालेको छ । त्यसै गरी विश्वसाहित्यका अन्य स्रष्टाहरूबारे पनि विभिन्न मतमतान्तरहरू रहिरहेकै पाइन्छ । यो त प्राज्ञिक स्वतन्त्रता, बौद्धिक प्रौढता र सिर्जनात्मक गतिशीलताको पहिचान हो र नेपालमा पनि हामीले यस्तो परम्पराको विकास गर्नुपरेको छ । तपाईंले यसरी ललितत्रिपुरसुन्दरीलाई नेपाली भाषा र साहित्यकी प्रथम नारीस्रष्टाका रूपमा प्रस्तुत गर्न खोज्नु पनि त्यस दिशामा यौटा निकै आँटिलो र प्रशंसनीय कार्य हो ।

अब तपाईंले ललितत्रिपुरसुन्दरीलाई चर्चामा ल्याइदिएपछि त उनका विषयमा अझै गहन अध्ययन र अनुसन्धान गर्नु आवश्यक हुन गएको छ । अझसम्म देशभित्र र बाहिरका इतिहासकारहरूले उनको राजनैतिक जीवन, पच्चिस वर्ष लामो नायबी शासनकाल र त्यसमा भएका गतिविधिहरूबारे प्रशस्त लेखिसके पनि उनको साहित्यिक र बौद्धिक पक्षमा भएका अध्ययन र अनुसन्धानहरू भने अपर्याप्त नै रहेका छन् । नेपालको सर्वोच्च शासक रहेको शाही परिवारकी एक शक्तिशाली सदस्य भएबाट पनि उनको व्यक्तित्व विवादग्रस्त रहँदै आएको छ र उनका समर्थक तथा विरोधी दुवैले आआफ्ना पूर्वाग्रहका आधारमा उनको अतिशयोक्तिपूर्ण प्रशंसा वा अतिरञ्जित निन्दा गरेका छन् । तर त्यो विषय राजनैतिक इतिहासकारहरूको अधिकारक्षेत्रको कुरा भएकाले त्यस्ता कुराहरूको निर्णय गर्ने दायित्व उनीहरूलाई नै सुम्पँदै अहिले हामीले यहाँ मूलतः उनको प्राज्ञिक वा साहित्यिक पक्षमा मात्र केन्द्रित रहनु युक्तिसङ्गत हुनेछ । दुक्खको कुरा के भने विगत इतिहासको मूल्याङ्कन गर्ने सम्बन्धमा हाम्रो दृष्टिकोण अझै पनि विभिन्न

किसिमका जातीय, धार्मिक वा वैचारिक दुराग्रहहरूबाट मुक्त हुन सकेको छैन र त्यसैले हाम्रा कतिपय निर्णय वा निष्कर्षहरू पनि एकपक्षीय र अपूर्ण नै रहने गरेका छन् । हजारौँ वर्षदेखिको सामन्ती संस्कृतिको एकछत्र प्रभाव र प्रजातान्त्रिक, वैज्ञानिक संस्कृतिको सर्वथा अभाव रहेको पछौटे अवस्थाले गर्दा नै त्यस्तो हुने गरेको हो । इतिहासका घटनाहरूको विश्लेषण र व्याख्या ठोस तथ्यका आधारमा र त्यसका प्रभावशाली व्यक्तित्वहरूको मूल्याङ्कन, तिनले गरेका काम र योगदानहरूको मापदण्डअनुसार गर्नु नै तर्कसङ्गत सिद्धान्त भएकाले इतिहासको यो नियम ललितत्रिपुरसुन्दरीमा पनि लागू हुन पुग्दछ ।

अऊसम्म प्राप्त सामग्रीहरूका अनुसार ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को शीर्षक दिएर महाभारतको अनुशासन पर्वको नेपाली भाषामा अनुवाद गरेकी थिइन् । त्यस बखतको नेपालमा संस्कृत साहित्यका धार्मिक ग्रन्थहरूको अनुवाद गर्ने र तिनका नीतिनियमहरूको प्रचारप्रसार गराउने परम्पराका परिप्रेक्ष्यमा नै त्यो रचना तयार गरिएको थियो । जेलिँदै गएको आन्तरिक सत्तासङ्घर्ष र बाह्य परिस्थितिको कठोर चापमा परेर नेपालको राजनीति अस्तव्यस्त एवं दिशाहीन हुन सक्ने खतराका सामु एक आदर्श राज्यव्यवस्थाका नीतिनियम र उपदेशहरू दिने त्यस महत्त्वपूर्ण ग्रन्थको आवश्यकता पनि महसुस भइरहेको थियो । आजभन्दा डेढदुई शताब्दीअगाडि नै त्यस्तो सुप्रसिद्ध कृतिको नेपाली भाषामा अनुवाद गरिनु, अऊ त्यसमाथि एक महिला स्रष्टाको नाउँसित गाँसिएर त्यो देखा पर्नु भनेको स्वयम्मा यौटा ऐतिहासिक घटना नै हुन पुगेको थियो । त्यस 'राजधर्म'को गद्यानुवादका साथै सो कृतिको प्रारम्भ र अन्त्यमा भक्तिभावपूर्ण आध्यात्मिक कवितांशहरू पनि रहेका छन् । त्यस समयका अन्य दिग्गज गद्यकार र कविहरूको पङ्क्तिका बीच एक महिला स्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरी

मात्र देखा पर्दछिन् र उनीभन्दा अघि नेपाली भाषामा अरू कुनै नारीस्रष्टा रहेको कुरा अझसम्म पत्तो लागेको छैन । त्यसबाहेक अझै गुणात्मक दृष्टिबाट उनको गद्यलेखन र काव्यरचनाका भाषाशैली र प्रस्तुतीकरणमा पाइने सरलता, सहजता र मधुरताको उच्च मूल्याङ्कन गरेर हाम्रा केही सुप्रसिद्ध समीक्षक र अन्वेषकहरूले ललितत्रिपुरसुन्दरीको 'राजधर्म'लाई यौटा ऐतिहासिक उपहार र नेपाली वाङ्मयको गौरवका रूपमा स्वीकार गरिसकेका छन् ।

दुईअढाई दशकले मात्र अघिपछि गरी जन्मेका र बितेका आदिकवि भानुभक्त आचार्य (संवत् १८७१–१९२५) र प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी (संवत् १८५०–१८८८) का बीच केही रोचक समानता पनि पाइन्छ । ती दुवै स्रष्टा नेपाली इतिहासको एक अशान्त अवधिमा उत्पन्न भएका थिए र ती दुवैले प्राचीन हिन्दूधर्म र दर्शनलाई आफ्नो साहित्यरचनाको मूल प्रेरणा बनाए । अध्यात्मवादबाटै राष्ट्रका सबै समस्या र सङ्कटहरूको समाधान पाउन सकिन्छ भन्ने परम्परावादी मान्यतामा उनीहरूको गहन आस्था रहेको थियो । भानुभक्तले रामायणलाई र ललितत्रिपुरसुन्दरीले महाभारतलाई आफ्नो अनुवाद र अन्य रचनात्मक कार्यहरूको आधार माने । सर्वत्र संस्कृतको आधिपत्य र प्रचलन रहेको त्यस युगमा बोलीचालीको सामान्य शैलीमा लेखेर नेपाली भाषाको आधुनिकीकरण, परिष्कार र प्रचारप्रसार गर्ने दिशामा भानुभक्त र ललितत्रिपुरसुन्दरीको महत्त्वपूर्ण योगदान रहेको छ । ब्राह्मणकुलमा जन्मेका भानुभक्त आफ्नो जातीय संस्कारबाटै धर्मशास्त्री र कवि हुन पुगे भने राजकुलकी ललितत्रिपुरसुन्दरी राज्यसञ्चालनको व्यस्तताका बीच केही समय झिकेर लेखपढ गर्न पाउने एक विदुषी मात्र थिइन् र उनको मृत्यु पनि अल्पायुमै भएको थियो । तर उनी एक लेखिका र कवयित्रीका रूपमा मात्र उल्लेखनीय छैनन् । उनी अरूहरूलाई पनि लेख्न, पढ्न प्रेरित गर्ने; पुस्तक, शिलालेख आदि

प्रकाशित गराउने; पुस्तकालय खोल्ने र पुस्तक दान दिनेजस्ता विभिन्न बौद्धिक क्रियाकलापहरूका लागि पनि चर्चित थिइन् र शिक्षा प्रचार तथा नेपाली भाषा र साहित्यको संवर्द्धन गर्नमा पनि उनको योगदान स्मरणीय रहेको छ भन्ने कुरा विद्वान्हरूले उल्लेख गरेको पाइन्छ ।

यसै प्रसङ्गमा हाम्रा केही विद्वान् लेखकहरूले यदाकदा 'राजधर्म'को अनुवादक र रचनाकालबारे विभिन्न प्रश्नहरू उठाएको कुरा पनि मैले कतै पढेको थिएँ । उनीहरूले त्यो अनुवाद ललितत्रिपुरसुन्दरी आफैँले नगरेर अरूबाट गराएको वा अरू कसैले त्यो श्रद्धावश उनलाई चढाएको, 'राजधर्म'की अनुवादक उनी नभएर त्यस्तै नाउँकी अरू कुनै रानी भएको हुन सक्दछ भन्ने शङ्काउपशङ्काहरू पनि प्रकट गरेका छन् । तर आफ्नातर्फबाट तपाईंले त्यसको उत्तर पनि विभिन्न तर्क र तथ्यहरूद्वारा दिनुभएको रहेछ । कुरा के हो भने, अहिले हाम्रो देशका अधिकांश प्रतिष्ठित विद्वान् तथा साहित्यसंस्थाहरूले ललितत्रिपुरसुन्दरीलाई नै 'राजधर्म'को सक्कली अनुवादक र लेखिकाको मान्यता दिइसकेको अनि उनका अनुवाद र कविताबारे शङ्का, सन्देह गर्नेहरूबाट पनि कुनै ठोस प्रमाण जुटाउन नसकिएको वर्तमान अवस्थामा अब त्यस्ता प्रश्नहरू प्राज्ञिक बहसको विषय मात्र हुन पुगेझैँ लाग्दछ । तर यसका साथै, यो यौटा अनुसन्धान र प्राज्ञिक अध्ययनको विषय पनि भएकाले भविष्यमा त्यसबारे अझै नयाँनयाँ तथ्यहरू फेला पर्दै जाने सम्भावनालाई पनि त्यसै नकार्न सकिन्न ।

तपाईंले ललितत्रिपुरसुन्दरीजस्ता ऐतिहासिक व्यक्तित्वका साथै देशबाहिर रहेका नेपाली प्रतिभाहरूलाई पनि संलग्न गरी हाम्रा ५२ जना नयाँ पुराना नारीस्रष्टाहरूको सचित्र जीवनीसङ्ग्रह, चित्रचिनारीसङ्ग्रह र चित्रात्मक पोस्टरहरू प्रकाशित गरेर आजका नेपाली महिलाहरूको जागरण अभियानमा केही नैतिक बल प्रदान

गर्नुभएको छ । यो प्रशंसनीय कार्यका लागि तपाईंलाई मेरो हार्दिक धन्यवाद छ । भविष्यमा पनि तपाईंबाट यस्ता रचनात्मक र सिर्जनात्मक कार्यकलापहरूले निरन्तरता पाइरहून् । 'नेपाली' त्रैमासिक 'शारदा' मासिक र तपाईंको नवीनतम पुस्तक 'नारीचुली'मा तपाईंद्वारा लेखिएको प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीबारेका मेरा केही विचारहरू अहिलेलाई यत्ति नै हुन् । धन्यवाद !

खुर्सानीटार, लाजिम्पाट (काठमाडौँ)
२०६४ वैशाख २८ गते

भवदीय
**गोविन्द भट्ट**

# सुकर्मले इतिहास रच्ने स्रष्टा

**प्रा.डा.ज्ञानु पाण्डे**

यस धरतीमा जन्मने अधिकांश मानिसहरू बाँच्नुका नाममा केवल पारिवारिक सुखदु:खको सीमामै मात्र खुम्चिबस्छन्, त्यही सीमालाई आफ्नो प्राप्ति र उपलब्धि ठान्छन् र आयु सकिएपछि एक दिन त्यत्तिकै गुमनामको मृत्यु मरेर जान्छन् । तर सबै त्यस्ता हुँदैनन् । कतिपय मानिस यस्ता पनि जन्मिन्छन्, जो आफूले पाएको आयुलाई त्यत्तिकैमा खेर फाल्न चाहँदैनन् । आफू र आफ्नो पारिवारको सुखभन्दा पर अरूको सुखका लागि पनि उनीहरू सोच्न उत्सुकता देखाउँछन् र जीवनमा साच्चै नै केही सार्थक काम गर्न अग्रसर हुन्छन् । वास्तवमा यस्तै



मानिसहरूले हो इतिहास रच्ने । मरेर गइसकेपछि पनि यस्ता मानिसहरूको नाम इतिहासको पानामा सधैँका लागि ंअमर भएर रहन्छ, रहिरहन्छ । नेपालको सन्दर्भमा ललितत्रिपुरसुन्दरी

(१८५०–१८८८) पनि एक त्यस्तै अमर नामकी उदाहरण हुन् । उनी प्रेरणादायी व्यक्तित्वकी एक अमर नारी छवि हुन् ।

शाहकालीन इतिहासको पानामा उनको नाम श्री ५ रणबहादुर शाहकी पाँचौँ (कान्छी) रानी तथा उनैका छोरा श्री ५ गीर्वाण र नाति श्री ५ राजेन्द्रको नायबको परिचयमा उल्लेखित छ भने नेपाली साहित्यमा उनको नाम नारीलेखनको इतिहासकी अगुवा प्रतिभाको परिचयमा स्थापित छ । लेखक नरेन्द्रराज प्रसाईले आफ्नो पुस्तक 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (प्र.स.२०६४)मा ललितत्रिपुरसुन्दरी नेपाली साहित्यको इतिहासमा पुस्तक लेख्ने प्रथम नारी कलम हुन् भन्ने ठहर विस्तृत खोज तथा अध्ययनका साथ पेस गरेका छन् । पुस्तकमा उनले ललितत्रिपुरसुन्दरीको समग्र जीवनीको पृष्ठभूमिमा उनको साहित्यिक योगदानको ऐतिहासिक महत्त्व उजागरण गर्न विशेष चासो देखाएका छन् । निस्सन्देह, यति महत्त्वपूर्ण विषय बोकेको पुस्तक प्रकाशनमा आउनु भनेको नेपाली साहित्यका लागि एउटा छुट्टै गर्वको विषय हो । यस पुस्तकले नेपाली साहित्यको इतिहासलेखनको क्षेत्रमा खड्किएको एउटा ठूलो अपूरोपनको परिपूर्ति गरेको छ भन्ने मलाई लाग्छ ।

स्मरणीय छ, नेपाली साहित्यको विकासयात्रामा प्राथमिक चरणदेखि नै नारी संलग्नताको सिलसिला आरम्भ भइसकेको हो । तर पनि दुःखको कुरा के भने हामीकहाँ लामो समयसम्म साहित्यको इतिहास लेख्दा नारीस्रष्टाहरूको ऐतिहासिक योगदानबारे महत्त्व दिएर हेर्नुपर्ने आवश्यकता बोध गरिएको होइन । साहित्यइतिहासका हाम्रा अग्रज अध्येताहरू जानेर वा नजानेर नेपाली साहित्यको विकासयात्रामा नारीस्रष्टाहरूले पुऱ्याएको योगदानको इतिहासबारे गम्भीर अध्ययन गर्न लामो समयसम्म चुकेका हुन् । साहित्यको इतिहासबारे अघिअघि लेखिएका पुस्तकहरू

पल्टाएर हेर्ने हो भने सन्दर्भमा केही नारीस्रष्टाहरूको नाम पाइए तापनि धेरै नारी नामहरू 'आदि' 'इत्यादि' वा 'लगायतका' जस्ता शब्दभित्रै हराइएका भेट्छौँ हामी ।

२०४६ सालको राजनीतिक परिवर्तनभन्दा अघिसम्म नेपाली साहित्यमा अधिकारवादी दृष्टिका साथ नारीस्रष्टाहरूको योगदानको इतिहासबारे विशेष अध्ययनको चासो कतैबाट भएको प्रमाण मिल्दैन । ०४६ सालको परिवर्तनपछि जसै समाजमा खुला वातावरणको मौसम भित्रियो, जतातत‍ै नारीपुरुष समविकासको अवधारणाबारे बहस छलफल हुन सुरु भयो । इतिहासमा नारीहरूले गरेको समर्पण र त्यागको उचित मूल्याङ्कन हुन नसकेको, नारीहरूप्रति सबै क्षेत्रमा विभेदको व्यवहार हाबी भइरहेको लगायतका कुराहरू समाजका सचेत नारीहरूले उठाउन थाले । लैङ्गिक असमानताको विरोध तथा समताको मागले सिङ्गो समाज गुञ्जायमान हुन थाल्यो जसको प्रभाव समाजको अन्य क्षेत्रमा जैँ साहित्यिक वृत्तमा पनि झल्किन सुरु भयो । साहित्य समाजको ऐना हो जो भनिन्छ, त्यो ऐनामा लैङ्गिक असमानताको विरुद्धमा समाजमा उठेको आवाजको प्रतिबिम्बन दर्सिनु स्वाभाविकै थियो, सो भयो । हो, यही पृष्ठभूमिबाट हो हाम्रो साहित्यिक वृत्त इतिहासलेखनको अपूरोपनप्रति बल्ल झकझकिन सुरु भएको । त्यो अपूरोपनको परिपूर्तिका लागि नारीस्रष्टाका बारेमा पनि गम्भीरताका साथ खोजी अनुसन्धान हुनु जरुरी छ, नारीस्रष्टाहरूका योगदान र इतिहासबारे अधिकारवादी अवधारणाका साथ अध्ययन तथा अनुसन्धान गरी पुस्तकाकार कृतिहरू प्रकाशमा ल्याउनु आवश्यक छ भन्ने चेत हाम्रो साहित्यक्षेत्रमा त्यस पृष्ठभूमिबाट नै हो खुल्न थालेको । यस सन्दर्भमा गुञ्जन साहित्य संस्थाले निर्वाह गरेको अगुवाको भूमिका यहाँनिर विशेष स्मरणीय हुन आउँछ । पचासको दशकमा अस्तित्वमा आएको यस संस्थाले आफ्नो परियोजनाअन्तर्गत प्रभा भट्टराई, शारदा

अधिकारी र सावित्री कक्षपतिको संयुक्त लेखनमा तयार भएको 'नारी साहित्यकारहरूको विधागत इतिहास' शीर्षकको पुस्तक २०६० सालमा अगाडि ल्याएको हो । त्यसयताका समयमा आएर हाम्रो साहित्यिक वृत्तमा यस विशेषताका प्राज्ञिक कामहरू पातलै सही तर निरन्तर रूपमा भइरहेको देख्न पाइएको छ । यस अभियानमा नारी लेखकहरूका साथसाथै कतिपय पुरुष लेखकहरू पनि उत्तिकै गम्भीरताका साथ लागिरहेका देख्न पाइनु थप खुसीको कुरा हो ।

नारीस्रष्टाहरूको योगदान र इतिहासबारे विशेष चासोका साथ खोजीखबर गर्नुका साथसाथै यस विषयमा पुस्तकहरू लेख्ने तथा प्रकाशित गर्नेजस्तो महत्त्वपूर्ण काममा संलग्न हुँदै आएकामा हाम्रा पुरुष लेखकहरूको नामको लहरमा नरेन्द्रराज प्रसाईको नाम अग्रपङ्क्तिमै पर्दछ । नेपाली साहित्यको मन्दिरमा कविता, गीत, निबन्ध, जीवनी, समीक्षा, अन्तर्वार्ता, सम्पादनलगायतका विधाका सात दर्जनजति पुस्तकहरू अर्पण गरिसकेका बहुमुखी प्रतिभाका धनी साहित्यकार एवं साहित्य अन्वेषक प्रसाईको प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (प्रथम संस्करण २०६४) नेपाली साहित्यका विद्यार्थी, अध्येता, अनुसन्धाता सबैका लागि एक अत्यन्त महत्त्वपूर्ण खुराक बनेको छ ।

लेखक प्रसाईले ललितत्रिपुरसुन्दरीको विषयमा यसभन्दा अघि प्रकाशित आफ्नो पुस्तक 'नारीचुली' (२०६३) मा पनि बोलेका छन् । स्मरणीय छ, नेपाली साहित्यमा 'नारीचुली' नारीलेखनको इतिहास अध्ययनको क्षेत्रमा त्यो पहिलो बृहत् आकारको ग्रन्थ हो जसमा उहिलेदेखि अहिलेसम्मका गरी ५२ जना नारीस्रष्टाको जीवनी समेटिएको छ, तिनका कृतित्व परखिएको छ । प्रसाईको यस पुस्तकभित्र प्रवेश गर्दा आरम्भमै हामी ललितत्रिपुरसुन्दरीलाई भेट्न पाउँछौँ । तस्बिरमा उनको सुन्दर छवि देख्न पाउँछौँ । नेपाली साहित्यमा उनले पुऱ्याएको ऐतिहासिक योगदानबारे चर्चा गरिएको कुरा पढ्न पाउँछौँ । उक्त

पुस्तकभित्र मूलपाठमा समेटिएको सात पृष्ठ लामो पहिलो आलेख 'ललितत्रिपुरसुन्दरी'मा आरम्भमै प्रसाईले भनेका छन्– 'नेपाली भाषासाहित्यमा पहिलोपल्ट अक्षर खेलाउने नारी ललितत्रिपुरसुन्दरी हुन् । साथै नेपाली भाषामा पहिलो चोटि कविता लेख्ने नारीस्रष्टा पनि ललितत्रिपुरसुन्दरी नै हुन् । महाभारतलाई संस्कृत भाषाबाट नेपालीमा अनुवाद गर्ने क्रमको सिरानमा नै उनले नेपाली भाषामा आफ्नो मौलिकता प्रस्तुत गरिन् । सृजनात्मक अभिव्यक्ति र अनुवादकार्य गरेर उनले नेपाली साहित्यको इतिहासको जगमा आफ्नो नाउँलाई सुरक्षित राखिन् । पछिल्लो पुस्तक 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'मा प्रसाईले आफ्नो त्यही ठहरलाई प्रमाणका साथ पुष्टि गर्न थप प्रयास गरेका छन् ।

ललितत्रिपुरसुन्दरी नै नेपाली साहित्यमा संलग्न नारीस्रष्टाको पहिलो अनुहार हो भन्ने आफ्नो ठम्याइलाई पुष्टि गर्न 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'मा उनले प्रशस्त मात्रामा स्रोतहरूको खोजी गरेका छन् । साहित्य तथा इतिहास दुवै विषयका विज्ञहरूका भनाइ र विश्लेषणहरू उद्धृत गर्नुका साथसाथै सम्बन्धित ऐतिहासिक दस्तावेजहरू पुस्तकभित्र प्रशस्त मात्रामा बिच्छ्याइएको पाइन्छ । उल्लेखनीय कुरा, त्यस क्रममा पुस्तकभित्र लेखकको आग्रहलाई समर्थन पुग्ने सामग्रीहरू मात्र होइन, बाधा पुग्ने सामग्रीसमेत अघि सार्न नचुकिएको देखिन्छ । यसरी समर्थनमा बोल्नेहरूको बोली र विश्लेषणहरूका साथसाथै असहमति जनाउनेको भनाइलाई समेत अगाडि ल्याएर आफ्नो मुख्य चासोलाई सिद्ध गर्ने प्रयास गरेर प्रसाईले पुस्तकमा अनुसन्धानविधाप्रति इमानदारिता निर्वाह गरेका छन् । यसलाई मैले यो पुस्तकको एउटा महत्त्वपूर्ण शक्तिको रूपमा हेरेको छु ।

ललितत्रिपुरसुन्दरी नै नेपाली साहित्यमा संलग्न नारीस्रष्टाको पहिलो अनुहार हुन् भन्ने तथ्य किटान गरिएको 'प्रथम नारीस्रष्टा

ललितत्रिपुरसुन्दरी'मा प्रसाईले उनको समग्र जीवनीको परिप्रेक्ष्य उत्खनन् गरी उनको व्यक्तित्वको बहुमुखी आयाममा प्रकाश पारेका छन् । साहित्यको पुस्तक भए पनि साहित्यको मात्र कुरा छैन यसभित्र । मेरो पठन अनुभूतिमा बहुकोणीय दृष्टिले महत्त्वपूर्ण पुस्तक हो यो । मूल पाठ आठ शीर्षकमा विभाजन गरिएको ७६ पृष्ठ लामो यो पुस्तकभित्र ललितत्रिपुरसुन्दरीले ३८ वर्षको आफ्नो छोटो आयुभरिको जीवनमा निर्वाह गरेको राजनीतिक, सामाजिक, सांस्कृतिक एवं साहित्यिक भूमिकालाई रोचक शैलीमा नियालिएको छ । पुस्तकभित्र इतिहासको त्यो कालखण्डको दरबारिया परिवृत्त तथा राजनीतिक वस्तुस्थिति चिहाइनुका साथसाथै तत्कालीन सामाजिक, सांस्कृतिक, धार्मिक वस्तुस्थितिको पनि खुलासा भएको छ; नेपाली कला र संस्कृतिको इतिहास पुस्तकभित्र रोचकताका साथ उजागरित भएको छ । यी आदि कारणले गर्दा यो पुस्तक साहित्यका पाठकका लागि मात्र नभई अन्य क्षेत्रका जिज्ञासुहरूका लागि समेत रोचक र लाभदायी सिद्ध हुन सक्छ भन्ठान्छु म । व्यक्तित्वपूर्ण जीवन बाँच्न चाहने जोकोही मानिसका लागि पनि ललितत्रिपुरसुन्दरीको सार्थक जीवनबचाइ आफैँमा एउटा विशिष्ट पाठ सिद्ध हुन सक्छ भन्ने लाग्छ मलाई ।

पुस्तकभित्र ऐतिहासक नारी ललितत्रिपुरसुन्दरीको जीवनीबारे जेजति सन्दर्भहरू कोट्टिएको छ त्यो पढ्दा उनीप्रति पाठकमन श्रद्धाभावले अनायासै चुलिएर आउँछ । कठै, ती नारी केटाकेटी उमेरमै आफूभन्दा अठार वर्ष बढी उमेरका राजाकी रानी बनेर दरबारभित्र भित्रिइन् । रानी बनेको अर्को वर्षमै उनका ती राजा दरबारिया षड्यन्त्रको सिकार हुन पुगे; सौतेनी भाइको हातबाट तिनको निर्मम हत्या भयो । रजस्वला पनि नभएको अवस्थामै उनी एकल नारी बन्न पुगिन् । लोग्ने मरेपछि लोग्नेसँगै सती जानुपर्ने त्यो कठोर युगमा भाग्यवश् उनी सती जानुबाट जोगिन पाइन् ।

त्यसरी फोसामा पाएको बाँकी उमेरलाई उनले नाबालक दुई राजाको नायबीको भूमिका कुशलताका साथ निर्वाह गर्नुका साथसाथै अनेक परोपकारी धार्मिक सामाजिक र साहित्यिक कर्ममा समेत आफूलाई समर्पित गरिन् । अवश्य नै कम महत्त्वपूर्ण कुरा होइन यो ! सानो तपस्या होइन यो उनको ! चाहेको भए उनी दरबारिया विलासितामा हराउन सक्थिन होला, चाहेको भए उनी राजनीतिक षड्यन्त्रको तानाबाना बुनेरै बाँकी जीवन बिताउन सक्थिन् होला । तर त्यसो केही गरिनन् उनले । न त आफ्नो वैधव्यजीवनलाई उनले केवल धर्मका नाममा अनेक रूढिबूढी परम्परामै समर्पित गरेर सकाइन् । आफूले पाएको छोटो जीवनलाई उनले अत्यन्त अर्थपूर्ण बाँचिन, आफ्नै विशिष्ट रुचि तथा लगनको बलमा उनी सार्थक सार्वजनिक पहिचानको जीवन बन्न सफल भइन् । जुन समयमा उनी बाँचेकी हुन्, त्यो समय अवश्य नै सजिलो थिएन नारीहरूका लागि व्यक्तित्वपूर्ण जीवन बाँच्न । अझ उनी त दरबारभित्रकी नारी थिइन् । जति कुलीन परिवारको सदस्य भयो नारीले जीवनमा उति नै कडा अनुशासनको बन्दी हुनुपर्ने चलन जो अहिलेसम्म पनि छ हाम्रो समाजमा भने, झन् त्यो बेला कस्तो हुँदो हो ? त्यति बेला न नारीशिक्षाकै कुनै कल्पना थियो समाजमा, न त त्यसका लागि कुनै किसिमको प्रेरणा उत्प्रेरणाको वातावरण हुन्थ्यो परिवारभित्र । त्यस्तो प्रतिकूल समय भए तापनि ललितत्रिपुरसुन्दरीले ‘जहाँ इच्छा त्यहाँ उपाय’ भनेझैँ आफ्नै सुझबुझका बलमा आफ्नो पृथक मनोआकाङ्क्षालाई रचनात्मक अभिव्यक्ति दिने माहौल बनाइन् । औपचारिक शिक्षाको उज्यालो देख्न नपाएकी उनले दरबारमा विद्वान् लेखक कविहरूको जमघटको वातावरण निर्माण गरी तिनैका सत्सङ्गतबाट आफूभित्रको सर्जकलाई भेटिन् । उनले महाभारतको शान्तिपर्वलाई नेपालीमा अनुवाद गरी ’राजधर्म’ पुस्तक लेखिन् । पुस्तकभित्र मौलिक कविताका हरफहरू पनि पस्केर उनले आफ्नो काव्यिक व्यक्तित्वको प्रमाण पेस गरिन् र यसरी उनले आफ्नै

सुकर्मका बलमा आफ्नो पृथक पहिचान निर्माण गरिन् । उनको यो सफलता अनेक कोणले प्रशंसा गर्न लायकको विषय हो भन्ठान्छु म ।

यस्ती प्रेरणादायी नारीको साहित्यिक व्यक्तित्वको उत्खनन गरिएको प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तक सिङ्गो नेपाली साहित्यको इतिहासको एउटा महत्त्वपूर्ण प्राप्ति हो भन्ने आफ्नो धारणा व्यक्त गर्दै अन्त्यमा म ती ऐतिहासिक नारीको महिमामयी व्यक्तित्वप्रति हृदयत: श्रद्धा व्यक्त गर्दछु– आफ्नै सुकर्मको बलमा इतिहास रच्न सफल ललितत्रिपुरसुन्दरीलाई मेरो सलाम !

# ओझेलमा परेकी साहित्यकार

## डा.तुलसी भट्टराई

**प्रारूप**

वैशंपायन ऋषि जो छन् सो जनमेजय महाराजलाई कहन्छन्, हे जनमेजय महाराज, सब बान्धवहरूलाई अन्जलि दान गरिसक्यापछि पाँच पाण्डव, विदुर, धृतराष्ट्र राजा, भरतवंशीका सम्पूर्ण स्त्रीहरू आशौच बारेर एक मैन्हासम्म सहरदेखि बाहिर गङ्गाजीका तीरमा बस्याका थिया । त्यै बषत्मा पाण्डवहरूलाई भेट्नाका निमित्त वडा बुद्धिमान् सिद्धहरू ब्रह्मर्षिहरू, व्यासजी, नारद ऋषि, देवल ऋषि, देवस्थान ऋषि, कण्व ऋषि, ई ऋषिहरूका शिष्यहरू अरू पनि वेद जान्या, आचार्य लाग्याका पंडित ब्राह्मणहरू, संन्यासीहरू, गृहस्थहरू आउँदा भया ।



**श्री नारायणलाई भक्तिरससे आफ्ना मनैमा धरी**
**अन्धा शास्त्र नजानेने जन पनी हेरुन् कथाका कुरा ।**
**तत्पर भैकन कृष्णका चरणमा भाषा रच्याँ खुप् गुनी**
**जो भाषा रचियो समाप्त गरियो अध्याय पैल्हो भयो ॥**

येस् लोकमा पनि भलो हुन्छ परलोकमा पनि दान् पुण्य गर्न पाउनाले भलो हुन्छ, तसर्थ धर्मपूर्वक धन् कमाउनु अधर्म गरेर भने कैह्ले पनि धन् कमाउन इच्छा नगर्नु, भनी भीष्म पितामहले युधिष्ठिर राजालाई कहंदा भया भनी वैशंपायन मुनिले जनमेजय राजालाई कहदा भया ।

श्री नारायणलाई भक्तिरसले

**अध्या येक् सय तीस् पुकिगयो राजधर्म सम्पूर्ण भो ।**
**नेपाल् कान्तिपुरीविषे ति प्रभुले कोही वडयाद्मी भई**
**औतार्ली सजिलो बहूत गरि यो भाषा बनाइदिया ।**
**ते औतार्कन बुझ्न षोज्दछ क्वही मानिस भन्या तेसले**
**अक्षर्शुद्ध गरेर जोडनु पछी राम्रो इ रानी वचन् ॥**

### 'राजधर्म'को सन्दर्भ

यी माथिका उद्धरणहरू 'राजधर्म'नामक ग्रन्थको प्रारम्भ र अन्त्यमा अंश हुन् । सवा छ सय पृष्ठको विशाल यस प्राचीन ग्रन्थका स्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरी नाम अङ्कित छ । प्रस्तुत कृति मैले मदन पुरस्कार पुस्तकालयको पुस्तक सूचीमा मात्र हेरेको थिएँ ।

साझा प्रकाशनद्वारा प्रकाशित 'पाँच सय वर्ष'नामक बालकृष्ण पोखरेलद्वारा सम्पादित कृतिको पृ.३१८ मा ललितत्रिपुरसुन्दरी राजधर्म वि.सं.१९८८ पूर्व शीर्षकमा एक पृष्ठ लेखोटनामा राखिएको र त्यसमा ललितत्रिपुरसुन्दरीले महाभारत शान्तिपर्वको भावानुवाद गरेर 'राजधर्म' नाम राखिएको कुरा उल्लेख छ ।

यो प्रसङ्गचाहिँ २०२८ सालमा साझा प्रकाशनबाट 'पाँच सय वर्ष' पुस्तक लिएपछि थाहा पाएको थिएँ । त्यसपछि मैले यतातिर ध्यान दिन सकेको थिएन ।

### लेखन प्रसङ्ग

२०७७ साल मङ्सिर दोस्रो सातातिर एक बिहान 'नइ' नरेन्द्रराज प्रसाईसँग मेरो फोनमा कुरा भएअनुसार प्रथम नारीस्रष्टा

ललितत्रिपुरसुन्दरीका बारेमा मैले पनि एउटा लेख तयार पार्ने भएँ । यस लेखका लागि मैले प्रसाई भाइबाट नै सन्दर्भग्रन्थहरू प्राप्त गरेँ । त्यसै परिवेशमा मैले ललितत्रिपुरसुन्दरीको समीक्षात्मक जीवनी नरेन्द्रराज प्रसाईकृत पुस्तक र मूल ग्रन्थ 'राजधर्म'समेत प्राप्त भयो । 'राजधर्म' ग्रन्थभित्र नै पनि प्रथम नारीस्रष्टाको जीवनी पनि छापिएको रहेछ । 'राजधर्म' जगदम्बा प्रकाशनबाट २०१९ सालमा छापिएको थियो । दोस्रो संस्करणचाहिँ नइ प्रकाशनद्वारा २०६४ सालमा प्रकाशित भयो । दोस्रो संस्करणमा लेखिकाको नाउँसमेत नछोपी प्रस्ट रूपमा राखिएको रहेछ । लेखिकाको फोटोसमेत दिएर ज्यादै आकर्षक साजसज्जा र कभर हेर्दै लोभलाग्दो पारेर नइले छापेको ग्रन्थ 'राजधर्म' सङ्ग्रह गर्ने मौकासमेत पाइयो ।

**ललितत्रिपुरसुन्दरी जेठी स्रष्टा**

भानुभक्त आचार्यले रामायण रच्नुभन्दाअघि नै यी ललितत्रिपुरसुन्दरीले यति महत्त्वपूर्ण भावानुवाद ग्रन्थ 'राजधर्म' तयार पारेकी रहिछन् । तर यसतर्फ प्रकाशनको व्यवस्था भने किन कसैले नगरेका होलान् भन्ने जिज्ञासा हुनु स्वाभाविक हो ।

प्रस्तुत 'राजधर्म' कृति शान्तिपर्वको भावानुवाद भन्ने कुरा त उल्लेख भएकै छ । सम्भवत: त्यति बेलाको दरबारिया द्वन्द्व र दुश्चक्रका कारण यो कृति यसै किनारा पऱ्यो होला । यी स्रष्टा छिट्टै बितिहालिन् । उनका नामको वा उनले रचेका सामग्रीलाई कसले बाहिर ल्याइदिने । उस्तैका हात परेको भए यस्तो ग्रन्थमा आगो लगाउने थियो होला । धन्न यो सुरक्षित भएछ । ककसले यस कृतिको पाण्डुलिपि संरक्षण गरे होला, यो पनि खोजीको विषय हुन सक्छ ।

त्यति बेलाका लेख्ने, अनुवाद गर्नेहरू भनेका प्राय: ब्राह्मण वर्गकै हुने गर्थे । यिनी क्षत्रियाणी थिइन् । ब्राह्मण वर्गले यसै कारण प्रकाशनतर्फ ध्यान नदिएको हो कि ?

यदि भानुभक्तका निम्ति मोतीराम माध्यम बनेझैँ ललितत्रिपुरसुन्दरीका निम्ति समयमा नै कोही माध्यम बनिदिएको भए नेपाली गद्य साहित्यको इतिहास धेरै अघि समृद्ध भइसक्ने थियो होला जस्तो लागेको हो ।

**लेखक र समीक्षकबाट ओझेल परेकी स्रष्टा**

ललितत्रिपुरसुन्दरीको साहित्यिक स्रष्टा व्यक्तित्वबारे नेपाली साहित्यकार वाङ्मयिक इतिहासका कुनै पनि कृतिहरूमा चर्चा भएको पाइँदैन । नेपाल प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित 'नेपालका नारी साहित्यकार परिचय कोश' २०७३, साहित्यकार कलाकार परिचय कोश २०७० पनि हेरेँ । ती दुवैमा यिनको नाम प्रवेश हुन सकेको छैन । किन होला यिनका बारेमा कसैले पनि चासो नराखेको होला ?

नरेन्द्रराज प्रसाईको 'नारीचुली'भित्रचाहिँ आदिकवयित्रीका रूपमा ललितत्रिपुरसुन्दरीलाई समावेश गरेर उदाहरणीय कार्य गरेको पाइयो । यिनका बारेमा अन्यत्र खोज्नतिर नलागी यति बेला म प्रसाईको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिमा प्रवेश गर्दै छु । मैले भेटे, पाएका मध्ये यी महान् नारीका बारेको आधिकारिक सन्दर्भको रूपमा प्रसाईको उक्त कृति मात्रै मेरा सामु उपस्थित भएजस्तो लागेको छ ।

'राजधर्म' कृति जगदम्बा प्रकाशनद्वारा प्रथम पटक छापिँदा लेखकबारे प्रस्ट भन्न नसकेर विभिन्न विद्वान् सभाद्वारा छलफल गरिएको र केही मत र विमतसँगै सबैका सन्दर्भहरू राखेर छापिएको कुरा कमल दीक्षितको भनाइबाट प्रस्ट हुन्छ । २०१९ सालमा यो ग्रन्थ छापिए पनि ग्रन्थ र ग्रन्थकारबारे कुनै पनि शोध अनुसन्धानकर्ताको दृष्टि पुग्न सकेको देखिएन । तर नरेन्द्रराज प्रसाईले मदन पुरस्कार गुठीद्वारा प्रकाशित र कमल दीक्षितद्वारा सम्पादित 'नेपाली' पत्रिकामै महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की स्रष्टा हुन् भन्ने ठोकुवा

गरिदिएका छन् । त्यसै कारण यो लेख छाप्यौँ भनेर कमलमणि दीक्षितले नै भनेका पनि छन् ।

प्रसिद्ध लेखक समीक्षक गोविन्द भट्टले पनि प्रसाईको यो ठोकुवा मतको प्रशंसा गरिसकेका रहेछन् । यी सबै हेर्दै बुझ्दै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिको लेखकीय सन्दर्भबाट भित्र छिर्दै गएँ ।

ललितत्रिपुरसुन्दरीका बाबुआमाको खुटपत्तो नै देखिँदैन । तर भीमसेन थापाकै सक्रियतामा यिनको बिहे राजा रणबहादुर शाहसँग भएकाले यिनी थापाकी छोरी थिइन् । यिनी साँच्चैकी सुन्दरी थिइन् । यिनको जीवनचरित्र राष्ट्र, राष्ट्रियता र नैतिक धर्ममा चलेको पाइन्छ । असमयमा नै उनको भौतिक शरीर माटोमा मिले पनि उनको कीर्तिको सुवासले यही माटोमा सधैँ मगमगाइरहेकी छिन् । जीवनीकार प्रसाईको यो अभिव्यक्ति निकै मननीय छ ।

कुनै पनि फल खाने व्यक्तिले त्यो फल कहाँ फल्यो, कस्तो बोट र ठाउँमा फलेको थियो भनेर खोजी गरिरहँदैन । फल मीठोनमीठोको मात्र सम्बन्ध रहन्छ । 'रानी ललितत्रिपुरसुन्दरी नेपाली माटोको सुवास हुन्' भन्ने कुरा निर्विवाद सत्य हो । इतिहासका घटनाहरूबाट प्रमाणित भइसकेको छ ।

त्यस कारण यी नारीरत्नले आफ्नो समयमा दिएको योगदानको कदर र सम्मान पछिका पुस्ताले गर्दै जानुपर्छ । यी 'नारीरत्न'का बारेमा करिब डेढ सय वर्षसम्म कसैले पनि चर्चा गरेन र गर्न चाहेन पनि । जगदम्बा प्रकाशनले २०१९ सालमा प्रस्तुत 'राजधर्म'नामक ग्रन्थ छापेपछि मात्रै केही चर्चा हुन थाल्यो । तर पनि खुलस्त रूपमा उनका बारेमा लेखक र समीक्षकहरूले कलम चलाएनन् र खोज अनुसन्धान गरेनन् ।

**ललितत्रिपुरसुन्दरीबारे प्रसाईको सिङ्गो कृति**

'राजधर्म' छापिएको करिब आधा शताब्दीपछि नइ प्रकाशनका नरेन्द्रराज प्रसाईका दृष्टिमा ललितत्रिपुरसुन्दरी राम्ररी परिन् । प्रसाईले यिनीमाथि अन्याय भएको ठहर गरेर खोज अनुसन्धानमा लागे । केही वर्षको खोजीपछि उनले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' भनेर उनको कीर्तिस्तम्भका रूपमा एउटा सिङ्गो कृति उभ्याइदिए ।

२०६४ सालमा नै यो कृति छापिएको भए पनि मैले यसलाई पढ्न र बुझ्न यति बेला मात्र फुर्सद पाएँ । मलाई पनि नमीठो लागेको छ– आफू यसरी ढिलो हुन पुगेकोमा ।

प्रसाईबाट धेरै मिहिनेत गरेर ललितत्रिपुरसुन्दरीको जीवनी र व्यक्तित्व कृतित्व समेटिदिएको छ । कुनै लामो गन्थन नभएको ठोस यथार्थपरक प्रस्कृतिका कारण यो कृति लोहोटामा नदी अटाएजस्तै गहकिलो सामग्री बनेको छ ।

ललितत्रिपुरसुन्दरीको जीवनको झलकमा यिनलाई राष्ट्रभक्त रानी, राजमाता, सक्षम शासक, समाजसेवी एवं धार्मिक प्रवृत्तिकी वीराङ्गनाका रूपमा चित्रित गरिएको छ । साथै 'राजधर्म'नामक नेपाली गद्य साहित्यको अनुपम कृतिका कारण यिनलाई बचाउने, चिनाउने र दीर्घायु राख्ने काम गरेको हो भनेर लेखकले लाहाछाप लगाइदिएका छन् ।

एउटी रानी र शासक पनि यति ठूलो स्रष्टा हुँदो रहेछ भन्ने ज्वलन्त उदाहरण हुन् यी रानी ।

दोस्रो अध्यायमा उनको लेखनयात्राका बारेमा व्याख्या गरिएको छ । यसमा लेखक प्रसाईले ललितत्रिपुरसुन्दरी नेपाली नारीस्रष्टाकी गजुरको उपाधि दिने कुरा प्रमाणित गरेका छन् । नेपाली गद्य साहित्यलाई समृद्ध पार्ने कामसँगसँगै नेपाली कविता क्षेत्रमा पनि प्रथम स्रष्टाकै

रूपमा स्थापित हुन पुगेकी छन् भन्नेमा पनि प्रसाई ढुक्क देखिन्छन् । राजधर्मका माध्यमबाट नेपाली शासकलाई प्रजाको संरक्षण र हितमा काम गर्न र जनतामा पनि आध्यात्मिक र नैतिक चरित्रवान् बन्न उत्प्रेरित गरेकी छन् ।

कृतिको तेस्रो खण्डमा 'राजधर्म'की स्रष्टाको 'भाषाशैली'का बारेमा चर्चा गरेका छन् । दुई सय वर्षअघिको लेख भए पनि यो 'राजधर्म'नामक कृतिमा प्रयोग गरिएको भाषा र शैली केही शब्द र थोरै हेरफेर गर्दा आजकै मानक नेपालीमा दर्ता हुन सक्छ । त्यस बेलै यति राम्रो भाषामा कृति रच्न सक्ने यी स्रष्टा साँच्चै नै नारीरत्न हुन् ।

त्यस्तै अर्को अध्यायमा 'राजधर्म' कृतिबारे उठेका वादविवादबारे विभिन्न अभिमतसहित चर्चापरिचर्चा छ । नेपालका अद्भुत स्रष्टा, प्राचीन अर्वाचीन सामग्रीका खोज अनुसन्धान गर्ने योगी नरहरिनाथलगायत धेरैले 'राजधर्म'लाई ललितत्रिपुरसुन्दरीकै सिर्जना हो भनिसकेपछि पनि इतिहासशिरोमणि कहलिएका बाबुराम आचार्यले चाहिँ किन विमति जनाएका थिए त भन्ने कुराको प्रमाणसमेत प्रस्तुत गरिदिएका छन् प्रसाईले ।

अर्थात् 'बासट्ठीहरण'मा बाबुरामका तर्कहरू परेको कुराले उनीहरूसँग रिस थियो । त्यही कुराको यी रानीमाथि पोखेका हुन्– आचार्यले भनिदिए । प्रसाईले अन्य दर्जनौँ खोज प्रमाण भेला पारेर 'राजधर्म'का बारेमा कुनै विवाद नरहेको र यो कृति रानी ललिताकै हो भन्ने सिद्ध गरिदिएका छन् । जुन कुरा जगदम्बा प्रकाशनले पनि गर्न सकेको थिएन । तर प्रसाईले खुलस्त पारेर सप्रमाण प्रस्तुत गर्ने साहस जुटाए ।

'ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत' शीर्षकमा २०१६ मङ्सिर २० गते योगी नरहरिनाथद्वारा बोलाइएको प्राज्ञिक सभाका

प्राज्ञजनहरूद्वारा 'राजधर्म' ललितत्रिपुरसुन्दरीद्वारा नै रचित हो भनी सहीछाप गर्नेहरूको विवरण छ । त्यति बेलाका नेपालका नाम चलेका प्राय: सबैको उपस्थिति देखिन्छ । यसपछिका लेखकहरूले पनि सहीछाप गर्दै आएको पाइन्छ ।

यस्ता दर्जनौँ प्रमाण जुटाएर नै नरेन्द्रराज प्रसाईले रानी ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टामा दर्ता गराएका हुन् ।

ललितत्रिपुरसुन्दरीको राजकाज र समाजसेवाको पक्षलाई पनि विस्तृत अध्ययनपछिको निष्कर्ष राखिएको छ । यी आलेखमा प्रसाईले यी रानीले रणबहादुर शाहको हत्यापछि कसरी आफूलाई जोगाउँदै नाबालक गीर्वाणको लालनपालनसँगै राजगद्दीमा सुरक्षित राख्दै राजशासन चलाउन सफल भइन् भन्ने कुराको समेत चर्चा छ । यसका साथै यी रानीले समाजसेवा र धर्म, संस्कृतिको सेवामा पुऱ्याएको योगदानबारे उल्लेख छ ।

**काशीको कुरा**

काशी वाराणसीलाई मन्दिरैमन्दिरको सहर मानिन्छ । बाह्रौँ शताब्दीमा मुगलहरूको आक्रमणपछि हजारौँ मठमन्दिरहरू ध्वस्त पारिएको इतिहास छ ।

सानाठूला गरी करिब चालिस हजार मन्दिर काशीमा रहेको कुरा विभिन्न लेखोटबाट थाहा हुन्छ ।

भारतभरिका सयौँ राजारजौटा महाराजा र महाजनहरूका दरबार र कोठीहरू हजारौँ भरिएका छन् । त्यसै गरी धर्मशाला, सदावर्त भोजनालयहरूको संयोजन छ । संस्कृत शिक्षा र प्राचीन सभ्यता संस्कृतिको केन्द्र पनि हो । हिन्दू सनातन परं, शैव, शाक्त वैष्णवलगायत अन्य दर्जनौँ धर्म सम्प्रदायका साधु, सन्तमहन्तका अखडाहरू यहाँको गौरव मानिन्छ । यहाँका मन्दिर र घाटहरू प्राय: राजारानीहरूबाट निर्माण गराइएका छन् ।

गङ्गाको उत्तरतर्फको बहावले गङ्गाजीलाई पवित्र पतिपावनीका रूपमा स्नान पूजाअर्चना हुने गर्छ । असीदेखि राजघाटसम्म करिब सात किलोमिटर क्षेत्रमा विभिन्न राजारजौटा र महाजनहरूद्वारा निर्मित एक सयभन्दा बढी सुरम्य घाटहरू विश्वमै उदाहरणीय मानिन्छ ।

यहाँको मणिकर्णिका घाट र हरिश्चन्द्र घाट दुई श्मशान घाट चर्चित छन् । काशीमा मृत्यु भएर यी श्मशान क्षेत्रमा दाहसंस्कार हुन पाउँदा यस भवसागरबाट मुक्त भएर परमलोक प्राप्त गर्न पाइन्छ भन्ने विभिन्न लेखनसँगै अथवा त्यहाँको सनातनी जनविश्वास पाइन्छ ।

**काशीमा ललितत्रिपुरसुन्दरीको कीर्ति**

सम्भवत: यिनै विभिन्न कारणबाट प्रेरित भएर नेपालीकी यी रानी ललितत्रिपुरसुन्दरीले काशी क्षेत्रमा एउटा मन्दिर र घाट निर्माण गर्ने कुरा सोचिन् होला । बालविधवा यी रानी 'सती जानुपर्ने त्यस युगमा बाँच्न सफल उनले धेरै सामाजिक, सांस्कृतिक, धार्मिक कार्यमा कीर्ति राखिन् । साहित्य लेखिन्' नरेन्द्र प्रसाई । उनका दर्जनौँ कीर्ति निर्माणमध्येको प्रमुख कीर्तिगाथा हो– यो ललिता घाट र त्यहाँस्थित मन्दिर । यी रानी साँच्चै नै दूरदर्शी र सेवाभाव भएकी नारीरत्न रहिछन् भन्ने कुरा यति बेला मात्र हामी थाहा पाउँदै छौँ । नेपालीहरू बितिसकेपछि मात्र... दैलो देख्छन् भन्ने कुरा प्रस्ट छ ।

**प्रसाईको महत्त्वपूर्ण खोज**

यही काशी र ललिताघाटको सन्दर्भमा खोज अनुसन्धान भएको थिएन । तेस्रो संस्करण त्यो आलेख हो– 'ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ' यो पनि पढ्न पाइयो । यसबारे प्रसाईबाहेक सम्भवत: पहिले अरू कसैबाट लेखिए जस्तो लाग्दैन ।

यस आलेखमा काशीको मणिकर्णिका घाट र विश्वनाथ मन्दिरबाट सीधै पुगिने ललिताघाट र त्यहाँका मठमन्दिरबारे जानकारी दिइएको छ । बनारस अर्थात् काशीमा करिब डेढ दशकजति म बसेको र ललिताघाटको जानकारीका रूपमा नेपाली धर्मशाला र नेपालका कुनै राजारानीले बनाएको मन्दिर भन्ने मात्र थाहा पाएको थिएँ । २०३६–०३७ तिर जस्तो लाग्छ– नेपालको पुरातत्त्व विभागका हाकिम डा.ऋषिकेशवराज रेग्मीको टोली त्यहाँ गएर केही दिन बसेको र मन्दिरको रङ्गरोगन गर्न लगाएको थाहा पाएथैँ ।

यसबाहेक काशी स्थायी रूपमै बस्ने नेपालीहरूले अरू खोजीनिती गरेको थाहा छैन । २०५० सालतिर बलबहादुर केसी संस्कृति मन्त्री हुँदा पनि एउटा टोली त्यहाँ गएको सम्झना छ । तर बाह्य रूपमा मात्र यी टोलीले हेरेर, बुझेर फर्किने गर्दथे । सबै ठीक छ भनेर त्यहाँ अवैध बस्नेहरूले भित्रको यथार्थ बुझ्न दिँदैन थिए । यसबारेको रहस्य यतिकै अलमलिएको थियो ।

२०७२ चैत तेस्रो साता काशी पुगेको ‘नइ’ टोलीका नरेन्द्रले चाहिँ खुनखोत्रै गरेर सबै रहस्य पत्ता लगाएको कुरा यस आलेखमा उल्लेख छ । मन्दिर र मन्दिरपरिसरको जायजेथा कब्जा गरेर बसेको गुलाब यादवका बारे भण्डाफोर हुने गरी सबै खोलिदिएका छन् । यादवको घरभित्रको यादवले निषेधित भनेको क्षेत्रसम्म पुगेर मूर्ति र अन्य वस्तुको समेत फोटो लिन सक्ने अति नै गोप्य काम कसरी गर्न सकेका होलान् नरेन्द्रले ।

त्यस्ता गुण्डानाइकेबाट यस्तो रहस्य फुत्काउनु भनेको एक प्रकार ज्यानकै जोखिम काम हो । दह्रै मुटु र साहस चाहिन्छ । ललिताघाट र मन्दिर एवं धर्मशालाबारे विस्तृत विवरणका साथै त्यसको पुरातात्त्विक एवं सांस्कृतिक महत्त्वलाई बाहिर ल्याइदिएका छन् ।

नरेन्द्रराज प्रसाईले जुटाएका प्रमाणका आधारमा नेपालीहरूको सांस्कृतिक निधि ललिताघाट र यहाँको मन्दिर, धर्मशालाको संरक्षण गर्ने, गराउने कार्यमा भारत सरकार पनि सक्रिय हुनेछ भन्ने विश्वास छ । यो क्षेत्र दुवै देशका बीच सम्बन्ध जोड्ने सांस्कृतिक पुरातात्त्विक निधिका रूपमा स्थापित हुनेछ । यस खोजकार्यका निम्ति नरेन्द्र भाइलाई साधुवाद छ ।

**असल नारीरत्न ललितत्रिपुरसुन्दरी**

रानीका रूपमा चिनिएकी ललितत्रिपुरसुन्दरी असल नारीका रूपमा स्थापित भएकी छन् । दरबारभित्रका रानी दरबारिया नारी भनेका भोग, विलास र आनन्दमा मात्र अलमलिने गर्थे भन्ने कुराको अपवाद बनेकी ललिता... आजका नारीहरूका निम्ति पनि प्रेरक र उदाहरणीय हुन् । किनभने दुई सय वर्षअघिको अँध्यारो युगमा कसरी शिक्षाको ज्योति प्राप्त गरेर यति ठूलो ग्रन्थ र अन्य कविताहरूसमेत रच्न सकिन् । आज पनि धेरै नारीहरू शिक्षाको ज्ञानको पहुँचभन्दा टाढै छन् । नारीशिक्षा अझ पनि राम्ररी फस्टाउन सकेको छैन । पुरुषदम्भ भित्रबाट अझै पनि नारीशिक्षा र चेतना बाहिर निस्कन धरमराइरहेको स्थिति छ ।

ललितत्रिपुरसुन्दरी नेपाली भाषामा लेख्ने प्रथम नारीमा देखा परिन् । उनले संस्कृत भाषामा भएको ‘राजधर्म’लाई नेपालीमा लेखेर जनमानसमा त्यसको महिमा पुऱ्याइन् । उनले नेपालीमा लेखेका कविता र स्तोत्रहरू पनि त्यति बेलै पाठ गरिन्थे । पहिलो चोटि कविता रच्ने नेपाली नारी पनि उनै हुन् । नेपाली नारी साहित्य सृजनाको प्राथमिक उद्‌बोधन उनैबाट भयो ।

यस जीवनीकृतिका स्रष्टा नरेन्द्रराज प्रसाईको यो भनाइ ज्यादै गहकिलो छ । मैले धेरै खोज अनुसन्धान गर्न नसकेका कारण पनि यस ठोकुवालाई छुन सक्ने कुरा भएन ।

यसभन्दा बढी भनाइ राख्नु प्रसाईका निम्ति पनि धेर हुन सक्छ । अहिलेलाई प्रसाईको यस महत्त्वपूर्ण कर्मप्रति हार्दिक साधुवाद दिन्छु । एउटी ओझेल परेकी स्रष्टाका बारेमा नरेन्द्रराज प्रसाईले यति राम्रो कार्य गरेका छन् । यो खोज अनुसन्धानको शृङ्खला निरन्तर अघि बढिरहोस् । चरैवेति चरैवेति ।

# प्रथम नारी साहित्यकार

**प्रकाश ए.राज**

नरेन्द्रराज प्रसाईले लेखेको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' शीर्षक पुस्तक हेरें । मैले आफैँ अङ्ग्रेजी भाषामा शाहकालीन महारानीहरूको संक्षिप्त जीवनी Queens of Shah Dynasty in Nepal लेखेको र नेपाली ललितत्रिपुरसुन्दरीकी सासु राजेन्द्रलक्ष्मी र ललितत्रिपुरसुन्दरीकी सौतेनी नातिनी बुहारी कोतपर्वकी महारानी राज्यलक्ष्मीको जीवनीसमेत लेखेकाले प्रसाईको सो पुस्तक अभिरुचिसाथ पढें ।



आफ्नो पति रणबहादुर शाहको १८६२ सालमा हत्या भएपछि १८८८ सालमा देहान्त भएसम्म २६ वर्षको अवधिसम्म ललितत्रिपुरसुन्दरी नेपालको नायब भइन् । १८६२ सालमै रणबहादुर शाहकी जेठी रानी राजराजेश्वरी तत्काल हेलम्बुमा बसेकी भए पनि रणबहादुर शाहको दाहसंस्कार भएको एक हप्तापछि काठमाडौँ बोलाई सती पठाइयो । यसरी सती पठाउने काममा सर्वेसर्वा भीमसेन थापा

थिए र नायब सायद ललितत्रिपुरसुन्दरी भइसकेकी थिइन् । गीर्वाणयुद्धकी एक रानी सिद्धिराज्यलक्ष्मीलाई पनि गीर्वाणको देहान्त भएपछि १८७३ मा सती पठाइयो जब उनको उमेर सत्रअठार वर्षको थियो । त्यस बेला पनि सर्वेसर्वा भीमसेन थापा नै थिए । नरेन्द्रराजले त्रिपुरसुन्दरीबारे लेखेका छन्– 'जनरल भीमसेन थापाको सहयोग, सद्भावना र सहृदयताले यिनले (ललितत्रिपुरसुन्दरी) पनि सँगै बलेर सती जानु परेन । ज्ञानमणि नेपालले 'नेपालको महाभारत'लाई उद्धृत गरी नरेन्द्रराजले लेखेका छन् 'ललितत्रिपुरसुन्दरी बाँचुन्जेलसम्म भीमसेन थापाको विरोधमा चाइँचुइँ कसैको कुरा दरबारमा लाग्दैन थियो ।'

आफ्नो नायबीकालमा ललितत्रिपुरसुन्दरी भीमसेन थापाजस्ता सुयोग्य मन्त्रीबाट यति प्रभावित भइन् कि उनी आफैँलाई बाह्र वर्षका उमेरमा सती जान परेन तर आफ्नी सौतेनी बुहारी सिद्धिराज्यलक्ष्मीलाई सौतेनी छोरा गीर्वाणयुद्धको देहान्त भएपछि सती जानबाट रोक्न सकिनन् अथवा चाहिनन् । ललितत्रिपुरसुन्दरी र भीमसेन थापा दुवैलाई उमेर पुगिसकेकी बुहारीबाट राजकाजमा हस्तक्षेप हुने डरले १८६२ सालमा भीमसेन थापाले राजराजेश्वरीलाई सती पठाएको जस्तै सिद्धिराज्यलक्ष्मीलाई पनि सती जानुपरेको हो कि ? गीर्वाणयुद्धको बिफरबाट देहान्त भएको केही दिनपछि गीर्वाणयुद्धकी अर्की आमा (गोरक्षराज्यलक्ष्मी)को पनि बिफरबाट देहान्त भयो । त्यस बेला ललितराज्यलक्ष्मीको उमेर बाइस वर्षको थियो र उनी नाबालक राजा राजेन्द्रको नायब बनिन् ।

संवत् १८८० साल माघमा राजा राजेन्द्रको साम्राज्यलक्ष्मी र राज्यलक्ष्मीसँग विवाह भयो । यी दुवैलाई भारतको गोरखपुरबाट डोला ल्याइएको थियो । नेपालभित्रै केटी खोजेमा उनका नातेदार बढी शक्तिशाली होला भनी भीमसेन थापाले भावी महारानीको खोजी देशबाहिर गरेका हुन् कि ? राजेन्द्रको विवाह हुने बेलामा उमेर सात वर्षको थियो । त्यस बेला राजेन्द्र आफ्नी बजै

ललितत्रिपुरसुन्दरीको खोपीमा हनुमानढोकाको नासलचोकको दरबारमा सुत्थे भनी एउटा दस्तावेजमा लेखेको कुरा दिनेशराज पन्तले उद्धृत गरेका छन् । ('कोतपर्वकी महारानी राज्यलक्ष्मी' लेखक प्रकाश ए. राज, मन्तव्य लेखक दिनेशराज पन्त) डेढ वर्षको उमेरमा बाबुआमा दुवैको देहान्त भएपछि बजैले नै हेरविचार गरेको देखिन्छ ।

ललितत्रिपुरसुन्दरीले त्रिपुरेश्वर मन्दिर, धरहरा, वाग्मती पुल, सुनधारा आदि बनाएकी थिइन् भनी नरेन्द्रराज प्रसाईले लेखेका छन् । ललितत्रिपुरसुन्दरीकै नायबी कालमा नेपालको अङ्ग्रेजसँगको युद्धमा नेपालको तत्कालीन सम्पूर्ण क्षेत्रफलको तीन खण्डको एक खण्ड पनि गुमाउनु परेको त्यही कालखण्डमा हो ।

नरेन्द्रराज प्रसाईले सुरेन्द्रकी कान्छी महारानी पुण्यकुमारीदेवी पनि खड्काकी छोरी भएको हुन सक्ने कुरा शमशेरबहादुर थापालाई उद्धृत गरी लेखेका छन् । पुण्यकुमारी जङ्गबहादुरका भाइ कृष्णबहादुरकी छोरी थिइन् र उनको सुरेन्द्रसँग विवाह १९३३ सालमा भएको थियो । सो कुरा मैले आफ्नो पुस्तक Queens of Shah Dynasty in Nepal मा लेखेको छु ।

ललितत्रिपुरसुन्दरीको चित्र 'प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी' नामक पुस्तकको कभरमा छापिएको छ । काठमाडौँको त्रिपुरेश्वर महादेव मन्दिरअगाडि र छाउनीको सङ्ग्रहालयमा ललितत्रिपुरसुन्दरीको मूर्ति रहेको हुनाले यसैको आधारमा चित्र बनाइएको देखिन्छ ।


ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्व 'राजधर्म'को नेपाली अनुवाद गरेकाले उनी नेपालको प्रथम नारी साहित्यकार बन्न पुगिन् । उनी संस्कृतको विद्वान् थिइन् कि थिइनन् भन्ने कुरा थाहा छैन । संस्कृतबाट नेपालीमा अनुवाद भएपछि लेख्य नेपालीमा उनले लिपिबद्ध गरेको हुन सक्दछ । उनले दरबारमा पण्डित राखेर संस्कृत पढेको पनि हुन सक्दछ ।

# सिर्जनात्मक प्रतिभाकी धनी

**प्रा.डा.प्रेमकुमार खत्री**

**नारीस्रष्टा**

ठूला, मझ्यौला, साना सबै आकारका लेख्नु, छिटो लेख्नु, धेरै लेख्नु, लेखिरहनु यस प्रस्तुत ग्रन्थका ग्रन्थकार (यहाँ समीक्षा) नरेन्द्रराज प्रसाईको साहित्यिक विशेषता हो । जसको अभीष्ट, व्यसन, सूची र



व्यथा नै सुपर सोनिक छ, उसलाई दिने उपयुक्त विशेषण यस समीक्षा टिप्पणीकारसित छैन । 'नइ' प्रकाशनका नाउँमा यो रेल ठीक गतिमा नरोकिई, नठोकिई, नबोलाई ठीक गन्तव्यतिर चुचो फर्काई अविरल चलेको छ; योसँगै यात्रा गर्ने वा नगर्ने तर रमिते हुने हात हल्लाइदिनेहरूले बुझेका छन् ।

ललितत्रिपुरसुन्दरी ठूलो नभएर पनि गहकिलो कृति हो । लेखकको भूमिकाबाट प्रस्ट छ– यो सानो आकारको तर गहकिलो कृतिको तयारीका लागि लेखकले गरेको प्रयासचाहिँ 'भगीरथ' प्रयास हो । यसैले यहाँ आकारभन्दा विचार ठूला छन्, फल त मीठो हुने नै

भयो, यसका उत्पादनमा ओइलिएका जरालाई तरुलझैँ खोतल्ने अनि पस्किने जाँगर प्रशंसनीय छ । लेखकको अनवरत, एकसूत्रीय खटपटी, व्यथा र हुटहुटी उदाहरणीय छन् । ती असल अनुसन्धानकर्ताको लक्षण हुन् ।

**काशी ललिताघाट र नेपाल**

नेपाल राज्य, नेपालको राजदरबार, त्यसको पनि सङ्कटापन्न स्थिति, त्यस भुवरीमा देखा परेकी एक विलक्षण प्रतिभाकी धनी रानी ललितत्रिपुरसुन्दरी एउटी पात्र हुन् ।

छिमेकी, लामो सांस्कृतिक सम्बन्ध भएको राष्ट्र भारत त्यसको नक्साको उत्तरपूर्वमा गङ्गाको किनारामा अवस्थित वाराणसी, जनबोलीमा बनारसको ललिताघाट कथाको अर्को छेउको पात्र हो । काठमाडौँ, बनारस, नेपाल तीन शब्दलाई जताबाट सुरु गरेर जता अन्त गरे पनि हातमा पर्ने भनेको त्रिकोणात्मक सम्बन्ध नै हो । यसमा एक ललितत्रिपुरसुन्दरी थपेपछि यो चौकुना– चतुष्कोण आकारको बन्दछ । यो लेख यही कोणभित्र कोरिएको एउटा आख्यान हो ।

शिक्षार्थी, मोक्षार्थीदेखि तीर्थालु र व्रतालु, राजादेखि रङ्कसम्मका मनमस्तिष्कमा काशी–वाराणसीको पवित्र नाउँ मुखाग्र छ र यो नाम स्मरण मात्र पनि मोक्षकारक हुन्छ भन्ने श्रद्धालु नेपालीका मनमस्तिष्कमा छ । यसैले केही फुर्सद र सातुसामल जम्मा हुनासाथ स्थायी अस्थायी काशीवासतिर लागिहाल्ने प्रवृत्ति नेपालका सनातनी हिन्दूहरूमा छ । यही पवित्र नगरीमा नेपाली धर्मशाला, पशुपतिनाथको नेपाली तलेशैलीको मन्दिर र ललिता नामको घाट छ, जसले योगी राजा रणबहादुर शाह, उनकी प्रिय सहधर्मिणी ललितत्रिपुरसुन्दरी र उनले बनाएको यो संचरना र उनका नामको घाटले नेपालको गौरवगाथा गाएको देख्न सकिन्छ ।

यो लेख भने काशीस्थित नेपाली धर्मशाला, मन्दिर आदि विषयमा केन्द्रित नभई एउटा साहित्यिक कृतिका बारेमा छ । सुपरिचित र सुप्रतिष्ठित जीवनीकार, साहित्यकार, कवि, गीतकार नरेन्द्रराज प्रसाईले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृति लेखी प्रकाशन गरेर नेपाली जीवनी साहित्य आकाशमा एक नक्षत्र थपेका छन् । यो एक राष्ट्रिय गौरव र सराहनाको विषय भएको छ । लुकेर रहेका वा इतिहासको एक पक्षमा निकै नाम सुनिएकी, विविध भूमिकामा रही तत्कालीन नेपालमा छोटो तर उल्लेखनीय भूमिकामा रहेकी विवादास्पद र निकै सन्का स्वभावका राजाकी प्रिय पात्र हुन सफल ललितत्रिपुरसुन्दरीको व्यक्तित्वको यो पाटो सार्वजनिक हुनु साहित्य र इतिहासका अनुरागीका लागि पनि चासोको विषय भएको छ । धेरैतिरबाट लेखकको चर्चा हुनु स्वाभाविक मान्नुपर्छ । साहित्यमा लगभग गुमनाम नामलाई उद्घाटित गर्ने काम नइ प्रकाशनले गरेको छ ।

प्रस्तुत कृति 'प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी' नेपाली पाठकले चिनेका, जानेका, मानेका प्रगतिशील लेखक गोविन्द भट्टको भूमिकाबाट सुरु भएर सन्दर्भ श्रोतमा बिट मारिएको छरितो र राम्रो आवरण छपाइ र कलेवर भएको कृति हो । यो एकै सिटिङ वा पाठमा सकिने तर जान्न, मनन गर्न आवश्यक थुप्रै सूचना (प्राप्त हुने ?) प्रदान गर्ने कृति पनि हो ।

'प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिको आफ्नै गरिमा त छँदै छ, यसको भूमिकामा अल्पायुका तर धेरै प्रभावशाली लेखक, चिन्तक गोविन्द भट्टका विचारले कृतिकार र कृतिलाई एउटा बोधगम्य उचाइ दिएको छ । भट्टले प्रसाईलाई उद्घोष गरे– 'तपाईंले यसरी ललितत्रिपुरसुन्दरीलाई नेपाली भाषा र साहित्यकी प्रथम नारीस्रस्टाको रूपमा प्रस्तुत गर्न खोज्नु पनि त्यस दिशामा यौटा निकै

आँटिलो र प्रशंसनीय कार्य हो ।' उनी थप्छन्– 'अब तपाईंले ललितत्रिपुरसुन्दरीलाई चर्चामा ल्याइदिएपछि त उनका विषयमा अझै गहन अध्ययन र अनुसन्धान गर्नु आवश्यक हुन गएको छ ।'

प्रस्तुत लघु कृतिको पृष्ठका तीन अध्यायलाई ३० सम्म 'प्रारम्भिक' वा मूल विषयको पृष्ठभूमि वा प्राक्कथन भन्न सकिन्छ । चौथो अध्याय, ललितत्रिपुरसुन्दरीको लेखनयात्रापछिका पृष्ठ र तिनको सारवस्तुमा नै यो टिप्पणी लेख केन्द्रित हुनेछ ।

बालविवाहको हिन्दु परम्परामा विश्वास गर्ने समाजमा ललितत्रिपुरसुन्दरीको विवाह श्री ५ रणबहादुरसित तेह्र वर्ष (जन्म वि.सं.१८५०) को कलिलो उमेरमा भयो । राजनीतिक भूमरीबीच उनले कम उमेरमै राजकीय जिम्मेवारी निभाउन पाइन् । नेपालका प्रथम प्रधानमन्त्री जनरल भीमसेन थापाको प्रभावमा सक्रिय राजनीतिक जीवन अघि बढाए पनि उनको गति निर्वाध रह्यो । राजपाठमा संलग्न युवा रानीको ध्यान 'राजधर्म' नामको कृतितिर जानु आफैँमा एक सान्दर्भिक पहल थियो । ग्रन्थकार नरेन्द्रराज प्रसाईले ललितत्रिपुरसुन्दरीलाई साहित्यक र भाषिक सेवामा लागेको 'प्रतिभासम्पन्न साहित्यकार' मानेका छन् । उनको तर्क छ यसअघि नेपाली साहित्यको आकाशमा नारी पात्र उदाएका थिएनन्, यी युवा रानीले त्यसमा प्रथम नारीस्रस्टाको नाम लेखिन् ।

**एक्काइसबर्से रानी...**

संवत् १८८१ मा लेखिएको 'राजधर्म'ले उनलाई 'प्रथम नारीस्रस्टा'को दर्जा दियो ।

**राजधर्मको विषयवस्तु र भाषा**

कृतिकार नरेन्द्रराज प्रसाईका अनुसार रानीसाहेबले आफ्नो कृति 'राजधर्म'मार्फत जीवन र जगत्लाई आध्यात्मिक दृष्टिकोणबाट हेर्ने प्रयत्न गरेकी छिन् । संस्कृत भाषा र साहित्यको प्रभाव रहेको

समयमा ऋर्रो, पूर्वी पहाडको जस्तो लाग्ने रानीको भाषामा ऋर्रो शब्दको प्रयोग छ । यस भाषाको प्रयोग जगदम्बा प्रकाशनले २०१९ सालमा प्रकाशित उनको कृति 'राजधर्म'मा त गरियो नै उनले थापाथली वाग्मती पुलनिर प्रस्तर सिंहखम्बामा एक शिलापत्र (अभिलेख) राख्न लगाइन् । यी दुई मात्र उनका भाषिक कृति थिएनन्, उनले अन्य शिलापत्रहरू पनि राख्न लगाएको पाइन्छ, जसबाट उनको भाषासाहित्य प्रेम छर्लङ्ग हुन्छ । ती कृतिको भाषिक, ऐतिहासिक साहित्यिक र सामाजिक महत्त्व रहेको यस कृतिकार प्रसाईको ठहर जायज लाग्छ । जगदम्बा प्रकाशनले रानीको यो कृति प्रकाशित गरेर नेपाली साहित्यलाई ठूलो गुण लगाएको छ भने यस जीवनीकारले 'राजधर्म'बाट उद्धृत महाभारतका केही रोचक प्रसङ्गलाई आफ्ना कृतिमा उद्धृत गरेर लेखिका प्रथम नारीस्रस्टाको भाषाका नमुना आफैँ चाखेर स्वाद लिने अवसर दिएका छन् ।

यो सानो समीक्षा एउटा लघु आलेख भएको हुँदा 'राजधर्म' ग्रन्थको खोजी गरिएन, समीक्षा लेखमा कृतिकारले उद्धृत गरेका केही अनुच्छेदका वाक्य वा वाक्यांशहरूलाई पुन: उद्धृत गर्ने लोभलाई भने संवरण गर्न सकिएन ।

उदाहरण–

क) जस्तो आगो हो, जस्तो विष हो, शत्रु पनि त्यस्तै हो भनी बुझी शत्रुको नाश गरी हाल्नु ।

ख) राजा नभयादेषि इ दुनिआहरू पनि गोठालो नभयाका पशुभैं, सवै तासिन्या थिया निर्धाका धन्लाई बलियाले लैजान्या थिया धन् नदिन्यालाई मार्न्या पनि थिया ।

राजा नभयादेसि वुडा भयाका आमावावु आचार्य पाहुना गुरु हन्लाई दु:ख दिन्या मार्न्या पनि थिया ।

ग) जस्तो बघिनीले आफ्ना छोराछोरीलाई दाँतले च्यापी डुलाउँछे दाँतले च्याप्दामा पनि कत्ति दुःख दिन्न तस्तै दुनियालाई कति दुःख नहुन्या गरी कर लिनु ।

घ) दैव मात्रै पुकार्ने आफुले काम नगर्ने यस्तो मानिस जो छ सो चाँडै नासिन्छ ।

ङ) शील भयाका मानिसले गर्न नसकिन्या केही कुरो पनि येस लोकमा छैन ।

च) धर्मपूर्वक धन् कमाउनु अधर्म गरेर कैल्हे पनि धन् कमाउन इच्छा नगर्नु ।

रानीले बोलिन वा लेखिन् मस्यौदा ...ले सारे

**राजधर्म विवाद**

रणबहादुर बासट्ठीहरण प्रकरण, त्यस काण्डबाट पीडित हुने एक खलकका इतिहासशिरोमणि बाबुराम आचार्य तथा राजा र राष्ट्रवादका प्रखर प्रवक्ता, अनुसन्धाता योगी नरहरिनाथबीचको त्रिपक्षीय सम्बन्धका कारण राजधर्मको लेखक सङ्कटमा परेको कुराको चर्चा उक्त शीर्षकमा परेको छ । तर बाबुराम आचार्यको तर्क फितलो, कहीँ कतै नेपाल दरबारप्रति चित्त कुँडाइबाट इतिहासको सत्यताप्रति आँखा चिम्लने वा सार्वजनिक रूपमा त्यसबारे सहमति जनाउने काममा इतिहासशिरोमणिबाट 'कन्जुस्याइँ' भएको ठहर पनि यस खण्डमा परेको छ । जाने, मानेका इतिहासकारले कालोलाई कालो र सेतोलाई सेतो भन्न हिचकिचाउँदा यसको प्रभावले इतिहासलेखन र पठनमा नकारात्मक असर पर्छ । यस कुरालाई भाषाविद् प्रा.बालकृष्ण पोखरेलले मध्यनजर गरी ललितत्रिपुरसुन्दरीको ठाउँमा अरू ललिता खोज्नु अनावश्यक भनेर जाहेर गरेको मतलाई प्रसाईले नाम विवादको टुङ्गो मानेका छन् ।

ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत शीर्षकको अध्यायले अघिल्लो अध्यायमा चर्चित विवादलाई उनी प्रथम नेपाली नारीस्रस्टा भएको र सोसम्म उनीबाट अनूदित कृति 'राजधर्म' नै भएको प्रमाणित गर्न खाजेको छ । यस पक्षमा प्राज्ञिक मत बटुल्ने क्रममा कृतिकार प्रसाईले यथेष्ठ प्रमाण जुटाएका छन् । धेरै नाम चलेका प्राज्ञिकहरूले 'राजधर्म'को महारानी ललितत्रिपुरसुन्दरीकै भएको मत जाहेर गर्दा प्रस्तुत कृतिको उपस्थिति लेखकको सार्थक प्रयास हुन सकेको छ र यसबारे अन्य मत आउने सम्भावना क्षीण नै भएको छ ।

कृतिकार नरेन्द्रराज प्रसाईले स्रस्टा ललितत्रिपुरसुन्दरीको 'राजधर्म' र अन्य साहित्य, भाषा आदि प्रतिभाको गुणगान र उनलाई प्रथम नारीस्रस्टाको स्थान प्राप्त हुनुपर्छ भन्ने मतमा नेपालका धेरै स्वनामधन्य साहित्यकार, कवि, समालोचक आदिको ठूलै सङ्ख्या प्रस्तुत गरेका छन् । उनको महाभारत शान्तिपर्वको नेपाली अनुवाद 'राजधर्म'लाई सबैजसो विद्वान्ले प्रशंसा पनि गरेका छन् । यो एक ऐतिहासिक उपहार (नेपाली साहित्यलाई)सम्म भनेका छन् । अहिलेसम्म उनको समयकी उनी एक्ली साहित्यिक प्रतिभा पात्र छिन् जसले राजपाटको भुँवरीमा पनि आफ्नो सिर्जनालाई एउटा स्वरूप दिएर गइन् । उनी सिर्जनात्मक प्रतिभाका धनी थिइन् ।

साहित्यसाधनाबाहेक के थिए ललितत्रिपुरसुन्दरीका दैनन्दिनीहरू ? कृतिको छैटौँ अध्यायमा उनको राजकाजबारे चर्चा गरिएको छ । यसमा उनले आफ्ना सन्तान नभई पति श्री ५ रणबहादुर शाहको हत्या हुँदा सौतेनी पुत्र तथा युवराज घोषित शिशु गीर्वाणयुद्ध विक्रमको अभिभावक भएर राज्य चलाइन् । उनलाई प्रधानमन्त्री भीमसेन थापाको सहयोग, सद्भावना प्राप्त थियो आफ्नो युवा उमेरमै उनले छोरा गीर्वाणयुद्ध र नाति राजेन्द्रविक्रमसम्मलाई संरक्षण दिएको प्रसङ्ग रोचक छ ।

ललितत्रिपुरसुन्दरी ‘प्रथम नारी स्रष्टा ललितत्रिपुरसुन्दरी’ कृतिको अर्को परिच्छेद हो । यसमा रानी, शाह शासनको केन्द्र जनरल भीमसेन थापाकी देवीमाताको रूपमा रहेकी यी जनताबीच लोकप्रिय, तत्कालीन कवि साहित्यिक पात्रहरूले प्रशंसा गरिएकी ललितत्रिपुरसुन्दरीका समाजसेवाको चर्चा गरिएको छ ।

# इतिहासकै श्रेष्ठ नारी

## अक्षरशिरोमणि मदनमणि दीक्षित

नेपाली साहित्यमा जीवनीलेखनको अनिकाल परेको अवस्थामा नरेन्द्रराज प्रसाईले जीवनी साहित्यलाई मुख्य प्राथमिकता दिएका छन् । जीवनीलेखन शैलीलाई प्रसाईले आधुनिक ढाँचामा उभ्याएका



छन् । उनको जीवनीलेखन सिद्धान्तले मान्छेको सोझो जीवनचित्र छर्लङ्ग्याउनुका साथै वैज्ञानिक पद्धतिको गुरुत्तर दैलो पनि उघारेको पाइन्छ ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित ऐतिहासिक व्यक्तित्व ललितत्रिपुरसुन्दरी बारेको 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी' पहिलो र महत्त्वपूर्ण पुस्तक हो । त्यसो त प्रसाईले यसभन्दा पहिले जीवनीका मात्र बाह्रओटा* पुस्तक लेखिसकेका छन् ।

---

* २०७९ सालसम्ममा नरेन्द्रराज प्रसाईद्वारा लिखित जीवनीकृति अट्ठाइसओटा पुगेका छन् ।

ललितत्रिपुरसुन्दरीको जन्म संवत् १८५० मा भयो भनिएको छ । यद्यपि यो मितिबारे इतिहासकारहरूबीच एकै मत छैन ।

श्री ५ रणबहादुर शाहले बाह्र वर्षकी ललितत्रिपुरसुन्दरीलाई विवाह गरेर ल्याए । यो विवाह जनरल भीमसेन थापाको अग्रसरतामा भएको थियो । पर सर्नुभन्दा पहिले विवाहित ललितत्रिपुरसुन्दरी नै विधुवा भइन् । ललितत्रिपुरसुन्दरी श्री ५ रणबहादुर शाहकी पाँचौँ पत्नी थिइन् । इतिहाकारहरूले ललितत्रिपुरसुन्दरीको माइती थापा वा खड्का केचाहिँ हुन् भन्नेबारे विवाद गरे तापनि तिनी बगाले थापाकी छोरी थिइन् । उनी नेपाली हुन् भन्नेमा विश्वास गर्नुपर्ने देखिन्छ ।

ललितत्रिपुरसुन्दरीका काठमाडौँ उपत्यकामा दुईओटा धातु मूर्ति रहेका छन् । त्यसमध्ये छाउनीमा रहेको मूर्ति कहिले बन्यो भन्नेबारे निश्चित भन्न सकिँदैन । तथापि संवत् १९९२ मा श्री ३ जुद्धशमशेरले काठमाडौँको छाउनीमा स्थापित गरेको राष्ट्रिय सङ्ग्रहालय (म्युजियम)मा ललितत्रिपुरसुन्दरीको भव्य सालिक छँदै छ । ललितत्रिपुरसुन्दरीको ऐतिहासिक महत्त्व त्यसै सालिकबाट स्थापित भएको छ ।

ललितत्रिपुरसुन्दरी साँच्चै नै अद्वितीय सुन्दरी थिइन् । त्यसैले श्री ३ जुद्धशमशेरले तिनको भव्य सालिक राष्ट्रिय सङ्ग्रहालयमा राख्न लगाएका थिए । रानी, राजामाता, देशभक्त, समाजसेवी, धर्मपरायण, साहित्यकार र लामो अवधिसम्म देशको नायबी रहेकी ललितत्रिपुरसुन्दरीले समर्पित भएर राष्ट्रसेवा गरेकी हुँदा नै राष्ट्रिय सङ्ग्रहालयमा तिनको धातुमूर्ति स्थापित भएको हुनुपर्छ । राणाकालीन युगभन्दा अघि र पछि पनि उनको ठीक र उचित सम्मान र श्रद्धा गर्ने लहर चलेकै छ ।

ललितत्रिपुरसुन्दरीले काठमाडौँको त्रिपुरेश्वरमा शिवको भव्य मन्दिर बनाएकी थिइन् । त्यस परिसरमा अरू केही ससाना मन्दिरहरू पनि उनले बनाएकी थिइन् । त्यहाँ उनको सालिक र उनका विषयमा

अभिलेख पनि राखिएको छ । ती सबै महत्त्वपूर्ण योगदान गर्नुका साथै ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्व (राजधर्म अनुशासनपर्व) लाई 'राजधर्म'को नाउँले नेपाली भाषामा प्रस्तुत गरेर इतिहासमा नै श्रेष्ठता प्राप्त गरिन् । उनले संवत् १८८१ मा संस्कृत भाषाबाट नेपाली भाषामा 'राजधर्म' अनुवाद गरेकी थिइन् । यसबारे नरेन्द्रराज प्रसाई लेख्छन्– 'राजधर्म'को अनुवादबाट ललितत्रिपुरसुन्दरी एउटी गतिली आख्यानकारमा स्थापित भइन् । त्यस कालमा न शिक्षाको प्रबन्ध थियो न नारीशिक्षामा बढावा थियो । त्यस बखत पढेर, लेखेर होइन; लेखक, कवि र पण्डितहरूसँगका सत्सङ्गतले उनी सर्जक बनेकी थिइन् । किशोरी वयमै उनीमाथि बज्रन गएको कठोर वैधव्यका कारण जीवनलाई हेर्ने अन्तर्मुखी र अध्यवसायी दृष्टिकोणबाट प्रेरित भई उनले 'राजधर्म'को अनुवाद गरेको हुनुपर्छ भन्ने इतिहासकारहरूको मान्यता छ ।'


नेपालको इतिहासकी त्यस्ती अद्वितीय र बालविधुवा नारीबारेको कृति नइ प्रकाशनमार्फत नरेन्द्रराज प्रसाईद्वारा 'प्रथम नारीसष्टा ललितत्रिपुरसुन्दरी' प्रकाशमा आएको छ । आफ्नो सुकर्मद्वारा इतिहास बनाएकी ललितत्रिपुरसुन्दरीबारे इतिहासका पुस्तकहरूमा सामान्य उल्लेख मात्रै भएको पाइन्छ । त्यसैले ललितत्रिपुरसुन्दरीको इतिवृत्त लेखेर नरेन्द्रराज प्रसाईले आफ्नो निम्तिसमेत उल्लेख्य प्रतिष्ठा कमाएका छन् । प्रसाईप्रति म आफ्नो हार्दिक पुष्पाञ्जली अर्पित गर्छु ।

• १४ भदौ, २०६४

# ‘राजधर्म’ प्रथम दियो बन्यो

**डा.मोदनाथ प्रश्रित**

नेपाली साहित्यको विगत चार दशकजतिको इतिहासमा अत्यन्त मिहिनेती स्रष्टा र अभियन्ताका रूपमा लेखिनैपर्ने एक व्यक्तिको नाउँ नरेन्द्रराज प्रसाई पनि हो । आफूले आफ्ना भावगङ्गा मात्र नलेखेर इतिहासमा उपेक्षित भएर छोपिएका र पुरिएका स्रष्टाहरूलाई समेत आफ्नो अथक श्रम र सीपद्वारा खनेर, टकटक्याएर, धोएर, पखालेर, उजिल्याएर प्रस्तुत गर्न सक्ने प्रसाईको लेखनधारा चमत्कारी र अनुकरणीय छ । विगत र वर्तमानमा समेत उपेक्षा वा अन्यायमा परेका व्यक्तित्वहरूप्रतिको प्रसाईबाट गरिएको न्याय हाम्रो समाजले बिर्सन मिल्दैन । स्रष्टा मात्र नभएर द्रष्टासमेतका प्रसाईसँग सधैँ कुनै न कुनै नवीनतम साहित्यिक योजना



देखिन्छन् र हुन्छन् । लेखन र सम्पादन गरेर सात दर्जनजति कृतिका सर्जक रहिसकेका प्रसाईका बारेमा वर्तमानले न्याय गरोस् या नगरोस् तर उनको कृतित्वमाथि भविष्यले अवश्य नै न्याय गर्नेछ भन्ने मलाई

लाग्दछ । किनभने वर्तमानमा लेखकलाई सशरीर बढी चिनिन्छ र शरीरको अवसानपछि उही लेखकलाई भविष्यले कृतिकै आधारमा चिन्ने गर्छ र सही मूल्याङ्कन पनि गर्ने गर्छ ।

संसारमा कुनै पनि व्यक्तिलाई नजिकिएर हेर्दा अधिकांशमा केही न केही व्यक्तिगत कमी कमजोरी भेटिन्छन् नै ! कृतिगत मूल्याङ्कनमा तिनले प्रभाव नपार्ने पनि होइन । तर कृतिको ओजस्विताका अघिल्तिर झिनामसिना दोषहरू खोतल्ने छिद्रान्वेषी तत्त्वहरूको मात्र काम हुने गर्छ । त्यस्ता छिद्रान्वेषी तत्त्वहरू आफ्ना आङको भैँसी लुकाउँछन् र अर्काको आङको जुम्राको खोजी गरिरहेका हुन्छन् । फेरि समाजमा केही यस्ता तत्त्वहरू पनि हुन्छन् जो आफू काम गर्दैनन् र तिनीहरू अर्काले काम गरेको पनि देखी सहँदैनन् । दोष नमानिने दोषका पछि लागेर कुनै विशिष्ट प्रतिभाको तेजोवध गरेर उसलाई हतोत्साही पार्ने कुपात्रहरू वर्तमानमा मात्र नभएर हाम्रो इतिहास र पुराणका कथाहरूमा पनि प्रशस्तै भेटिन्छन् । त्यसो हुनाले अहिले नरेन्द्रराज प्रसाईको पनि समग्र साहित्यिक योगदानका बारेमा वर्तमानले न्याय गरेको जस्तो मैले देखेको छैन र सुनेको छैन । हुन त यस लेखमा मेरो नै पनि उनको समग्र साहित्यिक योगदानका बारे नभएर उनले लेखेको एउटी ऐतिहासिक नारी पात्रको जीवनीकृतिबारेमा चर्चा गर्ने उद्धेश्य रहेको छ ।

नरेन्द्रराज प्रसाईले जीवनी लेख्ने क्रममा उक्त जीवनीका सन्दर्भका ससानादेखि ठूला विषयमा सम्बन्धित व्यक्तिहरूसँग सोधीखोजी गर्ने गरेको मैले नै पनि देख्दै र सुन्दै आएको छु । उनले जीवनी लेख्ने क्रमका कुनै पनि जीवित नायकका बारे उनैसँग उनका बारेमा यथेष्ट पर्गेलेर लेखेका हुन्छन् र बितिसकेका कृतिनायक भए ती कृतिनायकका सेरोफेरो, छेउटुप्पो कतै न कतै, कुनै न कुनै सूत्र फेला पारेर, सम्बन्धितभित्रभित्र पसेर त्यसैमा आफूलाई डुबाएर प्रशस्त खोजबिनपछि मात्र उक्त जीवनी प्रस्तुत गर्ने गरेको मैले नजिक बसेर देखेको छु,

पाएको छु । जसले गर्दा उनको लेखन सत्यको धेरै नै नजिक पुगेको हुन्छ । उनीद्वारा लेखिएका आदिकवि भानुभक्त आचार्य, आदिगायक सेतुराम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, लैनसिंह बाङ्देल, सत्यमोहन जोशी, कोइलीदेवी, वानीरा गिरी, पारिजात, प्रेमा शाह आदिका जीवनीकृतिहरू यसका जीवन्त साक्ष्य हुन् । चारपाँच सय फुटकर जीवनी र झन्नै तीन दर्जन जीवनीकृतिमध्ये पन्ध्रसोहओटा एकल जीवनीका सग्ला पुस्तकहरू प्रसाईले लेखी प्रकाशनसमेत गरिसकेका छन् । अत्यन्त मनोयोगपूर्ण भावमा नेपाली भाषासाहित्यको जीवनी विधामा प्रसाईंझैँ अहोरात्र जुटेको अर्को व्यक्ति मैले फेला पारेको छैन ।

साहित्यमा जीवनी साहित्यको विशिष्ट महत्त्व छ । समाजका लागि प्रेरक हुने कुनै विशिष्ट व्यक्तिको जीवनी लेखिनु उक्त कृतिनायकप्रतिको कृतज्ञता त हुँदै हो साथै यो विषय राष्ट्र र समाजका लागि पनि योगदान हो । जुन भाषासाहित्यमा जति धेरै जीवनी साहित्य समाविष्ट हुन्छ त्यस भाषासाहित्यलाई त्यति नै गुणग्राही मानिन्छ । यस अर्थमा नेपाली साहित्यमा प्रशस्त जीवनीलेखन भित्र्याएर प्रसाईले नेपाली समाजलाई नै गुन लगाएका छन् ।

साहित्यको पुरातन अन्वेषणमा समेत दत्तचित्त भएर लागिपर्ने प्रसाईको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (२०६४) पनि अर्को अन्वेषणात्मक कृति हो । यस कृतिको निर्माणको साक्षी म पनि छु । केही विवादहरूले समेत चर्चित र तिनै विवादहरूका खिचातानीले समेत छोपिएकी रानी ललितत्रिपुरसुन्दरीका विषयमा नरेन्द्रराज प्रसाई लेख्तालेख्तै एक पटक ठूलै द्विविधामा परेका थिए । 'यदि नरेन्द्रराज प्रसाईबाट पनि ललितत्रिपुरसुन्दरीको जीवनी नलिखिँदो हो त यो तथ्य झनै बिलाएर पनि जान सक्छ । लेखकले आफूले देखेको सत्य खोल्न हिचकिचाउनु हुन्न, डराउनु हुन्न' भन्ने सल्लाह प्रसाईलाई मैले नै पनि दिएको थिएँ । तर त्यस बेला मलाई नै पनि प्रसाईले ललितत्रिपुरसुन्दरीका बारेमा यत्तिका तथ्यहरू सङ्कलन गरिसकेको

कुरा थाहा थिएन । यस पुस्तकमा समाविष्ट ती तथ्यपूर्ण लेखनले मलाई आश्चर्यमिस्रित खुसी दिलाएको छ ।

गोविन्द भट्टको भूमिकाबाट सुरु भएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तक आकारका दृष्टिले त्यति ठूलो नहोला । तर अन्वेषणात्मक रूपले प्रस्तुत गरिएको यस पुस्तकले आँक्न सकेको पाटो हेर्दा यसलाई यसका गुण र तथ्यका आधारमा सानो पनि भन्न मिल्दैन । महाभारतको अनुशासन पर्वअन्तर्गतको 'राजधर्म'बारे अनुवाद गरिएको सन्दर्भमा प्रसाईले ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टाका रूपमा प्रस्तुत गरेका छन् । आदिकवि भानुभक्त आचार्यभन्दा सोह्र वर्षअघि नै नेपाली साहित्यलाई ललितत्रिपुरसुन्दरीले 'राजधर्म' दिइसकेकी थिइन्, तर प्रसाईभन्दा अघिका लेखकले उनलाई लेखकका रूपमा उल्लेख गर्न हिचकिचाइएको प्रसङ्गका सन्दर्भमा गोविन्द भट्टद्वारा प्रसाईलाई लेखिएको चिठीमा चर्चा गरिएको छ ।

नेपालको शाहकालीन इतिहासका एक जीवन्त, अविस्मरणीय, प्रेरक र विवादास्पद पात्र भीमसेन थापाका साथ राजकाजमा ललितत्रिपुरसुन्दरीको नाम खोटोजस्तो टाँस्सिएरै जोडिएकै हो । त्यसै कालखण्डमा उनले 'राजधर्म' लेखेकी र त्यस विषयमा विद्वान्हरूका बीच विवाद हुनु र उनलाई लेखकका रूपमा स्वीकार गर्ने र नगर्ने बीचको द्वन्द्वमा उनको नाउँ नै छोपिनुजस्ता अवस्था पनि आएका थिए । यी यावत् झन्झट र बाधाहरूको सामना गर्दै विभिन्न स्रोत र प्रमाण जुटाई नरेन्द्रराज प्रसाईले ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टाका रूपमा उभ्याएर साहसिक काम गरेका छन् । ललितत्रिपुरसुन्दरीको 'राजधर्म' छाप्ने अन्वेषक कमल दीक्षितले नै उक्त किताप छापिएको ४५ वर्षपछि मदन पुरस्कार गुठीको मुखपत्र 'नेपाली'मा लेखेका छन्– '२०१९ सालमा प्रकाशित गर्दा 'राजधर्म'को लेखक (अनुवादक) यही हो भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न

सकेको थिएन । प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा गरेका छन् ।'

नेपालको उन्नाइसौँ शताब्दीको पूर्वार्द्धको समय भनेको संस्कृत भाषाको बोलबाला रहेको र नेपाली भाषा लेख्यभन्दा बोलीचाली मात्रकै भाषा हुनु तत्कालीन समयको एउटा शक्तिशाली पहिचान थियो । नेपाली भाषाको सहजीकरण र सम्मानका साथै दुरूह संस्कृत भाषामा लेखिएको सरल नेपाली भाषामा पस्किएर आफ्नो राजकीय स्वार्थसिद्ध गराउने नियत पनि यस 'राजधर्म'को अनुवाद लेखनमा देखिन्छ । त्यस बेला आफ्ना सन्ततिहरू र जनज्ञानका लागि लेखकका लागि यो आवश्यकीय कुरा पनि थियो ।

पटकपटक नायबी शासकका रूपमा रहेकी अभिजात्यवर्गकी अर्थात् शासकवर्गकी रानी ललितत्रिपुरसुन्दरीले 'राजधर्म'को अनुवादको लक्ष्य नेपाली भाषाको सेवाभन्दा पनि आफ्नो शासनसत्ताको जग बलियो पार्ने योजनाको एउटा अस्त्र हुन सक्छ । उनी नेपाली भाषाकी साधक त पक्कै थिइनन्, न उनीजस्ती क्रियाशील नायबी शासकलाई नेपाली साहित्यको साधनाका लागिपर्ने समय र अवसर नै थियो । त्यसैले उनले आफ्नो शासनसत्ताको बलियो पकडका सन्दर्भमा जनतामा समेत राजधर्मको शिक्षा प्रसारका लागि नेपाली जनबोलीको सहायता लिने प्रयत्न भने पक्कै गरेको हुनुपर्छ । उनीद्वारा गरिएको सोही प्रयत्न नै उनले पनि थाहा नपाई उनीबाट नेपाली भाषासाहित्यको कालरात्रिका बेला बालिएको 'राजधर्म' नै प्रथम दियो बनेको हो ।

कुनै पनि शासकले जनताका लागि काम गर्ने भनेको पनि सर्वप्रथम आफ्नै सत्ता टिकाउनका लागि हो । यसरी ललितत्रिपुरसुन्दरीद्वारा प्रस्तुत 'राजधर्म' अनुवादको अभीष्ट पनि शाहवंशीय राजाहरूलाई राजाको धर्म र तत्कालीन जनतालाई राजाप्रतिको धर्मबारे सचेत गराउनु र शाहवंशको सत्ता बलियो पार्नु नै देखिन्छ । अभीष्ट जे भए पनि त्यसरी तत्कालीन समयमा नेपाली

भाषामा अनुवाद हुनु नै विशिष्ट कर्म हो र त्यसमा पनि नारीद्वारा यस महनीय कर्म हुनु ज्यादै विशिष्ट कार्य हो ।

अझै पनि नारी र पुरुषका बीच विविध विभेदात्मक परिपञ्चबाट नेपाली समाज मुक्त नभएको अवस्थामा विगतमा ललितत्रिपुरसुन्दरीको नाउँ 'राजधर्म'की स्रष्टाका रूपमा उजागार नहुनु त्यति अनौठो त हुँदै होइन । तर त्यसरी ललितत्रिपुरसुन्दरीलाई लेखकका रूपमा खुलेर व्याख्या गर्न हिचकिचाइरहेको अवस्थामा नरेन्द्रराज प्रसाईले किटानी गरेर नै प्रथम नारीस्रष्टाका रूपमा स्थापित गराउने साहस गर्नुचाहिँ नेपाली साहित्यमा विशिष्ट चुनौतीपूर्ण घटना हो । प्रसाईले हचुवापूर्ण तरिकाले नभएर सत्य र तथ्यको खोजका साथ ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की अनुवादक हुन् र कृतिको प्रारम्भ र अन्त्यमा उनैद्वारा लेखिएको मौलिक कविताका आधारमा उनी नै प्रथम नारीस्रष्टा हुन् भनेर अडान लिएका छन् । इतिहास भनेको जहिल्यै पनि र जहाँसुकैको पनि अनुसन्धानको विषय हो । सत्य र तथ्यको खोज प्रत्येक युगमा नयाँनयाँ संयन्त्रका सहयोगमा भइरहनु नै पर्छ । जुन भाषामा जति धेरै अनुसन्धान हुन्छ र नयाँनयाँ तथ्यहरू प्रकट हुँदै जान्छन् उक्त भाषा त्यति नै जीवन्त हुन्छ । यस प्रकारको अनुसन्धानात्मक प्रवाह निरन्तर रहनुपर्छ । प्रसाईको पुष्टचाइँभन्दा पछिल्लो अनुसन्धान नआउन्जेलसम्म र उनको प्रस्तुतिलाई तथ्य र सत्यले खण्डन नगरुन्जेलसम्म विद्वत्जनले प्रसाईकै मतलाई स्वीकार गर्नुको विकल्प भने छैन ।

अर्को कुरा प्रसाईले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकमा प्रस्तुत गरेका ललितत्रिपुरसुन्दरीको धर्मसंस्कृतिप्रतिको अनुरक्तिका फेहरिस्त हेर्दा पनि अर्को आश्चर्य लाग्दछ । काठमाडौँ उपत्यकामा मात्र नभएर भारतको काशीमा समेत देवालयहरूको निर्माणमा उनको विशिष्ट उपस्थितिले उनको कर्मठता जाहेर गरेको छ । संसारकै इतिहासमा अधिकांश राजामहाराजाहरू भनेको ऐस, मोज र भोगका

प्रतिनिधि मानिन्छन् र तिनका महारानीहरू भनेका ती राजामहाराजाका भोग र वासनाका साधन मानिन्छन् । नेपालका अधिकांश राजारानीहरू पनि त्यसै वर्गमा पर्दछन् । तिनीहरूमध्ये धेरैजसोले राष्ट्र वा जनताका लागि त्यस्तो विशिष्ट किसिमको कुनै कार्य गरेको पनि पाइँदैन । त्यसैले नै राजतन्त्रलाई सामन्ती व्यवस्था मानिएर जनताद्वारा पछिल्लो समयमा संसारभरिका अधिकांश देशहरूका राजामहाराजाहरूको उन्मूलन नै गरिएको पाइन्छ ।

राजामहाराजाहरू भनेका सामान्तीका रूपमा चिनिने परिपाटीमा राष्ट्रनिर्माता पृथ्वीनारायण शाहद्वारा स्थापित नेपालको शाहवंशको इतिहासभित्र एउटी ज्वलन्त नायबी शासकका रूपमा रहेकी रानी ललितत्रिपुरसुन्दरीद्वारा प्रतिपादित साहित्य र संस्कृतिका क्षेत्रका क्रियाकलापहरू देख्दा उनको व्यक्तित्व र कृतित्व श्रद्धा गर्नलायकको देखिएको छ ।


नरेन्द्रराज प्रसाईको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक पुस्तक जीवनी साहित्यमा एउटा थप गौरवपूर्णको उदाहरण बनेको मैले महसुस गरेको छु ।

# लेखनकी पहिलो नारी पाइला*

**प्रा.राजेन्द्र सुवेदी**

**१. विषयप्रवेश**

नरेन्द्रराज प्रसाई जीवनीलेखनमा सिद्धहस्त मानिन्छन् । खास गरेर उनको जीवनीलेखनीले अग्रजहरूलाई समेत लोभ्याएको छ ।



लेखनमा उनको अविश्रान्त साधना र जीवनीलेखनको विश्वसनीयताकै कारणले महासमालोचक डा.वासुदेव त्रिपाठीद्वारा प्रसाईकृत जीवनीहरूबारे दुईओटा समालोचनात्मक कृति नै लेखिएका छन्; १. 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' (२०७२) र २. 'नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श' (२०७६) । प्रसाईको जीवनीलेखनकलाकै सिलसिलामा एक दिन मदनमणि दीक्षितले मसँग भनेको कुरा म सम्झन्छु– 'नरेन्द्रराज प्रसाईले नलेखेका भए कीर्तिनिधि विष्ट, पारिजात,

* नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

बाङ्देल, महाकवि देवकोटा, सेतुराम आदिका धेरै कुरा हराएर जान सक्थे । भानुभक्तलाई प्रसाईले नै थप मूर्त रूप दिए । ललितत्रिपुरसुन्दरीका बारे त्यति बिघ्न तथ्यहरू रहेछन्; तर अन्वेषकहरू यस विषयमा त्यतिसारो गहिरिएका थिएनन् । जीवनीलेखनमा प्रसाईको महत्त्वपूर्ण भूमिका देखियो ।'

व्यक्तिको जीवनगत आयाम जन्मबाट आरम्भ भएर मृत्युको सीमासम्म फैलिएको हुन्छ । तर उसका संस्कारगत व्यवहार तथा क्रियाकलाप र आचार व्यवहारले उसको अस्तित्वलाई जन्मपूर्वकै समाजको संस्कारदेखि र मृत्युपश्चात्को अनन्तकालसम्म पनि गति प्रदान गरेर जीवन्त बनाइराखेको हुन्छ । नेपाली साहित्यका प्राथमिक कालका प्रतिभाहरूमध्ये प्रसाईले ललितत्रिपुरसुन्दरी र भानुभक्त आचार्यको जीवनीलाई निबन्धीकृत गरेर समीक्षाको स्वरूप प्रदान गरेको अवस्था छ । कालक्रमका आधारमा पहिलो बिन्दुमा पर्ने स्रष्टा ललितत्रिपुरसुन्दरीको जीवनवृत्त र सृजनकर्ममा केन्द्रित गरेर लेखिएको कृति 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' (२०६४) विषयक प्रस्तुत समीक्षा यहाँ प्रस्तुत गरिएको छ । यो कृति परकीय जीवनीमा केन्द्रित छ र यसले नेपाली साहित्यको जीवनीलेखनको कर्मलाई थप प्रतिष्ठा प्रदान गरेको छ । आख्यान र निबन्धको सम्मिश्रणमा समीक्षादृष्टि सम्प्रेषित गरिएको लेखनकर्म जीवनी हो भन्ने सन्दर्भ यस कृतिले प्रस्तुत गरेको छ । यसै विषयलाई केन्द्रमा राखेर यो समीक्षा कार्य सम्पन्न गरिएको छ ।

ललितत्रिपुरसुन्दरी लघु आकृतिको जीवनीकृति हो । यसमा जीवनीको विषय बनाइएका स्रष्टाको जीवनयात्रा, सृजनकर्म र सृजनादृष्टिलाई प्रमुख विषय बनाइएको छ । नेपाली भाषासाहित्यको सन्दर्भमा पहिलो नारीस्रष्टाका रूपमा अभ्युदित बनेकी र शाहवंशीय साहित्य स्रष्टामा पनि स्थान लिन पुगेकी प्रतिभा नेपाली साहित्यको प्राथमिक कालकी स्रष्टाका रूपमा स्थापित बनेकी ललितत्रिपुरसुन्दरीको

उपस्थापन भएको देखिन्छ । १८५० सालमा जन्मेकी ललितत्रिपुरसुन्दरीको जीवन लगभग चालिस वर्ष कायम रहेको र यसबीचमा उनले गरेका विशिष्ट कार्यहरूको अभिलेखन गर्ने काम पनि यसै जीवनी ग्रन्थसँग जोडिएको छ । ललितत्रिपुरसुन्दरीको जीवनकालमा नेपालको राजनीतिक तथा कूटनीतिक क्षेत्रमा अनेक स्थितिहरू आइपरेका छन् र सिङ्गो मुलुकमा अनेक उतारचढाउहरू पनि आएका छन् । ती सबै यहाँ विषयका रूपमा प्रयोग हुन आएका छन् । राजा रणबहादुर शाहकी कनिष्ठ पत्नीको रूपमा राज्यको बागडोर हातमा लिन पुगेका बेला मुलुकमा आएका अनेक नकारात्मक मोडहरू ललितत्रिपुरसुन्दरीको क्रियाकलापका कारण सकारात्मक मोड लिन पुगेका छन् । नेपालको इतिहासमा आएका यी अनेक सकारात्मक स्थितिहरू पनि यस ग्रन्थमा वर्णित विषय बनेका छन् । रणबहादुर शाहको शासनकाल १९५० सालपछिका वर्षहरूमा रहेको र उनको अस्थिर राज्यसञ्चालनको आचरणका कारण देशमा आएको अस्थिरताको समयमै ललितत्रिपुरसुन्दरीसँग राजाको बिहा भएको सन्दर्भ पनि यहाँ विषय बनेको छ ।

ललितत्रिपुरसुन्दरीको विवाह तेह्र वर्षको कैशोर्यकालमा १९६१ सालतिर राजा रणबहादुर शाहसँग भएको सन्दर्भ विभिन्न तथ्यहरूबाट पुष्टि हुन्छ । राजराजेश्वरी, सुवर्णप्रभा, कान्तवती र चन्द्रावतीपछि पाँचौँ पत्नीका रूपमा पाणिगृहीत ललितत्रिपुरसुन्दरीको विवाह गरेको दुई वर्षपछि नै शाहको निधन भएका कारण दरबारको अस्थिरता पनि निकै बढेको देखिएको छ । यिनै विशेषताका कारण केटाकेटीमै उनमा निकै गहन जिम्मेदारी आएको सन्दर्भ पनि यहाँ प्रकटमा आएको देखिन्छ । रणबहादुर शाहकी कान्छी पत्नीका रूपमा स्थापित बनेकी ललितत्रिपुरसुन्दरीले नाबालक सौतेनी छोरा गीर्वाणयुद्ध वीरविक्रम शाहलाई निर्देशन गरेर राज्यको परिचालन गर्ने जिम्मा आफ्ना काँधमा आएको र त्यसलाई निर्वाह गरेको सन्दर्भ पनि यहाँ विषयका रूपमा

उपयोग भएको छ । नेपाल अङ्ग्रेजबीचको युद्ध, सुगौलीको सन्धि, भीमसेन थापाको उदय, नेपालमा फ्रान्सेली शैलीको सैनिक प्रशिक्षणको आरम्भ ललितत्रिपुरसुन्दरीकै राज्यनिर्देशन कालमा भएको देखिन्छ । यी अनेक किसिमका अस्थिरता र ऊहापोहका बीचमा उनको जीवनयात्रा गुज्रेको स्थिति यस समयको विशेषता बनेर रहेको देखिन्छ । राज्य परिचालनको अनुशासन निर्देश गर्ने ध्येयले ललितत्रिपुरसुन्दरीले महाभारतको शान्तिपर्वलाई नेपाली गद्यमा अनुवाद गर्ने र त्यसलाई कतिपय सन्दर्भमा नेपाली पद्यमा पनि प्रस्तुत गर्ने काम भएका कारण यस जीवनीको महत्त्व साहित्य र समाज विज्ञानका सन्दर्भमा समान रूपमा विस्तारित बनेको छ ।

## २. ललितत्रिपुरसुन्दरी जीवनकालको साहित्यिक पर्यावरण

१८५५ सालको 'हास्यकदम्ब'मा देखिएका शक्तिवल्लभ अर्यालले नेपालको तत्कालीन राजनीतिक तथा सामाजिक पर्यावरणले नेपाली साहित्यमा जन्माएको व्यङ्ग्यचेतना, काव्यात्मक तथा नाटचचेतनाको आविर्भाव भएको संवेदनाका स्थितिहरू नेपाली साहित्यले आत्मसात् गर्दै गएको विषय पनि यस समयको विशिष्टता बनेको छ । उदयानन्द अर्याल, यदुनाथ पोखेल, रघुनाथ पोखेल आदिको सृजनकर्म फस्टाउँदै गरेका समयमा नेपालको राज्य विस्तारको अभियानमा कुठाराघात गर्ने परिस्थिति सुगौलीको सन्धिले जन्माइदियो । भौतिक सन्दर्भका नायकहरूको आचरणले राज्यको महत्तामा पुऱ्याएका कुठाराघातका कारण भौतिक नायकप्रति अविश्वास, वितृष्णा र दैवी नायकप्रति विश्वास बढ्दै गयो । नेपाली साहित्यको प्राथमिक कालका काव्यनायक भानुभक्त आचार्यको जन्म पनि यसै समयमा भएको हो । सामाजिक, राजनीतिक र विश्वराजनीतिक पर्यावरणको प्रभाव भानुभक्तलाई बाल्यकालमै पर्न लागेको र लौकिक वीरको उपेक्षा तथा अलौकिक वीरको प्रशंसा पनि यस समयको पर्यावरणमा व्याप्त बन्दै गएको थियो भन्ने कुरा वसन्त शर्माको 'कृष्णचरित्र'जस्ता कृतिले स्थापना

गरेको सन्दर्भ पनि यहाँ व्यापक अवस्था प्रकट भएको छ । भवानीदत्त पाण्डेको 'तत्त्वबोध' र 'मुद्राराक्षस'जस्ता कृतिले पनि तत्कालीन साहित्य र सांस्कृतिक पर्यावरणको आकृतिलाई विषयको स्वरूप प्रदान गरेको स्थिति देखिन्छ ।

सुन्दरानन्द बाँडाले 'अध्यात्म रामायण'जस्तो विशाल कायको ग्रन्थ पनि नेपालीकरण गरे । यसले जन्माएको साहित्यिक तथा सांस्कृतिक पर्यावरणमा भानुभक्त आचार्यले सिङ्गो रामायणलाई नेपाली महाकाव्यको स्वरूप प्रदान गर्ने ऊर्जा प्राप्त गरे । यस किसिमको विशेष पर्यावरणमा लौकिक वीरहरूप्रतिको आकर्षण हट्नु हुन्न भन्ने विश्वास जागृत गराउन प्रयत्नशील स्रष्टाहरूमा यदुनाथ पोखेलको विशेषताको उत्कर्ष धुरीमा ललितत्रिपुरसुन्दरीले राजधर्म 'शीर्षक दिएर महाभारतलाई बृहत् कायको ग्रन्थ नेपालीमा सृजनात्मक रूपान्तरण गरिएका प्रश्नहरू यहाँ विशेष विचारणीय विषय बनेर प्रकटमा आएका छन् । सुन्दरानन्द बाँडाको सृजनाको समय र ललितत्रिपुरसुन्दरीको सृजनाको समय एउटै भएका कारण कतिपय विद्वान्हरूले 'शङ्काको विषय बनाएर पनि विवेचना गर्ने गरेका छन् । नेपालको संस्कृति, साहित्य, राजनीति र सामाजिक मूल्यमा आएका अनेक उतारचढाउको स्थिति र राज्यको प्रतिष्ठामा बढी अभ्यास भएको समय पनि यही नै रहेको सन्दर्भ हो भन्ने कुरा पनि यहाँ प्रतिष्ठित बनेको स्थिति देखिन्छ । यिनै संवेदनाको परिधिमा स्रष्टा ललितत्रिपुरसुन्दरीको अभ्युदय भएको र सृजनात्मक ऊर्जा प्राप्त भएको सन्दर्भ प्रस्तुत जीवनीले स्थापित गरेको छ ।

### ३. जीवनी ग्रन्थको विषय स्थापना

'राजधर्म' प्रणयनका सन्दर्भ ललितत्रिपुरसुन्दरीद्वारा १३० अध्यायमा तयार गरिएको ग्रन्थ 'राजधर्म'को पुन: संस्करण प्रकाशन गर्ने र सम्पादन गर्ने क्रममा नरेन्द्रराज प्रसाईले जीवनी लेखेर समावेश गर्ने काम गरेका छन् । यस ग्रन्थमा स्रष्टा ललितत्रिपुरसुन्दरीले

सृजना गरेका अनुवादको साहित्यिक प्राप्ति र काव्य सृजनाको प्राप्ति सङ्केतको समीक्षण गर्ने क्रममा यस ग्रन्थका विभिन्न अध्यायको अन्तमा रहेका पद्यका आधारमा उनमा काव्यायनको चेतना पनि प्रबल थियो भन्ने कुरा ग्रन्थमा समाविष्ट पद्यहरूले प्रकट गरेका छन् । साहित्यिक चेतना र भावसंवेगको सम्भावना पनि उनमा थियो भन्ने कुरा यी तथ्यहरूले पुष्टि गर्दछन् । ग्रन्थका आयतनभित्रका निश्चित स्थानमा रहेका १३७ ओटा पद्यको निर्माणमा प्रकट भएको कवित्वका आधारमा समीक्षण गर्दा ललितत्रिपुरसुन्दरीको सृजना एक लघु काव्यको आयाम बराबर उपलब्धि आर्जन गर्ने किसिमको स्थितिमा देखिएको छ । यसै ग्रन्थको धरातलमा टेकेर प्रसाईले जीवनीको विषय निर्धारण गरेका छन् ।

प्रसाईले तयार गरेको जीवनी खण्ड पनि यसै 'राजधर्म'नामक ग्रन्थमा समावेश भएको छ । मूल ग्रन्थको एक खण्डका रूपमा तयार गरिएको प्रस्तुत कृति जम्मा तीनओटा खण्डमा व्यवस्थित भएको छ । यसको पहिलो खण्ड प्रकाशकीय र भूमिकाजस्ता केही औपचारिक विषयमा खर्च भएको छ । यस खण्डमा नइ प्रकाशनको प्रकाशकीय मन्तव्य, गोविन्द भट्टद्वारा लिखत भूमिका, ग्रन्थकर्ताको आत्मस्वीकृति पनि यस ग्रन्थको पूर्वसन्दर्भलगायतका विषय यहाँ समावेश भएका देखिन्छन् । प्रमुख भाग दोस्रो खण्ड हो र यसमा जम्मा सात प्रकरण व्यवस्थित गरिएका छन् । ग्रन्थको अन्तिम खण्डमा सन्दर्भसामग्री र लेखक प्रसाईको परिचय प्रस्तुत गरिएको छ । लघु कायको हुँदाहुँदै पनि प्रस्तुत ग्रन्थ आवश्यक अङ्ग समायोजन भएको एक पूर्ण ग्रन्थ तयार भएको छ । यसरी प्रस्तुत ग्रन्थको आकृतिको स्थापना गर्न सकिने अवस्था पनि यहाँ प्रस्तुत भएको छ ।

### ४. ग्रन्थको विषय व्यवस्थापन

प्रस्तुत ग्रन्थको मूल अङ्ग जम्मा सातओटा प्रकरणमा विभाजित भएको छ । ती प्रकरणहरूमा ललितत्रिपुरसुन्दरीको जन्म, व्यक्तित्व,

कृतित्व, राजकाज र सामाजिक तथा सांस्कृतिक योगदानको समीक्षामा केन्द्रित रहेर निरूपण गर्ने काम भएको छ । तिनमा क्रमश: 'ललितत्रिपुरसुन्दरीको जीवनीको झलक', 'ललितत्रिपुरसुन्दरीको लेखनयात्रा', 'ललितत्रिपुरसुन्दरीको लेखनशैली', 'ललितत्रिपुरसुन्दरीको राजधर्मको विवाद', 'ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत', 'ललितत्रिपुरसुन्दरीको राजकाज', 'ललितत्रिपुरसुन्दरीको समाजसेवा' समावेश भएका छन् । यी सातओटा प्रकरणहरूमा यस ग्रन्थले आफ्नो आकार प्राप्त गरेको छ । यसमा 'ललितत्रिपुरसुन्दरीको जीवनकालमा भएका राजकीय तथा भाषासाहित्य र समाजसेवाका कामहरू, सामाजिक व्यवस्थामा गरिएका योगदानहरू उल्लेख भएका प्रकरणहरूमध्ये धेरैमा विषयको औचित्य हेरेर उपप्रकरणको पनि व्यवस्था गरिएको छ । ती प्रकरण र उपप्रकरणमा प्रयुक्त विषयलाई निम्नानुसार निरूपण गर्नु सान्दर्भिक ठहर्छ :

**(क) ललितत्रिपुरसुन्दरीको जीवनीको झलक**

यस पहिलो प्रकरणलाई पाँचओटा उपप्रकरणमा व्यवस्था गरिएको छ । पहिलो उपप्रकरणमा ललितत्रिपुरसुन्दरीको पैत्रिक पृष्ठभूमि, जन्म, बाल्यकाल, कैशोर्यको प्रवेश र विवाहको सन्दर्भ अङ्कन गरिने सन्दर्भ सूचित गरिएको छ । उनका बाबुआमा थापा कुलका भएको र तिनको परिचयको अस्पष्टतालाई स्पष्टयाउने, उनको विवाह भएको सन्दर्भ र उनका अन्य सौताहरूको परिचय अनि तिनको हैसियतको व्याख्या, ललितत्रिपुरसुन्दरीको नामका विविधताका बारेमा भएका बहस, उनको राष्ट्रिय भावधारामा समर्पित हुने आचरणको स्थापना र नेपाली भाषा, साहित्य तथा संस्कृतिप्रतिको समर्पण भाव आविर्भाव भएको सन्दर्भ यस प्रथम प्रकरणको विषय बनेको छ । तत्कालीन समयमा नारीमा शिक्षाको चेतना प्रकट हुनु, संस्कृत भाषाको ज्ञान हुनु र संस्कृतिका सामग्रीलाई नेपालीकरण गर्ने ऊर्जा पनि प्राप्त हुनु यस प्रकरणको विशेष उपलब्धि बनेको छ ।

### (ख) ललितत्रिपुरसुन्दरीको लेखनयात्रा

ग्रन्थको दोस्रो शीर्षक 'ललितत्रिपुरसुन्दरीको लेखनयात्रा' रहेको छ । यस प्रकरणमा कार्यको आरम्भ र त्यसको विकास तथा प्राप्तिको तहसम्म पनि व्यवस्थित गर्ने प्रयत्नमा तयार भएको छ । एउटै प्रकरणमा टुङ्गिएका यस अध्यायमा प्रसाईले ललितत्रिपुरसुन्दरीमा लेखन चेतनाका आविर्भाव तथा लेखनयात्राको चर्चा गरिएको छ । राज्यको नायबी पद वहन गर्नुपरेको हुँदा राज्य सञ्चालनलाई व्यवस्थित र अनुशासित बनाउने सोचले उनलाई सृजनशीलतातर्फ उत्प्रेरित गरेको सन्दर्भ पनि यहाँ विषयका रूपमा व्यवस्थित गरिएको छ । देशभक्तीय चिन्तनले प्रेरित बनेकी राजमहिषीको चिन्तनधाराका सीमामा चरित्र निर्माण भएको सन्दर्भ लेखनको प्रेरक भूमि बनेको प्रसङ्ग यहाँ सृजनाको विषय बनेको छ । रूप सौन्दर्य र सृजनदृष्टिसमेतको सङ्गम बनेकी ललितत्रिपुरसुन्दरीको लेखनको आरम्भसमेत भएको सन्दर्भ पनि यहाँ प्रकट भएको देखिन्छ । यसमा राजमहिषीको भाषा तथा साहित्यप्रतिको समर्पण भावलाई संवेदनाको तह प्रदान गरेर जीवनीको सृजना गरिएको छ ।

### (ग) ललितत्रिपुरसुन्दरीको लेखनशैली

कृतिको तेस्रो प्रकरण 'ललितत्रिपुरसुन्दरीको लेखनशैली' शीर्षकमा तयार गरिएको छ । यो प्रकरण लघु आकृतिका जम्मा तेह्रओटा उपप्रकरणहरूमा तयार गरिएको छ र यसमा उनको लेखनशैली र त्यसमा प्रयुक्त चेतना एवं चिन्तनको विवेचना गरिएको छ । महाभारतको शान्तिपर्वभित्र रहेका राजकाज, व्यवहार, लेनदेन र मानवीय सांस्कृतिक आचरणका विविध विषयहरू संवेदनाका आयाम बनेर प्रकटमा आएका छन् । त्यस्ता सन्दर्भहरू यहाँ रचनाको विषय बनेर प्रस्तुत भएका छन् । घर, व्यवहार, परिवार, समाज र राज्य परिचालनका विषयबारेका मर्यादाहरू जीवनमा कसरी व्यवस्थित गर्न सकिन्छ ? तिनले समाजलाई के कस्तो प्रभाव प्रक्षेपण गर्न

सक्छन् र तिनको मर्यादा कसरी सन्तुलित बनाउनुपर्छ भन्नेजस्ता पक्षलाई यस प्रकरणले व्यवस्थित गरेर प्रकाशमा ल्याएको छ । महाभारतले प्रस्तुत गरेको आशयलाई नेपाली भाषाको सशक्त गद्यका आवरणमा प्रतिष्ठापन गर्ने कला ललितत्रिपुरसुन्दरीका सृजनधर्ममा प्रवृत्त बनेको छ भन्ने तथ्य पनि यस सन्दर्भले प्रतिपादन गरेको अवस्था देखिन्छ ।

**(घ) ललितत्रिपुरसुन्दरीको राजधर्मको विवाद**

'राजधर्म'नामक विशाल र सशक्त चिन्तन प्रक्षेपण गर्ने ग्रन्थ ललितत्रिपुरसुन्दरीबाट सृजना हुनुलाई विशेष चमत्कारकै विषय मानिन्छ । छओटा उपप्रकरण खर्च गरेर तयार गरिएको प्रस्तुत प्रकरण समीक्षा चेतनाका आधारमा व्याख्या हुन सक्ने देखिन्छ । अनुसन्धान शिल्प प्रयोगका आधारमा तयार भएका यस प्रकरणमा तुलनात्मक चेतना पनि प्रयोग भएको छ । राजधर्मको लेखन ललितत्रिपुरसुन्दरीबाट सम्भव हुने वा नहुने चेतनाका पक्षहरू नेपाली भाषाका विशिष्ट व्यक्तित्व बालकृष्ण पोखरेल, इतिहासका विद्वान् बाबुराम आचार्य, धनवज्र वज्राचार्यलगायतका व्यक्तित्वहरूबाट भएको समीक्षात्मक टिप्पणीका आधारमा ग्रन्थको स्रष्टाविषयक आधिकारिकताका सन्दर्भहरू प्रकाशमा आएका छन् । निष्कर्षमा ललितत्रिपुरसुन्दरीको सृजनाचेतको प्राप्तिलाई केन्द्रमा राखेर समीक्षा गर्ने काममा यो प्रकरणभित्रका प्रत्येक उपप्रकरणहरूले पुष्टि गरेका छन् । यसले ललितत्रिपुरसुन्दरीको सृजनाका विषयमा आएका मतमतान्तरहरूको प्राप्तिका निम्ति निकै सहयोग पुऱ्याएको छ ।

**(ङ) ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत**

ललितत्रिपुरसुन्दरीको शैक्षिक तह र विद्वत्ताको विषयमा उठेका विभिन्न प्रश्नहरूले ललितत्रिपुरसुन्दरीको प्रज्ञा चेतनाका हकमा निकै संवेदनशील समस्याहरू अगिल्तिर ल्याएका छन् । यस प्रकरणलाई एउटै मात्र उपप्रकरणमा व्यवस्थापन गरिएको छ । इतिहास, भाषा र

साहित्यका विद्वान्हरूले ललितत्रिपुरसुन्दरीको उपस्थितिका विषयमा निकै विश्लेषण र व्याख्या गर्ने काम गरेका छन् । उनको साहित्य सेवा, राजनीतिक तथा सामाजिक र सांस्कृतिक विषयका चिन्तनलाई सहज र संवेद्य ढङ्गले प्रस्तुत गर्दै ललितत्रिपुरसुन्दरीको अस्तित्व र योगदानका विषयमा चर्चा गरेका छन् । यस दृष्टिले नेपाली गद्य साहित्यमा प्राथमिक कालमा भएको उनको योगदानका विषयमा पनि सहज र संवेद्य ढङ्गले चर्चा गरेका छन् । नेपाली साहित्यका विशिष्ट प्रतिभाहरूका बीचमा र नेपालका राजनीतिक चिन्तकहरूका बीचमा आएका ऊहापोह र सामाजिक सद्भाव कायम गर्ने विषयमा समर्पित बनेको ललितत्रिपुरसुन्दरीको व्यक्तित्वलाई सहज र सरल ढङ्गले प्रतिपादन गर्ने काम भएको छ । यिनै विषयहरू प्रतिपादन गर्ने काममा प्रस्तुत प्रकरण खर्च भएको छ ।

**(च) ललितत्रिपुरसुन्दरीको राजकाज**

ग्रन्थको छैटौँ प्रकरणको शीर्षक 'ललितत्रिपुरसुन्दरीको राजकाज' रहेको छ । यस प्रकरणमा दसओटा उपप्रकरणहरूको व्यवस्था गरिएको छ । प्रस्तुत सन्दर्भमा ललितत्रिपुरसुन्दरीले राज्य परिचालन गर्दा अवलम्बन गरेको नीति र त्यसबाट राज्यका निम्ति भएको सहयोग यहाँ वर्णनको विषय बनेको छ । रूप र सौन्दर्यका कारण ललितत्रिपुरसुन्दरीप्रति आकर्षित बनेका रणबहादुरसँग भएको विवाह र छिटै वैधव्य बेहोर्न विवश बनेका कारण रानीले भाइभारदारहरूसँग मिलेर राज्यको बागडोर आफैँले सञ्चालन गर्नुपरेको सन्दर्भ पनि यहाँ विषय बनेको छ । लामो समयसम्म नायबीको पद जिम्मा लिएर राज्य चलाएको, पति रणबहादुरको सहायक बनेर काम गरेको, छोरा गीर्वाणको निर्देशक बनेर राज्यको परिचालन गरेको र नाति राजेन्द्रलाई समेत संरक्षण गरेको तथा राज्य परिचालनसमेतको काम गरेका सन्दर्भहरू यहाँका अनेक उपप्रकरणहरूमा चर्चा भएका छन् । ललितत्रिपुरसुन्दरीको

नायबी कालभरि भीमसेन थापाले राज्य सञ्चालनको काम गरेको प्रमाण यथेष्ट पाइन्छ । यस आधारमा ललितत्रिपुरसुन्दरीले नेपालको राष्ट्रियताका निम्ति आफूलाई समर्पित गरेकी थिइन् भन्ने कुरा पनि सहज ग्राह्य हुन सक्ने कुरा यस प्रकरणको स्थितिमा सार्थक रहने कुरा सान्दर्भिक ठहर्छ ।

**(छ) ललितत्रिपुरसुन्दरीको समाजसेवा**

ग्रन्थको सातौँ प्रकरणको शीर्षक 'ललितत्रिपुरसुन्दरीको समाजसेवा' रहेको छ । यसमा नेपाली समाजको तत्कालीन समाज विकारग्रस्त रहेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस प्रकरणमा समाजमा धर्म, समाजसेवा, सांस्कृतिक उदात्तता र ईश्वरप्रतिको निष्ठा तथा समर्पणको भावजस्ता परिस्थिति र सदाशयता पनि विशेष ढङ्गले प्रतिपादन गरिएका छन् । नेपाल वैदिक सनातनता र ईश्वरीय आस्थामा समर्पित राष्ट्र हो भन्ने कुरा ललितत्रिपुरसुन्दरीका आचरणमा अभिव्यक्त विश्वासले प्रकट गरेको छ । देवताप्रतिको विश्वास र सेवाभाव प्रकट गर्न उनले त्रिपुरेश्वर भगवान्को मन्दिर निर्माण गराएको, मानवसमाजको सेवाका निम्ति वाग्मती नदीमा पुल निर्माण गराएको, सुनधाराको निर्माण गराएको कीर्तिप्रवर्द्धनका निम्ति धरहरा निर्माण गराएको जस्ता समाजहितका काम पनि यहाँ विषयका रूपमा स्थापित बनेका छन् । यस्ता विषयका स्थितिलाई जीवनीका अङ्गमा संयोजन गरेर प्रस्तुत गरिएका सन्दर्भहरू पनि यहाँ प्रस्तुत भएका छन् । जीवनीमा व्यक्तिको व्यक्तिगत जीवन चर्यालाई साधारणीकरण गर्न प्रयत्न गरिएको हुन्छ र त्यसलाई सबै मानवका निम्ति प्रेरक रूप प्रदान गरिएको हुन्छ । यहाँ पनि ललितत्रिपुरसुन्दरीको जीवन चरित्रका माध्यमबाट सामान्य मान्छेमा प्रेरणाको भाव जन्माउने काम गरेको छ । ग्रन्थका यस अन्तिम प्रकरणले समाजका क्षेत्रमा र राज्यका क्षेत्रमा रहेर मानव हितमा समर्पित रहने व्यक्ति आदर्श र प्रेरणाको स्रोत बन्दछ भन्ने कुरा समग्र लेखनको निष्कर्ष बनेको छ ।

**(ज) ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ**

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को (तेस्रो संस्करण)को आठौँ तथा अन्तिम प्रकरण 'ललितत्रिपुरसुन्दरीको काशीको कीर्तिस्तम्भ शीर्षकमा रचित छ । प्रस्तुत बनारसको एक विशिष्ट पुण्यक्षेत्रको पीठमा पर्ने स्थानमा नेपालका राजा श्री ५ रणबहादुर शाहको दूरदृष्टिबाट आरम्भ भएको र अद्यापि कायम रहेको सद्कीर्तिगत विषयको चर्चामा केन्द्रित छ । देवाधिदेव विश्वनाथको शिरस्नान र पादप्रक्षालनबाट प्रस्रवित बनेको जल भागीरथीको गङ्गामा मिल्न पुग्ने स्थान पहिल्याएर राजा रणबहादुर शाहले काशी नरेशसँग अनुरोध गरी प्राप्त गरेको भूमिमा ललिताबाट, ललिता मठ र ललिता धर्मशालासमेतको निर्माण गरिने व्यवस्था मिलाइएको सन्दर्भ यहाँ वर्ण्य विषय बनेको छ ।

नेपालका राजवंशको धर्मकीर्तिको गाथा बनेर रहेको ललिताघाट, ललितमठ/मन्दिर, ललित धर्मशालाको लामो कीर्ति शृङ्खला, राजेश्वरीसमेतको महिमा गानमा केन्द्रित यस संस्थाले समयसमयमा बेहोर्न परेका प्राकृतिक आक्रमण र लुब्ध मान्छेका अतिक्रमणका खतरा संरक्षणका अभावमा दारुण बन्दै गएका छन् । लगभग साढे दुई शताब्दी पार गरिसकेका यस पुरातात्त्विक सम्पदाले नेपाल सरकारको अल्छीपन, पुनर्निर्माण चेतनाको न्यूनतम, त्यहाँका कथित टाठा खाले गुरुवाधारी महन्त आदिको अतिक्रमणबाट लुछिँदै र चिथोरिँदै केही मात्र जोगिए पनि गुलाब यादवजस्ता व्यक्ति गजानन्द बाबा बनेर चीरहरण गरिएका सन्दर्भको संस्थाको अस्तित्व खतरामा पर्दै गएको अवस्था वर्णित छ । नेपालको पुरातत्त्व विभाग, गुठीसंस्थान, संस्कृति मन्त्रालय, परराष्ट्र मन्त्रालय, भारतस्थित नेपाली राजदूतावासले मौनता साधेका कारण खतरामा पर्दै गएको अस्तित्व नै लोप हुने स्थितिमा पुगेको ललिता मठ, धर्मशाला र घाटसमेतको संरक्षणतर्फ सरोकारवालाको ध्यान जानुपर्ने आशय यस प्रकरणमा प्रकट भएको छ ।

नइ अर्थात् नइ प्रकाशनका संस्थापक तथा सञ्चालक द्वयको हक्की र निडर पहलमा ललिता मठ तथा धर्मशाला हुनुपर्ने कार्यमा जुटेका ध्यानानन्द नामधारी गुलाब यादवको कर्तुतलाई २०७२ सालमा उदाङ्गो पारेको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । नेपालको तर्फबाट सुभारम्भ भएको धर्म, संस्कृति र सेवाभावबाट प्रेरित यस पुरातात्त्विक सम्पदाको संरक्षण गरिनुपर्ने विषय प्रस्तुत गरिएको छ । नइका यस पहलले सरोकारवालाहरूलाई सचेत गराएको छ ।

**(५) उपसंहार**

सामाजिक जीवनमा मान्छेको चरित्रनिर्माणमा समग्र परिवृत्तको सहयोग हुन्छ । परिवारको प्रेरक भूमिका रहन्छ । समग्र पर्यावरणको सहयोग र सद्भावमा उसको चरित्रनिर्माणको कारण हुन्छ । यिनै चरित्रनिर्माणका आधारमा जीवन तथा आचार व्यवहारका अनेकअनेक आयामहरू तयार भएका हुन्छन् र ती आयामहरूमा व्यक्तिमा परेको सांस्कृतिक, धार्मिक र नैष्ठिक प्रभाव प्रतिबिम्बित हुन्छ । यस सन्दर्भमा ललितत्रिपुरसुन्दरीको जीवन निर्माण यसै समाजको पर्यावरणमा भएको र उनका आचार, व्यवहार यसै समाजका संस्कार र संवेदनाका धरातलमा निर्माण भएको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ । राज्यको सर्वोच्च स्थानको हैसियत निर्वाह गर्नुपर्दा र मानवहितमा शासनभार सम्हाल्नुपर्दा एउटा शासकले निर्वाह गर्नुपर्ने चरित्रको सन्देश राज्य र अन्तर्राष्ट्रमा कस्तो जानुपर्ने हो अनि त्यस चरित्रले समाजमा गर्नुपर्ने मार्गनिर्देशको सन्दर्भ कस्तो हो भन्ने पनि यहाँ प्रस्तुत भएको छ । सामान्य व्यक्तिको प्रभाव त समाजको प्रेरणाको स्रोत बन्दछ भने राज्यको शासन सत्तामा आरोहित व्यक्तिको आचरण त सिङ्गै राष्ट्रको प्रेरक र नियन्ता पनि बन्दछ भन्ने कुरा पनि यस ग्रन्थमार्फत प्रतिपादन भएको छ ।


ललितत्रिपुरसुन्दरीको व्यक्तिगत जीवन समाजका निम्ति वैधव्य बेहोरेर पनि आदर्शको मार्गमा नियमन गर्ने साधन बनेको छ ।

परिवार परिचालनमा पनि प्रेरक र स्नेहिल साधन बनेको छ। उनको जीवन व्यक्तिगत नरहेर राज्यको समेत प्रेरक बनेको कारण शासन सत्ताको समेत नियमन गर्ने उपायको अन्वेषण गर्नमा पनि संलग्न र समर्पणरत छ। यसका निम्ति आवश्यक पर्ने प्रेरक विषय र स्रोतको खोजीमा महाभारतको शान्तिपर्वसमेत अनूदित बन्न पुगेको र यसै कार्यले उनलाई भाषासाहित्य र संस्कृतिको मर्मज्ञसमेत बनाएको कुरा पनि यस ग्रन्थको निष्कर्ष रहेको छ। अझ उनको समाजसेवाका भावले राज्यका सर्वोच्च शासक बनेको व्यक्तित्व विशिष्ट ढङ्गको प्रेरक व्यक्तित्वको बिम्ब बन्नुपर्छ भन्ने तथ्य यस ग्रन्थको निष्कर्ष रहेको छ।

# व्यक्तित्व र कृतित्वको खोजी

**डा.रामदयाल राकेश**

बहुचर्चित जीवनीकार नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा एउटा बहुमुखी प्रतिभासम्पन्न हस्तीको रूपमा स्थापित छन् । उनले अहिलेसम्म तीसओटा नेपालका नामुद व्यक्तिहरूको बारेमा संस्मरण



लेखेर उदाहरणीय, उल्लेखनीय एवं अनुकरणीय काम गरेका छन् । यसै सन्दर्भमा उनले 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'को परिमार्जित एवं परिवर्तित संस्करण लिएर नेपाली साहितमा देखा पर्नु एउटा सुखद अनुभूति नेपाली पाठकहरूलाई हुनु सर्वथा स्वाभाविक हो । समीक्ष्य कृतिलाई उनले विभिन्न शीर्षकहरूमा विभाजित गरेर लेखेको पाइन्छ । सर्वप्रथम उनले 'ललितत्रिपुरसुन्दरीको जीवनको झलक'मा उनको जन्म संवत् कुन साल र कुन मितिमा भएको थियो त्यो धेरै महत्त्वपूर्ण कुरा मानिँदैन किनभने यसको बारेमा विभिन्न विद्वान्हरूले भविष्यमा पनि अनुसन्धान गर्ने नै छन् तर उनको योगदानलाई उजागर एवं

उद्घाटन गर्नु नै कुनै पनि अनुसन्धानकर्ताको महत्त्वपूर्ण काम हुन्छ । यस अर्थ र संक्षेपमा उल्लेख गर्नु गागरमा सागर भनेजस्तै भएको हो कि ललितत्रिपुरसुन्दरीको आफूभन्दा अठारबर्से जेठासँग बिहे भएको थियो । यस्तो अनमेल बिहे तत्कालीन समयमा युगसुहाउँदो नै मान्न सकिन्छ । महाकवि विद्यापतिले भनेका छन् कि 'पिया मारो बालक हम तरुणी गे ।' उनले अरू रोचक जानकारी प्रस्तुत गरेका छन् कि श्री ५ महारानी ललितत्रिपुरसुन्दरी राज्यलक्ष्मीदेवी शाहभन्दा अघि श्री ५ रणबहादुर शाहको चार जनासँग बिहे भइसकेको थियो । यिनका जेठी पत्नी राजराजेश्वरी माइली पत्नी सुवर्णप्रभा, साइँली पत्नी कान्तवती, काइँली पत्नी चन्द्रवती र कान्छी पत्नी ललितत्रिपुरसुन्दरी मानिएका छन् । यस प्रकार के प्रस्ट हुन्छ भने पहिलेका राजामहाराजको कति पत्नी राख्ने प्रथा थियो । अरू उनले सुन्दरानन्द बाँडा विरचित 'त्रिरत्न सौन्दर्यगाथा'मा उल्लेख गरेअनुसार रणबहादुर शाहका अरू पनि पत्नी थिए भन्ने अनुमान गर्न सकिन्छ ।

यो सब त इतिहासलेखनमा आउने कुरो भइहाल्यो तर जीवनीभर नरेन्द्रराज प्रसाईको अभीष्ट के देखिन्छ भने ललितत्रिपुरसुन्दरीको योगदानलाई त्यसमा पनि साहित्यिक योगदानलाई प्रकाशमा ल्याउनु र उनलाई आदिकवयित्रीको रूपमा स्थापित गर्नु, अरू उनलाई प्रथम नारीस्रष्टाको रूपमा नेपाली पाठकहरूसामु प्रस्तुत गर्नु जुन धेरै प्रशंसनीय काम प्रमाणित भएको पाइन्छ । इतिहासलेखन इतिहासवेत्ताको काम हो । साहित्यकारको मुख्य धर्म या काम त्यस ऐतिहासिक जीवनीमा सजीवता, जीवन्तता, सरसता र सुमधुरताको पुट भर्ने हो । यस अर्थमा नरेन्द्रराज प्रसाईले एउटा सराहनीय काम के गरेका छन् भने उनले ललितत्रिपुरसुन्दरीको साहित्यिक योगदानलाई प्रस्तुत गरेका छन् । विद्वान् गोविन्द भट्टले स्पष्ट शब्दमा भनेका छन्–

'कुनै ऐतिहासिक घटना वा व्यक्तित्वबारेका यस्ता विश्लेषण, मूल्याङ्कन वा निष्कर्ष विद्वान्हरूका माझ सधैँ नै वादविवादको मामिला बन्ने गर्दछन् र यो अस्वाभाविक कुरो पनि होइन ।'

यस कथनलाई आत्मसात् गर्दै नरेन्द्रराज प्रसाईले यस्तो वादविवादमा फस्नुभन्दा ललितत्रिपुरसुन्दरीको साहित्यिक अवदानलाई उल्लेख गर्नु एउटा अभिनन्दनीय काम गरेका छन् । यस तथ्यलाई उनले 'ललितत्रिपुरसुन्दरीको लेखनयात्रा'मा सविस्तार वर्णन गरेका छन् । उनको शब्दलाई जस्ताको तस्तै सद्धृत गर्ने लोभ म संवरण गर्न सकिनँ यथा 'नेपालको इतिहासमा आफ्ना नायबी कालमा अनेक ठाउँमा उत्कृष्ट भाषिक शिलालेख अङ्कित गर्नेमा पनि ललितत्रिपुरसुन्दरी प्रथम नारीका रूपमा गणनामा आइन् । विविध ठाउँमा उनले राखेका शिलालेखको अध्ययन गर्ने हो भने उनी नेपाली भाषासाहित्यप्रति रुचि राख्ने, मोह देखाउने र समर्पित हुने कोटीमा जाज्वल्यमान भएर स्थापित भएको देखिन्छ । नेपाली भाषासाहित्यप्रतिको निष्ठामा बाँधिएर नै त्यस बेला उनले कविता पनि लेखिन् ।'

प्रसिद्ध कवि ईश्वरवल्लभले पनि लेखेका छन्– 'ललितत्रिपुरसुन्दरी नेपाली भाषासाहित्यको विशिष्ट पुरोधा नारीस्रष्टा हुन् ।'

ललितत्रिपुरसुन्दरीको साहित्यिक प्रतिभाको प्रथम पुष्पाञ्जलि हो 'राजधर्म' ।

उनले महाभारतको अनुशासन पर्वको नेपाली भाषामा अनुवाद गरेर एउटा कीर्तिस्तम्भ नै स्थापित गरेकी छिन् । यो सुखद संयोग नै भन्न सकिन्छ कि आदिकवि भानुभक्त आचार्यले महाकवि वाल्मीकिद्वारा लिखित 'आद्यात्मिक रामायण' र ललितत्रिपुरसुन्दरीले महाभारतको अनुशासन पर्वको अनुवाद गरेर अमर भएका छन् नेपाली साहित्यमा ।

नरेन्द्रराज प्रसाईले पनि उनको मुरीमुरी प्रशंसा गर्दै लेखेका छन्– 'राजधर्म'को अनुवादबाट ललितत्रिपुरसुन्दरी एउटी गतिली आख्यानकारमा स्थापित भइन् ।'

'ललितत्रिपुरसुन्दरीको भाषाशैली' शीर्षकमा नरेन्द्रराज प्रसाईले स्पष्ट रूपमा लेखेका छन्– 'ललितत्रिपुरसुन्दरी नेपाली भाषाकी पारङ्गत स्रष्टाको नाउँ हो । उनी लेख्ता आफ्नै संस्कृतिले सुसज्जित भाषा लेख्थिन् । उनको शैली पनि मीठो मानिन्छ ।'

यस कथनको समर्थनमा प्राज्ञ तथा इतिहासवक्ता दिनेशराज पन्तले पनि आफ्नो अभिव्यक्ति यसरी अगाडि अग्रसरित गरेका छन्– 'राजधर्मको भाषा, शैली र प्रस्तुति अत्यन्तै मिठासपूर्ण छ । अहिलेको लेखक साहित्यकारको भाषाभन्दा त्यस बेलाको भाषा सुन्दर थियो भन्ने बेहोरा राज्यधर्मले प्रस्तुत गरेको छ । राजधर्म नेपाली भाषासाहित्यको गर्व हो ।'

'ललितत्रिपुरसुन्दरीको राजधर्मको विवाद' शीर्षकमा ललितत्रिपुरसुन्दरीको बारेमा भाषिक तथा शैलीगत विवादको टुङ्गो लगाउँदै निष्कर्ष रूपमा नरेन्द्रराज प्रसाईले आफ्नो अभिमत दिँदै प्रस्टाएको विशेष आँटको अभिव्यक्ति हो यथा– 'योगी नरहरिनाथदेखि बालकृष्ण पोखरेलसम्मको 'राजधर्म'विषयक प्रतिक्रियालाई निफनेर भुस र चामल छुट्ट्याउनुपर्दा 'राजधर्म'बारेको पोयोले बिट मारेको छ । त्यस बेलादेखि चल्दै आएको चर्चापरिचर्चालाई न्यायिक रूपमा निष्कर्ष दिँदा ललितत्रिपुरसुन्दरीबाटै राजधर्म संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद भएको हो, त्यसैले उनी हाम्री पुरोधा नारीस्रष्टा हुन् ।'

'ललितत्रिपुरसुन्दरीप्रति प्राज्ञिक मत' शीर्षकमा जीवनीकार नरेन्द्रराज प्रसाईले विभिन्न विद्वान्हरूको मतलाई अग्रसारित गरेका छन्, जुन मननयोग्य छ । ऐतिहासिक पात्रको रूपमा

उल्लेखित नारी प्रतिभा ललितत्रिपुरसुन्दरीको काव्य व्यक्तित्व र कृतित्वको बारेमा विभिन्न प्राज्ञहरूको प्रज्ञान प्रशंसनीय भन्न सकिन्छ तर नरेन्द्रराज प्रसाईले यस शीर्षकमा आफ्नो दृढ मत यसरी अभिव्यक्त गरेका छन्– 'ललितत्रिपुरसुन्दरीका लेखनका बारेमा नेपाली साहित्यमा प्राय: एउटै मत कायम छ । प्राय: सबै अन्वेषक, प्राज्ञ, स्रष्टा र समालोचकले उनलाई नेपाली भाषासाहित्यमा कलम चलाउने प्रथम नारीस्रष्टाको उपस्थिति भन्नु नै ललितत्रिपुरसुन्दरी हुन् ।'

तर यस शीर्षकमा विभिन्न प्राज्ञहरूको नामोल्लेख गर्दा श्यामदास वैष्णवको नामोल्लेख हुन गएको छ । यहाँ पाठकको उत्सुकता हुन सक्तछ कि भीष्मदास वैष्णव को हुन् ? मलाई लाग्दछ यो श्यामदास वैष्णव नै हुन् जुन नेपाली साहित्यको कवि र नाटककार हुन् ।

'ललितत्रिपुरसुन्दरीको राजकाज' शीर्षक धेरै घतलाग्दो छ । विशेष गरेर मलाई यस शीर्षकले मोहित र आकर्षित गरेको छ । यसमा रणबहादुर शाहको मैथिल कन्या कान्तवतीसँग वैवाहिक सम्बन्ध स्थापित भयो । भनिन्छ 'ईश्क र मुश्क'माथि कसैको जोर चल्दैन । कान्तवती विधवा मैथिल ब्राह्मणी थिइन् । उनी पशुपति दर्शनका निम्ति काठमाडौँ आएकी थिइन् । श्री ५ रणबहादुर शाह सौन्दर्यप्रेमी र रूपप्रेमी थिए । पहिलो भेटमा नै आकर्षक रूपवती र सुन्दरी कान्तवतीतिर उनी तन, मन, धनले लागेर उनलाई छाने । भनिन्छ– 'Love grows at first sight' त्यो सही चरितार्थ भयो । पहिलो भेटमा नै राजाले उनलाई आफ्नी रानी बनाए र उनको माग पनि पूरा गरे । कान्तवतीको माग के थियो भने आफूले छोरा पाएको खण्डमा राजा बनाउने र यसै सर्तमा रणबहादुरसँग बिहे गरिन् । रणबहादुर शाहले पनि उनको मागलाई स्विकार्दै उनीबाट जन्मिएको गीर्वाणयुद्धलाई आफ्नो राज्यको उत्तराधिकारी बनाए । उनको धोको दिएन बरु उनी २३

वर्षको हुँदा उनलाई राजगद्दीमा राखे । शाहकालको उपलब्धि नै भन्न सकिन्छ कि शाहकालमा मिथिलासँग वैवाहिक सम्बन्ध स्थापित भयो जुन धेरै स्नोहित्य एवं प्रेमिल सम्बन्धको प्रतीक बन्यो ।

यस प्रसङ्गमा ललितत्रिपुरसुन्दरीको भूमिका धेरै प्रशंसायोग्य मान्न सकिन्छ कि उनले सौताका छोरा भए पनि गीर्वाणयुद्धविक्रम शाहलाई आफ्नै छोरोसरह हेरविचार गरिन् । अरू महिला भएको भए उनले सौताको छोरालाई घृणा गर्ने थिइन् तर ललितत्रिपुरसुन्दरीले एउटी महान् महिलाको रूपमा आफ्नो भूमिका निर्वाह गरिन् । उनमा साम्प्रदायिक भावनाको नामोनिसान थिएन । साम्प्रदायिक सद्भावकी सोही प्रतिमा थिइन्, प्रतिमूर्ति थिइन् जसको खाँचो आजको सन्दर्भमा स्पष्ट रूपमा देखिन्छ । यसै कारणले गर्दा ललितत्रिपुरसुन्दरीले सबैभन्दा बढी समयसम्म राज्यसञ्चालन गर्नमा सफल भइन् । एक जना विदेशी विद्वान्को यो कथन उनको जीवनमा अक्षरशः चरितार्थ हुन्छ– 'The thing is general about being a good person is just do the right thing as offen as psssible' –Sani Zayers.


'ललितत्रिपुरसुन्दरीको समाजसेवा' शीर्षकमा जीवनीकार नरेन्द्रराज प्रसाईले उनको समाजसेवाको सविस्तार चर्चा गर्न पुगेका छन् । उनले नै त्रिपुरेश्वर मन्दिर, वाग्मतीको पुल, धरहरा, सुनधारा, मठमन्दिरको सेवामा दत्तचित्त भएर महत्त्वपूर्ण योगदान दिइन्, जुन आज पनि कुनै न कुनै रूपमा विद्यमान छन् । उनले स्वदेशमा मात्र होइन छिमेकी मुलुकको बनारसमा पनि ललिताघाट र नेपाली मन्दिर निर्माण गरेर आफ्नो सामाजिक सेवाको उत्कृष्ट उदाहरण पेस गरिन् । यसको रोचक र घोचक वर्णन उनले अन्तिम शीर्षक 'ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ'मा उल्लेख गरेर सराहनीय काम गरेका छन् । छिमेकी मुलुकमा

निर्मित नेपाल राष्ट्रको शान भएको छ यो सांस्कृतिक सम्पदाहरू तर यसमा दिनप्रतिदिन अतिक्रमण भइरहेको छ । ललिताघाट क्षेत्र त नेपाल सरकार, संस्कृति मन्त्रालयको प्रत्यक्ष संरक्षणमा रहेको छ । नेपाल सरकारले ललिताघाट क्षेत्रको विकास, संवर्द्धन र सुरक्षाका लागि श्री साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)को स्थापना गरेको छ । साथै त्यस संस्थालाई सरकारले नियमित रूपमा बजेट पनि पठाइरहेको छ ।

# इतिहासपरक जीवनीकृति

## महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी

नेपाली जीवनीसाहित्यका सुप्रसिद्ध स्रष्टा नरेन्द्रराज प्रसाईको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नाउँको जुन जीवनीकृति २०६४ सालमा प्रकाशित भएको थियो र जसको द्वितीय संस्करण सोही



सालमै नइ प्रकाशनद्वारा प्रकाशित ललितत्रिपुरसुन्दरीको नेपाली 'राजधर्म' ग्रन्थमा समाहित गरिएको थियो, त्यसको अरू परिमार्जित तृतीय संस्करण नइ प्रकाशनबाटै २०७८ सालमा प्रकाशित भयो । आधुनिक शाहवंशीय नेपालको इतिहासकी एक महत्त्वपूर्ण राजकीय नारी व्यक्तित्व ललितत्रिपुरसुन्दरीको जो भेटिएको जीवनसन्दर्भ र अधिकतर विद्वान्हरूद्वारा उनकै अनुवादकृति मानिएको नेपालीकृत 'राजधर्म' गद्यग्रन्थको रचनासन्दर्भसँग मुख्यत: यो नरेन्द्रीय जीवनीकृति सन्दर्भित रहेको छ, जो नेपालका राजा र पछि स्वामी महाराज बनी छोटो जीवनका अनेक विभ्रान्तिपूर्ण यात्रापछिका अपेक्षाकृत शान्त अन्तिम

वर्षहरूतिर आफ्नै गद्दीनसीन नाबालक छोरा तथा राजा गीर्वाणयुद्धवीरविक्रम शाहका मुख्तियार नायब बन्न पुगेका अनि राति मौका छोपी आफ्नै विमातृ भाइ शेरबहादुर शाहबाट गरिएको तरबार प्रहारबाट वि.सं.१९६३ सालमा अकालमै देहान्त भएका रणबहादुर शाहकी एक रानी अनि त्यस जमानाको प्रथाअनुसार रणबहादुरका बडामहारानी, महारानी र रानीउपरानी अनि नानीलगायत दर्जन वा डेढ दर्जनभन्दा बढी नारीले सती गई प्राणाहुति गर्दा पनि रणबहादुर शाहको शवसँगै डढी सती हुनबाट जीवन जोगिई नाबालक राजा गीर्वाणयुद्धवीरविक्रम शाहकी र पछि यिनै गीर्वाण नै पनि असमयमै वि.सं.१९७३ मा दिवङ्गत भई उनका नाबालक छोरा र राजा राजेन्द्रवीरविक्रम शाहकी पनि नायब तथा संरक्षिका रही आखिर वि.सं.१८८८ सालमा असमयमै दिवङ्गत भएकी हुन् । नेपालका अद्यावधिक इतिहासमा यी रानी ललितत्रिपुरसुन्दरीको जन्मवर्ष र माइती अनि खास विवाहवर्ष र सती हुनबाट जोगिनु आदिका बारेमा पनि निर्विवाद र सुनिश्चित भन्न सकिने प्रामाणिक जानकारी भेटिँदैन । वि.सं.१८६३–१८८८ सालको बीचको यही पर्याप्त उथलपुथलपूर्ण र पश्चिमतर्फ सतलज र काँगडासम्म नेपाल फैलेको अनि अङ्ग्रेजसँगको युद्ध हुँदै सुगौली सन्धिका बाध्यताबाट केही पखेटा खुम्चेको र नेपालका पुनरुदयका निम्ति उद्यमशील रही अपेक्षाकृत शान्त हुँदो समयसन्दर्भमा आफ्ना साध्वी विधवाजीवनका बीच क्रमश: नायब मुमा महारानी र जिजुमुमा महारानीका रूपमा यी ललितत्रिपुरसुन्दरीको राजकीय जीवनकाल र त्यसका भीमसेन थापाका स्थिर मुख्तियारीका कालखण्डसँग सम्बन्धित अनेक महत्त्वपूर्ण एवम् धार्मिक आस्था र लोकोपकारका साथै राष्ट्रकल्याणका पवित्र भावनाबाट उत्प्रेरित विशिष्ट पुण्यकृत्यका साक्षी वाग्मती पुल, रणबहादुर स्मारक त्रिपुरेश्वर मन्दिर र त्यसका सदावर्तपरिसर र वाग्मतीघाट, धरहरा, सुनधारा आदि अनेक भव्य भौतिक र सांस्कृतिक संरचना र सम्पदा राजधानी कान्तिपुर

(काठमाडौँ)मा र अरू केही सत्कृति शाहवंशीय पुर्ख्यौली थलो गोरखाका साथै नेपालीहरूका निम्ति पनि पुण्यमय स्थल रहँदै आएको भारतीय धार्मिक, सांस्कृतिक विशिष्ट पुण्यस्थल काशी नगरीमा पनि त्यतिखेर निर्मित हुन पुगेका हुन् र तीमध्येका कतिपय ऐतिहासिक र सांस्कृतिक सम्पदा अद्यावधि पनि हामीबीच छँदै छन् । नेपाल अङ्ग्रेज युद्ध र सुगौली सन्धि (वि.सं.१८७१–७२) सालका घटनाक्रमका परिवृत्तमा त्यतिखेर नेपाल दरबार र नेपालका मुख्तियार तथा भारदार एवम् अग्रणी वीरयोद्धाहरूमा जागृत राजनैतिक र कूटनैतिक ज्ञानका तीव्र तिर्खाका परिपूर्तिका क्रममा कृष्ण द्वैपायन व्यासकृत संस्कृत आर्ष महाकाव्य महाभारतका अठार पर्वमध्येको शान्तिपर्वका राजधर्मसम्बन्धी सुरुका एक सय तीस अध्यायको जुन नेपाली अनुवाद भयो त्यही नै त्यो नेपाली ‘राजधर्म’ कृति हो जसको पुरानो पाण्डुलिपिको ठेली नेपाली भाषा र साहित्यका उत्कट प्रेमी वरिष्ठ साहित्यस्रष्टा कमल दीक्षितसमक्ष प्राप्त हुन आई संस्कृत र नेपाली भाषाका मूर्धन्य विद्वान् र नेपाली इतिहासका साथै वाङ्मयका महान् अनुसन्धानकर्तासमेत मानिने योगी नरहरिनाथका अग्रसरतामा काठमाडौँको पशुपति मृगस्थलीमा २०१६ साल मङ्सिर २० गते सम्पन्न संस्कृत र नेपालीका विद्वान्हरूका विद्वद्सभामा प्रस्तुत भई उक्त नेपाली राजधर्म पाण्डुलिपि ग्रन्थका नेपाली अनुवादकर्ता लेखकका बारेमा विमर्श भई सो ग्रन्थअन्तर्गत रहेका ‘इ रानीवचन’, ‘कान्तिपुरकी बडी आदमी’लगायत साङ्केतिक अन्तर्लापिकालाई समेत खुलाई इतिहासशिरोमणि बाबुराम आचार्यको विमतिबाहेक अरू सबै उपस्थित विद्वान्हरूका सहमतिमा उक्त अनूदित ‘राजधर्म’ ग्रन्थकी लेखिका रानी ललितत्रिपुरसुन्दरी हुन् भन्ने निर्क्योल भई सो तत्त्वोपदेशी गद्य रूपान्तरित बृहत् नेपाली आख्यानग्रन्थ २०१९ सालमै जगदम्बा प्रकाशनबाट प्रकाशित भएको हो– योगी नरहरिनाथ र बाबुराम आचार्यका समेत अभिमतसहित । यसको झन्डै ४५ वर्षपछि २०६४ सालमा यस ‘राजधर्म’नामक विशेषत: राजनैतिक

र कूटनैतिक चिन्तनपरक गद्याख्यानात्मक बृहत् नेपाली अनूदित ग्रन्थको अर्को वा दोस्रो संस्करण कमलमणि दीक्षितका सहमतिमा नइ प्रकाशनबाट वरिष्ठ नेपाली साहित्यस्रष्टाद्वय इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाईका क्रमश: प्रकाशकीय र विस्तृत सम्पादकीय लेखकीय थप अभिव्यक्तिसहित प्रकाशित हुनुभन्दा अगावै २०६३ सालमै यही नेपाली 'राजधर्म' ग्रन्थकी रचनाकार मानिएकी रानी ललितत्रिपुरसुन्दरीलाई नेपाली आदिनारीस्रष्टा ठहऱ्याई विख्यात नेपाली जीवनी रचनाकार नरेन्द्रराज प्रसाईद्वारा यो 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक नेपाली जीवनीकृति लेखिई प्रकाशित हुनु नेपाली ऐतिहासिक र साहित्यिक परिवृत्तका विशिष्ट घटना हुँदै हो । २०६४ सालमा उक्त नेपाली 'राजधर्म'को पूर्वोक्त नयाँ संस्करण प्रकाशित गर्ने क्रममा आफ्नो सम्पादकीय लेखकीय कथनसहित अनि कतिपय विद्वान् र साहित्यकारका सम्बन्धित उद्गारसहित आफैँद्वारा लेखिएको उक्त जीवनीकृतिलाई विशेष परिवर्द्धित गरी आफ्नो ६८ पृष्ठ (पृ.६५९–७२६) जति लामो उक्त जीवनी पनि उक्त बृहत् नेपाली 'राजधर्म' ग्रन्थमा समाहित गरिएको थियो । यतिखेर पुन: उक्त नरेन्द्रीय जीवनीकृति थप परिमार्जित भई यहाँ पनि कतिपय विद्वान् र विदुषीका सम्बन्धित उद्गार र धारणासमेत सँगाली लगभग १०५ पृष्ठका विस्तारमा प्रकाशित भएको छ । म वरिष्ठ तथा बहुआयामिक उच्च प्रतिभाशाली नेपाली साहित्यस्रष्टा नरेन्द्रराज प्रसाईको यस जीवनीपरक लगनधुनको उच्च प्रशंसा गर्दछु ।

इतिहाससम्बद्ध वा इतिहाससँग जोडिएका तर पर्याप्त ऐतिहासिक सूचनासामग्री नभेटिने र भेटिएका मध्ये पनि कति जानकारी परस्पर विवादित रहने परिवृत्तमा पुराना ऐतिहासिक व्यक्तित्व र तिनका योगदानलाई सही रूपमा ठम्याई अनि शोधपरक इतिहासचेतना र स्वस्फूर्त साहित्यसृजनको आवेगका निकै रोमाञ्चक दोछायाका बीच

यति सुरम्य ऐतिहासिक जीवनी लेख्नु चुनौतीपूर्ण कार्य हुँदै हो । इतिहासको गाह्रो र साँघुरो पथका बीचबाट आफ्नै गोरेटो खडा गरी थप परिमार्जित हुन पुगेको प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीग्रन्थ बडो अथक मिहिनेतका साथ र पर्याप्त धैर्यपूर्वक अनि पर्याप्त शोधपरक र समीक्षकीय अन्तर्बौद्धिक दृष्टिसहित अनि उस्तै भावपूर्ण ललित गद्यात्मक प्रस्तुतिका आफ्नै निजायत्त वा नरेन्द्रीय छापको रोचक र मार्मिक सङ्कथन र सुकोमल गद्यशैलीको रुचिरतासहित लेखिएको एक सुपठनीय र विशेष सङ्ग्रहणीय ऐतिहासिक जीवनीग्रन्थ हुन पुगेको छ भन्ने म ठान्दछु । अथक लगनशील अध्यवसायी स्रष्टा नरेन्द्रराज प्रसाईलाई यस सुकृतिका निम्ति भूरिभूरि साधुवाद !

प्रतिष्ठित नव अग्रणी नेपाली जीवनीकार नरेन्द्रराज प्रसाईको 'नारीचुली'नामक एघारौँ जीवनीग्रन्थ २०६३ सालमा प्रकाशित भयो र नेपाली नारीस्रष्टाहरूसम्बन्धी उल्लेख्य जीवनीपरक आलेख भएको अभिनव कृतिका रूपमा यो विशेष चर्चित हुन पुगेको पनि हो र यस कृतिकी आदिनारीचुलीका रूपमा 'राजधर्म' नेपाली अनुवादग्रन्थकी सम्भावित रचनाकारका रूपमा अधिकतर नेपाली विद्वान्द्वारा मानिएकी रानी ललितत्रिपुरसुन्दरीको अग्र स्थानसमेत विशेष चर्चित प्रसङ्ग हुन पुग्यो । त्यहाँदेखि यी आदि नेपाली नारीस्रष्टा चुलीका सम्बन्धमा थप सोधखोज गर्ने दिशामा सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाई विगत डेढ दशकको समयप्रवाहबीच बारम्बार अथक रूपमा लागिरहेको देखिन्छ । वास्तवमा प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नाउँको यो जीवनीकृति प्रस्तुत तेस्रो संस्करणसम्म आइपुग्दा स्रष्टा, समीक्षक र शोधकर्ताका त्रिवेणीका पाका वाङ्मयिक साधक प्रतिभा नरेन्द्रराज प्रसाईको रानी ललितत्रिपुरसुन्दरीसम्बन्धी अपेक्षाकृत विस्तृत भाष्यग्रन्थको रूप लिँदै अगि बढ्दो छ भन्ने मलाई लाग्दछ । यहाँ राजनैतिक र साहित्यिक इतिहासका दोछायाका परिवृत्तमा

जीवनीरचनामा अपेक्षित प्रचुर सृजनशीलता तथा दीर्घ साधना र त्यसका प्रस्तुति र सङ्कथनको रम्य भावपूर्ण सीपको जुन सृजनात्मक सुयोग सिर्जित हुन आएको छ त्यो पढ्दा जति सुपठनीय छ आस्वादनका स्तरमा समेत उत्तिकै रोचक र प्रवाहमय एवं मर्मस्पर्शी पनि छ ।

वास्तवमा यति विस्तारमा रानी ललितत्रिपुरसुन्दरीको सोधखोजमूलक र व्याख्यात्मक अनि सृजनात्मक सौष्ठवपूर्ण जीवनी लेखिनु उनका समसमयका नेपाली ऐतिहासिक अध्ययनका निम्ति अनि तात्कालिक साहित्यिक युगोन्मेष र परिवेशगत प्रभावलगायतका सोधखोजका निम्ति पनि एक उत्प्रेरक प्रमेय वा प्रस्तावना तथा गहकिलो थप खुराक प्रमाणित हुन पुग्ला भन्ने म उम्मेद राख्दछु । अवश्य नै वर्षौंको ठूलो र उस्तै सघन मिहिनेत परेको यस अर्को नरेन्द्रीय जीवनीरचनाले प्राथमिक कालीन र विशेषत: उत्तरप्राथमिक कालीन नेपाली साहित्यका ऐतिहासिक अध्ययनका परिसन्दर्भमा समेत जेजस्ता जुन थप सूचना र सङ्केत प्रस्तुत गर्न पुगेको छ त्यो पनि अवश्य नै एक विशिष्ट वाङ्मयिक प्रदान हुन आएको छ भन्ने म अनुभव गर्दछु ।

वास्तवमा यी ललितत्रिपुरसुन्दरीको देहान्तपछिको छ वर्षमै नेपालका राजधानीमा दरबारी र भारदारी अन्तरशक्तिसङ्घर्ष तीव्र भई इतिहासपुरुष मुख्तियार जनरल भीमसेन थापाको सत्ताच्युतिको उपक्रम (क्रमश: वि.सं.१८९४–१८९६ बीच) कार्यान्वित हुनु र यी भीमसेन थापाको जीवनको राष्ट्रिय दुर्भाग्यपूर्ण दुखान्तीय त्रासद, करुण र दारुण अवसान (वि.सं.१९९६ साउन १६ गते) हुनु शृङ्खलित दुराशयजन्य विभिन्न घातक कारकहरूको खेलाको थालनी र परिणति पनि सिद्ध भयो अनि यो राष्ट्रिय अस्थिरताको शृङ्खला आखिर जङ्गबहादुर कुँवर (राणा)को षड्यन्त्रजन्य महाकोतपर्व (वि.सं.१९०३) घटित भई एक सय चारबर्से राणा जहानियाँ शासनशृङ्खलामा मुलुक परिणत हुन पुग्यो । त्यसैले यी रानीको नायबीकालको

अभिभावकीय राष्ट्रिय ऐतिहासिक महत्त्वतर्फ पनि तत्कालीन इतिहासका सन्दर्भमा ध्यान दिनैपर्ने देखिन्छ र प्रस्तुत नरेन्द्रीय इतिहासपरक जीवनीकृति पढ्दै जाँदा यतातर्फ पनि हाम्रो ध्यान अवश्य नै आकृष्ट हुने गर्दछ ।

साथै यी रानी ललितत्रिपुरसुन्दरीका उपलब्ध ऐतिहासिक मूर्ति र उनका बारेका विद्वान् स्रष्टा वाणीविलास पाण्डे र सुन्दरानन्द बाँडाका क्रमश: अभिलेखी र वाङ्मयिक बयानका आधारमा मुहारचित्र रच्ने व्यवस्था मिलाउने र यी सुन्दर नारीको छविचित्र अङ्कित वार्षिक भित्ते पात्रो प्रकाशित गर्न अनि विशेषत: उनको काशीनगरीमा रहेको महान् पुण्य कृत्यस्वरूप साम्राज्येश्वर पशुपतिनाथ मन्दिर, ललिताघाट र धर्मशाला आदिका ऐतिहासिक संरचना र प्रणालीलाई जोगाउने संरक्षणकार्यमा विशेष सघाउ पुऱ्याउने क्रममा नइ युगलबाट वर्तमान समयसन्दर्भमा विशिष्ट देन प्राप्त हुन पुगेको र काशीवासी सुधीजनहरूद्वारा सो प्रशंसित रहेको प्रसङ्ग पनि यहाँ विशेष स्मरणीय छँदै छ ।

मैले नरेन्द्रराज प्रसाईकै प्रेरणामा उनको पूर्वोक्त ललितत्रिपुरसुन्दरी जीवनीकृतिका परिसन्दर्भमा व्यासकृत संस्कृत महाभारतका शान्तिपर्वका राजधर्म खण्ड (सुरुका एक सय तीस अध्याय)सँग प्रस्तुत नेपाली राजधर्मको विस्तृत तुलनात्मक अध्ययन र नेपाली प्राथमिक कालीन गद्यसाहित्यमा उनको ऐतिहासिक वाङ्मयिक स्थान र योगदानका बारेमा पनि सघन अध्ययन र मूल्याङ्कन गर्ने एक विनीत प्रयास विगत दुईअढाई वर्षमा गरेको हुँ र अब त्यो लगभग पूरा भई सक्दो शीघ्र ग्रन्थाकारमा प्रकाशित हुने उम्मेद मैले राखेको छु । प्रस्तुत सम्पूर्ण विषय र सन्दर्भका सम्बन्धमा मेरो विस्तृत विमर्श त्यहीँ आउनेसमेत म सविनय जनाउँछु ।

रानी ललितत्रिपुरसुन्दरीको नेपाली 'राजधर्म' अनुवादग्रन्थका लेखकीय बिम्बका सम्बन्धमा विद्वान् योगी नरहरिनाथले लिखित रूप

दिएको पूर्वोक्त प्राज्ञिक निर्णय (२०१८)का साथै प्रा.बालकृष्ण पोखरेलद्वारा आफ्नो 'पाँच सय वर्ष' ग्रन्थमा व्यक्त सम्बन्धित अभिमतसमेतलाई हामीले (आउँदा नयाँ साक्ष्य र प्रमाणले अन्यथा सिद्ध नगरेसम्म) खुला दिलले 'कान्तिपुरकी बडी आदमी'का 'इ रानीवचन'का रूपमा सकार्नु नै समुचित हुन्छ भन्ने म पनि ठान्दछु । यसबारेमा पनि मेरा माथि उल्लिखित आगामी ग्रन्थमा आफ्ना अभिमतको सविस्तार व्याख्या मैले गरेको छु ।

आखिरीमा म यति हार्दिक कामना गर्दछु– वि.सं.२०४१–२०७८ सालका बीच झन्डै चार दशकतर्फ उन्मुख अद्यावधिक जीवनीलेखनयात्राका क्रममा तीसओटाजति विशिष्ट नेपाली जीवनीग्रन्थ रच्दै र प्रकाशित गर्दै नेपाली साहित्यजगत्मा सुप्रतिष्ठित रहेका बहुमुखी नेपाली मूर्धन्य जीवनीस्रष्टा नरेन्द्रराज प्रसाईको सारस्वत कलम चिरञ्जीवी होस् र नेपाली जीवनीसाहित्यको फूलबारी उनबाट झन्झन् भरिपूर्ण र सुसमृद्ध हुँदै जाओस् ।

# नयाँ तथ्यको उजागर

## प्रा.डा.वीणा पौड्याल

नेपालको आधुनिक इतिहासमा रुचि राख्ने सबै पाठकको स्मृतिमा रहने नाम हो ललितत्रिपुरसुन्दरी । राजनैतिक, धार्मिक र साहित्यिक क्षेत्रमा यिनको योगदान स्मरणीय छ । छोरा र नातिको नायबी भएर यिनले पच्चिस वर्षजति शासन चलाइन् ।



लेखनकार्य गर्दा भावनामा भन्दा प्रामाणिक प्राप्त स्रोतलाई सही ढङ्गले विश्लेषण गर्नु आवश्यक मानिन्छ । प्राप्त सामग्रीलाई चौतर्फी ढङ्गले गमेर व्याख्या गर्नुपर्दछ । अनुसन्धानको ढोका सधैँ खुल्ला राख्नुपर्दछ । आजसम्म प्राप्त प्रमाणको आधारमा भन्नुपर्दछ । आज ठीक मानिएको, ठानिएको घटना नयाँ प्रमाणद्वारा गलत पनि प्रमाणित हुन सक्छ । हाम्रा इतिहासमा त्यस्ता उदाहरण थुप्रै छन् । त्यसैले इतिहासको घटनाबारे लेख्दा प्रमाणको आधारमा लेख्नुपर्छ । मानदेवको समयमा ढालिएका तामाको मुद्राको अग्रभागमा श्री मानाङ्क र पृष्ठभागमा

श्री भोगिनी लेखिएको छ । यी भोगिनी को हुन् भन्ने प्रश्नले धेरै वर्षसम्म इतिहासकारहरू अलमलमा परे । श्री भोगिनीलाई मानदेवको इष्टदेवी, लक्ष्मी, मानदेवकी दिदीबहिनी भनेर पनि वर्णन गरियो । जब पशुपति सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेख (संवत् ४२७, ई.सं.५०५) को अर्थ लगाइयो त्यसबाट श्री भोगिनी, राजा मानदेवकी बडामहारानी भएको तथ्य खुल्यो । त्यसैले कुनै पनि विषयको अनुसन्धान गर्दा तथ्य पत्ता लगाएर लेख्न सकिने ढोका खुल्लै राख्नुपर्छ ।

स्थलगत भ्रमणमा प्रकाशित ऐतिहासिक सामग्रीहरूको गहन अध्ययन गरेर नरेन्द्रराज प्रसाईले लेखेको कृतिको नाम हो– 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' । यो ग्रन्थ पहिलोपल्ट वि.सं. २०६४ सालमा प्रकाशित भएको थियो । त्यसपछि क्रमश: अहिले यसको तेस्रो संस्करण प्रकाशित भयो । स्थलगत अध्ययन, भ्रमण गरेर केही थप जानकारीसहित यो कृति पुन: प्रकाशित भएको छ । छिमेकी देश भारतको वाराणसी र नेपालका विभिन्न स्थलको स्थलगत अध्ययन भ्रमण गरेर लेखकले यस ग्रन्थमा नयाँ कुरा ल्याएका छन्, त्यो सबैभन्दा महत्त्वपूर्ण हो । यो ग्रन्थ पढेपछि भन्नैपर्ने कुरा छ– नेपालको आधुनिक इतिहासको एउटा पाटो सिद्धहस्त जीवनीकार नेरन्द्रराज प्रसाईबाट लेखिएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'मा छर्लङ्ग पारिएको छ । साथै ललितत्रिपुरसुन्दरीको जीवनी र साहित्यिक यात्राबारे यस कृतिमा अहिलेसम्म नलेखिएको नयाँ तथ्य प्रकाशित छन् । त्यसैले यो पठनीय र सङ्ग्रहणीय कृति हो ।

यो समालोचना लेख्नपूर्व मैले पुन: दोहोऱ्याएर यी कृतिहरूको अध्ययन गरेँ–

१) पण्डित सुन्दरानन्दद्वारा रचित, धनवज्र वज्राचार्यद्वारा सम्पादित 'त्रिरत्न सौन्दर्य गाथा'

२) बाबुराम आचार्यको २०६९ सालमा प्रकाशित ‘जनरल भीमसेन थापा : यिनको उत्थान र पतन’
३) रामनारायणदत पाण्डेले अनुवाद गरेको महाभारतको पञ्चम खण्डअन्तर्गत ‘राजधर्म पर्व’
४) स्वस्थी राजभण्डारीले एम.ए.२०१९ लेखिएको शोधग्रन्थ थेसिस A study of the Relationship between the Architecture and iconography with special reference to Tripureswara Mahadev temple.
५) गोपाल झाको ‘प्राचीन नेपाल’, २०६५ असार अङ्क १६८ मा प्रकाशित लेख वाराणसीस्थित नेपाली मन्दिर तथा धर्मशाला संरक्षणका प्रसङ्गहरू पुनः अध्ययन ।
६) राजेश्वर थापाको २०६० सालमा प्रकाशित ‘नायब महारानी ललितत्रिपुरसुन्दरी देवी शाह (थापा)

गोविन्द भट्टले भनेजस्तै नरेन्द्रराज प्रसाईले प्रथम नारीस्रष्टाका रूपमा ललितत्रिपुरसुन्दरीलाई प्रस्तुत गर्न खोज्नु एउटा निकै आटिलो र प्रशंसनीय कार्य हो । इतिहासकारहरूले ललितत्रिपुरसुन्दरीका विषयमा कलम चलाउँदा पूर्ण रूपले न्याय गरेको देखिँदैन । केही इतिहासकारहरूले ठोस प्रमाणको अभावमा पनि यिनलाई भीमसेन थापाको भाइ काजी नयनसिंह थापाकी छोरी भनेर वर्णन गरेका छन् । त्यसैले राजा रणबहादुर शाहको देहान्तपछि ललितत्रिपुरसुन्दरीलाई सती पठाइएन । हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी राजराजेश्वरीलाई समेत काठमाडौँ झिकाएर सती पठाइएको थियो । यसैबाट ललितत्रिपुरसुन्दरीको राजनैतिक शक्ति, विशिष्ट गुण, प्रभाव र पुनर्जन्मको कमाइबारे अनुमान गर्न सकिन्छ । यसरी सतीबाट अचम्मले बाँचेपछि उनले नयाँ जीवन प्राप्त गरिन् । ईश्वरप्रति कृतज्ञता ज्ञापन गर्दै सकेसम्म धार्मिक कार्यमा आफूलाई समर्पित गरिन् । पुराण, महाकाव्य पढ्ने, सुन्ने, मनन गर्ने र लेख्ने कार्य पनि यिनले निरन्तर गरिरहिन् । राजा गीर्वाणयुद्धविक्रम शाहलाई पनि यिनले लेख्न हौसला प्रदान गरेको देखिन्छ । नरेन्द्रराज प्रसाईले प्रस्तुत

गरेझैँ इतिहासकार एवं साहित्यकारहरूले यस विषयमा यसरी विस्तृत रूपमा लेखेका छैनन् ।

मैले उच्चशिक्षा अध्ययनको क्रममा बनारस हिन्दु विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) गरेँ । त्यहाँ जाँदा धेरै पल्ट विश्वनाथ मन्दिर, गङ्गा ललिताघाट र अरू घाटहरू घुम्न र दर्शन एवम् पूजा गर्न गएको छु । नरेन्द्रराज प्रसाईले विस्तृत रूपमा ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ भनेर वर्णन गरेका छन् । त्यो वर्णन पढ्दा धेरै नयाँ तथ्यको उजागर भएको छ । काशीको ललिताघाट क्षेत्रमा रणबहादुर शाह, उनका रानीहरू र अविवाहित केटीहरू थिए ।

रणबहादुर शाहका पाँच जना रानीहरूको नाम धेरै इतिहासकारहरूले उल्लेख गरेका छन् । १) राजराजेश्वरी, २) सुवर्णप्रभा, ३) कान्तवती (मैथिल ब्राह्मणी), ४) चन्द्रवती, ५) ललितत्रिपुरसुन्दरी ।

काशीको ललिताघाट क्षेत्रमा रणबहादुर शाह, उनका रानीहरू र सन्तानले बनाएका धर्मशाला र मन्दिरहरू छन् । नेपाली शैलीको कलात्मक धर्मशाला, ललितागौरी मन्दिर, विष्णुलक्ष्मी मन्दिर, रणकेश्वर मन्दिर, साम्राज्येश्वर पशुपतिनाथ मन्दिर, राजराजेश्वरी मन्दिर, गङ्गा आदित्य महादेव मन्दिर र गङ्गादेवी मन्दिर छन् । काशीमा ललितत्रिपुरसुन्दरी झन्डै दुई वर्ष बसिन् । त्यहाँको धार्मिक र शैक्षिक वातावरणको उनमा गहिरो छाप परेको देखिन्छ । बनारसका प्रसिद्ध घाटहरूमा विभिन्न संस्कार सम्पन्न गरिन्छ, शास्त्रहरूको पाठ गरिन्छ । रामायण र महाभारत सबैभन्दा बढी पाठ गरिने ग्रन्थमा पर्दछ । महाभारत भीष्मपर्वअन्तर्गतको गीता र शान्तिपर्वअन्तर्गतको राजधर्मानुशासन पर्व छुट्टै ग्रन्थको रूपमा प्रकाशित हुँदै आएको छ । गीता पढ्ने र दान गर्ने प्रचलन व्यापक छ । भारत र नेपालका राजारजौटाहरूको दरबारमा राजकुमारहरूलाई शान्तिपर्वअन्तर्गतको राजधर्मानुशासन पर्व गुरुहरूले पढाउने प्रचलन थियो । संस्कृत भाषाबाट

उल्था गरेर पढ्नुपर्ने बाध्यतालाई रानी ललितत्रिपुरसुन्दरीले नेपाली भाषामा उल्था गर्ने आँट गरिन । महाभारतको १३० अध्यायको राजधर्मानुशासन पर्व दस वर्षको परिश्रमपश्चात् नेपाली भाषामा 'राजधर्म'को रूपमा निस्कियो । नरेन्द्रराज प्रसाईको ललितत्रिपुरसुन्दरी जीवनीकृतिमा 'राजधर्म'को बारेमा विस्तृत वर्णन छ । त्यसमा ललितत्रिपुरसुन्दरीको 'राजधर्म'को भाषाशैली, राजधर्मको विवादबारे प्राज्ञिक मतलाई विस्तृत रूपमै वर्णन गरिएको छ । योगी नरहरिनाथ, सत्यमोहन जोशी, बुद्धिसागर पराजुली, बालकृष्ण सम, सूयविक्रम ज्ञवाली, सिद्धिचरण श्रेष्ठ, जनकलाल शर्मा आदिले 'राजधर्म'को रचना ललितत्रिपुरसुन्दरीले गरेको मान्छन् । तर इतिहासकार बाबुराम आचार्यले 'राजधर्म' ललितत्रिपुरसुन्दरीले उल्था गरेको मान्दैनन् । जङ्गबहादुर राणाले स्याङ्जाकी बुढाथोकी थरकी कन्यालाई बिहे गरेर दरबार भित्र्याएका थिए, छोरी जन्मिएपछि यिनले रानीसाहेबको दर्जा पाएकी थिइन् । जङ्गको यी रानीलाई जिनारानी भनिन्थ्यो । यिनैले राजधर्मको उल्था गरेकी हुन् । तिनताका स्वामीहरू (राजा, भारदार)लाई खुसी पारेर बकस प्राप्त गर्न केही लेखकहरू आफूलाई रचना गरेका कृतिहरूलाई राजा वा मन्त्रीको नामबाट प्रकाशित गराउने गर्दथे भनी आचार्यले लेखेका छन् (आचार्य, 'जनरल भीमसेन थापा : यिनको उत्थान र पतन', पृ. २०२) ।

वि.सं.१८६९ अर्थात् आजभन्दा दुई सय दस वर्षपहिले ललितत्रिपुरसुन्दरी वाराणसी (काशी) गएर दुई वर्ष बसेकी थिइन् । त्यहाँ नयाँ मन्दिर, देवल, धर्मशाला बनाउने र घाटको मर्मत, सम्भार गर्ने कामदाम गरेकी थिइन् । ललितागौरी मन्दिरकै छतमा रणकेश्वर शिवलिङ्ग र गौरीको पाउको पादुका स्थापना गरेर वर्षाको बेलामा समेत पूजा गर्न सजिलो हुने व्यवस्था ललितत्रिपुरसुन्दरीले गरेकी थिइन् ।

सिद्धहस्त लेखक नरेन्दराज प्रसाईले स्थलगत भ्रमण गरेर, बारम्बार साम, दाम र भेदको नीति अवलम्बन गरेर, नौदसओटा

प्रमाण जुटाएर यसबारे ललितत्रिपुरसुन्दरीको काशीमा कीर्तिस्तम्भ भनेर विस्तृत रूपमा वर्णन गरेका छन् । नइ (नरेन्द्रराज, इन्दिरा प्रसाई) रणमुक्तेश्वरमहादेव, ललितागौरी माताको चरणको तस्बिर खिच्न अपनाइएको रणनीति यसमा प्रस्ट पारिएको छ । एउटा अनुसन्धानकर्ताले सत्यतथ्य पत्ता लगाउन बारम्बार गर्नुपर्ने प्रयासको एउटा स्तरको नमुना हो यो । नेपाल राष्ट्रको संरक्षकत्वमा रहेको ललिताघाटको, ललितादेवी मन्दिरको माथिको भागलाई गुलाब यादव (गजानन्द)ले लामो समयदेखि कब्जा गरेर बसेका थिए ।

गोपाल झा, नइ र स्थानीयहरूको सहयोगमा अहिले नेपाली घाट (ललिताघाट, राजराजेश्वरी घाट) र मन्दिर क्षेत्र सबैको दर्शनका लागि सुरक्षित भएको छ । ललितत्रिपुरसुन्दरीले त्रिपुरेश्वरमा निर्माण गराएको पाञ्चायन शिवको भव्य मन्दिर कला र वास्तुकलाको एउटा बेजोड नमुना हो । पाटन र काठमाडौँ जोड्ने पुल, नेपालको पहिचान बनेको धरहरा, भीमसेन थापा र ललितत्रिपुरसुन्दरीको छुट्टाछुट्टै धरहरा निर्माण गरेका थिए । ललितत्रिपुरसुन्दरीको र सुनधाराको (१८८५) धार्मिक र ऐतिहासिक महत्त्व छ । ललितत्रिपुरसुन्दरीको धातुको मूर्ति राष्ट्रिय सङ्ग्रहालय छाउनी र त्रिपुरेश्वर महादेव मन्दिरमा छ । धातुको दुवै मूर्तिमा ललितत्रिपुरसुन्दरीको तेजिलो अनुहारलाई नमस्कार मुद्रामा देखाइको छ । पशुपतिमा घण्टा, गुहेश्वरीमा विधिविधानपूर्वक सुनौलो सिंह र रिँढीमा सत्येश्वर महादेव मन्दिर ललितत्रिपुरसुन्दरीले स्थापना गराएकी थिइन् ।

ललितत्रिपुरसुन्दरीले धरहरा निर्माण गराएर अभिलेख पनि राख्न लगाएकी थिइन् । अभिलेखको व्यहोरा यस्तो थियो– 'स्वस्त्रिश्री सम्वत् १८८२ साल मिति चैत्र सुदि १२ रोज ४ बैशाख महिनाका दिन ९ जोदा श्री मन्ममहाराज धिराज पट्टराज्ञी श्री श्री श्री म ललितत्रिपुरसुन्दरी देवीले यो धरहरा बनाउनु भै तयारी गरी गजुर चढाउनु भयाको हो । शुभम् ।' ललितत्रिपुरसुन्दरीले धरहरा बनाउनुभन्दा

ठीक एक वर्षपहिले संवत् १८८१ सालमा भीमसेन थापाले आफ्नो घरको छेउमै एउटा धरहरा बनाउन लगाएका थिए । १८९० साल र १९९० सालको भूकम्पमा दुवै धरहरा दुई टुक्रा भएको थियो । त्यसलाई जुद्धशमशेरले वि.सं.१९९२ सालमा जीर्णोद्धार गरेका हुन् । वि.सं.२०७२ वैशाख १२ गते गएको भुइँचालोमा यो धरहरा ढले पनि यसैको स्वरूपमा पुन: निर्माण भएको छ ।

अन्त्यमा भन्नैपर्ने विषय के छ भने अध्ययनअनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो । यसलाई बिट मार्नु हुँदैन, ढोका खुल्लै राखेर खोज जारी राख्नुपर्दछ ।

यस लेखकलाई तीस वर्षअघि बनारस हिन्दु विश्वविद्यालयबाट पिएचडी गर्दा वाराणसीको विश्वनाथ मन्दिरसहित विभिन्न मन्दिर दर्शन र घाटहरू स्नान र नौका विहार धेरै पल्ट गर्ने अवसर प्राप्त भएको थियो । तर इतिहासमा ललितत्रिपुरसन्दरीबारे पढिएको थियो तर यति धेरै तथ्य कुरा यस पुस्तकबाट बल्ल थाहा भयो ।

नरेन्द्रराज प्रसाईको परिकल्पना र निर्देशनमा सिद्धहस्त कलाकार इन्द्र खत्रीले कोरेको चित्रले यस पुस्तकमा ज्यान हालिदिएको छ । गोलो र बान्की परेको मुहार, सुलुत्त मिलेको नाक, कमलको जस्तो पुष्ट आँखा र मिलाइएको आँखीभौ, मन्दमुस्कानसहितको टप्प मिलेको गुलाबी ओठले लियोनार्दो दा भिन्चीको प्रसिद्ध कृति मोनालिसाको सम्झना गराउँछ । तेस्रो नेत्रको प्रतीक चन्दनको टीका, बीचमा सिउँदो पारेर मिलाएर कोरिएको कपाल, हल्का नीलो रङको बर्कोको घुम्टो साह्रै खुलेको छ । दुई सय वर्षअघिको फेसनअनुसार गहनाको बनोट आकर्षक छ । महारानीहरूले लगाउने पन्ना, मोती र रत्नहरू जडित कण्ठहार (नेकलेस) ललितत्रिपुरसुन्दरीलाई साह्रै सुहाएको छ । नाकमा फुली र कानमा हीराको टपको टलक अनुहारअनुसार खुलेको छ । रूप र गुण दुवैकी खानी ललितत्रिपुरसुन्दरीप्रति श्रद्धासुमन अर्पण गर्दै विषयको बिट मार्ने अनुमति चाहन्छु ।

# इतिहास जोगाउने कृति

डा.साधना प्रतीक्षा

**१. विषयप्रवेश**

इतिहास जरा हो भने वर्तमान त्यसमा उभिएको रूख, भविष्य त्यसका हाँगाबिँगा अनि पात । जराबिना रूखको अस्तित्व रहँदैन किनभने इतिहासको जरामा वर्तमान उभिएको हुन्छ र वर्तमानको आधारमा भविष्य लहराउने गर्दछ । विगत, वर्तमान र भविष्यको सम्बन्ध तथा इतिहासको महत्त्व नबुझेर हो वा बुझ पचाएर हो विगतका केही वर्षयता इतिहास मेटाउने दुष्प्रयास भइरहेको छ । वर्तमानका केही बाहुबलीहरूले इतिहासको साक्षी बनिरहेका सालिकहरू फुटाएर ठाउँठाउँमा आफ्नो पौरुष प्रदर्शन पनि गरे । वर्षौंदेखि नामाकरण गरिएका भौगोलिक स्थान तथा भौतिक संरचनाका नाम मेटाइए, साइनबोर्ड उखेलिए, अक्षरहरू झिकिए तर विडम्बना ! उनीहरूले बुझ्न सकेनन् कि आफूले स्थापित गरेको सोही संस्कृतिले भविष्यमा



आफ्नै पनि इतिहास मेटाउनेछ । इतिहास मेटाउन हामी यति लालायित भयौँ कि महेन्द्र गुफालाई चमेरे गुफा भनेर गर्व गऱ्यौँ ! यसो गर्दैमा सिक्काका दुई पाटाजस्तो तत्कालीन राजा महेन्द्रका सबल तथा दुर्बल पक्षहरू इतिहासको पानाबाट विलीन होलान् त ? यो त एउटा सानो उदाहरण मात्र हो । हामीकहाँ इतिहास मेटाउने संस्कृति नै स्थापित हुँदै छ तर यस्तो संस्कृति स्थापित गर्नेहरूलाई के थाहा इतिहासले कुनै पनि व्यक्तिको असल मात्र होइन, दुर्बल पक्षहरू पनि जोगाएर भावी पुस्तालाई हस्तान्तरण गर्दछ ।

इतिहास मेटाउन खोज्नु मूर्खता मात्र हो । परिवर्तनका नाममा ऐतिहासिक धरोहर मेटाउन खोज्ने कालीदास प्रवृत्तिबाट हाम्रो कला, साहित्य, संस्कृति आदिआदि पक्ष पनि अछुतो छैन । यसैबीच नरेन्द्रराज प्रसाईले भने इतिहास जोगाउने काम गरेका छन् । नेपाली साहित्यकी प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीको जीवनी प्रकाशित गरेर उनले नारीस्रष्टाको ऐतिहासिक अन्वेषण गरेका छन् । प्राथमिक कालीन कृति 'राजधर्म'की स्रष्टाका सम्बन्धमा उठेका आशङ्का निवारणका लागि विश्वसनीय तर्क प्रमाण प्रस्तुत गर्दै प्रथम नारीस्रष्टा तत्कालीन रानी ललितत्रिपुरसुन्दरी भएको र उनले नै 'राजधर्म' अनुवाद गरेको उल्लेख गरेका छन् । प्रथम नारीस्रष्टाको खोजीका साथै काशीमा रहेको नेपाली पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदासम्बन्धी खोजी गरिएको प्रस्तुत जीवनीकृति आफैँमा महत्त्वपूर्ण रहेको छ ।

## २. नारीस्रष्टाको ऐतिहासिक उत्खनन

पितृसत्तात्मक सामाजिक, सांस्कृतिक मूल्यद्वारा युगौँदेखि निर्देशित नेपाली समाजमा पारिवारिकभन्दा पृथक् भूमिकामा उपस्थित हुने महिलाको सङ्ख्या वर्तमानमा त न्यून छ भने आजभन्दा दुई सय वर्षअघि त्यो उपस्थिति कस्तो थियो होला ? नेपाली साहित्यको प्राथमिक कालमा नै नारीस्रष्टाको उपस्थिति देखिनु सामान्य कुरा पनि थिएन । यस्तै असामान्य रूपमा उदाएकी नारीस्रष्टा थिइन् तत्कालीन शाहवंशीय

रानी ललितत्रिपुरसुन्दरी । उनले संस्कृतबाट नेपालीमा अनुवाद गरेको महाभारतको शान्तिपर्वअन्तर्गतको अनुशासन पर्व 'राजधर्म'का नाममा प्रकाशित छ । उक्त कृति नै नेपाली साहित्यमा नारीस्रष्टाकृत प्रथम कृति हो भन्ने जिकिर प्रस्तुत जीवनी प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरीका माध्यमबाट नरेन्द्रराज प्रसाईले गरेका छन् ।

'राजधर्म'की रचयिता ललितत्रिपुरसुन्दरी नै हुन् वा अन्य नारीस्रष्टा हुन् भन्ने सम्बन्धमा केही मतमतान्तर देखिए । संस्कृतबाट नेपालीमा अनुवाद गरिएको उक्त कृति उनको देहावसानको लामो समयपछि मात्र लिपिबद्ध भएको भन्दै बाबुराम आचार्यले यससम्बन्धमा शङ्का उठाएको देखिन्छ । उनले सो कृतिकी रचयिता ललिता जङ्गबहादुरकी कुनै उपरानी हुन सक्ने अनुमानसमेत गरे । यसै सन्दर्भमा यस जीवनीकृतिका लेखक प्रसाईले उक्त आशङ्काप्रति तर्कपूर्ण खण्डन गरेका छन् । प्रसाईले रानी ललितत्रिपुरसुन्दरीको जीवनी प्रस्तुत गर्दै उनले 'राजधर्म'को अनुवाद गर्नुको कारणसमेत खुलाएका छन् । तत्कालीन राजा रणबहादुरकी कान्छी रानी उनी बिहे भएको छोटो समयमा नै विधवा हुनु, बालक राजाको नायबी लिएर विषम राजनैतिक परिवेशमा देशको शासनसत्ता सम्हाल्नु आफैँमा चुनौतीको विषय थियो । रणबहादुर शाहका रानी, पटरानीहरू उनको शवसँगै डढेर खरानी हुँदा उनलाई मात्र जीवनदान र सत्ताको जिम्मेवारी मिल्नुको पछाडि उनमा विद्यमान केही विशेष गुण हुनुपर्दछ ।

तत्कालीन अवस्थामा ज्ञानविज्ञान, नीतिनियम आदि सबैको स्रोत संस्कृत भाषा नै हुन्थ्यो । सर्वसाधारणको त कुरै छाडौँ, कुलीन नारीहरूमा पनि कमैमा मात्र यस भाषाको ज्ञान पाइन्थ्यो । ललितत्रिपुरसुन्दरीमा यसको दक्षता भएको हुँदा उनले राजकाजसम्बन्धी नियम अनुशासन बुझेर अरूलाई पनि बुझाउने उद्देश्यले महाभारतको उक्त भाग नेपालीमा अनुवाद गरेकोमा सन्देह गर्न मिल्दैन । 'राजधर्म'की रचयिता ललितत्रिपुरसुन्दरी नभएर उनीपछिको राणाकालीन दरबारकी

छायामा बसेकी कुनै नारी हुन सक्ने अनुमान पनि तर्कसङ्गत देखिँदैन किनभने यस कृतिकी रचयितामा संस्कृत भाषाको राम्रो दखलका साथै राज्यप्रतिको दायित्वबोध दुवै आवश्यक देखिन्छ । यस्तै तर्क प्रस्तुत गर्दै यस जीवनीग्रन्थका लेखकले ऐतिहासिक यथार्थको अन्वेषण गरेका छन् ।

'राजधर्म' रानी ललितत्रिपुरसुन्दरीले तयार पारेको नभएर दरबारनजिकका कुनै पुरुष सर्जकले तयार गरी उनलाई चढाएको हुन सक्ने धारणा पनि पितृसत्तात्मक समाजमा रहेको नारीप्रतिको पूर्वाग्रही सोच हो । नारी केवल गृहस्थी सम्हाल्न सक्छन् तर पुरुषले जस्तो बौद्धिक काम गर्न सक्दैनन् भन्ने पुरातन सोचका कारण नै नेपाली साहित्यकी प्रथम नारीस्रष्टाका बारेमा अनेक तर्कवितर्क गरिएको अवस्थामा यस प्रसाईकृत कृतिले उनीमाथि न्याय गरेको छ । कृतिको भूमिकामा गोविन्द भट्टले भनेजस्तै इतिहासको मूल्याङ्कन गर्ने हाम्रो दृष्टिकोण दुराग्रहमुक्त हुन नसकेका कारण निकालिएका निष्कर्षहरू पनि एकपक्षीय र अपूर्ण रहने गर्दछन् । भूमिकामा भट्टले तत्कालीन सामाजिक तथा राजनैतिक परिवेशमा उक्त कृति ललितत्रिपुरसुन्दरीले नै तयार पारेको हुनुपर्नेमा विश्वासिला तर्क राखेका छन् । आदिकवि भानुभक्त र रानी ललितत्रिपुरसुन्दरीलाई रामायण र महाभारतको अनुवाद गर्नुपर्ने आवश्यकता तथा प्रेरणाबारे पनि उनले उल्लेख गरेका छन् । उनको सो भूमिकाले नै पनि 'राजधर्म'की स्रष्टा ललितत्रिपुरसुन्दरी नै भएको ठहर गरेको छ ।

यस कृतिमा कृतिकार प्रसाईले ललितत्रिपुरसुन्दरीको जीवनको झलक, लेखनयात्रा, उनको भाषाशैली, 'राजधर्म' कृतिका बारेमा उठेको विवाद तथा उनको पक्षमा व्यक्त भएका प्राज्ञिक मतहरू, उनको राजकाज तथा समाजसेवाबारे एकएक शीर्षक बनाएर चर्चा गरेका छन् । तेह्र वर्षको उमेरमा रणबहादुर शाहकी कान्छी (पाँचौँ) पत्नीका

रूपमा भित्रिएकी उनी बिहे भएको चौध महिनामा नै विधवा भएकी थिइन् । यस्तो कलिलो, अझ भनौँ, अल्लारे उमेरमा सौताको छोरो (बालक राजा)को नायबी सम्हाल्नु सामान्य विषय थिएन । राजमाताका रूपमा रहेकी उनले एकातिर इस्ट इन्डिया कम्पनीको दाउपेच र अर्कातिर आफ्नै भारदारहरूको राजनैतिक चलखेलबीच सन्तुलन कायम गरी राज्य चलाउनुपर्ने कठिन परिस्थितिको साक्षी नेपालको इतिहास छ । यस अर्थमा पनि उनको व्यक्तित्व सामान्यभन्दा माथि देखिन्छ । छोरा मात्र होइन, छोराको मृत्युपश्चात् नाति राजेन्द्रको समेत नायबी चलाएकी उनलाई लेखनतर्फ प्रेरित गर्ने तत्त्व, भाषासाहित्यप्रतिको उनको रुचि तथा योगदान आदिका बारेमा कृतिका लेखक सप्रमाण उपस्थित भएका छन् ।

प्रस्तुत कृतिको अर्को आकर्षण यसमा राजधर्मका केही अंशहरू उदाहरणका रूपमा समावेश गरिएको छ । ती अत्यन्त गहकिला भावयुक्त छन् । तिनमा प्रयुक्त नेपाली भाषा अत्यन्त सरल पनि देखिन्छ । यही एउटा कृतिले उनलाई सफल नारीस्रष्टाका रूपमा स्थापित गराएको विचार राख्ने लेखक प्रसाईले यस जीवनीकृतिमा ललितत्रिपुरसुन्दरीको राजकाजबारे रोचक शैलीमा चर्चा गरेका छन् । उनको समाजसेवा, उनीद्वारा निर्मित विभिन्न ऐतिहासिक संरचनाहरूबारे यो कृति सप्रमाण प्रस्तुत भएको छ । यति मात्र होइन, भारतको काशीस्थित विश्वनाथ मन्दिरको छेउमा रहेको नेपालीघाट जुन ललिताघाटका नामले प्रसिद्ध थियो र पछि सो क्षेत्र अतिक्रमणमा परेको सन्दर्भलाई स्थलगत भ्रमणबाट प्राप्त तथ्यसहित उल्लेख गरिएको छ । नेपाली कला, संस्कृति तथा पुरातात्त्विक महत्त्वको विषयबारे यसरी खोजीनिती गरिनु अत्यन्त सराहनीय कार्य हो ।

राजा रणबहादुर शाह काशी गएपछि काशीनरेशबाट प्राप्त सो क्षेत्रमा नेपाली घाट तथा नेपाली शैलीका मठमन्दिर र धर्मशालासमेत निर्माण गरिएको कुरा पनि प्रसाईको यस कृतिमा

उल्लेख गरिएको छ । रणबहादुर शाहको हत्यापछि उनको मोक्षका लागि काशी गएकी ललितत्रिपुरसुन्दरीले ती मठमन्दिर आदिको मर्मत तथा थप निर्माणका साथसाथै विभिन्न देवीदेवताका प्रतिमाहरूको प्राणप्रतिष्ठा पनि गराएको, उनको भक्तिभावका कारण त्यहाँ देवी गौरीसँग उनको नाम जोडेर 'ललितागौरी'का नाममा पूजा गर्न थालिएको सन्दर्भ पनि यसमा आएको छ । लगभग दुई वर्ष काशी बसेर विद्वान्हरूको सत्सङ्गत गरेकी उनले सोही प्रेरणाबाट नेपाल आएपछि दस वर्ष लगाएर 'राजधर्म' अनुवाद कार्य सम्पन्न गरेको, सोही कृति नेपाली साहित्यमा नारीस्रष्टाको प्रथम सिर्जना हो भन्ने बलियो तर्क यस जीवनीकृतिको विशिष्टता पनि हो ।

**३. निष्कर्ष**

नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' जीवनीकृतिको अध्ययनबाट निकालिएको निष्कर्ष हो; अहिलेसम्मको खोजी, अध्ययनअनुसन्धानबाट स्थापित मान्यताका आधारमा नेपाली साहित्यकी प्रथम नारीस्रष्टा शाहवंशीय रानी ललितत्रिपुरसुन्दरी नै हुन् । नारीस्रष्टाद्वारा सिर्जित पहिलो कृति उनले महाभारतको शान्तिपर्वभित्रको अनुशासन पर्वलाई संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गरेको 'राजधर्म' नै हो । यससम्बन्धमा केही तर्कवितर्क गरिएको भए पनि विश्वासिला तर्कहरू उनैका पक्षमा देखिएका छन् । नेपाली इतिहासको कालखण्डलाई बिनाआग्रह हेर्ने हो भने मल्लकालीन राजाहरूले कला, साहित्यप्रति देखाएको रुचिका कारण सो युग कला, साहित्यको स्वर्णयुगका रूपमा मानिन्छ । त्यसै गरी शाहवंशीय राजारानीहरूले पनि यसमा उत्तिकै योगदान गरेको देखिन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेशको महत्त्व आफ्नै ठाउँमा छ भने म.वी.वी. शाह तथा चाँदनी शाहको साहित्यिक स्थान पनि आफ्नै ठाउँमा छ । 'राजधर्म'जस्तो राजनैतिक विषयसँग सम्बन्धित एवं महाभारतजस्तो ओजस्वी ग्रन्थबाट अनुवाद

गरिएको कृतिका सर्जक कुशल राजनीतिज्ञ नै हुनुपर्ने यथार्थलाई उजागर गर्न यो जीवनीकृति सफल देखिएको छ । यति मात्र होइन, पुरुषप्रधान समाजमा महिलाको प्रतिभा र क्षमतामाथि सन्देह गरिने हुँदा प्रथम नारीस्रष्टालाई ओझेलमा पार्ने प्रयास पनि भए होलान् । नइ प्रकाशनले यो जीवनीकृति प्रकाशन गरेर प्रथम नारीस्रष्टामाथि न्याय गरेको छ । यसका साथै काशीमा रहेको नेपाली सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका सम्पदा मासिने अवस्थामा पुगेका बेला तिनको खोजीका लागि पहलसमेत गरेको छ । त्यसैले यो इतिहास जोगाउने कृति हो ।

# प्रथम नारीस्रष्टाको अनुसन्धान विधि

प्रा.डा.सावित्री कक्षपती

**१. अनुसन्धान किन ?**

सर्जकबाट लेखिएका लेख, रचना र पुस्तकलाई बेनामी भनेर सार्वजनिक गर्ने परम्पराले नेपाली साहित्य निकै भिजेको छ । राणाकालमा वाक्स्वतन्त्रतामा बन्देज लगाइएको अवस्थामा सर्जकको चैतन्यले देखेर त्यसप्रति असन्तुष्टि जनाउँदै लेख्ने प्रवृत्ति रहेको देखिन्छ । त्यस्तो अवस्थामा लेखक आफू बच्नका लागि बेनामी भनेर लेख्नु ठिकै हो । तर दरबारभित्रकै त्यसमा पनि राजकीय नायबी चलाइरहेकी शक्तिशाली महिला सर्जक वा लेखकको नाम 'राजधर्म'मा नलेखिदिनु निकै दुष्टचाइँपूर्ण काम देखिन्छ । त्यस्तै इतिहास चाहे त्यो



राजनीतिक होस् वा सांस्कृतिक, सामाजिक वा साहित्यिक, तिनको मूल्याङ्कन गर्ने सन्दर्भमा स्थापित विद्वान्‌बाट त्यस्तैत्यस्तै विवादास्पद अभिव्यक्ति दिइने गरिँदा पाठक रनभुल्लमा पर्ने गरेका छन् । आजसम्म

पनि जातीय, राजनीतिक, धार्मिक, वैचारिक दुराग्रहबाट साहित्यलेखन मुक्त हुन नसकेको स्थिति विद्यमान रहेकै छ । फलस्वरूप कतिपय लेखन वा स्थापित गरिएका सूचना वा निष्कर्ष एकपक्षीय, आंशिक वा अपूर्ण रहने गरेको छ । यही कुराले पोलेको देखिन्छ अनुसन्धाता नरेन्द्रराज प्रसाईलाई अनि अगाडि बढेको छ उनको अनुसन्धानको यात्रा ।

## २. अनुसन्धानको पूर्वपीठिका

'म जसरी बाल्यकालदेखि नै मेरी आमा भागीरथा प्रसाईको वात्सल्यको प्रेरणाले जागरूक हुन्थेँ त्यसरी नै सचेत भएपछि पनि मातृजातिप्रति मेरो विशेष आदरभाव रह्यो । यिनै परिप्रेक्ष्यमा नेपाली समाजमा दोस्रो दर्जाको नागरिकसरहको उपेक्षा भोग्न बाध्य नारीजातिबारे केही गर्नुपर्छ भन्ने अन्तर्ध्वनिले मलाई घचघच्याइरह्यो... (पृ १९) ।' लेखकबाट अभिव्यक्त भएको यो कुराबाट पुस्तक लेख्नुको उद्धेश्य र औचित्य स्थापित भएको देखिन्छ ।

जीवनीलेखनमा स्थापित नाम नरेन्द्रराज प्रसाईले धेरै जीवनी लेखेका छन् । ती पनि एक प्रकारको अनुसन्धान नै हुन् । त्यही कार्यको अर्को शृङ्खलाका रूपमा 'राजधर्म' देखिए पनि त्यसको लेखन र लेखनको परिस्थिति निकै फरक देखिन्छ । यो पुस्तकलेखनको अनुसन्धान विधिले जोखिमपूर्ण स्थलगत अध्ययन गरेको छ । योजनाबद्ध रूपमा लुकाइएका ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित तथ्य र घटनालाई यो अनुसन्धानले सगौरव बाहिर ल्याइदिएको छ । त्यस्तै बडो मिहेनत गेरर अभिलेखमा नाम नै नभएकी वा परिचयविहीन बनाइएकी ललितत्रिपुरसुन्दरीलाई चिनाउनका लागि विभिन्न स्रोत जुटाएर त्यसका आधारमा उनको चित्र बनाउन नरेन्द्रराज प्रसाईले लगाएका छन् । यसबाट ललितत्रिपुरसुन्दरी कस्ती थिइन् र कस्ती रूपरङ्गकी थिइन् होला भनेर अनुमान गर्दै कल्पना गर्दै हात्ती छामेजस्तो अवस्थाबाट यस अध्ययनले मुक्ति दिलाएको छ । अनुसन्धानको विधि र त्यसको

यात्रालाई गहिरिएर हेर्ने हो भने नेपाली साहित्यमा हुने गरेका अनुसन्धान विधि र यात्रामा यसले अब्बल खालको अनुसन्धान विधि र प्रक्रियालाई नमुनाका रूपमा अगाडि ल्याइदिएको छ ।

**३. नारीस्रष्टालाई स्थापित गर्नुपर्छ भन्दै लागिपर्ने साहित्यिक योद्धा**

ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टा भनेर स्थापित गर्न पुरुष नरेन्द्रराज प्रसाई किन यसरी लागिपरेका होलान् ? जिज्ञासा आंशिक रूपमा सान्दर्भिक देखिन्छ । तर गहिरिएर उनको अनुसन्धान कार्यमाथि चिन्तन गर्ने हो भने उनले यो काम गर्छु भनेर निर्णय लिँदा र उनलाई स्थापित गर्ने तथ्यको अन्वेषणमा लागिरहँदा 'ऊ कहाँ व्यक्ति वा पुरुष नरेन्द्रराज प्रसाई थिए र !' त्यस्ता उत्कृष्ट कार्यका लागि चिन्तन गर्ने बेलामा जोसुकै सर्जकको चिन्तक कुनै लिङ्गीय परिचयमा उत्रिरहेको हुँदैन । पितृसत्ता त एउटा सोच हो, त्यो सोचलाई मान्ने महिला पनि पितृसत्ता हो । आफ्नो वर्गलाई पीडित बनाएर सधैँ पछाडि पार्ने त्यो सोच र चिन्तनलाई मानेर त्यसलाई अझै बलियो र सक्रिय रूपमा व्यवहारमा परिणत गराएर त्यसैलाई निरन्तरता दिने महिलालाई पितृसत्ता होइन भनेर मान्न सकिन्छ । त्यस्ता कतिपय महिला परिवार र समाजमा सक्रिय देखिएका प्रशस्त उदाहरण छन् । उनको त्यस्तो व्यवहारले देश र समाज अनि परिवारको हरेक तप्कालाई निकै गाँजिरहेको छ ।

नरेन्द्रराज प्रसाई पुरुषवर्गको प्रतिनिधि पात्र ! पुरुष भएर पनि नारी लेखकलाई स्थापित गर्न किन लागिपरेका छन् उनी ! महिला स्रष्टालाई उपयुक्त सहज वातावरण बनाइदिएर उनको लेखकीय व्यक्तित्वलाई स्थापित गरिदिन लागिपर्ने प्रसाई कसरी पितृसत्ता बन्न सक्छ ! नि:स्वार्थ र पूर्वाग्रहरहित भएर काम गर्दा व्यक्ति त्यो उच्च स्थान वा सुपर कन्ससको स्थितिमा पुग्दछ, जसले उसलाई नितान्त मानवको तहमा स्थापित गरिदिएको हुन्छ । त्यति बेला न ऊ लिङ्गहीनताको अवस्थामा पुग्दछ । ऊ न पुरुष हुन्छ, न महिला ।

लेखकको रूपमा नाम लेख्नुपर्दा मात्र नारी र पुरुषको प्रतिनिधित्व गरेको हुन्छ । ठीक त्यही अवस्थाबाट गुज्रेका छन् अन्वेषक प्रसाई । उनी काम गर्दा विशुद्ध मानव मात्र बन्ने गरेका छन् न नारी न पुरुष !

समयको जुनसुकै कालखण्डमा किन नहोस्, त्यति बेला भएका कुनै पनि तरङ्ग, चाहे त्यो नारी वा पुरुष, जसबाट भएको होस्, त्यसको सम्बोधन हुनुपर्छ । त्यसलाई तथ्य र प्रमाणसहित स्थापित गरिनुपर्छ भनेर नरेन्द्रराज प्रसाई लागिपरेका स्रष्टा हुन् । त्यही धारमा टेकेर 'नारीलेखनलाई स्थापित गरिनुपर्छ' भन्दै बनेको उनको आफ्नो मूल्य र मान्यतालाई गन्तव्यमा कार्य रूपमा परिणत गराउने काम भइरहेको देखिन्छ । उनी नारीस्रष्टाबारे लेख्छन् र उनलाई स्थापित गर्न लागिपर्छन् भन्ने कुराको प्रामाणिक उदाहरण हो यो पुस्तक । यसका लागि परिश्रम गर्दै गर्दा उनको चेतनाले उनलाई त्यत्तिकै थाकेर बस्न दिएको छैन । उनको कामको निरन्तरतालाई हेर्दा उनको भनाइ र काम गराइमा द्वैधता देखिँदैन ।

जीवनीलेखनको अर्को शृङ्खलाका रूपमा अनुसन्धान गरेर लेखिएको नरेन्द्रराज प्रसाईको यो कर्मले माथिका कुरालाई पुष्टि गर्दै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'लाई केन्द्रमा ल्याइदिएर ऐतिहासिक छलाङ्ग मारेका छन् । त्यस्तो चरैवेतीको यात्रा गर्दा 'पितृसत्ताले महिलालाई उठ्नै दिँदैनन्' भन्ने भाष्यलाई उनको यस्ता कामले चुनौती दिएको छ । नितान्त मानवको चिन्तनमा रहेर उनले आफ्नो कामको माध्यमबाट 'राजधर्म'का लेखक ललितत्रिपुरसुन्दरी नै हुने भन्ने आधिकारिक र प्रामाणिक तथ्यसहित यो पुस्तक प्रकाशनमा ल्याएका छन् । विशुद्ध मानवीय संवेदनाका साथमा 'राजधर्म'का लेखक ललितत्रिपुरसुन्दरी नै हुन् भन्नका लागि उनले गरेका खोज अन्वेषणको विधि निकै गहन, जिम्मेवार र अर्थपूर्ण देखिएको छ । यो पुस्तकलेखनका लागि सामग्री सङ्कलनमा धेरै समय खर्चेका प्रसाईले

ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित प्रामाणिक तथ्यका आधारलाई समेटेर त्यसलाई पुस्तकको आकारमा निकाली छोडेका छन् र आफ्नो अनुसन्धान कार्यलाई सुरक्षित गन्तव्यमा पुऱ्याएका छन् ।

नेपाली साहित्यमा नारी लेखक स्थापित हुनुपर्छ भन्ने कुराको मागलाई ब्यूँताइरहेको आजको समयमा त्यही भाष्यलाई स्थापित गर्दै 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक यस कृतिको तेस्रो संस्करणले नेपाली साहित्यको भण्डारमा पदार्पण गरेको छ । यो नेपाली संस्कृति र साहित्यका लागि निकै सुखद समय हो ।

## ४. अनुसन्धान विधि र पुस्तकप्रस्तुति

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकको लेखकीय खण्डमा 'निक्कै वर्ष लगाएर मैले ललितत्रिपुरसुन्दरीको अभिलेख तयार गरेँ' भन्ने सन्दर्भ आएको छ । त्यहाँ लेखक नरेन्द्रराज प्रसाईले 'नारीचुली'मा आइसकेको नामलाई अऊ विस्तृत विवरण र प्रामाणिक तथ्यसहित लेख्नुपर्छ' भन्ने कुराबाट अभिप्रेरित भई योजनाबद्ध रूपमा अन्वेषणको कार्यलाई अगाडि बढाएको कुरा बताएका छन् । त्यहाँ व्यक्त गरिएका कुराले अनुसन्धानका लागि उनले प्रयोग गरेको विधि स्पष्ट रूपमा देखिन्छ । अनुसन्धानका क्रममा उनले स्थलगत भ्रमण, अन्तर्वार्ता र सान्दर्भिक पुस्तकको अध्ययन गरेको देखिन्छ । आफूले ललितत्रिपुरसुन्दरीका बारेमा लेखेका रचना कमल दीक्षितलाई देखाउने, 'शारदामा छपाउनेजस्ता कार्यको विवरणबाट आफूले ललितत्रिपुरसुन्दरीका बारेमा लेखेका विभिन्न समयका फुटकर रचनाहरूको पूर्वपरीक्षण वा प्रिटेस्ट गरेको कुरालाई पुष्टि गर्दछ । साथै त्यहाँ इतिहासकार प्रा.दिनेशराज पन्तको सहयोग लिइएको पनि उल्लेख भएको छ । यसबाट देशका दिग्गज विद्वान्हरूको बौद्धिक खुराक लिएर आफ्नो अनुसन्धानलाई पूर्णता दिई पुस्तक प्रकाशनमा आएको सन्दर्भ पनि उल्लेख्य बनेको छ । ललितत्रिपुरसुन्दरीका बारेमा छरिएको अवस्थामा रहेका विभिन्न

विद्वान्का भनाइहरूलाई सान्दर्भिक स्रोत र उद्धरण दिँदै त्यसका बारेमा उठेका विवाद शङ्कालाई खण्डन र त्यसको निवारण गर्दै लेखनलाई अगाडि बढाइएको छ ।

नरेन्द्रराज प्रसाईले ठोस तथ्यलाई एकै ठाउँमा ल्याएर त्यसैका आधारमा ऐतिहासिक घटनाको व्याख्या र विश्लेषण गर्दै जीवनीलेखनको मौलिक प्रस्तुति दिएका छन् । पादटिप्पणीमा दिइएका तथ्यले अनुसन्धानलाई आधिकारिकताको बाटामा प्रवेश गराएको छ । त्यसबाट अनुसन्धानले प्रामाणिकता प्राप्त गरेको देखिन्छ । यसले भविष्यमा गरिने वास्तविक अनुसन्धानका लागि सहयोग पुऱ्याउने देखिन्छ । त्यस्ता ऐतिहासिक तथ्यलाई प्रस्तुत गर्दा त्यसका माध्यमबाट ललितत्रिपुरसुन्दरीलाई सगौरव जनसमक्ष पुऱ्याउने काम यस पुस्तकले गरेको छ । तर सान्दर्भिक तथ्यका लागि प्रयोग गरिएका पुस्तकका अंशको पृष्ठसङ्ख्या भने दिइएको छैन, त्यो अपेक्षित रहेको छ ।

### ४.१. भूमिकामा गोविन्द भट्टको चिठी

नरेन्द्रराज प्रसाईबाट ललितत्रिपुरसुन्दरीका सम्बन्धमा लेखिएको लेखका बारेमा गोविन्द भट्टले सकारात्मक प्रतिक्रियास्वरूप उनलाई २०६४ साल वैशाख २८ गते चिठी लेखेका छन् (पृ.११–१८) । उक्त चिठीलाई यस पुस्तकको भूमिकामा जस्ताको तस्तै राखिएको छ । यसले पूरै पुस्तकलाई रोचक बनाइदिएको छ । फुटकर रचनाको माध्यमबाट ललितत्रिपुरसुन्दरीको बारेमा आंशिक रूपमा मात्र चर्चा गरिने परिपाटीलाई अन्त्य गर्दै अब उनका बारेमा गहन अध्ययन र अन्वेषण गरिनुपर्छ भन्ने प्रेरणा लेखकलाई दिएको छ भन्ने कुराको प्रमाणका लागि चिठीको पूरै अंशलाई त्यो स्थान दिइएको हो भन्ने बुझिन्छ । ललितत्रिपुरसुन्दरीका बारेमा जेजति प्राप्त सामग्री छन्, त्यसैका आधारमा जेजति लेखिएका छन्, त्यसैलाई मात्र सही मान्दै त्यति मात्र तथ्यमा टेकेर उनका बारेमा हुने गरेका विवादलाई

टुङ्ग्याउनुपर्छ । उनको परिचयका बारेमा अझ खोज गर्न सकिने र उनका बारेमा निर्विवाद रूपमा स्पष्टता ल्याएर परिचित गराउन सकिने सम्भावना रहेको कुरा त्यस चिठीमा भनिएको छ । प्रसाईको त्यो कामलाई अझ निरन्तरता दिनुपर्छ भन्ने आशय उक्त चिठीमा रहेको देखिन्छ । यसरी चिठीले लेखकलाई ललितत्रिपुरसुन्दरीसँग सम्बन्धित अनुसन्धानको काम अगाडि बढाउन उत्प्रेरित गरेको छ । यसबाट उक्त चिठीलाई भूमिकाका रूपमा स्थान दिनुको औचित्य स्पष्ट हुन पुगेका छ ।

### ४.२. पुस्तकमा आवरण र क्यालेन्डरमा भएको चित्र रहेको

पुस्तकको आवरणको फोटो काल्पनिक हो भनी लेखिएको छ । फोटो वा कुनै पनि भौतिक प्रमाण नछोडिएको र 'राजधर्म'मा लेखकको नाम राख्नै नचाहेको वा राख्न नदिएको स्थितिमा ललितत्रिपुरसुन्दरीको सांस्कृतिक र ऐतिहासिक व्यक्तित्व हराएर जाने नमीठो सम्भावना थियो । तर नरेन्द्रराज प्रसाईको अर्जुनदृष्टि र लगातारको कठिन मिहेनतले त्यो सम्भावना टरेर गएको छ । अन्वेषक प्रसाई आफैँले उनको तस्बिर बनाउन लगाएका छन् र देश र समाजलाई 'ललितत्रिपुरसुन्दरी यस्ती थिइन्' भन्ने कुरा देखाइदिएको छ ।

ललितत्रिपुरसुन्दरीको तस्बिर कस्तो बनाउने होला भन्ने सन्दर्भमा 'काठमाडौँको राष्ट्रिय सङ्ग्रहालय र त्रिपुरेश्वर महादेव मन्दिरमा स्थापित रानी ललितत्रिपुरसुन्दरीको सालिकको अवलोकनका साथै उनको अनुहारबारे सुन्दरानन्द बाँडाकृत 'त्रिरत्न सौन्दर्य गाथा'मा 'साक्षात् भगवती जगदम्बा' र वाणिविलास पाण्डेद्वारा 'बहुत सौन्दर्यले युक्त भयाका कैलासविषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता सुन्दरी' लेखिएका आधारमा ललितत्रिपुरसुन्दरीको मुहारअङ्कित चित्र नरेन्द्रराज प्रसाइको परिकल्पना तथा निर्देशनमा इन्द्र खत्रीद्वारा निर्मित भएको हो । नइ प्रकाशनबाट ललितत्रिपुरसुन्दरीको मुहारअङ्कित चित्र प्रकाशनमा आउनुअघि उनको चित्र बनेको थिएन । एकबाट

दुई बनाउन सजिलो छ । तर शून्यबाट एक बनाउन निकै नै गाह्रो हुन्छ । यो तस्बिर निर्माणको प्रक्रिया एकबाट दुई बनाउनु होइन, शून्यबाट एक बनाउनु नै भएको छ । अन्वेषक प्रसाईले यस्तो आधिकारिक उपहार दिएर नेपाली संस्कृति र साहित्यलाई ठूलो गुन लगाएका छन् ।

ललितत्रिपुरसुन्दरीको चित्रलाई नियालेर हेर्दा ठकुरी क्षत्री वा आर्यखसभन्दा पनि बेग्लै स्वरूपको रहेको नेवारजस्तो, तामाङजस्तो लाग्ने देखिन्छ ।

### ४.३. बनारसको ललिताघाट

ललितत्रिपुरसुन्दरीको जीवनसँग जोडिएको प्रसङ्ग नेपालभित्र मात्र नभएर नेपालबाहिर भारतको काशी वा बनारससम्म फैलिएको देखिन्छ । नेपाल र भारतको सांस्कृतिक सम्बन्धलाई जीवन्त राख्ने इतिहास बोकेको काशीको ललिताघाट, नेपालीले गर्ने तीर्थयात्रामा महत्त्वका साथ प्राथमिकतामा पर्ने काशी अनि जीवनको उत्तरार्द्धमा काशीवास जाने सांस्कृतिक अनुष्ठान । भागीरथी गङ्गानदीको तटमा जीवन्त भएर स्थापित भएको ललितत्रिपुरसुन्दरीको कीर्तिस्तम्भले जनजीवनको तहमा नेपाली र भारतीय जनताको मुलायम, प्रेमिल र स्वार्थरहित आपसी सम्बन्ध परापूर्वकालदेखि रहेको सन्देशलाई सगौरव प्रवाह गरिरहेको छ । ललिताघाटबारेको शिलालेखमा भारतको उत्तरप्रदेश, पर्यटन, वाराणसीको व्यहोरा यस्तो रहेको छ :

**ललिताघाट**

'मां गंगा के पावन तट पर मीरघाट एवं जलाओ नी घाट के मध्य ललिता तीर्थ तथा घाट के ऊपर गली मे ललितादेवीका मन्दिर (डी 1/66) होने से इस घाट का नाम लालिताघाट हुआ । बीसवी सदी ई के आरम्भ तक यह घाट तीन भागों में क्रमश: नेपाली घाट ललिता घाट एवं राजराजेश्वरी घाटके नाम से जाना जाता था । कालान्तर में नेपाली एवं राजराजेश्वरी घाटों का स्वतंत्र अस्तित्व

समाप्त होगया । घाट पर स्थित प्रमुख भवनों में सिद्धिगिरि मठ (डी 1/58) उमराबगिरि मत (सीके 10/35) मोक्ष भवन तथा नेपाल के राजा द्वारा निर्मित नेपाली काठी (काष्ठ निर्मित) मुरव्य है एवं प्रमुख मन्दिरों में ललिता देवी तथा राजराजेश्वरी (पौगोडा शैली) मन्दिर है । काशी में स्थित नेपाली मंदिर पशुपति नाथ मंदिर (काठमांडू नेपाल) का प्रतीक है ।'
सौजन्य से : उ.प्र.पर्यटन, वाराणसी ।

ललिताघाटमा भएको माथिको विवरणले घाट, मन्दिर निर्माण र त्यसको महत्त्वलाई स्थापित गरिदिएको छ । भारतको भूमिमा नेपाली मन्दिरको स्थापना हुनुले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गरिरहेको छ । लोकजीवनको स्तरमा जीवनको उत्तरार्द्धमा काशीवास जाने परम्परा त्यही सांस्कृतिक विश्वासका कारण भएको थियो । आजसम्म जीवन्त रहेको श्रद्धापूर्वक काशीको तीर्थयात्रा गर्नु नेपालीको जीवनमा महत्त्वपूर्ण कार्य बनेको छ ।

**४.४.भूमाफियाको भयानक र रोचक प्रसङ्ग**

माथि ग.मा वर्णन भएको शिलालेखभित्रको '...कालान्तर में नेपाली एवं राजराजेश्वरी घाटों का स्वतंत्र अस्तित्व समाप्त होगया । ...' (पूर्ववत्) भन्ने तथ्यले ललिताघाटको अस्तित्व हराएको कुरालाई पुष्टि गरेको देखिन्छ । घाटको अस्तित्वमा टेकेर त्यसको सत्यतथ्य लुकाएर अरूले नै प्रयोग गरिरहेको कुरा त्यही शिलालेखभित्रको अर्को तथ्य '...घाट पर स्थित प्रमुख भवनों में सिद्धिगिरि मठ (डी 1/58 ) उमराबगिरि मत (सीके 10/35) मोक्ष भवन...' (पूर्ववत्) ले पुष्टि गरेको छ ।

यो सन्दर्भलाई पुष्टि गर्ने अर्को प्रसङ्ग यस्तो रहेको छ :

'वाराणसीको रजिस्ट्रार कार्यालयमा सन् २०१८ जनवरी १९ मा 'साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)बाट प्रदत्त निवेदनमा लेखिएको छ– 'ललिता घाट,

दशाश्वमेघ, शहर वाराणसी मित्रराष्ट्र, नेपाल की सम्पत्ति है व भारत तथा नेपाल देश के बीच साझा सांस्कृतिक पुरातात्त्विक विरासत है । जिस पर गजानन्द सरस्वती उर्फ गुलाब यादव ने नगर निगम, वाराणसी के कर्मचारियों से मिलि भगत करते हुए मृतक नेपाली नागरिक श्रीरामपरशुराम वैद्य को अपना पिता बताते हुए फर्जी, जाली दस्तावेजो की कूटरचना करते हुए अवैध रूप से श्रीरामपरशुराम वैद्य का मृत्यु प्रमाणपत्र बनवा लिया है... ।' (पृ.१००) ।

त्यस्तै अर्को तथ्य 'नेपाल सरकारको पुरातत्त्व विभागले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखी साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट) ललिताघाट, वाराणसी, भारतलाई बोधार्थ दिएको बेहोराअनुसार गुलाब यादवले त्यहाँ दुक्ख दिइरहेको पाइन्थ्यो । पत्रमा 'मन्दिरपरिसरमा अवैध रूपले बस्तै आएका गजानन्द नाम गरेका व्यक्तिले मन्दिर तथा धर्मशालाका व्यवस्थापनमा अनेक प्रकारका व्यवधान खडा गर्दै धर्मशालाको व्यवस्थापनमा संलग्न व्यक्तिहरूलाई डर, धम्की देखाउँदै आएको गुनासो खुलाइएको छ । ...धर्मशाला सञ्चालक समितिका पदाधिकारीहरूलाई सुरक्षापूर्ण अनुभूति र मार्गदर्शन हुनसमेत अत्यावश्यक हुने देखिएको' लेखिएको छ । तर यसउपर सरकारी पक्षबाट केही कदम चालेको पाइएको थिएन (पृ.१०३) ।'

हत्तपत्त कसैले पनि भेट्न नसक्ने गरी लुकाइएको त्यो तथ्य वा तीर्थयात्रीले त यो समयमा आएर झन् कहाँबाट थाहा पाउनु र ! अनुसन्धानका लागि त्यस्तो भयानक चुनौतीलाई अवसरका रूपमा लिएर बडो चलाकीपूर्ण तवरले मिहेनत र संयमित भएर गरिएको खोज र त्यसको प्राप्तिको कुरा बडो रोचक देखिन्छ । २०७२ साल चैत १७ गते नइदम्पती बनारसको ललिताघाट पुगेको घटना विवरण निकै जोखिमपूर्ण र भयानक देखिन्छ । आफूले बनाएको रणनीतिअनुसार गजानन्द सरस्वती उर्फ गुलाब यादवको पञ्जाबाट

ललितत्रिपुरसुन्दरीको र उनले स्थापना गरेका प्रामाणिक मूर्तिहरूको तस्बिर खिच्न प्रसाईदम्पती सफल भएका छन् र तिनै तस्बिरलाई पुस्तकभित्र (पृ.९७–१०१) स्थान दिएर सार्वजनिक गरिदिएका छन् । पुस्तकलेखनका सन्दर्भमा आफूले अनुसन्धान गरेर प्राप्त गरेको सूचनालाई पादटिप्पणीमा दिइएका त्यस्ता तथ्यले अध्ययनलाई अझ प्रामाणिक बनाउन सहयोग गरेको छ । यसबाट अनुसन्धानमा गरिएको मिहेनत देखिन्छ, जसबाट पुस्तकले ओजिलो गहनता प्राप्त गरेको छ । साथै यो लेखमा फेरि केही तिनै सन्दर्भलाई उठाएर राख्नुको उद्धेश्य र औचित्य के हो भने पाठकले मूल पुस्तक ‘प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी’ नभेटाएको अवस्थामा वा प्राप्त नगरेको अवस्थामा लेख आफैँले पनि आधिकारिकता प्राप्त गरोस् भन्ने हो ।

बनारसमा तीर्थ जानेले ‘ललिताघाट’ भनेर त देख्ने गरेका छन् । नेपाली धर्मशाला पनि देख्ने गरेका छन् । तर त्यसको ऐतिहासिक महत्त्वका बारेमा सामान्य तीर्थयात्रीलाई जानकारी दिने सूचना आधिकारिक रूपमा त्यहाँ राखिएको देखिँदैन । नेपाल र भारतको धार्मिक सांस्कृतिक सम्बन्धलाई आजसम्म पनि उजागर गरिरहेको त्यो घाट तिनै रानी ललितत्रिपुरसुन्दरीको नाममा रहेको छ भन्ने कुरालाई यस अध्ययनले राम्रैसँग पुष्टि गरेको छ (पृ.२६–२७) ।

### ४.५. जोर धरहराको प्रसङ्ग

‘प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी’नामक पुस्तकमा उल्लेख भएको धरहराको मौलिक स्वरूप ‘जोर धरहरा’को प्रसङ्ग निकै रोचक देखिन्छ– ‘१८८१ सालमा जनरल भीमसेन थापाले आफ्नै दरबारछेउ धरहरा बनाएका थिए । अनि तात्तातै अर्थात् १८८२ सालमा रानी ललितत्रिपुरसुन्दरीले त्यहीँनेरि अर्को धरहरा बनाएर थापाले बनाएको एकल धरहरालाई जोडी बाँधिदिएकी थिइन् । यी दुई धरहरालाई रानी ललितत्रिपुरसुन्दरी र प्रधानमन्त्री भीमसेन थापाको एकअर्काप्रतिको सम्मान, स्नेह र विश्वासको प्रतीक पनि मानिन्थ्यो

(पृ.८९–९०) ।' त्यो जोडी वा दुईओटा धरहरामा एउटा भीमसेन थापाले बनाएको र अर्को ललितत्रिपुरसुन्दरीले बनाएको कुरा लेखिएको छ (पृ.९०) । यसलाई प्रेमको प्रतीकका रूपमा लिइने गरिएको छ । यस पुस्तकले जोर धरहराका बारेका दिएको सूचना त्यही सांस्कृतिक जानकारीअन्तर्गत पर्दछ ।

साहित्यिक अनुसन्धानले सांस्कृतिक सूचना पनि दिने गर्दछ । 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकले साहित्यिक विधाको जीवनी धारमा आफूलाई उभ्याएको त छ नै । तथापि 'ललितत्रिपुरसुन्दरीको मूल्य र मान्यताका आवश्यकीय जानकारी बाहिर आउन नसकेको अवस्थामा यस कृतिमा तत्कालीन नेपालको छोपिएको इतिहास, पुरातत्त्व र सामाजिक सेवासम्बन्धी खोजपूर्ण तथ्यहरू रहेकाले यस कृतिले प्रतिष्ठा पाएको छ भन्ने कुरा पनि त्यत्तिकै दरिलो कार्यका रूपमा स्थापित भएको छ (वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशी, आवरणको पछाडिको पृष्ठ) । त्यस भनाइले ललितत्रिपुरसुन्दरीको सांस्कृतिक व्यक्तित्वलाई पुष्टि गरेको छ । पुस्तकका बारेमा धेरै विद्वान्ले धेरै किसिमका कुरा भनेका छन् वा होलान् । तर जोशीको यो भनाइबाट अन्वेषक वा लेखक छोइएका छन् । सत्यमोहन जोशी र नरेन्द्रराज प्रसाईका बीचको संवेदनाले समन्वित मिलन वा भेटघाट गरेको छ । यसैले यो महत्त्वपूर्ण भनाइलाई त्यहाँ स्थान दिइएको छ ।

प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'ले जोर धरहराका बारेका दिएको सांस्कृतिक सूचना र जानकारीले देशको गौरवका रूपमा रहने गरेका तर हराएका र हराउन लागेका सांस्कृतिक सम्पदाको पुनर्स्थापना हुनुपर्छ भनेर पछिल्लो पुस्ता लागिपरेको बेलामा तल लेखिएका कुरालाई स्थापित गर्नु सान्दर्भिक देखिएको छ । किनभने अनुसन्धानबाट प्राप्त भएका सांस्कृतिक तथ्यले हराएका अर्को सांस्कृतिक पुनर्स्थापनाका लागि बाटो देखाइदिने गर्दछ । त्यही सामर्थ्य यो पुस्तकले

प्राप्त गरेको छ । त्यसैले यहाँ ललितत्रिपुरसुन्दरीको सन्दर्भ मात्र रहेन । त्यसले संस्कृति र इतिहासको लुकेको र हराएको अर्को पाटो खोलिदियो कि काठमाडौँको सुनधारानिरको धरहरा एउटा होइन, दुइटा थियो जसलाई 'जोर धरहरा' भनिन्थ्यो ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक कृतिले दिएको धरहरासम्बन्धी सूचनाले अहिलेको समयमा निकै सान्दर्भिकता प्राप्त गरेको छ । तीन पटकका ठूलाठूला भुइँचालो खेपेर पटकपटक जीर्णोद्धार हुँदै आएको धरहरा २०७२ साल वैशाख महिनाको चौथो भुइँचालोले निमिटचान्न पारिदिएको अवस्था रह्यो । अहिले धरहरा भनेर निर्माण गरिएको त्यो वस्तु मौलिक धरहराको सौन्दर्य र सुगन्धविहीन अग्लो टावर मात्र बनेको छ ।

काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले धरहराका बारेमा दिइरहेको टिप्पणी र धारणा यहाँ चर्चा गर्नु सान्दर्भिक देखिन्छ । यसका बारेमा दिएका उनको महत्त्वपूर्ण ऐतिहासिक धारणा डिजिटल पेज फेसबुक वा मुहारपुस्तिकामा पटकपटक आइरहेको छ । यो पुस्तक अध्ययन गर्दै गर्दा देखिएको र पढिएको उनको धारणालाई सही थाप्दै त्यसलाई अरू बलियोसँग टेवा दिनुपर्छ भन्ने जागरणले जोर धरहराको सान्दर्भिकताको प्रस्तुति यहाँ भएको हो । अहिले बनेको धरहरालाई उनले 'टावर' भन्ने गरेका छन् । त्यत्रो मोटो आकारमा निर्माण भएको त्यति अग्लो धरहराको सांस्कृतिक र ऐतिहासिक महत्त्व रहेको छ, जहाँ सुर्खी, इँटा र चुनाजस्ता स्थानीय निर्माणसामग्री प्रयोग भएका छन् । त्यसले नेपाली वास्तुकला र कलाकौशलको महत्त्व बोकेको छ । नेपाली कलाकौशलले त्यत्रो त्यति अग्लो धरहरा कसरी बनायो होला भनेर विदेशी पर्यटक र वास्तुकारले सांस्कृतिक महत्त्वका साथ हेरिने कुरा हो । तर त्यसरी निर्माण भएन भन्ने वर्तमान मेयरको गुनासो रहेको छ ।

त्यस्तै कोही आफन्त वा छिमेकी मरेको अवस्थामा तिनको मलामी गएर फर्केपछि चोखिनका लागि खानुपर्ने सुनधाराको पानीको सांस्कृतिक महत्त्व फेरि बेग्लै रहेको छ । त्यसलाई बचाउनुपर्छ भन्ने अर्जुनदृष्टि लिएर अगाडि बढिरहेका दूरदर्शी युवाको जोसिलो सांस्कृतिक विकासयात्रालाई टुङ्गोमा पुऱ्याउन लागिपरेका युवानेताको बीचमा यस 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी'नामक पुस्तकले उठाएको जोर धरहराको कुरा राख्नुपर्ने हुन्छ । किनभने साहित्य पनि आमसञ्चारको माध्यम हो, जसले सांस्कृतिक सूचना र सन्देशलाई 'राजधर्म'ले बचाएजस्तै चीरकालसम्म बचाएर राख्ने क्षमता राख्दछ ।

धनकुटा तल्लो कोप्चेस्थित तल्लो टुँडिखेलको उत्तर सिमानामा आज पनि दुईओटा धरहरा समउचाइमै अवस्थित रहेको छ । आजसम्म दुईओटा धरहरा त्यहाँ किन बनाइएको हो भनेर लोकजीवनले त्यति चासो र जिज्ञासा देखाएको पाइँदैन । यसबारेका एउटा किंवदन्ती रहेको भने देखियो । देवशमशेरलाई सजायका रूपमा धनकुटा धपाइएपछि उनी त्यहाँ रहँदा १९५८ सालतिर त्यो धरहरा बनाएका हुन् । उनले काठमाडौँमा त एउटा मात्र छ । 'मलाई धपाएर के भो र तत्कालीन शासनको पूर्व गौँडा धनकुटामा दुईओटा धरहरा बनाएँ' भनी आफ्नो क्षमता प्रदर्शन गरेका हुन् भन्ने भनाइ देखिन्छ ।

अर्को भनाइ पनि यससम्बन्धमा प्रचलित रहेको छ । धनकुटाका युवाहरू काठमाडौँ आएर धरहरा हेरेपछि भनेका थिए रे– 'काठमाडौँमा त एउटा मात्र धरहरा रहेछ । धनकुटामा त दुइटा छन् ।' यो कुरा सुनेर धनकुटाको त्यो जोडी धरहरा कस्तो रहेछ भनी हेर्न काठमाडौँबाट दुई जना युवालाई पठाएछन् । त्यति बेला हिँडेर जानुपर्ने, धनकुटा जाँदा धरानको फुस्रेबाट उकालो चढ्ने क्रममा विभिन्न डाँडाको उकालीओरालीको क्रममा चिउरीबासको उकालो पुग्दा लखतरान परेका उनीहरू धनकुटा जाने हिम्मत नगरी फर्केको कुरा सुनिनमा

आउने गरेको छ (मैले इतिहासकार प्रा.डा.टेकबहादुर श्रेष्ठसँग गरिएको कुराकानीमा आधारित) । अहिले पनि धनकुटाका मानिस काठमाडौँ आएर धरहरा हेरेर फर्केपछि जानेर नजानेर सगर्व भन्ने गरेका छन्– काठमाडौँमा त एउटा धरहरा छ, धनकुटामा दुईओटा । त्यस्तै धनकुटामा दुईओटा धरहरा छ भनी रमाउने काठमाडौँमै बसोबास गरेका धनकुटेली पनि भेटिए ।

साहित्यिक दृष्टिले उनका बारेमा त्यति उल्लेख र चर्चा नभएको परिप्रेक्ष्यमा प्रसाईबाट अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा गरेर निकै अनुसन्धानमूलक र तर्कप्रमाणसहित लेखिएको सो प्रबन्ध पठनीय र सूचनामूलक रहेको कुरा विद्वान् अन्वेषक कमल दीक्षितले आफ्नो त्यस सम्पादकीय टिप्पणीमा विशेष रूपले औँल्याएका छन् । उक्त व्यहोरा युक्तिसङ्गत निष्कर्षका रूपमा देखिएको छ । त्यसमा स्वयम् जगदम्बा प्रकाशनले २०१९ सालमा राजधर्म प्रकाशित गर्दा त्यसको लेखक (अनुवादक)बारे पक्कापक्की केही भनिहाल्ने साहस गर्न नसकेको अवस्थाको पनि स्मरण गर्दै दीक्षितले अहिले आएर यस विवादास्पद विषयको टुङ्गो लगाइदिने दिशामा उनले देखाएको अठोट र गरेको ठोस योगदानलाई सहर्ष स्वीकार गरेका छन् (पृ.११–१२) । दीक्षितजस्तो विद्वान् अन्वेषकको यस मन्तव्यले पनि नेपाली साहित्यमा विवादास्पद भएर लामो कालदेखि रहिआएको एक महत्त्वपूर्ण विषयमाथि गरिएको अनुसन्धान र उनले प्राप्त गरेको सफलताको उच्च मूल्याङ्कन हुन पुगेको छ ।

त्यस्तै ईश्वरवल्लभको '...प्रसाई जीवनीलेखक त हुन् तर उनी केवल जीवनी लेख्ने स्रष्टा मात्र होइनन्; लुकेका र हराएका प्रतिभालाई समेत इतिहासको गर्तबाट खोजेर र झिकेर समाजसामु ल्याउँछन् । एउटा सिङ्गो संस्था, सरकार या राष्ट्रले गर्ने काम भाइ नरेन्द्रले सजिलैसँग गरिदिएका छन् । ...ललितत्रिपुरसुन्दरी नेपाली

भाषालेखनमा भानुभक्तभन्दा अगाडि उदाएकी थिइन् । प्रथम नारी स्रष्टाको उल्लेख मात्र नगरी दरिलो प्रमाण र पुष्टिका साथ रानी ललितत्रिपुरसुन्दरीको उपस्थिति प्रत्याभूत गरेर उनी नै नेपाली साहित्यकी प्रथम नारी हस्ताक्षर हुनुको तात्पर्य बोधसमेत कृतिले प्रस्तुत गरेको छ' भन्ने भनाइले उनको साहित्यिक व्यक्तित्वलाई पुष्टि गरेको छ । यसरी मेरो पठनबाट प्राप्त भएको विवेचना र मूल्याङ्कनबाट स्पष्ट रूपमा निर्माण भएको ललितत्रिपुरसुन्दरीका दुई छुट्टाछुट्टै व्यक्तित्वमध्ये जोशीको भनाइले उनको सांस्कृतिक व्यक्तित्वलाई प्रमाणित गरेको छ भने साहित्यिक व्यक्तित्वलाई ईश्वरवल्लभको भनाइले प्रमाणित गरिदिएको छ । पठनचिन्तनको दृष्टिले हेर्दा यहाँ अग्रज आदरणीय व्यक्तित्व सत्यमोहन जोशी र ईश्वरवल्लभको विचारसँग मेरो पठनसंवेदनाले समन्वित मिलन गरेको पुष्टि भएको छ । यही हो गहन पठनको संस्कृति, जसले पुस्तकले स्थापित गरेको शाश्वत सत्यमा लगेर हरेक गम्भीर पाठकलाई भेटाउने चौतारी बनिदिन्छ । यसरी हेर्दा यो पुस्तक पाठक सुस्ताएर ललितत्रिपुरसुन्दरीका बारेमा चिन्तन गर्ने पठनद्यौरालीको सहज चौतारी बनिदिएको छ ।

अनुसन्धानले नयाँ तथ्यको खोजी गरेर आफ्नो प्राक्कल्पना र अध्ययनको उद्धेश्य र औचित्यलाई साबित गरेको छ नै । अर्को रोचक कुरा यसले ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट) लाई पनि ठूलो गुन लगाएको छ भन्ने कुरालाई निम्न अंशले यसरी पुष्टि गरेको छ :

'नइले खिचेको रणमुक्तेश्वर शिवलिङ्ग र ललितागौरीको पाउको चरणको फोटो हेरेपछि ललिताघाट क्षेत्रका क्षेत्राधीश तथा साम्राज्येश्वर पशुपतिनाथ महादेव मन्दिर तथा धर्मशाला सञ्चालक समिति (ट्रस्ट)का अध्यक्ष स्वामी ओमकारानन्द गिरी, महासचिव

प्रा.डा.गोपालप्रसाद अधिकारी र प्रबन्धक रोहित ढकालले आश्चर्य मान्दै एकै स्वरमा भनेका थिए– 'यो मन्दिर सधैँ बन्द गरेर राखिएको थियो । तपाईंहरूको मन्दिर प्रवेश र तस्बिर यसरी बाहिर आउनु आश्चर्य र गौरवकै विषय रह्‍यो । यतिका वर्षसम्म प्रयास गर्दा पनि हामी त्यहाँ छिर्न सफल भएका थिएनौँ । साथै त्यहाँ भएका देउताको हामीसँग फोटो नै पनि थिएन । यस अर्थमा यहाँहरू काशी आउनु ठूलै उपलब्धि भएको छ । यो उपलब्धि नेपाली धर्म र संस्कृतिको अभिलेखमा अक्षुण्ण रहनेछ ।'

यसरी नरेन्द्रराज प्रसाईको यो अनुसन्धान कार्यले ललितत्रिपुरसुन्दरीलाई त स्थापित गर्ने काम गरेको छ नै । अर्को महत्त्वपूर्ण कुरा नेपालीको आस्थाको केन्द्र काशीमा बन्द भएर बसेको तीर्थयात्रीले दर्शन गर्न नपाएको मन्दिर खोलिदिने आधार बनाइदिएको छ । यस अर्थमा यो अनुसन्धानले एउटा तीरबाट दुईओटा अग्रगामी सांस्कृतिक यात्राको मार्ग स्पष्ट रूपमा कोरिदिएको छ ।

**५. बिट मार्दै गर्दा**

अनुसन्धान भनेको एक प्रकारको अनुष्ठान हो । यो अनुष्ठानलाई अन्वेषक नरेन्द्रराज प्रसाईले सुरक्षित गन्तव्यमा पुऱ्याएका छन् । अध्ययन र खोजीका क्रममा भेटिएका बलिया सान्दर्भिक स्रोतलाई जस्ताको तस्तै दिएर त्यसका बारेमा उठेका विवाद शङ्कालाई खण्डन गरेर विवाद निवारणको यात्रा गरेका छन् । ऐतिहासिक घटनाको विवेचना र व्याख्या ठोस तथ्यका आधारमा भएका छन् । यस पुस्तकले कुनै पनि कालखण्डमा भएका महत्त्वपूर्ण सांस्कृतिक र ऐतिहासिक कार्यको सूचनालाई लुकाइएको छ वा हटाइएको छ भने त्यसको खोजी गरेर उनले गरेका काम र योगदानको आधारमा मूल्याङ्कन गर्नुपर्छ भन्ने शाश्वत सिद्धान्तका आधारमा ललितत्रिपुरसुन्दरीको मूल्याङ्कन गरेको छ ।

पहिलो, दोस्रो र तेस्रो संस्करणमा आउँदा नयाँनयाँ तथ्य थपिँदै र परिमार्जित हुँदै आएको यो पुस्तक एउटै व्यक्तिको खोज र अनुसन्धानले त्यस्ता अनुष्ठान सम्पन्न गर्न गाह्रो हुन्छ । ललितत्रिपुरसुन्दरीका बारेमा अन्य तथ्य पनि छरिएर रहेका हुन सक्छन् त्यसैले खोजी जारी रहनुपर्छ (पृ.२५) भन्ने आशय लेखक नरेन्द्रराज प्रसाईले व्यक्त गरेका छन् । एक महत्त्वपूर्ण तर अनिर्णित अवस्थामा जस्तै रहिआएको विषयमा रचनात्मक योगदान पुऱ्याएको छ । यो आँटिलो कार्य, राजधर्मको लेखकको नाममाथि विवाद भइरहेको अवस्थामा लेखक प्रसाईले प्रथम नारीस्रष्टा भनी स्थापित गर्ने अर्जुनदृष्टि लिएर अगाडि बढेको देखिन्छ । उनले प्रथम नारीस्रष्टा भनेर स्थापित गर्नका लागि विभिन्न क्षेत्रबाट जुटाएका सन्दर्भ सामग्रीभित्र मैले अर्कै तहको सूचना भेटेकी छु । त्यसलाई सांस्कृतिक जीवनशैलीको प्रभावका रूपमा व्याख्या गरिएको छ । ललितत्रिपुरसुन्दरीलाई साहित्यिक व्यक्तितत्वका रूपमा विवाद गरिनु पश्चगामी सोचको पितृसत्तात्मक सामाजिक चिन्तन हो । यसको असर दुई सय वर्षअगाडि नै दिवङ्गत भइसकेकी उनले आजसम्म भोग्नु परिरहेको ज्यादै निन्दनीय र दु:खलाग्दो अवस्था छ ।

नि:स्वार्थ रूपमा अत्यन्त मानवीय संवेदनाले भरिएर एउटा अन्वेषक धेरै वर्षअगाडिदेखि लागिरह्यो, लागिरह्यो, लागिरह्यो । परिणामस्वरूप नेपाली साहित्यले प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तक प्राप्त गर्ने अवसर पायो । अब यो विवादको यहीँ नै अन्य हुनुपर्दछ । यो पुस्तक र पुस्तकभित्रका तथ्यले यो विवाद सकियो भन्ने सामर्थ्य राखेको छ । यसलाई खण्डन गर्ने आधिकारिक सूचना नभेटिउन्जेल प्रथम गद्यकार ललितत्रिपुरसुन्दरी नै हो भनेर इतिहासमा स्थापित गरिनुपर्छ ।

सत्यम् शिवम् सुन्दरम्को दिशामा चल्न खोजेको जनजीवन र समाजलाई परिस्थितिले ठीक उल्टो धारमा ल्याएर उभ्याइदिने गर्दा

अग्रगामी चिन्तनद्वारा निर्देशित सामाजिक र सांस्कृतिक कार्यका महत्त्वपूर्ण तथ्य र दस्तावेज लुकाइने नलेखिने घटनाहरू व्यापक रहेका छन् । तर नीतनवीन चिन्तनबाट डोऱ्याइएका चिन्तकहरूबाट अझ त्यस्ता दस्तावेज जसले सभ्यता र इतिहासको कालखण्डमा छोडेर गएका सूक्ष्म सङ्केतमा टेकेर गम्भीर अध्ययन र अनुसन्धान हुने परिवेश निर्माण हुने क्रमले भने जीवन्तता पाउन थालेको देखिएको छ ।

महिलालाई काम गर्ने अवसर नै नदिइएको कारणले उनले आफ्नो क्षमता प्रदर्शन गर्ने मौका पाउन नसकेको हो । महिलालाई असक्षम र काम गर्न सक्दैनन् भन्ने भाष्य निर्माण भइरहेको आजको अवस्थामा आजभन्दा दुई सय वर्षअगाडिकी ललितत्रिपुरसुन्दरीको कार्यबाट महिलाले अवसर पाए भने कसरी आफ्नो क्षमता प्रदर्शन गर्ने रहेछ भन्ने कुराको पुष्टि भएको छ । भारतका विभिन्न प्रान्त घुम्दा सडकमा देखिने विभिन्न मुद्राका ठूलाठूला प्रस्तरका सालिकको स्थापनाले निरन्तर ऐतिहासिक महत्त्वपूर्ण कालखण्डको घटनालाई जीवन्त बनाएर देशका र विदेशका नागरिकलाई त्यसका बारेमा सूचना प्रवाह गरिरहेको देखिन्छ । तिनले थाहा पाउनेछन् कि त्यो ठाउँको नाम त्रिपुरेश्वर किन र कसरी राखिएको रहेछ । त्यो ऐतिहासिक तथ्यका बारेमा ती अभिलेख बोलिरहेका छन् । लोकजीवनले श्रद्धापूर्वक त्रिपुरेश्वर महादेवको मन्दिरमा दर्शन गर्न जाने परम्पराले पनि त्यसको महत्त्वलाई पुष्टि गरेको छ । मानसपटलमा घुमिरहेको छ, कुनै दिन दूरदर्शी राजनीतिक नेतृत्वले सोचेर बुझेर त्रिपुरेश्वरको कुनै चोकमा ललितत्रिपुरसुन्दरीको मूर्तिलाई स्थापित गरिदिनेछ, जुन राष्ट्रिय सम्पदाका रूपमा भविष्यका पुर्खाले सम्मानपूर्वक शिर निहुराउनेछन् ।

महाभारत ‘शान्तिपर्व’को ‘अनुशासन पर्व’लाई ‘राजधर्म’को रसिलो नेपाली भाषामा गद्यमा अनुवाद गर्ने स्रष्टाको सिर्जनामाथि नै विवाद


गरिएको अवस्थामा ललितत्रिपुरसुन्दरीको राजकीय नालीबेली समेटिएको लेखनयात्राले उनको विविध व्यक्तित्वको पाटोलाई खोलिदिएको छ । त्यो पाटोमध्ये नेपाली साहित्यमा भानुभक्तलाई आदिकविको उपाधिमा स्थापित गरेजस्तै उनलाई पनि आदिगद्यकारको उपाधिमा स्थापित गरिनुपर्छ भन्ने पाटो महत्त्वपूर्ण देखिएको छ ।

अनुसन्धानले कहिले पनि विराम लगाउँदैन । अध्ययनबाट नयाँ र नवीन तथ्य प्रामाणिकताका साथ भित्र्याउने वा स्थापित गर्ने ढोका खुलै रहने गर्दछ । अनुसन्धान पुरातत्त्वको कुरा हो । भोलिका दिनमा लुकाइएका तथ्य भेटिन सक्ने सम्भावना बढिरहेको बेला अझै सपोर्टिङ वा सान्दर्भिक तथ्य भेटिने कुराको सङ्केत प्रशस्त देखिँदै गएको पाइन्छ ।

# चुनौती र जिज्ञासाको सबल कृति

**प्रा.डा.सुरेन्द्र केसी**

मानवजातिको इतिहास स्वभावैले सामन्ती युगबाट अघि बढेको छ । सोही क्रममा समाजले राजतन्त्र अपनायो । राजतन्त्रात्मक व्यवस्था पनि स्वभावत: अभिजात्य एवं सोपानमूलक हुन्छ । यस्तो व्यवस्थामा पद र हैसियतले मात्र माथिल्लो वर्गको हातमा हकडक रहने होइन ज्ञानगुन र शिक्षादीक्षामा पनि तिनकै हालीमुहाली हुन्छ ।



नेपालको प्राचीनदेखि अहिलेसम्मको व्यवस्था हेर्ने हो भने पनि समाजमा पितृत्वकै हालीमुहाली छ । किनभने अहिले पनि हाम्रो समाज पितृसत्तात्मक नै हो । तथापि माथिल्लो तह र वर्गका नारीहरू यदाकदा आधुनिक जीवन र शिक्षा प्राप्त गरी समाजमा आफ्नो दक्षता देखाउने अवसर पाउन सफल भएका छन् । प्राचीन कालमा मात्र होइन अहिलेसम्म पनि आममहिलालाई घरको चार दिवार काटेर प्रकाशसम्म आइपुग्न अनेक बाधाव्यवधान छन् । तर प्राचीन कालमा नारीशिक्षा

र समाजमा तिनको भूमिका भन्नाले केवल अभिजात्य वर्गीय महिला खास गरी राजपरिवारका महिला सदस्यहरूद्वारा भए गरेका गतिविधिलाई नै आधार मानिन्थ्यो ।

राजपरिवारभित्रबाट उठेकी त्यस्ती एउटी पात्र थिइन्– ललितत्रिपुरसुन्दरी । रानी ललितत्रिपुरसुन्दरी राजा रणबहादुर शाहकी पाँचौँ तथा कान्छी रानी थिइन् । राजा रणबहादुर शाह पृथ्वीनारायण शाहका नाति र प्रतापसिंह शाहका पुत्र थिए । ई.१७७७ नोभेम्बर १७ का दिन अढाई वर्षको उमेरमा रणबहादुर शाह नेपालका राजा भए तर ई.१७९९ मा जब यिनी चौबिस वर्षको वयस्क र राजा हुनका लागि उपयुक्त उमेरका भए तब यिनले बनारसतर्फ पलायन हुनु पऱ्यो । त्यसै गरी चार वर्षको अथक प्रयासबाट ई.१८०४ मा यिनी नेपाल फर्कन सफल भए तापनि त्यसको दुई वर्षपछि अप्रिल १८०६ मा यिनी आफ्नै सौतेलो भाइ शेरबहादुर शाहको हातको तरबारबाट काटिएर मारिए । यिनै विवादास्पद राजा रणबहादुर शाहका रानी थिइन्– ललितत्रिपुरसुन्दरी ।

ललितत्रिपुरसुन्दरीको जीवनी कहालीलाग्दो छ । बाह्र वर्षको उमेरमा आफूभन्दा अठार वर्ष जेठासँग यिनको विवाह भयो । त्यस बेला उनको रजस्वलासम्म भइसकेको थिएन र यिनका पति उनको रजस्वला नभई दिवङ्गत भएका थिए । यताबाट दाम्पत्यजीवन स्वत: टिठलाग्दो रहेको पुष्टि हुन्छ । यस्तो अवस्थामा यिनलाई या त बालविधवा भन्नुपर्ने हुन्छ होइन भने यिनको कुनै यौनजीवन चलेन । त्यसको विपरीत उनले सतीधर्म पनि वहन गर्न पाइनन् ।

त्यो समाजले सतीप्रथा अपनाएको थियो । जसअनुसार रणबहादुरसँग पनि झन्डै बीस महिला सती गए तर ललितत्रिपुरसुन्दरीले सती जानु परेन । यताबाट त्यस बेलाका शक्तिशाली मुख्तियार (प्रधानमन्त्री) भीमसेन थापाको नाताकी व्यक्ति भएको कारण उनले सती नजाने सुविधा पाएकी हुन कि ? भन्ने लेखकहरूको अनुमान

छ । अन्यथा अहिलेसम्म पनि ललितत्रिपुरसुन्दरी कुन परिवारबाट कसकी छोरी थिइन् भन्ने पनि खुल्न सकेको छैन । कसैले थापा त कसैले खड्काकी छोरी भनेका छन् । कलाकृतिका दृष्टिले ललितत्रिपुरसुन्दरीका प्रशस्त कृतिहरू अहिलेसम्म जीवन्त छन् । चाहे त्यो त्रिपुरेश्वर मन्दिर होस् वा वाग्मतीको पुल होस् । अनि चाहे यिनले बनाएको धरहरा होस् वा सुनधारा होस् । समयक्रममा वाग्मतीको पुल र धरहरा ९० सालको भूकम्पमा परेको भए तापनि बाँकी दुई अहिलेसम्म साक्षात् छन् । तर खोजखाजमूलक लेखनीमा माहिर नरेन्द्रराज प्रसाईले ललितत्रिपुरसुन्दरीको साहित्यिक योगदान केलाउन प्रस्तुत पुस्तक पस्केका छन् नेपाली वाङ्मयलाई ।

'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' नाउँ गरेको यस कृतिलाई २०६४ सालमा नइ प्रकाशनले प्रकाशनमा ल्याएको छ । यस पुस्तकको विषयवस्तुको केन्द्र हो– ललितत्रिपुरसुन्दरी नेपाली वाङ्मयकी प्रथम नारीस्रष्टा हुन् कि होइनन् र 'राजधर्म' उनले लेखेको हो कि होइन ? प्रसाईको ठहर छ– 'ललितत्रिपुरसुन्दरी नेपाली भाषाकी प्रथम नारीस्रष्टा हुन् र 'राजधर्म' यिनैले लेखेको हो ।' प्रसाईको यस द्वन्द्वयुद्धका साक्षी बनेका छन्– दुई प्रख्यात साहित्यिक व्यक्तित्व कमलमणि दीक्षित र गोविन्द भट्ट । यी दुई नेपाली साहित्यकाशका महारथी नै हुन् । त्यसैले यिनै हस्तीलाई समातेर प्रसाईले ललितत्रिपुरसुन्दरी प्रथम नारीस्रष्टाका साथै र 'राजधर्म' यिनैले लेखेको ठहर गरेका छन् ।

आधुनिक नेपालको इतिहासमा ललितत्रिपुरसुन्दरीको नाम बारम्बार आउँछ किनभने यिनैको सहारामा नेपालका शक्तिशाली मुख्तियार भीमसेन थापाले नेपालमा तीस वर्षसम्म एकछत्र शासन गरे । तर शिक्षा र इतिहासलेखनको जन्मसम्म भइनसकेको त्यस युगले चाहिँ ललितत्रिपुरसुन्दरीमाथि यति अन्याय गर्‍यो कि उनी कसकी छोरी हुन् भन्नेसम्मको विषयलाई अस्पष्ट राखिदियो । फलतः

दुई शताब्दीपछि आएर उनका बारेका साधकहरूले निष्कर्ष झिक्नुपरेको छ । ज्ञातव्य छ, ई.१८३२ अप्रिल ६ मा बिफरबाट यिनको निधन भएको थियो । स्वभावत: अहिले आएर उनीमाथि विचरण गर्नु भनेको अनुमानमै समेत पनि थप धारणा बनाउनु हो ।

नरेन्द्रराज प्रसाईले चर्चामा उठाएको 'राजधर्म' २०१९ सालमा जगदम्बा प्रकाशनले प्रकाशन गर्दा त्यसको अनुवादक नै ठम्याउन नसकेको रहेछ । पुस्तक छापिएको ४४ वर्षपछि कसोकसो प्रसाईको यस विषयमा ध्यान पर्न गई 'ललितत्रिपुरसुन्दरी' शीर्षकमा उनले मदनपुरस्कार गुठी प्रकाशनको नेपाली त्रैमासिकको १८९ (पृ.३–१२ सम्म) ललितत्रिपुरसुन्दरीबारे एउटा आलेख छपाउँदा प्रसाईलाई उल्लिखित महारथी गोविन्द भट्ट र कमल दीक्षितबाट ठूलो स्याबासी प्राप्त भएको देखियो । दीक्षितले 'प्रसाईले अठोटका साथ महारानी ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'की सर्जक हुन् भन्ने ठोकुवा गरेका छन्' भनेर 'नेपाली' त्रैमासिकमा लेखे भने भट्टले पनि 'ललितत्रिपुरसुन्दरी नै प्रथम नारी लेखिका हुन्' भनेर प्रसाईको अन्वेषणलाई मान्यता दिए । त्यसपछि प्रसाई हौसिनु स्वाभाविकै हो पनि । फलत: अन्तत: त्यो मेसो प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' पुस्तकसम्म उक्लन पुगेको छ । प्रसाईको यसै कृतिमा उल्लेख गरिएका तर्कवितर्कका कारणसमेत जोडिन पुग्दा ललितत्रिपुरसुन्दरीले नेपाली साहित्यमा विशिष्ट स्थान ओगटेको देखा परेको छ । यति हुँदाहुँदै 'नेपाली'को अङ्क १८९ मा सम्पादक कमल दीक्षितले झिनो भए पनि दोधारे मत खसालेका छन्– 'यसबारे अरू कसैले थप अन्वेषण गरेर लेख्लान् भन्नेचाहिँ हाम्रो चाहना हो ।'

खुसीको कुरा कमल दीक्षितको त्यस प्रकारको चाहनालाई नरेन्द्रराज प्रसाईले अर्को टेको दिएका छन् । त्यसैले यी सबैको चाहना र कामनालाई अगाडि बढाउनुचाहिँ अरू गुणग्राही लेखकहरूको दायित्व बनेको छ । किनभने प्रसाईले यस कृतिमा ललितत्रिपुरसुन्दरीबारे

जसरी विषय सम्प्रेषण गरेका छन् त्यसले निकै ठूलो चुनौती र जिज्ञासा छोडेको छ । महाभारतको अनुशासन पर्वलाई आजभन्दा दुई सय वर्षअघि ललितत्रिपुरसुन्दरीले नेपाली भाषामा अनुवाद गरिन् । रानीले यस्तो कृति अनुवाद गर्नु चानचुने कुरा थिएन । जसबारे आमपाठक अनभिज्ञ मात्र होइन वर्तमान पिँढीलाई त यसको २०१९ सालको प्रकाशनबारे पनि कुनै अत्तोपत्तो थिएन ।

'राजधर्म' प्रकाशित गर्दा ललितत्रिपुरसुन्दरी नै 'राजधर्म'को लेखक अथवा अनुवादक भन्ने हिम्मत जगदम्बा प्रकाशनले गर्न सकेको थिएन भनेर सो प्रकाशनका प्रमुख कमल दीक्षितले नै बयान दिइसकेकै कुरा हो । यस्तो चुनौती र जिज्ञासामा नरेन्द्रराज प्रसाईले विविध श्रोत र मत अघि सारेर ललितत्रिपुरसुन्दरी नै यस ग्रन्थका सर्जक भनेर गतिलो निष्कर्ष दिए । जीवनीलेखनमा प्रसाईको ओजनदार पहुँच छँदै छ, त्यसमा पनि कमल दीक्षितको बयान र गोविन्द भट्टजस्ता विलक्षण भाषाशिल्पीको भूमिकाले प्रस्तुत 'प्रथम नारीस्रष्टा ललितत्रिपुरसुन्दरी' कृतिलाई अरू सुनमा सुगन्ध थपिदिएको छ । अन्त्यमा मलाई थप के भन्न मन लागेको छ भने– यदि नरेन्द्रराज प्रसाईले 'राजधर्म'भित्रैसम्म पसेर लेखक या अनुवादक ललितत्रिपुरसुन्दरी नलेखिदिएका भए अझै कति वर्षसम्म यस कृतिको लेखक यही हो भनेर न्वारन हुन सक्ने थिएन । किनभने २०१९ सालमा नै प्रकाशन गरिँदा लेखक अनुवादक केही पनि नभनी जगदम्बा प्रकाशनले 'राजधर्म'को बिट मारेको थियो ।

निष्कर्षमा भन्नैपर्ने पक्षचाहिँ के छ भने जसरी निरपेक्ष भावले लामो समयदेखि पूर्णकालीन कार्यकर्ताको शैलीमा 'राजधर्म'को सर्जकको खोजकर्ता नरेन्द्रराज प्रसाईले नेपाली साहित्य र वाङ्मयमा अटुट संलग्नता राखिआएका छन् । निश्चय नै कालान्तरमा त्यसले एउटा इतिहासकै रचना गर्ने र साहित्य मात्रले भए पनि निजलाई यसको श्रेय दिने नै छ ।

अरूले पनि साहित्य र वाङ्मयको सेवा नगरेका होइनन्, तर नरेन्द्रराज प्रसाई र तिनको बीचको भिन्नता के रहेको छ भने तिनीहरू साहित्यसेवा गरेबापत या त पदोन्नति चाहन्छन् होइन भने अर्थोपार्जन र कम्तीमा पनि जिविकोपार्जनको आशा लिएर गर्दछन् भने प्रसाई नितान्त सेवाभावले वाङ्मयको श्रीवृद्धिमा संलग्न रहने गर्छन् । मलाई लाग्दछ स्वार्थमुखी हाम्रो समाजका लागि यो चानचुने चरित्र होइन । अत: प्रसाईलाई यस यात्रामा निरन्तर लागिरहने प्रतिबद्धता एवं सफलताको म मङ्गल कामनासमेत गर्दछु ।

# नरेन्द्रराज प्रसाई
**(संक्षिप्त परिचय)**



**बुबा** : जयप्रसाद प्रसाई (१९७५–२०२०)
**आमा** : भागीरथा प्रसाई (१९७६–२०६८)
**जन्म** : २०११ साल चैत २९ गते
(हाङपाङ, आठराई, ताप्लेजुङ)

**शिक्षा**
बीए– त्रिचन्द्र क्याम्पस

**कृति**
८९ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, लेखनसम्पादन)

**विभूषण**
- गद्दीआरोहण रजतपदक (२०५३)
- प्रबल गोरखादक्षिणबाहु (२०५७)
- वीरेन्द्रऐश्वर्य सेवापदक (२०५८)

**पुरस्कार**
- जेसिस साहित्य स्वर्णपदक (२०४४)
- युवावर्ष मोती पुरस्कार (२०४९)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- उत्तमशान्ति पुरस्कार (२०६०)
- भद्र घले पुरस्कार (२०६४)
- दीपज्योति पुरस्कार (२०६७)
- देरुनीख पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (नेपाल सरकार : २०७१)
- भानुभक्त स्वर्णपदक (नेपाल सरकार : २०७१)
- भारती खरेल पुरस्कार (२०७३)

**बडापत्र**

- चाँदनी शाह (२०४३)
- चाँदनी शाह (२०४४)

**भ्रमण**

- १४ अञ्चलका ६१ जिल्ला
- भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्वनारी रत्न'को उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधि (२०७७) आदि ।

**संस्थापक तथा सदस्यसचिव**

- नइ प्रकाशन (२०५२)
- त्रिमूर्ति निकेतन (२०५९)
- वानीरा फाउन्डेसन (२०७६)

## कृति

**जीवनी**

१. अठतीस अनौठा अनुहारहरू (२०४१)
२. केही चर्चित अनुहारहरू (२०४२)
३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. आदिगायक सेतुराम (२०६०)
९. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१०. कोइलीदेवीको जिन्दगानी (२०६१)

११. नारीचुली (२०६३)
१२. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१३. कीर्तिबाबु (२०६६)
१४. देवकोटाको जीवनशैली (२०६६)
१५. महाकवि देवकोटा (२०६६)
१६. त्रिमूर्ति (२०६९)
१७. रोहितको आकृति (२०६९)
१८. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
१९. त्रिनारी रत्न (२०७१)
२०. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२१. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२२. सूधपा (२०७३)
२३. विद्रोही प्राज्ञ : प्रेमा शाह (२०७५)
२४. मेरी आमा भागीरथा प्रसाई (२०७६)
२५. शताब्दी पुरुषको सय वर्ष (२०७६)
२६. ढुङ्गाको कापमा झाङ्गिएको पीपल : सहाना प्रधान (२०७८)
२७. झापा विद्रोहका एउटा नायक शिवप्रसाद शिवाकोटी (२०७८)
२८. मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म (२०७९)
29. A biography of Parijat (Translation by Shampo Lama : 2003)
30. A biography of Bangdel (Translation by Shampo Lama : 2003)
31. A biography of Devkota (Translation by Anukritika : 2017)
32. A biography of Dr.Satya Mohan Joshi (Translation by Anu Raj Joshi : 2017)
33. A biography of Bhagiratha Prasai (Translation by Dr. Kanchanjunga Prasai : 2021)
34. A biography of Dr.Banira Giri (Translation by Durga Banwasi : 2021)
35. A biography of Century Person (Translation by Anu Raj Joshi : 2021)
३६. वाङ्मय शताब्दी पुरुष (नेवारी भाषा, अनुवादक– अणुराज जोशी : २०७८)

**निबन्ध**

१. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)
२. मेरो मोती पुरस्कार (२०४९)
३. जनप्रियताको नाप (२०५३)
४. अक्षरको प्रदर्शनी (२०५५)

५. नमस्कार (२०५८)
६. ठाँगे उक्लेपछि (२०६०)
७. रेलको रमाइलो (२०६१)
८. सहोदरी ठुङ (२०६२)
९. प्रिय इन्दिरा (२०६२)
10. Scaling Thange (Travelogue, Translation by Namita Singh : 2017)

**प्रबन्ध र समीक्षा**

१. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
२. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
३. श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४. राजसंस्था र नेपाली जनता (२०५९)
५. देवकोटाका कृति (२०६६)

**गीत**

१. मेरो मनको देउराली (२०४६)
२. पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

१. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
२. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

१. सामाजिक सेवाको नालीबेली (२०४५)
२. नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

१. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)
२. चाँदनी शाहका रचना (२०४३)
३. ज्ञानज्योति (२०४९)
४. अरुणा लामा : कथा र व्यथा (२०५०)
५. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)

**इन्दिरा प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**इन्दिरा प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सृजना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)

३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)
५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)
७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीतशिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)
१२. कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)
२०. विश्व नारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. कवितामा घटराज (२०७४)
२२. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानु विमर्श (२०७२)

**भीष्म प्रसाईसँगको सम्पादन**

1. Nepal-Spain Relations (1983)

**इन्द्र खत्रीसँगको सम्पादन**

1. The Summit of Women Writers (Faces with Introduction : Drawings by Indra Khatri : 2007)

**पत्रिका सम्पादन**

१. कुटुम्ब साप्ताहिक (२०३९–२०४३)
२. उपकार त्रैमासिक (२०४३–२०४७)
३. प्रज्ञापत्र मासिक (२०५३–२०५५)
४. भानुमोती वार्षिक (२०५६–२०६३)

**श्रव्य सिडी (जीवनी)**

- देवकोटाको जीवनशैली (वाचन : हेम सुवेदी, २०६६)

**गीतलेखन**

१. मिर्मिरेमा तिमीलाई (गीतिक्यासेट : २०४७)
२. यो मनले रोजेको छ (गीतिसिडी : २०५०)
३. हाँसीहाँसी जलिरहें (गीतिक्यासेट : २०५५)
४. कस्तो गरी माया बस्यो (गीतिक्यासेट : २०५६)
५. शिखा (गीतिक्यासेट : २०५७)
६. जुनी (गीतिसिडी : २०५८)

**फुटकर**

आठ सयजति फुटकर लेखरचना प्रकाशित

## नरेन्द्रराज प्रसाईबारे लेखिएका मुख्य कृति

- **प्रा.डा.वासुदेव त्रिपाठी**

१. भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)
२. नरेन्द्रराज प्रसाईको जीवनीकृति मेरी आमा भागीरथा प्रसाई : समीक्षात्मक विमर्श (२०७६)

- **इन्दिरा प्रसाई**

१. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (सम्पादन : २०७२)

- **प्रा.राजेन्द्र सुवेदी**

१. नरेन्द्रराज प्रसाईकृत एकल जीवनीको विश्लेषण (२०७३)

- **प्रा.डा.वीणा पौडयाल**

१. नरेन्द्रराज प्रसाईको अन्वेषणमा ललितत्रिपुरसुन्दरी (सम्पादन : २०७९)

- **नरेन्द्रराज प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

१. गीता बाराकोटी : नरेन्द्रराज प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन (२०६५)
२. सन्तोष खरेल : नरेन्द्रराज प्रसाईका गीतिप्रवृत्ति (२०७८)